-0. In Public Domain. Digitization by eGangotri.Funding: M

300

स्वरूपानुसन्धान

र

कैवल्य कुञ्जिका

(तृतीय खण्ड)

ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८०

वेदान्त
२०४

वेदान्त

ACC. NO. ८६२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

स्वरूपानुसन्धान

र

कैवल्य कुञ्जिका

(तृतीय खण्ड)

लेखक
श्रोत्रिय ब्रह्मनिष्ठ श्रीगुरुदेव
डॉ० क्षितीशचन्द्र चक्रवर्ती
(एम० ए० डी० फिल० बी० एल०)
संस्थापक–अद्वैत संस्था,
कुलपति–अखिल अद्वैत विश्वविद्यालय,
नेपाल ।

Acc. NO. – ६२२

प्रकाशिका
श्री ६ राजगुरुमाता
श्रीमती फणीन्द्रराज लक्ष्मी पाण्डेय,
डिल्ली बजार, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

□ प्रकाशिका :
श्री ६ राजगुरुमाता
श्रीमती फणीन्द्रराज लक्ष्मी पाण्डेय,
डिल्ली बजार, काठमाडौं।

□ सर्वाधिकार सुरक्षित :
अद्वैत संस्था, नेपाल।

□ प्रकाशन तिथि :
वि० सं० २०३३
पौष शुक्ल पुत्रदा एकादशी

□ प्रथम संस्करण : ११००

□ मूल्य : १०.००

1822

□ मुद्रक :
श्री माहेश्वरी प्रेस,
भाट की गली (गोलघर),
वाराणसी-२२१००१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

परमपूज्य श्रीगुरुदेव पं० शिवराम पुरुषोत्तमानन्द
(डा० क्षितीशचन्द्र चक्रवर्ती एम० ए० डी० फिल० बी० एल०)
जन्मतिथि :– सन् १८९९ वैशाख शुक्ल पञ्चमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

श्रीगुरुवन्दना

जसको दर्शनमात्रले हृदयको दुर्भावना हड्दछ।
जसको वाक्य सुनेर भित्र मनमा आनन्द मौलाउँछ॥
जसको संगतले स्वरूपसुखको सत्ता खुलीहाल्दछ।
यस्ता ज्ञानमय क्षितीश भगवान्‌लाई नमस्कार छ॥

आशीर्वचन

अद्वैत संस्थाका भक्तहरूबाट प्रकाशित पुस्तक पुस्तिकाहरूको यो विशेषता हुन्छ कि तिनीहरूमा सम्पूर्ण द्वैत प्रपञ्चको श्रुति, युक्ति र विद्वद्-अनुभव द्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयं प्रकाशमान अद्वैत निजी स्वरूपको प्रतिपादन गरिन्छ। प्रसङ्गवश ईश्वरतत्व र मनुष्यको प्रारब्धमा अधिष्ठित भएको ईश्वर स्वरूपको निरूपण पनि उपलब्ध हुन्छ। ईश्वर स्वरूपको निरूपण हो केवल द्वैत प्रपञ्चको आत्यन्तिक निरसनको लागि। यसप्रकार जब निर्गुण ईश्वरको भक्तिपूर्वक जगत् निरसन हुन्छ, तब त्यो निरसनको अवधिरूपले ब्रह्मदेखि अभिन्न निर्गुण ईश्वररूप मुमुक्षुको आफ्नो निजी वास्तव स्वरूप स्वयं प्रकट भैहाल्छ। यसप्रकार ब्रह्मको अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धिमा संभव हुन्छ।

अद्वैत संस्थाका भक्तहरूद्वारा प्रकाशित अद्वैत-तत्त्वको प्रतिपादक पुस्तक पुस्तिकाको प्रकाशनमा हृदयतः मेरो आशीर्वाद छ। यसप्रकार अद्वैत-विषयक पुस्तक प्रकाशनवाट भगवान् पशुपतिनाथ प्रसन्न भएर प्रकाशकको हृदयमा स्थित पारमार्थिक अन्धकारलाई विनष्ट गरिदिनु-हुन्छ र भक्त ईश्वरविज्ञानी बनिहाल्छ।

लक्ष्मी-निवास
२२ कांग्रेस एविजविशन रोड
कलकत्ता—१७

—क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आमुख

विषयवासना नै बन्धन हो र त्यसको आत्यन्तिक क्षयको नाम हो मुक्ति। मानिस जति जति संकल्पपूर्वक इच्छा गरिरहन्छ त्यति त्यति त्यसको वासना जम्मा हुँदै गर्छ र यसको

फलरूपले उसको चौराशी लाख योनिमा भ्रमण हुँदै गर्छ। जब क्रम क्रमले संकल्पलाई परित्याग गरेर इच्छारहित हुन्छ, तब इच्छाशून्य मन (वासनाको अभाव भएको हुनाले) अखण्डाकार हुन्छ र त्यो अचल मनमा आत्मब्रह्म स्पष्ट अभिव्यक्त भएर अज्ञानलाई नष्ट गरिदिन्छ। यसरी अज्ञान किम्वा जगद्वासनाको अभाव भएपछि हाम्रो जन्म-मरण आदि सदाका लागि मेटिन्छ। हामीले नित्य प्राप्त किन्तु बिर्सिएको त्यो निरतिशय आनन्दस्वरूप मोक्षपदलाई फेरि प्राप्त गर्दछौं। यसरी हाम्रो अन्तिम लक्ष्य यहीं गएर पूरा हुन्छ।

प्रस्तुत दुई ग्रन्थले हामीलाई त्यही आफ्नो स्वरूपको खोजी गर्ने र मोक्षको साँचो उघार्ने काम दिन्छन्। यी ग्रन्थहरूको संग्रह गरेर मुमुक्षाको भावनाले पढेदेखि सर्वदुःखको निवारणपूर्वक परमानन्दप्राप्तिरूप मोक्ष सहजले फेला पर्दछ। यसमा शंका छैन।

स्वरूपानुसन्धान :—यहाँ लाँवा र छोटा अति उत्तम निबन्धहरू संकलित छन्। यी निवन्धहरू काठमाडौं, कलकत्ता र वाराणसीमा श्रीगुरुदेवबाट हामीले पाएका हौं। केही लेखहरू ५-६ वर्ष पहिलेका हुन् र केही हाले लेखिएका पनि छन्। कतिपय उपदेशहरू बृहद् वाशिष्ठ विज्ञानमा प्रकाशित हुनुपर्ने थिए। तर पुण्यात्माहरूलाई ईश्वरले असल कुराबाट वञ्चित गर्नुहुन्न। ऐले हामीले आशातीत रूपमा श्रीगुरुदेवका यताउति बिखरिएका यी अनमोल उपदेशावलीहरूलाई छिटै ग्रन्थाकारमा पाउन सक्यौं। यी लेखहरूको भक्तिपूर्वक अध्ययन गरेपछि यो असार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

संसारबाट हामी माथि उठछौं। अर्थात् हामीलाई यो स्पष्ट थाहा हुन्छ कि हामी संसारदेखि माथि हौं। संसार भन्ने अविद्या वा अन्तःकरणको विकार मात्र हो। त्यसैले सर्वथा मिथ्या हो। परमार्थ सत्य वस्तु हो त्यसको अधिष्ठान परमानन्दरूप म, यो सहजले बुझिन्छ।

यी निबन्धहरूमा भगवान् शंकराचार्य र भगवान् वशिष्ठ यी दुई महान् आचार्यहरूको आतमज्ञान-प्रणालीमा भेद र समन्वय हामी पाउँछौं, जो श्रीगुरुदेवको एकमात्र मौलिकता हो ती आचार्यद्वयको सिद्धान्तमा आपाततः प्रतीयमान विरोधको सामञ्जस्य गरिबक्सनु। शंकर वशिष्ठले भन्न बाँकी राख्नुभएको कुरा श्रीगुरुदेवबाट पूरा गरिबक्सेको छ—अर्थात् संकेतित कुराको व्याख्या गरिबक्सेको छ। शंकर, वशिष्ठ र श्रीगुरुदेवलाई हामीले यो "स्वरूपानुसन्धान" बाट राम्ररी चिन्न सक्छौं। त्यतिमात्र हैन त्यसको फलरूपले उहाँहरूको र आफ्नो वास्तव अधिष्ठान परमात्मस्वरूप-लाई अखण्डाकार बुद्धिमा उपलब्ध गर्न पाउने छौं। किनकि यो ग्रन्थमा जीव, जगत् र ईश्वरको वास्तव स्वरूपको खोजी गर्ने बाटो सरल र प्रामाणिक रूपले देखाइएको छ।

कैवल्य कुञ्जिका (तृतीय खण्ड) : २०३२ साल भाद्र, आश्विन र पुसमा कलकत्ता श्रीगुरुदेवको दर्शन गर्न तीन ग्रूप गएको थियो—पद्मपाद ग्रूप, देवेश्वर ग्रूप र हस्तामलक ग्रूप। यी तीन ग्रूप मध्ये पद्मपाद ग्रूपमा साक्षात्कार पत्रिकाका प्रधान संपादक श्रीविष्णुप्रसाद सरस्वती पनि हुनु-हुन्थ्यो। त्यो वेला लेखाइबक्सेको कैवल्य कुञ्जिका (द्वितीय खण्ड) श्रीप्रधान संपादकज्यूबाट साफी गरेर छाप्न तैयार पार्नु भएको छ। हस्तामलक ग्रूपलाई बक्सेको उपदेश "भार्गवी विद्या" विशेषाङ्क नामले साक्षात्कार पत्रिका वर्ष १० अंक ३ मा छापिएको छ। यो दोस्रो खण्ड हो देवेश्वर ग्रूपलाई बक्सेको कुञ्जिका। यसको प्रथम खण्ड श्रीवसन्तलाल सरस्वती (आनन्दज्ञान) बाट प्रकाशित भैसकेको छ। यसरी हामीलाई अहंकार (साक्षी भाव) र जगत् (अविद्यावृत्ति रूप संकल्प) को निरसनको साँचोरूप यो अमूल्य ग्रन्थ हातमा आइरहेको छ। अब मोक्षरूप सम्पत्ति हाम्रो-हातमा आएको छ। सर्व माने साक्षीभाव। त्यसको परित्याग भए जो बाँकीरहन्छ त्यो हो अखण्ड ब्रह्म वस्तु तिमी र त्यो साक्षीभावको क्रमिक विलापनको ज्ञान चाहिन्छ भनी हामीलाई कुञ्जिकाको अन्त्यमा निर्विकल्प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

समाधि विस्तृतरूपले बताइबक्सेर यो ग्रन्थको ज्ञन उपादेयता स्पष्ट गरिदिबक्सेको छ।

यसरी अकस्मात् तृतीय खण्डलाई प्रकाशित रूपमा पाउन सक्नु निस्सन्देह हामी प्रति परमेश्वरको ठूलो दया हो। यसका साथै अपरोक्षानुभूति (शंकरको ग्रन्थ) को मार्मिक व्याख्या पनि मैले कलकत्तामा लेखेको थिएँ। त्यो कापी तैयार छ। हेरौं, परमात्माको कैले हामी प्रति कृपा हुन्छ र प्रकाशित पाउने छौं। जसरी आशै नभएको काम यो ग्रन्थ पाएर भयो, त्यसरी नै बाँकी पनि हुने छ। ईश्वरका लागि के असंभवछ र? अपरोक्षानुभूति-व्याख्याले श्रीगुरुदेवलाई शंकरले व्याख्या गर्ने भाग राखिदिनु भएको स्पष्ट भएर आउँछ। त्यसमा अहंकारको निरूपण आदि द्वारा शंकरको वास्तविक आशय स्पष्ट पारिबक्सेको छ।

श्रीगुरुदेवको अलौकिकता : ज्ञानी पुरुषहरू मुमुक्षुको उद्धार कसरी हुन्छ, यही एउटै कुरा बताउनुहुन्छ। हामी वेदान्तको ज्ञाता बनौं तर त्यसलाई आफूमा घटाएर ज्ञानवान् बन्यौं वा बनेनौं, यो श्रीगुरुदेव देखिबक्सन्छ। आज अद्वैत संस्था, अद्वैत महाविद्यालय, अद्वैत विश्वविद्यालय, नेपाली ग्रन्थहरू, समय समयको उपदेश र सभारोह आदिबाट हामी अज्ञान आवरणरहित हुन सकौं, यही चाहिबक्सन्छ श्रीगुरुदेव। यस्ता परम दयालु दिव्य शक्तिसम्पन्न (ब्रह्मज्ञानको सारा क्रमिक मार्गको बोध र त्यो संझाउने असाधारण क्षमता नै हो दिव्य शक्ति) श्रीगुरुदेवलाई पाएको वेला हाम्रो (मुमुक्षु पुरुषको) परम कर्तव्य हो ज्ञानको क्रमिक साधनहरूसित परिचय प्राप्त गरेर जीवनलाई-ज्ञानद्वारा-सफल गर्नु।

अद्वैत संस्थाको शरण बाहेक मोक्षमार्गलाई देखाउने अर्को संस्था आज विश्वमा छैन र श्रीगुरुदेव बाहेक ज्ञानको यथार्थ रहस्य बुझेको दोस्रो पुरुष छैन। नेपाली हिन्दी (उहाँबाट रचित) ग्रन्थहरूको अध्ययन विना संस्कृत आदि ग्रन्थ पढेर आजको युगमा कोही पनि ज्ञानवान् बन्न सक्दैन भन्ने निर्भीक घोषणा हामी गर्दछौं। समस्त आस्तिक पक्षपातरहित रागद्वेषशून्य मोक्षाभिलाषीहरू यो घोषणालाई तत्काल आफूको कल्याणका लागि आएको भनी जानेर यसबाट श्रीगुरुदेवको सम्पर्कमा आउने छन् र जीवनलाई सार्थक बनाउने छन्। श्रीगुरुदेव के होईबक्सिन्छ त्यो त सम्पर्कमा (विविदिषु बनेर) आए मात्र थाहा हुन्छ। गुणग्राहिताशून्य मानिस त पशुभन्दा पनि नगण्य हो। उसका लागि ब्रह्माजी पनि केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

गर्न सक्नुहुन्न। यमराजले नै उसको प्रायश्चित्त भोगाउने अभिभारा लिनु भएको छ।

ग्रन्थ प्रकाशनका सम्बन्धमा :—अद्वैत संथालाई विभिन्न भक्तहरूले आर्थिक सहयोगद्वारा श्रीगुरुदेवबाट रचित ग्रन्थ रत्नहरूले धनी बनाएका छन्। ग्रन्थ लेख्नुको पहिल्यै प्रकाशक तैयार हुने युग आज भन्दा पहिले भएको थिएन होला र पछि पनि हुने छैन। यही साल गत कार्तिकमा श्रीगुरुदेवलाई काशी सवारी गराउने सम्बन्धमा (मेरो सौभाग्यले) परमात्माले मलाई विशेष भाग लिने अवसर दिनुभयो। यता केन्द्रीय साथीहरूबाट पनि म यस्ता कामका लागि सदैव प्रोत्साहित र सहयोग-भाजन बनेको छु। फलस्वरूप कार्तिकको पहिला हप्तादेखि पुसको अन्तिम हप्तासम्म काशीमा रहेर श्रीगुरुदेवको सवारीको तैयारी, उपदेश ग्रहण, लेखहरूको संकलन र श्रीगुरुको आज्ञा एवं साथीहरूको सहमति अनुसार "शंकर लघुग्रन्थत्रय" "बृहद् वाशिष्ठ विज्ञान" र यो ग्रन्थ छाप्ने सम्बन्धी अभिभारा वहन गर्ने स्वर्ण अवसर मिल्यो। मेरो आजसम्मको जीवनमा यो अवसर सर्वाधिक लाभदायी भएको छ। म यस कामले पूर्णतया **यो संसारबाट निर्भय बन्न सकेको छु।** कम पुण्यले यस्तो अवसर मिल्दैन भन्ने मलाई दृढ विश्वास छ।

यो पवित्र कांमलाई सफल गर्न सर्वप्रथम श्रीगुरुको आशीर्वादपूर्ण आज्ञा, केन्द्रीय साथीहरूको हार्दिक सहयोग, धर्मनिष्ठ डिल्लीराज सरस्वती-को निष्काम सेवापूर्ण सहायता, काशीका भक्तहरूको निष्कपट भक्तिपूर्ण सद्भावना नै एकमात्र कारण बनेको छ। परमेश्वरबाट मेरो उपकारका लागि मलाई निमित्त बनाएर यी ग्रन्थरत्नहरू मुमुक्षुहरूको हातमा पुर्‍याइ-दिनु भएको छ।

यी ग्रन्थहरू यति छिटो र सर्वाङ्ग सुन्दर बनाउनमा श्री माहेश्वरी प्रेसका मालिक काशीका लब्धप्रतिष्ठ श्रीगोविन्ददास माहेश्वरी, जसको प्रबन्धकत्वमा आजभन्दा अठारह वर्ष पहिले श्रीगुरुदेवको स्वरूपानुभव हिन्दी ग्रन्थ वाराणसी सन्मार्ग प्रेसबाट प्रकाशित भएको थियो र उहाँका सुपुत्र श्रीपुरुषोत्तमदास माहेश्वरी (मुन्ना बाबु) बाट ठूलो सहायता मिल्यो। उहाँहरूबाट यसरी अद्वैत संस्थाप्रति हार्दिक सद्भावना धेरै वर्ष पहिल्यै देखि मिल्दै आएको हो। यो दैवी संस्थाको सेवाबाट उहाँहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ईश्वरबाट लौकिक र पारमार्थिक लाभ प्राप्त होस् भन्ने हार्दिक कामनाका साथ धन्यवाद ज्ञापन गर्दछु। साथै साथ प्रेसका कार्यप्रबन्धक अत्यन्त मिलनसार श्रीनारायणदास जी गिरहिया (गुरु) प्रति पनि म आभार व्यक्त गर्दछु, जसबाट मलाई अति नै आवश्यक परामर्शहरू दिनुभएर ग्रन्थ प्रकाशनमा पूरा सहायता पुऱ्याउनु भयो। यसका साथ श्री माहेश्वरी प्रेसका सबै अन्य परिवार प्रति शुभेच्छा व्यक्त गर्दछु।

अन्तमा श्री ६ राजगुरुमाता श्रीमती फणीन्द्रराजलक्ष्मीज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु, जसबाट यो ग्रन्थ प्रकाशनमा आर्थिक सहायता प्राप्त हुन सक्यो। उहाँ अति नै सरल र भक्तिमान् हुनुहुन्छ। उहाँले केही वर्ष पहिले श्रीगुरुदेवलाई काशी सवारी गराएर अद्वैतप्रेमी भक्तहरूको कल्याण गर्नुभएको थियो। उहाँको आफ्नो साक्षी स्वरूपमा उत्तरोत्तर प्रेम बढदै जाओस् र दुःखको निवृत्तिको एकमात्र उपाय आत्मज्ञान प्राप्त होस् यो भगवान् विश्वनाथमा प्रार्थना गर्दै परमपूज्य श्रीगुरुदेवको चरणकमलमा बन्दना गर्दछु।

विनीत

ज्ञानेश्वर सरस्वती देवेश्वर

(भावी आचार्य-रिडी पीठ)

सद्देशिक, देशिकोत्तम, नवरत्नका अन्यतम रत्न,

अद्वैत मार्तण्ड, सचिव अद्वैत संस्था, नेपाल

वाराणसी

२०३३ पौष शुक्ल

पुत्रदा एकादशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

स्वरूपानुसन्धान
र
कैवल्य कुञ्जिका
(तृतीय खण्ड)

विषय-सूची

स्वरूपानुसन्धान

	पृष्ठ
(१) विषयप्रकाशन र पदार्थको ज्ञान	१
(२) ब्रह्मज्ञान त्यसको उत्पत्ति र स्वरूप	४
(३) बुद्धिको निर्णय	५
(४) आफू मनुष्य हो भनी निश्चय कसरी हुन्छ ?	८
(५) चित्तको समरसता	९
(६) अज्ञान नष्ट भए ज्ञानीको केही कर्तव्य छैन कि ?	१०
(७) दृङ्मात्रमा पुग्ने बाटो	१०
(८) जगत्को मिथ्यात्वको बारेमा निश्चयको उत्पत्ति	११
(९) सर्वदृश्यको परित्याग	१२
(१०) आत्मा शब्दको अर्थ	१४
(११) हरिस्तोत्र ३६ श्लोकका सम्बन्धमा	१५
(१२) राम शब्दको अर्थ	१५
(१३) हरि र आफू हो एकै वस्तु	१६
(१४) वाशिष्ठोक्त विचारको निरूपण	१७
(१५) सहज सविकल्प समाधि	१८
(१६) पदार्थको इन्द्रियगोचरता	१९
(१७) सम्वित्को स्थिति	२०
(१८) चित्तशुद्धि अनन्तर कर्तव्य के हो ?	२१
(१९) नानामा अनाना	२३
(२०) दृश्यनिरसनको उपाय	२५
(२१) अखण्डार्थको बोध	२७
(२२) इच्छात्यागको साधन र फल	२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

(२३) वृत्तिक्षणको रहस्य ३०
(२४) जगत् प्रत्यक्ष हो कि ? ३२
(२५) चैतन्यको चमत्कार ३३
(२६) अनुभवको विश्लेषण ३४
(२७) त्रिपुटीको बारेमा विचार ३५
(२८) ज्ञान हो वस्तुरूप (वस्तुतन्त्र) (ज्ञानको बारेमा मार्मिक कुरा) ३६
(२९) कुन कुन क्रमले मनको मललाई परित्याग गर्नुपर्छ ? ३७
(३०) अष्टावक्रको सर्वविस्मरण भन्ने उपदेशको आशय ३९
(३१) ब्रह्मज्ञानको बारेमा छलफल र सिद्धान्त ४१
(३२) अस्वरूपलाई परित्याग गरिसक्नुको लक्षण के हो ? ४२
(३३) हातमा घडी किन बाँध्नुपर्छ ? ४३
(३४) अहंकार त्यागको रहस्य ४६
(३५) आवरणभंग र विषयको प्रकाशन ४७
(३६) अविद्याको वृत्ति र अन्तःकरणको वृत्ति ४७
(३७) मोक्षोपाय शास्त्रमा विवेकको स्थान ५०
(३८) भक्ति र ज्ञान ५१
(३९) सुषुप्ति र समाधि ५३
(४०) कषायको सुस्पष्ट परिचय ५४
(४१) आफू त आत्मा हैन कि ? ५४
(४२) अनुभवस्वरूपलाई अनुभव गर्नु ५६
(४३) वृत्तिज्ञानको स्वरूप ५६
(४४) चित्तको काम ५७
(४५) भक्ति र प्रपत्ति ५७
(४६) थाहा हुनुको प्रकार ५८
(४७) रूपादी गुणदोषादि श्लोकको व्याख्या ५८
(४८) आत्मा सदा प्राप्त हो कि ? ६०
(४९) "म ब्रह्म हुँ" यसको सार्थकता ६१
(५०) "यदा प्रकाशते विश्वं" को आशय ६१
(५१) आनन्दमय कोशको संक्षिप्त विवेचना ६२
(५२) अद्वैत अनुभव ६२
(५३) स्वरूपमा वस्नुको अर्थ ६३
(५४) शब्दानुविद्ध समाधिको स्वरूप ६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

(५५) अन्नमय कोशको लंघन	६६
(५६) विचारको स्वरूप	६७
(५७) आत्मा जगद्रूपले किन प्रकाशित हुन्छ ?	६९
(५८) ब्रह्मभावनाको स्वरूप	७१
(५९) इन्द्रिय निरोधको आवश्यकता	७४
(६०) आनन्द भोग र आनन्दको अनुभव	७४
(६१) आत्माको अस्तिता	७५
(६२) आनन्दमय कोश विवेचन	७७
(६३) रसास्वाद	७८
(६४) ब्रह्मको अनुभव	७९
(६५) आत्मा हो अकाशरूप—यसको अर्थ	८०
(६६) विवेकको स्वरूप	८१
(६७) मनोनाशको क्रम	८२
(६८) निदिध्यासन र सविकल्प समाधिको पार्थक्य र उसको बाटो	८३
(६९) मनलाई ब्रह्ममा स्थापना गर्नु	८४
(७०) स्वप्रकाश वस्तुको वृत्तिपूर्वक ज्ञान हुनु आवश्यक छ	८५
(७१) घटको प्रत्यक्ष	८५
(७२) आत्मानुभव हो आत्माको प्रतिबिम्बन	८६
(७३) दृग् दृश्यको स्वरूप	८७
(७४) आत्मा हो चिन्त्य र अचिन्त्य दुवै	८७
(७५) प्रपञ्चको निषेधद्वारा आत्मा जानिन्छ	८८
(७६) आफ्नो सद्भावमा अनुभव हो प्रमाण	८९
(७७) मिथ्या वस्तुको अभाव कसरी हुने ?	९२
(७८) जगत् हो दृष्टनष्टस्वभाव	९३
(७९) सूर्यको प्रकाश	९४
(८०) अध्यासको सरल व्याख्या	९५
(८१) ईश्वर प्रपत्ति	९५
(८२) व्यवहारको स्वरूप	९६
(८३) ज्ञानीलाई लेश पनि दुःख हुँदैन	९७
(८४) ब्रह्मज्ञानको उत्पत्तिको रहस्य	९९
(८५) गीताको तात्त्विक अर्थको विवेचन	९९
(८६) विषय प्रकाशन र त्यसको निवारणको स्वरूप	१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

(८७) वृत्ति खडा नहुनुरूप व्रत जोवन्मुक्त पुरुषको छैन १०३
(८८) नारायण श्रेष्ठ वेदान्तीको अत्यन्त कठिन प्रश्नको अत्यन्त सजिलो जवाफ १०३
(८९) ज्ञानोदयको पूर्ववर्ती क्षण १०५
(९०) सत्त्वापत्ति ज्ञान भूमिका १०५
(९१) अधिकारी निरूपण १०६

कैवल्य कुञ्जिका

(तृतीय खण्ड)

(१) आत्मप्राप्तिको अमोघ उपाय १०७
(२) प्रपञ्चको मिथ्यात्वमा हेतु १०७
(३) वासना शब्दको प्रकार १०९
(४) आत्मवस्तुमा बसिराख्नु १०९
(५) ज्ञान जान्नु हैन, बन्नु हो ११०
(६) दृश्यदर्शन कसले गर्छ ? ११०
(७) संशय आदिको निराकरणको बाटो १११
(८) जीव चेतन र साक्षी चेतन (साक्षिचैतन्य र अंतर्मुख बहिर्मुख चैतन्य) ११३
(९) भूमिकाको विचार ११५
(१०) दृश्य सापेक्षता र दृश्य निरपेक्षता ११७
(११) जीवको स्वरूपको विवेचन ११८
(१२) त्रिपुटीको विनाश (प्रश्नोत्तरपूर्वक) १२०
(१३) साक्षात्कारको अर्थ १२०
(१४) प्रारब्धमाथि भर पर्नुको आशय १२१
(१५) आत्मा प्राप्त छ कि ? १२२
(१६) चिन्ता लिएमात्र चिन्ता आउँछ १२३
(१७) आत्मा सनातन भैकन पनि किन फुर्दैन ? १२४
(१८) तोन शरीरको निरसन १२४
(१९) आत्मज्ञानको रहस्य (आत्माको स्वरूप) १२५
(२०) आत्मज्ञान केलाई भन्छ ? १२५
(२१) निर्विकल्प समाधिको प्रक्रिया (प्रश्नोत्तरपूर्वक) १२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

स्वरूपानुसन्धान

—□□—

पूर्वोत्तरकालीन वेदान्तद्वयको समन्वयात्मक रहस्य

(वाशिष्ठ र शांकर वेदान्तको तात्पर्य हो अभिन्न)

विषय प्रकाशन र पदार्थ को ज्ञान

प्रश्न—अद्वैतवादमा विषयको प्रकाशनरूप द्वैत कसरी प्राप्त हुन्छ ? विषय र त्यसको प्रकाशन त हो द्वैत। द्वैत त अद्वैतमा नहुनुपर्ने, त्यसो-भए विषय प्रकाशन कसरी सिद्ध हुन पायो ?

उत्तर—यो विषय वाशिष्ठ वेदान्तमा सम्यक् रूपले विवेचित भएको पाइन्छ। किन्तु शांकर वेदान्तमा यो स्पष्ट रूपले विवेचित भएको छैन; किन्तु संकेतद्वारा बुझ्नुपर्छ (स्पष्ट निरूपण भएको छैन)। यसको स्पष्ट विवेचन तल देखाइन्छ (यो हो वाशिष्ठ शिद्धान्त)।

प्रश्न—पदार्थसम्बन्धी ज्ञान कसरी उत्पन्न हुन्छ ? ज्ञान हुनुको लागि त ज्ञाता चाहिन्छ। त्यो ज्ञाता को हो र कसरी प्राप्त हुन्छ ? पदार्थ र पदार्थज्ञानको उत्पत्ति देखाएर ज्ञातालाई पनि प्रदर्शन गर ?

उत्तर—पदार्थ हो कल्पित (मायिक)। त्यसको ज्ञान पनि हो कल्पित। किन्तु ज्ञाता कल्पित होइन। किनकि ज्ञातामा पदार्थ र त्यसको ज्ञान कदाचित् कल्पित हुन्छ (हरहालतमा रहँदैन)। यसको स्पष्ट विवेचना तल देखाइन्छ (यो हो शांकर सिन्द्धान्त)।

यसरी दुई सिद्धान्तको समन्वय यहाँ प्रदर्शित हुन्छ। यो निबन्ध ज्यादा मसिनो (मार्मिक) भएकोले विशेष प्रणिधानयोग्य हो।

"म हुँ" (अहमस्मि, अहं भवामि) हो विषय प्रकाशन। अस्मिताको उदय हुनुको पैले "म" थिइन, किन्तु केवल निर्विकल्प अखण्ड चिदानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

स्वरूप ब्रह्म विद्यमान थियो। त्यो ब्रह्मस्वरूपमा अकस्मात् विषयको प्रकाशन ("म हुँ" को आविर्भाव) भयो। यसैको नाम हो प्रमाद किम्वा अज्ञान। अज्ञानले अहंकार (अहं भवामि किम्वा "म" हुँ) खडा भो। त्यो अहंकारले कल्पित बिषयलाई प्रकाश गर्छ। यसरी विषको प्रकाशन (जगत्‌को प्रकाशन किम्वा जगत्‌लाई प्रकाशन गर्नु) उत्पन्न भयो। यो हो वाशिष्ठ सिद्धान्त। वाशिष्ठ अनुसार अहंकारले कल्पनाद्वारा पहिले सूक्ष्म तन्मात्रा र अन्तःकरणचतुष्टय खडा गर्छ र अन्तःकरणचतुष्टय खडा भएपछि त्यो संकल्पकर्ता अहंकार संकल्पित चित्तसित मिलिहाल्दछ र कल्पक बनीकन स्थूल प्रपञ्च (देह बाहिरी पदार्थ) लाई कल्पना गर्छ। यसरी स्थूल सूक्ष्म सम्पूर्ण जगत् (द्वैत प्रपञ्च) संकल्पद्वारा अहंकारले खडा गरेको छ। अहंकार हो सृष्टिकर्ता।

पहिले "म हुँ" यो अहंकार काकतालीय न्यायले खडा हुन्छ र त्यो अहंकारले जगत् रचना गर्दछ। जब अहंकार विनष्ट हुन्छ तब जगत्‌को पनि अत्यन्त अभाव सिद्ध हुन्छ। यसरी मबाट सृष्टि भएकोले मभावको अभाव भएमात्र रचित जगत् पनि विनष्ट हुन्छ। त्यो नहुनुसम्म भिन्न भिन्न पदार्थको ज्ञान बनिरहन्छ।

भिन्न भिन्न पदार्थ हो स्थूल जगत्‌को अन्तःपाती। त्यसको ज्ञानको लागि सूक्ष्म जगद्रूप अन्तःकरणचतुष्टय चाहिन्छ। अहंकारले अन्तः-करणचतुष्टयद्वारा स्थूल पदार्थलाई जान्दछ।

भिन्न भिन्न पदार्थको ज्ञानको उत्पत्तिको बारेमा योगवाशिष्ठले विशेष भनेको छैन किन्तु त्यसको प्रक्रिया शांकर वेदान्तमा पाइन्छ।

पदार्थप्रकाशनको रहस्य वशिष्ठले दिनुभयो; पदार्थज्ञानको प्रक्रिया-को बारेमा शांकर वेदान्त (भगवान् शंकरको हैन) बताउँछ। यसरी वाशिष्ठ वेदान्त हो शांकर वेदान्तको परिपूरक।

पदार्थको ज्ञान कसलाई हुन्छ? र कसरी हुन्छ? यो अत्यन्त प्रणिधानयोग्य कुरा हो।

अनुभवस्वरूप आत्मा स्वयंप्रकाश र स्वयंसिद्ध भएको हुनाले सर्वदा विद्यमान छ। त्यसको विद्यमान हुनुको अर्थ हो—अत्यन्त स्वच्छ अन्तःकरण—किम्वा अज्ञानमा चित्स्वरूप आत्माको प्रतिबिम्बन भैरहनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDL

यसैको नाम हो आत्माको अनुभव । त्यसकारण अनुभव स्वरूप आत्मा उपाधिस्थ भएर हरहालतमा अनुभवरूपले विद्यमान हुन्छ । यो आत्माको अनुभव निरन्तर विद्यमान भएको हुनाले यसमा कल्पितरूपले पदार्थको ज्ञान उत्पन्न हुँदै रहन्छ ।

पहिले आत्माको अनुभव प्राप्त छ । त्यसपछि त्यो आत्मानुभवरूप अधिष्ठानमा पदार्थ खडा हुन्छ (मायाद्वारा उपस्थापित हुन्छ) र चित्त-वृत्तिको उत्पत्तिपूर्वक त्यसको ज्ञान सम्भव हुन्छ । यसरी ज्ञेय पदार्थ र त्यसको ज्ञान हो अन्तःकरणको वृत्तिरूप मात्र ।

यो ज्ञानको ज्ञाताको हो ? ज्ञाता हो पैलेदेखि नै विद्यमान अनुभव-रूप आत्मा । किनकि सदा विद्यमान आत्मानुभवमा कल्पितरूपले अन्तः-करण वृत्तिरूपले ज्ञान खडा हुन्छ । त्यसको ज्ञाता कुनै आगन्तुक मानिस हैन; किन्तु निरन्तर विद्यमान प्रकाशरूप आत्मा नै हो । त्यसकारण अरूले पदार्थलाई जानेको छैन, मैले पदार्थलाई जानेको छु; यसप्रकार अनुभव भएको हुनाले त्यो पदार्थको ज्ञाता हो सदा विद्यमान आत्मा ।

पदार्थ र त्यसको ज्ञान आगन्तुक भए तापनि त्यसको ज्ञाता आगन्तुक हैन ।

आत्मानुभवलाई किन मान्नुपर्छ ? आत्मानुभवमा यदि पदार्थको ज्ञान कल्पित भनी मानिदैन तब पदार्थको ज्ञान पनि सम्भव हुँदैन । यसरी पदार्थको ज्ञान हो आत्मानुभवमा कल्पित । पदार्थलाई कसले प्रकाश गर्छ ? सदा विद्यमान आत्माले । किनकि आत्मानुभवमा कल्पित, आत्मानुभवबाट प्रकाशित भएर पदार्थको ज्ञान सम्भव हुन्छ, नतुवा (नत्र) हुँदैन ।

यहाँबाट बुझिन्छ कि पदार्थ र त्यसको ज्ञान आगन्तुक भए तापनि त्यसको ज्ञाता आगन्तुक हैन । यसरी पदार्थको ज्ञाता वास्तवमा हो अनुभवरूप आत्मा, यो सिद्ध भयो ।

यो आत्मा को हो ? यो अनुभवरूप हो (अर्थात् अनुभवस्वरूपको प्रतिबिम्बरूप हो) । त्यसैले यो 'म' (मैले जानेको छु) हो वाशिष्ठको अहंकार । यसरी दुई सिद्धान्तको एकता (तात्पर्यरूप एकता) सिद्ध भयो ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

ब्रह्मज्ञान—त्यसको उत्पत्ति र स्वरूप

पहिले ब्रह्मज्ञानको उत्पत्तिको विवेचना गर्छु :—जब सम्पूर्ण द्वैत प्रपञ्चको आफ्नो सत्ता स्फुर्ति हुन सक्दैन भनी निश्चय हुन्छ र त्यसकारण द्वैत प्रपञ्चको अधिष्ठान स्वप्रकाश एकरस चिदानन्द स्वरूप ब्रह्म हो भनी निश्चय हुन्छ, तब बुद्धि कुनै विषयमा आकारित हुन नपाएकोले संपूर्ण वृत्तिरहित भएर अधिष्ठान ब्रह्मस्वरूपमा स्थित भैहाल्छ। अर्थात् बुद्धि अखण्डाकार हुन्छ।

अखण्डाकार बुद्धि हो संपूर्ण वृत्तिरहित बुद्धि। अर्थात् बुद्धिको लय भएको हुँदैन र बुद्धि संपूर्ण वृत्तिरहित भैहाल्छ।

यसप्रकार अखण्डाकार बुद्धि—स्वच्छ भएको हुनाले र साक्षि-चैतन्यको अत्यन्त समीपमा स्थित भएको हुनाले त्यहाँ ब्रह्मस्वरूप भासमान हुन्छ; अर्थात् त्यो साभास बुद्धिको सात्विक हिस्सामा मदेखि अभिन्न ब्रह्मवस्तुको प्रतिविम्बरूप मुमुक्षु म स्थित हुन्छ र साभास राजसिक हिस्सामा ब्रह्मचैतन्यको प्रतिविम्बरूप जान्नु किम्वा अनुभव गर्नु स्थित हुन्छ; र साभास तामसिक बुद्धिमा ब्रह्मचैतन्यको प्रतिविम्बरूप जान्नुको विषय ब्रह्म स्थित हुन्छ। यसरी साभास बुद्धिको त्रिविध रूप हो—म, ब्रह्मस्वरूपलाई र साक्षात् अनुभव गरिराखेको छु। यो हो अखण्डाकार बुद्धिको लक्षण।

ब्रह्मज्ञानको उत्पत्ति देखाइयो। ऐले ब्रह्मज्ञान शब्दको वास्तव स्वरूप बताइन्छ। ब्रह्मज्ञानको अर्थ ब्रह्मलाई जान्नु हैन, किनकि त्यो संपूर्ण असंभव हो। तब ब्रह्मज्ञान कति कुरा हो ? ब्रह्मज्ञान हो ब्रह्माकार वृत्तिको ज्ञान। साभास ब्रह्माकार वृत्ति उत्पन्न भए त्यो साक्षिचैतन्य मबाट प्रकाशित हुन्छ—जानिन्छ। ब्रह्मज्ञान हो साक्षिभास्य-ब्रह्म साक्षिभास्य हैन।

त्यसकारण मुमुक्षु पुरुषले ब्रह्मलाई कदापि जान्न सक्दैन, किन्तु ब्रह्माकार वृत्तिलाई जान्दछ। ब्रह्माकार वृत्ति कति कुरा हो ? "म ब्रह्म हुँ" यसप्रकार साक्षात् अनुभवरूप हो। यो हो वेदान्त प्रमाणको अत्यन्त रहस्य कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

बुद्धिको निर्णय

शरीर, इन्द्रिय र मनको भित्र परस्पर संबन्ध देखिन्छ। मन विना इन्द्रिय र शरीर चेष्टमान हुँदैन। त्यसैले पाँच इन्द्रियको संचालक भएको हुनाले मनलाई षष्ठ इन्द्रिय भनेको छ। यसरी हामीहरूको शरीर, इन्द्रिय र मन धर्म र अधर्मको प्रभावले चलिरहन्छ र फलरूपले बुद्धिद्वारा सुख दु:खको निर्णय पनि बन्द छ। यसरी म सुखी छु, म दु:खी छु यस-प्रकार अनुभव अपरिहार्य देखिन्छ।

किन्तु यो बुद्धिको अपरिहार्य निर्णय बुद्धिसित मिलेको चैतन्यको (प्रमाता चैतन्यको) अवश्य भइ नै रहन्छ, तापनि साक्षिचैतन्य आफ्नो वास्तव स्वरूपमा ती बुद्धिका क्रियाहरूको कुनै प्रभाव पर्न सक्तैन।

प्रश्न—बुद्धिको निर्णयले जीव किन प्रभावित हुँदैन ?

उत्तर—बुद्धि आफ्नो वास्तव स्वरूप नभएको हुनाले जसले आफ्नो वास्तव स्वरूपको अनुसन्धान गर्छ, त्यसमाथि बुद्धिको क्रियाको कुनै प्रभाव पर्न सक्तैन।

प्रश्न—बुद्धिको निर्णयलाई कसले पराभव गर्छ ?

उत्तर—बुद्धिद्वारा आत्यस्वरूपको निर्णय गरेको मानिसले मिथ्या बुद्धिको निर्णयलाई पराभूत गर्दछ।

प्रश्न—यो कसरी संभव हुन्छ ? किनकि बुद्धिद्वारा बुद्धिको खण्डन संभव छैन ?

उत्तर—यसमा विरोध छैन, किनकि बुद्धि हो दुई प्रकार। त्यस-लाई सद्‌बुद्धि र असद्‌बुद्धि भनेको छ।

प्रश्न—यो दुई प्रकार बुद्धिको स्वरूपलाई स्पष्ट गरेर बताउनोस् ?

उत्तर—मन लगाएर सुन। बुद्धिवृत्तिलाई असद्‌बुद्धि भनेको छ, र वृत्तिरहित बुद्धि हो सद्‌बुद्धि। यसरी वृत्तिरहित बुद्धिद्वारा वृत्तियुक्त बुद्धिलाई पराभव गर्नु।

यो प्रणिधानयोग्य दुई बुद्धिको पार्थक्य राम्ररी बुझ। जहाँसम्म बुद्धि वृत्तियुक्त रहन्छ, त्यहाँसम्म त्यसको निर्णय हो पर निर्णय, अर्थात् मिथ्या निर्णय। यसको कारण यो हो कि यसप्रकारको निर्णय स्वत: सिद्ध हैन, किनकि यस्तो निर्णय साक्षिचैतन्यद्वारा प्रकाशित भैरहन्छ। यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

प्रकार असद्‌बुद्धि देखि भिन्न सद्‌बुद्धि पनि छ। यो सद्‌बुद्धि आत्मादेखि अभिन्न हो। त्यसकारण यो बुद्धि हो वृत्तिरहित बुद्धि।

अैले वृत्तिरहित बुद्धिको अनुसन्धान गर्नु पर्छ र कसरी बुद्धि वृत्तिरहित हुन्छ, त्यसको उपायको पनि खोजी गर्नुपर्छ। बुद्धिले जब अनात्म विषयसित संपर्क जोर्दछ, तब बुद्धि वृत्तियुक्त भैहाल्छ (वृत्तियुक्त बुद्धि हो विषयसित मिलेको बुद्धि)। विषयसित जब मिल्दैन अर्थात् जब बुद्धि वृत्तियुक्त हुन छोडछ, तब बुद्धि आफ्नो वास्तव अधिष्ठान स्वरूपमा कल्पित भएको हुनाले आत्मस्वरूप नै बनिहाल्छ। किनकि बुद्धि हो आत्मवस्तु मात्र। जस्तो मन्द अन्धकारमा देखिएको सर्प हो डोरी मात्र। त्यस्तै विषयसंपर्कयुक्त बुद्धि हो (वृत्तियुक्त बुद्धि साक्षी स्वरूपमा कल्पित भएको हुनाले) स्वयं प्रकाश अधिष्ठानरूप।

अैले बुद्धिलाई वृत्तिरहित कसरी तुल्याउनु त्यसको उपाय देखाइन्छ। यो उपाय हो दुई प्रकार—

(१) आविद्यक विषयतिर जब बुद्धिको झुकाव हुँदैन, तब बुद्धि वृत्तिरहित हुनुको उन्मुख हुन्छ, बुद्धि विषयतिरबाट प्रत्यावृत्त (निवृत्त) भैहाल्छ। पहिले बुद्धि विषयतिर उन्मुख थियो, अैले त्यस्तो उन्मुखतालाई छाडिदिन्छ।

(२) त्यसपछि बुद्धि आत्मातिर लाग्छ। यसैको नाम हो बुद्धिको अचेत्य-उन्मुखता, परिपक्व दशामा त्यो हो समाधि दशा।

यसरी (१) विषयलाई सूक्ष्मरूपले पनि स्वप्नमा पनि अनुसन्धान नगर्नु; बुद्धिपूर्वक विषयानुसन्धान छोडिदिनु। यसैको लागि यम, नियम, आसन, प्राणायाम र प्रत्याहार योगशास्त्रमा कहिएको छ। यो पाँच योगाङ्गद्वारा चित्तको बहिर्मुखता शिथिल हुन्छ। चित्त बाहिर विषयतिर लाग्दैन।

प्रश्न—विषयतिर नलाग्नु के कुरा हो ?

उत्तर—विषय (अनात्म प्रपञ्च) कल्पित भएको हुनाले त्यो हो आविद्यक मात्र (अविद्या हो मिथ्या वस्तु)। चित्तलाई अविद्यारहित तुल्यानुको पहिला सोपान हो चित्तलाई मिथ्या भनी निश्चय गर्नु। त्यसपछि विषयमा अनास्था हुन जान्छ र चित्त विषयतिर लाग्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

प्रश्न—त्यसपछि के गर्नुपर्छ ?

उत्तर—जब चित्तको विषयतिर प्रवणता (झुकाव) शिथिल हुन्छ, तब चित्तलाई आत्मातिर लगाउनुपर्छ। यो हो अष्टाङ्ग योगको अन्तरङ्ग साधन अर्थात् धारणा, ध्यान, समाधिरूप। जब अचेत्योन्मुखता (आत्मातिर लाग्नु) परिपक्व हुन्छ तब समाधिदशा प्राप्त हुन्छ।

प्रश्न—समाधिदशाको स्वरूप र लक्षण के हो ?

उत्तर—समाधिदशाको स्वरूप हो—बुद्धि अविद्यारहित भएर स्थित रहनु। अर्थात् ऐले बुद्धि वृत्तियुक्त हुँदैन।

प्रश्न—कसरी बुद्धि वृत्तियुक्त हुन छोड्ला ?

उत्तर—जब बुद्धिले आत्माको अनुसन्धानपूर्वक आत्मस्वरूपको अनुभव गर्छ, तब बुद्धि फेरि वृत्तियुक्त हुन सक्दैन। यसैको नाम हो बुद्धिद्वारा वृत्तियुक्ततालाई परित्याग गर्नु।

प्रश्न—यसैलाई स्पष्ट गरेर बताउनोस् ?

उत्तर—राम्ररी सुन। चेत्यपट्टि उन्मुखता अध्यासद्वारा शिथिल भयो बुद्धिलाई विषयरहित तुल्याउनुको क्रमिक (धारणा ध्यानपूर्वक) अभ्यास हुन्छ। परिणामले बुद्धि ब्रह्माकारमा आकारित हुन्छ। त्यहाँबाट बुद्धिपूर्वक आफ्नो ब्रह्मस्वरूपको अनुभव हुन लाग्छ। यसैलालाई सविकल्प समाधि भनेको छ। "म हुँ ब्रह्मस्वरूप" यसप्रकार चित्तको वृत्तिरहित स्थितिको सहाराले अवश्यंभावी रूपले आफ्नो ब्रह्मस्वरूपको अनुभव भैरहन्छ। यसरी सविकल्प समाधिको अभ्यासद्वारा अनात्म वासनाको अपचयपूर्वक ब्रह्मात्मवासनाको उपचय गर्नुपर्छ। यसमा विषय पनि रहन्छ र त्यसको प्रकाशक ब्रह्म पनि रहन्छ। अर्थात् ब्रह्माकार चित्तवृत्ति साक्षीको प्रत्यक्ष हुन्छ।

सविकल्प समाधि हो—विषयमा अनास्था (अर्थात् चित्तलाई विषय सम्पर्कबाट रहित तुल्याउनु) र केवल चैतन्यमात्रको परिशेषको जक्शन (मध्यस्थल)। यस्तो मध्यस्थल प्राप्त गरेर वृत्तिरहित बुद्धिद्वारा ब्रह्मस्वरूपको अनुभव हुनुरूप निर्विकल्प समाधिप्राप्तिको सोपान मिल्छ। यो हो समाधिको लक्षण। निर्विकल्प समाधिमा बुद्धि अचेत्यको उन्मुख रहिरहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

यसरी बुद्धिलाई क्रमिकरूपले वृत्तिरहित तुल्याउनुरूप उपायद्वारा उपेय अचेत्य ब्रह्म वस्तुको आत्मरूपले अनुभवको परिपाकद्वारा त्यो वृत्ति-रहित बुद्धिको पनि विनाश हुन्छ।

प्रश्न—यसको आशय के हो ?

उत्तर—आशय हो असद्बुद्धिलाई सद्बुद्धिमा परिणत गर्नु र त्यसपछि सद्बुद्धिलाई पनि परित्याग गरिदिनु। तब मात्र अधिष्ठान परमात्मवस्तु स्वयंप्रकाश परिशिष्ट रहन्छ।

आफू मनुष्य हो भनी निश्चय कसरी हुन्छ ?

देहमा सत्यताबुद्धि किम्वा आफूमा जो मनुष्यताबुद्धि उत्पन्न हुन्छ त्यो हो देहको अपरोक्ष अनुभववशात्। देह यद्यपि परोक्ष वस्तु हो (अर्थात् यो हो शरीर भनीकन साक्षिभास्य त्रिपुटी उदित हुन्छ) तापनि देहाकार वृत्तिद्वारा देह अपरोक्षरूपले अनुभूत हुन्छ। अर्थात् पहिले देहलाई अनुभव गरिन्छ (यो हो देह यसप्रकार वृत्ति उत्पन्न हुन्छ र प्रमाता चेतनले देहलाई प्रकाश गर्छ); यसैलाई देहको प्रत्यक्ष हुनु भनेको छ। त्यसपछि देहको ज्ञान पनि प्रत्यक्ष हुन्छ (जब त्रिपुटी साक्षिचैतन्यमा विलीन हुन्छ)। यसरी जब देह प्रत्यक्ष भईकन देहको ज्ञान पनि प्रत्यक्ष हुन्छ, तब देह अपरोक्षरूपले आफू भनी अनुभूत हुन्छ। किनकि जुन देह ऐले अपरोक्ष अनुभवको विषय भएको छ, त्यो देहमा मबुद्धि निश्चितरूपले नै उत्पन्न भैरहन्छ।

देह पहिले परोक्ष हुन्छ (आफूदेखि भिन्न वस्तु हुन्छ); पछि देह अपरोक्षरूपले (आफ्नो स्वरूप भनी) अनुभूत हुन्छ। यसरी अपरोक्षरूपले अनुभूयमान देह हो खास आफ्नो स्वरूप भनी अज्ञानी मानिस मान्दछ। यसप्रकार आफू हो मनुष्य (देह हो सत्य), यसरी निःसंदिग्ध ज्ञान उत्पन्न हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

चित्तको समरसता

(१) क्रम हो **अनात्मप्रपञ्चको सम्यक् निरसन।** अर्थात् देहदेखि लिएर अहंकारसम्मका सारा पदार्थलाई सुषुप्तिकालीन अनुभव आदि युक्तिको सहाराले मिथ्या भनी निश्चय गर्नु। जब यो निश्चय पूरा हुन्छ, तब निरसनको अवधिरूपले आत्मस्वरूपमा स्थिति किम्वा आत्मस्वरूपको अनुभव वलात् प्राप्त हुन्छ।

(२) दोस्रा टुक्रा कुरा हो **वासनालय हुन्छ।** अर्थात् आत्मस्वरूपको अनुभव जति जति अभ्यस्त हुन्छ, त्यति त्यति अनात्मवासना शिथिल हुँदै जान्छ र दृढ आत्मस्वरूपको अनुभवको वलले विनष्ट भैहाल्छ। यसमा कारण यो हो कि भ्रमले प्राप्त अनात्मवासना बलियो भएर बसेकोथियो; ऐले आत्मानुभवजनित वासनाको प्रचय भए अनात्मवासना निर्बलियो हुन्छ र परिशेषमा विनष्ट भैहाल्छ।

(३) तेस्रो टुक्रा हो **अज्ञानको निरसन।** अज्ञानको निरसन केवल ज्ञानबाट हुन्छ। ज्ञान हो आफ्नो वास्तव परिज्ञात आत्मस्वरूपमा अन्तिम स्थिति। यो स्थितिको निम्ति ब्रह्माकार वृत्तिको अनुवृत्ति निरन्तर दीर्घ-काल चाहिन्छ। कहाँसम्म अनुवृत्ति गरिरहनु? जहाँसम्म अभ्यासजनित ब्रह्मानुभवको संस्कार जगद्वासनादेखि अधिकतर वलियो हुँदैन। जब जगद्वासना पराभूत हुन्छ तब आत्मवासनाको फेरि आवश्यकता हुँदैन; अर्थात् चलिराखेको ब्रह्माकार वृत्तिको अवसान हुन्छ। त्यो अवसानलाई अज्ञान निरसन भनेको छ।

(४) चतुर्थ टुक्रा हो **साम्यसुखको अनुभव।** साम्यसुख हो ब्राह्मी स्थितिबाट उत्पन्न भएको स्वरूपानन्दको विस्फुर्ति। अर्थात् ज्ञानीको हरहालतमा ब्रह्मवासनाको बलले सुखरूप आत्माको निरन्तर अनुभव भै नै रहन्छ। ब्रह्मस्वरूपमा स्थित पुरुषको कहिले पनि विषमता (चित्तको विकार) उदित हुन सक्दैन। यसरी सुरघुलाई ज्ञानपूर्वक सुखस्वरूप ब्रह्मको अनुभव अवश्य हुनेछ भनी माण्डव्य ऋषिले बताउनुभएको छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

अज्ञान नष्ट भए ज्ञानीको केही कर्तव्य छैन कि ?

(१) कर्तव्य छैन (ज्ञानी विधि निषेधदेखि अतीतत हुनुहुन्छ), तापनि शिष्टाचार हो। ज्ञानी पुरुषको उत्तम मार्गमा प्रवृत्ति संस्कारपूर्वक भैरहन्छ।

(२) ज्ञानीको शिष्टाचार अरूका लागि पथप्रदर्शक हुन्छ। ज्ञानवान् पुरुष ईश्वरको अस्तितावादी, गुरुमा भक्तिमान् र वेदान्तमा सक्रिय निष्ठावान् हुनुहुन्छ।

(३) संसारमार्गदेखि पारमार्थिक मार्ग उत्तम भएको हुनाले ज्ञानवान् पुरुष उसैमा बर्ताव गर्नुहुन्छ र उसैको उत्कर्ष बतानुहुन्छ।

(४) मूलाज्ञान नष्ट भए ब्रह्मज्ञान किन परिहृत होला ?

(५) ज्ञानवान् पुरुषमा ब्रह्मज्ञानको संस्कार अक्षुण्ण रहन्छ।

(६) त्यसकारण अज्ञान नष्ट भए केही पनि गर्नुपर्दैन, यो सिद्ध भएन।

"यावदायुस्त्रयो वन्द्या वेदान्तो गुरुरीश्वरः।
मनसा कर्मणा वाचा श्रुतेरेवैष निश्चयः॥
विचारणीयो वेदान्तो वन्दनीयो गुरुः सदा।
गुरुणां वचनं पथ्यं दर्शनं सेवनं नृणाम्॥
भावाद्वैतं सदा कुर्यात् क्रियाद्वैतं न कर्हिचित्।
अद्वैतं त्रिषु लोकेषु नाद्वैतं गुरुणा सह॥"

(७) ज्ञानी हरहालतमा सुखानुभवमा रहिरहनुहुन्छ।

[पं० ज्ञानहरि सरस्वती र श्री बाबुराम सरस्वतीको सम्वादलाई स्पष्ट पारिएको यो लेख हो—देवेश्वर]

●

दृङ्मात्रमा पुग्ने बाटो

दृङ्मात्र शब्दको अर्थ हो शुद्ध चैतन्य—जो चाहिं दृश्य प्रपंचसित सम्पर्कयुक्त चैतन्य वस्तु हैन। अर्थात् दृङ्मात्र मेरो वास्तव स्वरूपमा कुनै दृश्य वास्तवमा छैन। म दृश्यको द्रष्टारूप हैन; म केवल द्रष्टा हुँ। ममा कुनै वेला अलिकति पनि दृश्य वस्तु हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

दृश्य हो देह, प्राण र अन्तःकरण। सम्पूर्ण जगत हो मनको नाना वृत्तिरूपले स्थिति। यसरी देहादि जगत् प्रपंच ममा छैन। ऐले त्यो सम्पूर्ण अनात्म जगत्लाई निरसन गर्नुको बाटो के हो ? त्यो देखाइन्छ। बाटो हो यो देहादि जगत् चित्तको वृत्तिरूप भएको हुनाले आगन्तुक वस्तु हो। आगन्तुक वस्तु वास्तव हुँदैन। यसरी देह मन ममा निरस्त हुन्छ। अनात्म प्रपंच कसरी निरस्त हुन्छ ? यसको जबाफ यो हो कि अनात्म प्रपंच मेरो वास्तव स्वरूपमा सर्बदा निरस्त नै छ। यसमा युक्ति हो सुषुप्तिकालीन अनुभव। प्रपंचलाई निरस्त गर्न यत्न चाँहिदैन। जस्तो पानीबाट उठेको तरंग बुद्‌बुद आदिलाई निरसन गर्नुपर्दैन। किनकि तरंग बुद्‌बुदको अविर्भाव हुन्छ र अल्प कालपछि त्यो समुद्रमा विलय हुन्छ। यसरी चित्त आदि सारा जगत् प्रपंच मेरो वास्तव स्वरूपमा सर्वदा विलीन नै छ।

मेरो वास्तव स्वरूप के हो ? मेरो वास्तव स्वरूप हो जगत् प्रपंच निरसको अवधिरूपले परिशिष्ट स्वप्रकाश चैतन्यरूप। देहादि संघात किम्वा अहंकार चैतन्यरूप हैन र तिनीहरू निरस्त भैसकेको छ। त्यस-कारण ऐले जो परिशिष्ट स्वप्रकाश चिद्‌वस्तु विद्यमान छ, त्यो नै हो मेरो वास्तव स्वरूप, यसप्रकार अनुभवबाट सिद्ध हुन्छ।

यसको कारण के हो ? कारण हो अपरोक्षरूपले चित्स्वरूपको प्रकाशमान भैरहनु। प्रपंचबाधको अवधिरूपले विद्यमान जो स्वप्रकाश चिद्‌वस्तु छ, त्यो हो अपरोक्ष मेरो वास्तव स्वरूप। यसरी मेरो वास्तव स्वरूपमा प्रवेश गर्नु अनायास सिद्ध कुरा हो।

●

जगतको मिथ्यातत्वको बारेमा निश्चयको उत्पत्ति

बुद्धिपूर्वक अनुभवको दृढतालाई निश्चय भनेको छ। त्यसकारण शास्त्र सज्जनबाट निर्णीत भएको जगत्को मिथ्यात्वलाई हामीहरूले पुनः पुनः शास्त्रानुयायी युक्तिको अनुसन्धानपूर्वक अभ्यास गरिरहनु पर्दछ।

जुन जगत् साँचो हो भन्ने निश्चय हामीहरूमा मौजूद छ त्यो पनि त हामीले युक्तिपूर्वक जन्म जन्मान्तरमा दृढ गरिएको जगत्को अनुभव हो, यसप्रकार मान्नुपर्दछ। त्यसकारण उल्टा क्रमले शास्त्र सज्जनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

सुनिएको जगतको असारता, क्षणभंगुरता, परिवर्तनशीलता आदिलाई (देहादिदेखि लिएर अहंकारसम्मको प्रपंचसम्बन्ध सदा परिवर्तनशील छ यसप्रकार अनुभवको सहाराबाट र देहादि जगतको सुषुप्तिकालमा बिलकूलै अभाव हुनुबाट हामीहरू जगत्को अनित्यताको बारेमा जो अनुभव गर्दछौं त्यो अनुभवलाई) क्रम क्रमले अभ्यासद्वारा दृढ तुल्याउन सक्दछौं।

जगत्को सत्यताबुद्धिलाई अर्जित, सुरक्षित जगत्को मिथ्यात्व अनुभवद्वारा हामीहरू हटाउन सक्दछौं। आजसम्म यदि जगत् साँचो हो भनी निश्चित् रूपले मानिराखेका छौं तब आजदेखि फेरि शास्त्र सज्जनबाट सुनिएको जगत् मिथ्यात्वलाई अनुकूल युक्तिको सहाराले मिथ्या भनी अनुभव गरिराख्नुको अभ्यास हामीहरू किन गरिराख्न नसक्ने ? प्राचीन अभ्यासकृत सत्यताबुद्धिलाई ऐलेको पुरुषार्थद्वारा अभ्यासको सहाराले हामीहरू जित्न सक्दछौं। त्यसकारण जगत् हो मिथ्या, यसप्रकार हामीले नित्य निरन्तर निश्चय बनाइराख्ने अभ्यास गर्नुपर्दछ। यो अभ्यासले पुरानो अभ्यासकृत जगत्को दृढ सत्यताबुद्धिलाई अवश्य जित्न सक्दछ।

सार कुरा यो हो कि अभ्यासलाई जित्नका लागि साधन हो प्रवलतर दृढ विपरीत अभ्यास। केवल विपरीत अभ्यास गरेपछि मात्र पूर्वतन विपरीत अभ्यासलाई जित्नु संभव हुन्छ। त्यसोभएको हुनाले योगवाशिष्ठ आदि ग्रन्थहरूलाई पुनः पुनः सुन्नु सुषुप्तिकालीन अनुभवलाई याद गरिराख्नुको अभ्यास जब ज्यादा दृढ हुन्छ, तब पूर्वतन जगत्को सत्यताको अनुभवको अभ्यास घट्दै जान्छ र आखिर जो चाहिं ज्यादा बलियो अभ्यास हुन्छ त्यसले कम बलियो अभ्यासकृत जगत्को सत्यता-बुद्धिलाई जितिहाल्छ।

●

सर्वदृश्यको परित्याग

जस्तै नौ जना पुरुषको पूरा अभाव तुल्याएपछि मात्र दशम पुरुष हो आफू भन्ने सहज अनुभव हुन पाउँछ, त्यस्तै जब संपूर्ण दृश्य (द्रव्य) को अभाव हुन्छ तब संपूर्ण दृश्यदेखि विविक्त निर्दृश्य परिशिष्ट ब्रह्म वस्तु आफू स्वयं प्रकाशित हुन पाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

दृश्यको निरसन हो ब्रह्मानुभवमा एकमात्र साधन। दृश्य निरसन हो धन आदि सारा द्रव्यको अभाव आपादन। किनकि धन आदि संपूर्ण द्रब्यमा जो सत्यताबुद्धि भैराखेको छ—केवल त्यसले गर्दा अन्तःकरण निरन्तर वृत्तियुक्त (इच्छायुक्त) भैरहन्छ। जहाँसम्म नौजना पुरुषको सत्तामा मात्र हाम्रो दृष्टि समाप्त भैरहन्छ, त्यहाँसम्म दशम आफूको याद हुन सक्दैन। त्यस्तै जहाँसम्म सत्यरूपले गृहीत धन द्रव्य सम्यक्‌रूपले त्यक्त हुँदैन त्यहाँसम्म धन आदि द्रव्यको सद्भाव बनिराखेको हुनाले चित्त वृत्तिरहित (यसैको नाम हो अखण्डाकार चित्त) हुन सक्दैन। आफूबाट द्रव्यको परित्याग भएमा मात्र चित्त वृत्तिरहित हुन सक्छ। सत्यबुद्धिले गृहीत अलिकति पनि द्रव्य आफूसंग रहनुसम्म चित्त वृत्तिरहित हुन सक्दैन।

चित्त वृत्तिरहित भए त्यो साभास चित्तमा प्रमाता पनि र प्रमेय ब्रह्म पनि भासमान हुन्छ। अर्थात् आफू (प्रमाता) र ज्ञेय ब्रह्म वस्तु यी दुइटा (भित्र अन्तःकरणमा भासमान भएको हुनाले) अत्यन्त समीपमा देखिन्छन् र त्यसकारण दुबै वस्तु अभिन्न हुन् भनी अनुभव हुनु संभव हुन्छ। सार कुरा यो हो कि जब मेरो चित्त संपूर्ण इच्छाबाट रहित हुन्छ तब मात्र हाम्रो चित्त ब्रह्माकार (ब्रह्म जस्तो हो त्यस्तो) बन्दछ। यस-प्रकार साभास चित्तमा (किनकि ब्रह्म साक्षीरूपले हृदयमा निवास गरि-रहनुहुन्छ) साक्षी आफू र ज्ञेय ब्रह्म दुबै विद्यमान रहन्छ। यसकारण विगलित प्रमातृभाव जो साक्षिचैतन्य हो त्यसले ब्रह्मलाई अभेदरूपले अनुभव गरिहाल्छ; किन्तु जहाँसम्म अल्प पनि पदार्थ सत्यरूपले गृहीत भैरहन्छ (मुमुक्षु पुरुषले अलिकति पनि द्रव्यलाई आफ्नो हो भनी मानि-राख्दछ), त्यहाँसम्म त्यो द्रव्यलाई मेरो भनी मानिराखेको हुनाले चित्त इच्छारहित (अखण्डाकार) हुन सक्दैन। संपूर्ण पदार्थको सम्यक् परित्याग भए मात्र चित्त ब्रह्मरूप भैहाल्छ। अलिकति पनि द्रव्यलाई आफ्नो हो भनी मानिराखेसम्म चित्त द्रव्याकारमा आकारित अवश्य भैरहन्छ। यसको कारण यो हो कि द्रव्यमा सत्यताबुद्धि सम्यक्‌रूपले निवारित हुन सकेको छैन। यसैले सबै पदार्थको परित्याग विना वृत्ति ब्रह्माकार हुन सक्दैन।

प्रश्न—तब प्रमाताको जीवनयात्रा निर्वाह कसरी हुन सक्ला ?

उत्तर—तिम्रो आशय हो निर्वाहका लागि पदार्थ अवश्य चाहिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

किन्तु पदार्थको अभाव त यहाँ भनिएको हैन। किनकि पदार्थ मायाबाट उपस्थापित भैरहन्छ। अर्थात् ब्रह्मवेत्ता पुरुषका लागि पनि प्रारब्धद्वारा (मायाद्वारा) देहयात्रा निर्वाहको निमित्त अवश्य पदार्थ खडा हुन्छ।

प्रश्न—तब परित्याग गर्नुपर्दछ भन्नुको आशय के हो ?

उत्तर—तिमीले तिम्रो आफ्नो सारा द्रव्यलाई परित्याग गरिदिनुपर्दछ, यो हो आशय। प्रारब्धबाट खडा गरिएको मिथ्यारूपले परिगणित धन आदि पदार्थको परित्याग भनिएको छैन। जति द्रव्य हो तिम्रो त्यो सारा पदार्थको परित्याग चाहिन्छ। सारा पदार्थको परित्याग विना चित्त ब्रह्माकार हुँदैन। यसरी धन आदि द्रव्यको परित्याग भए पनि कसैको जीवनयात्रा निर्वाहमा अलिकति पनि प्रतिबन्धक हुँदैन। यो हो ईश्वरको नीति। त्यसकारण केवल प्रारब्धले हाम्रो शरीर बाँचिरहन्छ। त्यसका लागि सत्यताबुद्धिले गृहीत धन आदि पदार्थलाई मैले जम्मा पार्नु पर्दैन। यस्तो जानेपछि मात्र सारा पदार्थबाट विविक्त अखण्डाकार चित्तमा स्पष्टरूपले भासमान आत्मब्रह्मचैतन्यमा आफूबुद्धि उत्पन्न हुन्छ, तबमात्र मुमुक्षु पुरुष सुखी बन्न सक्दछ।

●

आत्मा शब्दको अर्थ

विष्णु सहस्रनाम भाष्यमा शंकर भगवान् भन्नुभयो—

यच्चाप्नोति यदादत्ते यच्चात्ति विषयानिह।
यच्चास्य सन्ततो भावस्तस्मादात्मेति कीर्त्यते॥

अर्थात् जसले जाग्रत्मा सारा विषयहरूलाई प्रकाश गरिरहन्छ, स्वप्नावस्थामा कल्पित विषयहरूलाई ग्रहण गरिराख्दछ, सुषुप्तिमा सारा कल्पित विषयहरूलाई निलिहाल्छ र जो चाहिं निरन्तर स्वयंप्रकाशमान भएर विद्यमान रहन्छ, त्यो आत्मानामले कथित भएको छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

हरिस्तोत्र ३६ श्लोकका सम्बन्धमा

प्रश्न—मैले छोडिदिए कति कुरा सिद्ध भयो ?

उत्तर—वृत्तियुक्त चित्तको एक क्षणका लागि अभाव भयो। साक्षिचैतन्य मबाट त्यसको प्रकाश भयो।

प्रश्न—संपूर्ण अनात्माको निरसन भएपछि केही बाँकी रहन्छ कि ? रहन्छ भने किन रहन्छ र के रहन्छ ?

उत्तर—जो निरसनयोग्य पदार्थ हो त्यो शुद्ध स्वप्रकाश चैतन्य-स्वरूप आफूमा पहिले कल्पित हुन्छ र त्यसपछि भ्रमको अवसान भए केवऌ अधिष्ठान स्वरूप बाँकी रहन्छ। यो अधिष्ठान स्वरूप साक्षिचैतन्य हैन। किनकि ऐले साक्ष्य चित्त आदि केही पनि छैन; किन्तु शुद्ध स्वयंप्रकाशमान चैतन्य अधिष्ठानरूपले बाँकी रहन्छ।

प्रश्न—त्यो बाँकी अधिष्ठान वस्तुको के गति होला ?

उत्तर—त्यो अधिष्ठान वस्तु नै हो भगवान् हरि।

●

राम शब्दको अर्थ

रमन्ते योगिनो ह्यस्मिन् निर्विकल्पे चिदात्मनि।
इति रामपदेनासौ परं ब्रह्माभिधीयते॥

प्रश्न—कुन वेला रमण गर्छन्, कसरी रमण गर्छन् र किन रमण गर्छन् ?

उत्तर—सर्वदा ब्रह्मानुभव जनित दृढ संस्कारको वलले स्वाभाविक रूपले रमण गर्छन्।

आत्मा हो दुई प्रकार—(१) ज्ञात र (२) अज्ञात। यहाँ ज्ञात आत्मामा रमण गर्नु भनी बताएको हो।

प्रश्न—कुन प्रकारका योगीहरू रमण गर्छन् ?

उत्तर—दृढ ज्ञानयोगीहरू रमण गर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

प्रश्न—त्यसमा रमण कसरी संभव होला ?

उत्तर—आकाश आकाशमा रमण गर्दछ, यो स्वभावसिद्ध कुरा हो। त्यस्तै ज्ञानी आफ्नो स्वभावमा स्थित रहनुहुन्छ।

●

हरि र आफू हो एकै वस्तु

यो कार्यकरण संघातमा नजानी नबुझीकन पनि हामीहरू आफूमा ज्ञाताबुद्धि गरिहाल्छौं। फेरि ज्ञाता भन्ने वस्तु पनि यो संघातको भित्र विद्यमान छ, तर हामीहरू विवेक विचारको बलले त्यो ज्ञाता वस्तुलाई खोजेर निकाल्न कोशिस गर्दैनौं। यो हरिस्तोत्र श्लोक तेंत्तीसमा वास्तवमा ज्ञाता आफू भन्ने कुन वस्तु हो त्यसको बाटो देखाएको छ।

देहादि समुदाय हो शरीर, इन्द्रिय, प्राण र अन्तःकरण। यिनीहरूको भित्र एक एकमा ज्ञाताबुद्धि गर्नु संभव देखिदैन; किनकि शरीर आफूबाट प्रकाशित नभैकन मबाट प्रकाशित भएको हुनाले म हुन सक्दैन। यसरी इन्द्रिय पनि जस्तो घट ज्ञाता हुन सक्दैन किन्तु ज्ञेय हो त्यस्तै ज्ञाता हुन सक्दैन। प्राण पनि घट जस्तो परप्रकाश्य भएको हुनाले ज्ञाता हुन सक्दैन। अन्तःकरण यद्यपि साभास हो र त्यसमा अहंकार भन्ने वृत्ति पनि देखिन्छ तापनि अहंकार (प्रमाता) परप्रकाश्य भएको हुनाले घट झैं ज्ञेय वस्तु हो, ज्ञाता हैन। यद्यपि अहंकार (साभास चैतन्य म) चैतन्य जस्तो देखिन्छ तापनि परप्रकाश्य (साक्षिभास्य) भएको हुनाले अहंकार पनि (विकारी म पनि) ज्ञाता हुन सक्दैन। अर्थात् साभास अन्तःकरणको सात्विक हिस्सा (म) पनि जड भनी सिद्ध हुन्छ; प्रमाता ज्ञाता हुन पाएन।

यसरी देह, इन्द्रिय, प्राण र अन्तःकरण (साभास सात्विक अहंकार किम्वा प्रमाता) पनि घट झैं परप्रकाश्य भएको हुनाले ज्ञाता बन्न सक्दैन। तब ज्ञाता को हो ? यसको जवाफ यो हो कि देहादि संघातको भित्र लुकेर बसिराखेको जो वास्तव म वस्तु हो त्यो अनुभवको बलले स्वयंप्रकाशमान चैतन्य भएको हुनाले त्यसले देहादि संघातको भित्र जति अनात्म वस्तु बसिराखेको हुन्छ, त्यसलाई साक्षात् जानिराखेको छ। शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

आदि संघातको भित्र केवल प्रकाशरूप म वस्तु परप्रकाश्य देहादि संघात र त्यसको कार्यलाई प्रकाश गरिराखेको छ।

प्रश्न—यदि अहंकार वास्तवमा म वस्तु भएन भने फेरि म कुन वस्तु होला ?

उत्तर—म भन्नाले अपरोक्ष वस्तुलाई बुझाइन्छ। अपरोक्ष वस्तु हो चैतन्य वस्तु; त्यसकारण साभास सात्विक अन्तःकरणको वृत्तिरूप जो परप्रकाश्य प्रमाता हो त्यसलाई पनि देहादि संघातको भित्र अपरोक्ष चैतन्यरूपले विद्यमान वास्तव म वस्तुले प्रकाश गरिराखेको छ। अपरोक्ष चैतन्य वस्तु म साभास सात्विक अन्तःकरणको वृत्तिरूप परप्रकाश्य मलाई प्रकाश गरिराखेको छ। त्यसकारण त्यो अपरोक्ष चैतन्य म वस्तु हो ज्ञाता।

प्रश्न—यो ज्ञाता र भगवान् हरिका बीच के भेद छ ?

उत्तर—त्यो अपरोक्ष चिद्वस्तु म हो एक अद्वितीय प्रत्यग्अभिन्न ब्रह्मवस्तु (हरि)।

प्रश्न—रहस्य कुरा के भयो ?

उत्तर—अवस्तुभूत परप्रकाश्य मदेखि भिन्न अपरोक्ष चित्स्वरूप वास्तव म हो एकमात्र स्वयंप्रकाश अखण्ड सुखस्वरूप ब्रह्मवस्तु। जो चाहि यथार्थ म वस्तु हो त्यो नै हो हरि।

प्रश्न—त्यसोभए हरिलाई जान्नु किन कठिन हुन्छ ?

उत्तर—केवल घट झैं परप्रकाश्य अयथार्थ मरूप साभास सात्विक अन्तःकरणको वृत्तिलाई म हैन भनी अनुभव गर्ने वित्तिकै जो अपरोक्ष चिद्रूप वास्तव म वस्तु स्वयं अनुभूत हुन्छ। त्यो नै हो भगवान् हरि, यो सजिलैसित अनुभव हुन सक्दछ। त्यसकारण केवल झूठा मभावलाई निरसन गर्नु हो प्रत्यग्अभिन्न भगवान् हरिलाई स्वयं अनुभव गर्नुको एकमात्र उपाय।

वाशिष्ठोक्त विचारको निरूपण

इन्द्रिय र मनबाट नाना प्रकार जगत्पदार्थको अनुभव हामीहरू-लाई भैराखेको छ, तर यो सारा अनुभव हो भ्रान्त अनुभवमात्र। किनकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

यिनीहरूको भित्र एउटा अनुभवलाई विश्लेषण गरे त्यसमा साँचो र झूठा हिस्सा स्पष्टरूपले पाइन्छ। जस्तो "म ज्यादा समस्याग्रस्त छु" यो अनुभवलाई विश्लेषण गरे यसमा दुई हिस्सा पाइन्छ;

(१) म थाहा पाइरहेको छु कि

(२) म समस्याग्रस्त छु। अर्थात् हिस्सा (१) हो यो अनुभवको भित्र बसिराखेको साँचो हिस्सा र (२) हो केवल झूठारूप। यसको कारण यो हो कि—(१) हो परमार्थ सत्य स्वप्रकाश सुखरूप हिस्सा र (२) हो आगन्तुक चित्तवृत्तिरूप मात्र र त्यसकारण मिथ्या। यसप्रकार नाना त्रिपुटीरूप भ्रान्त अनुभव आउँछ र जान्छ, तर त्यो आस्थाको विषय हुन सक्दैन। त्यसकारण आगमापायी नाना प्रकारको चित्तविकाररूप जागतिक अनुभव—"म चिन्तित छु, म सुखी छु, मैले कष्टको अनुभव गरिराखेको छु" आदिरूप मिथ्या हिस्सालाई परित्याग गरेर परिशिष्ट स्वयंप्रकाशरूप परमार्थ सत्य आफूवस्तुलाई ग्रहण गर्नुलाई विचार भनेको छ। अर्थात् जब चित्तविकाररूप कुनै आगन्तुक त्रिपुटी हाम्रो मनमा खडा हुन्छ, तब तत्कालमा विचारद्वारा त्यो साक्षिभास्य त्रिपुटीलाई परित्याग गरीकन त्यसको प्रकाशक सारा चित्तवृत्तिहरूबाट नछोइएको जो आफ्नो सुखस्वरूप हो त्यसमा हामीले आफ्नो मनलाई स्थापन गर्नुपर्दछ। अर्थात् त्यो शुद्ध चित्सुखस्वरूपमा स्थित भैरहनुपर्दछ।

●

सहज सविकल्प समाधि

प्रश्न—जुन वेला दुःख हुन्छ त्यसै वेला त्यसको विवेक हुन्छ कि ?

उत्तर—यो प्रसंग धेरै उत्तम हो र यो प्रसंगले सविकल्प समाधिमा पुऱ्याइदिन्छ। यहाँ तीनओटा स्पष्ट स्तर पाइन्छ—

(१) राजसिक साभास चित्तवृत्तिको नाम हो दुःख। त्यो दुःखको उदय हुनुको क्षण हो प्रमाताबाट दुःखग्रस्त हुनुको (दुःखाकार चित्तवृत्ति-द्वारा) अनुभव। (२) तर यो दुःखाकार चित्तवृत्ति अवश्य साक्षिभास्य हुन्छ। किन्तु प्रमाताको दुःखग्रस्त हुनुको क्षण हो साक्षिभास्य हो भन्ने ज्ञान (विवेक) हुनुको क्षणदेखि भिन्न। अर्थात् पहिले दुःखग्रस्त हुन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

त्यसपछि प्रमाताले विवेक प्राप्त गर्छ—अर्थात् यो मबाट प्रकाश्य जो दुःख हो त्यो दुःख आगन्तुक र मिथ्या भएको हुनाले साक्षी मेरो दुःखग्रस्त हुनु बन्दैन। यसरी प्रतीयमान दुःख साक्षिस्वरूप आफूमा हराइहाल्छ र केवल साक्षी परिशिष्ट रहन्छ। यसरी दुःखको उदयको क्षणदेखि परवर्ती क्षण हो विवेकको क्षण।

(३) यसरी दुःखग्रस्तबाट विविक्त आफ्नो साक्षिस्वरूपको भान अनन्तर प्रमातालाई सविकल्प समाधि प्राप्त हुन्छ। यो सविकल्प समाधि हो दृश्यानुबिद्ध सविकल्प समाधि। किनकि पहिले दुःख दृश्यरूपले थियो र ऐले (दोस्रा क्षणमा) त्यो दृश्य द्रष्टाको स्वरूपमा विलीन भैहालेको छ र केवल द्रष्टा (जसको दृश्य दुःखसित कुनै सम्पर्क छैन) परिशिष्ट रहन्छ। यसरी विवेकद्वारा दृश्यको विलयपूर्वक प्रमाताको केवल द्रष्टा स्वरूपमा अवस्थान हो सविकल्प समाधि।

यसरी यो प्रसंगमा तीनओटा भिन्न भिन्न उत्तरोत्तर उत्कृष्ट अनुभव को स्तर प्राप्त छ।

●

पदार्थको इन्द्रिय गोचरता

यो वेदान्त शास्त्रको सिद्धान्त हो कि पहिले जीव खडा हुन्छ र जीवले वासनावशात् पदार्थको संकल्प गर्छ। त्यसपछि पदार्थ इन्द्रियगोचर भएर द्रष्टाबाट भिन्नरूपले बाहिर स्थित हुन्छ। त्यसो भएको हुनाले पदार्थ हो वासनाको दृढरूप र वासनालाई चरितार्थ तुल्याउनका लागि इन्द्रिय र अन्तःकरण बन्दछ। वासनाबाट (उसको दृढतावशात्) पदार्थ प्रकट हुन्छ र वासनालाई चरितार्थ गर्नका लागि जगत्पदार्थलाई इन्द्रियको वृत्तिपूर्वक ग्रहण गर्नुपर्दछ (चित्तमा वृत्तिरूपले प्राप्त गर्नुपर्छ)। त्यसपछि (यो हो वासनाको चरितार्थता कि) मबाट देखिएको चित्तमा उपलब्ध गरिएको पदार्थ वासनायुक्त साक्षिचैतन्यमा क्रोडीकृत भैहाल्छ। मेरो इष्ट विषयको उपलब्धि हुनुपूर्वक मेरो वासना चरितार्थ हुन्छ र वासनायुक्त साक्षिचैतन्य परिशिष्ट रहन्छ। यसरी वासनायुक्त चैतन्यरूप अधिष्ठान मानिन्छ; किनकि पदार्थ इन्द्रियगोचर भैकन चित्तमा जीवलाई प्राप्त हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

र जीव पदार्थ प्राप्तिद्वारा तृप्त हुन्छ। फेरि आफ्नो वास्तव वासनासंयुक्त चैतन्यरूपले परिशिष्ट रहन्छ।

त्यसकारण पहिले पदार्थ इन्द्रियगोचर अवश्य हुन्छ, किन्तु इन्द्रियगोचर हुनु हो मनमा पदार्थको विलय हुनुमात्र। त्यसोभएको हुनाले पदार्थ जो इन्द्रियगोचर हुन्छ, त्यो हो केवल पदार्थको मनोरूपता प्राप्तिमा एक मात्र हेतु। त्यसकारण पदार्थ हो मनोरूप (चित्तवृत्तिरूप)। इन्द्रिय गोचरता हो पदार्थको मनोरूपता प्राप्तिमा केवल साधनमात्र। वास्तव पदार्थ हो चित्तवृत्तिरूप; किनकि पदार्थ इन्द्रियद्वारा उपलब्ध भैकन मनमा आएर समाप्त हुन्छ। त्यसकारण पदार्थको स्वरूप हो मनोवृत्तिरूप (चित्तवृत्तिरूप)।

पदार्थ यसरी चित्तवृत्तिरूप भैकन साक्षीबाट जब प्रकाशित हुन्छ तब साक्षिसात् भैहाल्छ। साक्षिचैतन्यदेखि पदार्थको पृथक् सत्ता रहँदैन। केवल वासनासंयुक्त साक्षिचैतन्य अवशिष्ट रहन्छ।

जब साक्षिभाव ज्ञानद्वारा विनष्ट हुन्छ, तब पदार्थवासना नष्ट भएको हुनाले फेरि ज्ञानवान् पुरुषलाई जगत् देख्नमा आउँदैन। त्यहाँबाट बुझ्नमा आउँछ कि जगत् हो केवल वासनारूप। वासना बसिराखेको छ जीवको हृदयमा; जब जीवभाव विनष्ट हुन्छ तब वासनाको विनाशपूर्वक जगत्को पनि आत्यन्तिक अभाव सिद्ध हुन्छ।

●

सम्वित्को स्थिति

चैतन्य वस्तु यद्यपि विषयसंयुक्त हुन्छ (साभास चित्तको विषयाकार वृत्ति बन्दछ) तापनि जब विषयाकार बन्दैन, तब सम्वित् निर्विषय रहन्छ। यसरी चैतन्य सविषय पनि हुन्छ र विषयरहित पनि पाइन्छ। ख्याल राख्नुपर्दछ कि यो दुवै अवस्थामा सम्वित्को सद्भावलाई मान्नुपर्दछ। जब साभास घटाकार वृत्ति उत्पन्न हुन्छ र त्यसपछि घटाकार वृत्तिको अभाव बन्दछ, तब बीचमा एक छिनको लागि चैतन्य निर्विषय भनी अनुभव हुन्छ। यसमा कारण यो हो कि जब घटाकार वृत्तिको अभाव हुन्छ, तब पनि चैतन्यको अभाव हुँदैन, किन्तु चैतन्य कुनै पटादि विषयसित सम्पर्कयुक्त हुँदैन। यसरी जब घटाकार ज्ञान (घटविषयमा चैतन्यको स्थिति) नष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

हुन्छ र पटाकार ज्ञान प्राप्त भएको छैन (पट विषयमा चैतन्य पुगेको छैन) तब चैतन्य केवल निर्विषय भएर (शुद्ध चैतन्य भएर) स्थित हुन्छ। यसरी जब साभास चित्तको कुनै प्रकारको वृत्ति उत्पन्न हुन्छ, तब त्यो पदार्थको आकारमा आकारित चित्तवृत्ति चैतन्यबाट उद्भासित हुन्छ। यो हो विषयमा चैतन्यको स्थिति। फेरि जब चैतन्यले विषयलाई छोडिदिन्छ र अरू विषयलाई ग्रहण गरेको छैन यसप्रकार दुई विषयको बीचमा चैतन्य अवश्य विद्यमान रहन्छ; किन्तु कुनै विषयको आकारमा आकारित चित्त-वृत्ति खडा नभएको हुनाले चैतन्य केवल निर्विषयरूपले स्थित रहन्छ। यसप्रकार निर्विषय चैतन्य हो हे राम, तिम्रो वास्तव स्वरूप; विषयसंयुक्त चैतन्य तिम्रो वास्तव स्वरूप हैन।

प्रश्न—यसको आशय के हो ?

उत्तर—आशय यो हो कि मनुष्यको वास्तव स्वरूप हो शुद्ध चैतन्य; जो चाहिं कुनै पदार्थसित मिलेको हैन।

प्रश्न—यसको अर्थ के हो ?

उत्तर—अर्थ यो हो कि मनुष्यको वास्तव स्वरूप सुखीपन दुःखी-पन चिन्तितपनसित मिलेको चैतन्य हैन; अर्थात् "म दुःखी हुँ" यसप्रकार चित्तवृत्तिमा अवभासित चैतन्य मनुष्यको वास्तव स्वरूप हैन। अर्थात् मनुष्य हो केवल चैतन्य स्वरूप। कुनै विषयको आकारमा आकारित साभास चित्तवृत्तिरूप वस्तु हैन।

प्रश्न—तब मनुष्य आफ्नो वास्तव स्वरूपलाई कसरी अनुभव गर्ला ?

उत्तर—आफू हो शुद्ध चैतन्य (ब्रह्मवस्तु) यसप्रकार यथार्थ अनुभव गर्नु बुद्धिमान् मनुष्यको उचित हो, नकि "म फलाना हुँ, म दुःखी हुँ, म चिन्तित हुँ" यसप्रकार अनुभव गर्नु।

●

चित्तशुद्धि अनन्तर कर्तव्य के हो ?

हामीहरूको ऐलेको अनुभव हो कि हामीहरू सम्पूर्ण चित्तवृत्तिको प्रकाशक हौं। अर्थात् हामीहरु प्रत्यक् चैतन्य भएर भिन्न भिन्न निमित्त-वशात् उद्‌भूत नानाप्रकार चित्तवृत्तिहरूको निर्विकार अवभासक हौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

मेरो ऐलेको स्वरूप प्रमातृचैतन्यरूप हैन; किनकि प्रमाता चेतन हो सुखी दु:खी विकारी चैतन्य। हाम्रो चित्त शुद्ध भएको हुनाले हामी चंचल विकारी चिद्वस्तु हैन, किन्तु चित्तवृत्तिहरूको निर्विकार प्रकाशक-रूप हौं। चित्तमा नानाप्रकार वृत्तिहरू (त्रिपुटीहरू) उदित हुन्छन्, त्यसको कारण हो भिन्न भिन्न उद्भूत वासनाहरू। धर्माधर्मवशात् भिन्न भिन्न उद्भूत वासना जब जब खडा हुन्छ, तब तब त्यो उद्भूत वासना (वृत्ति-हरू) लाई निर्विकाररूपले मैले प्रकाश गरिराखेको छु। म सारा परि-स्थितिहरूको र सारा भाव अभाव वस्तुहरूको—सारा विकारहरूको—निर्विकार प्रकाशक हुँ। संक्षेपले भनेदेखि म चित्तवृत्तिहरूसित साक्षात् संपर्कयुक्त नभए तापनि चित्तवृत्तिहरूको अवभासक हुँ। त्यसकारण चित्त-वृत्तिहरूको अभाव अनुभूयमान मेरो स्वरूपमा उदित भएको छैन।

यसरी पदार्थको अवभासकरूप मेरो ऐलेको स्वभावदेखि मेरो लक्ष्यभूत ब्रह्मस्वरूपको साक्षात्कार उदित हुनुमा के बाँकी होला? जबाफ यो हो कि ऐले म आफ्नो वास्तव स्वरूपसम्बन्धी अज्ञानसित तादात्म्य-प्राप्त चैतन्य हुँ। ऐले अज्ञान र त्यसको कार्य चित्तलाई विनाश गर्नु मेरो बाँकी छ। किनकि चित्त र त्यसको कारण विनष्ट भए मेरो वास्तव स्वरूप परिज्ञात भैहाल्छ। म परिज्ञात आत्मवस्तु हुन सक्दछु।

संक्षेपले यसो भने हुन्छ कि क्षेत्रज्ञ म ऐले क्षेत्रसित पूरा संपर्क टुटाईकन क्षेत्रज्ञ मेरो ऐलेको स्वरूप र परमात्माको भित्र जो भेद विद्यमान छ त्यो भेदलाई अपाकरण गर्नु मेरो बाँकी छ। यो भेद के हो? यो भेद हो ममा चित्तको सद्भाव छ र परमात्मामा चित्तको आत्यन्तिक अभाव छ। त्यसकारण चित्तवृत्तिको साक्षी नभैकन चित्तवृत्तिको आत्यन्तिक अभाव आपादनपूर्वक आत्यन्तिक चित्तवृत्तिरहित भएर रहनु बाँकी छ। यसरी क्रम क्रमले संपूर्ण चित्तवृत्तिहरूको अभाव संपादित भए म चित्त-वृत्तिको प्रकाशक नभैकन संपूर्ण चित्तवृत्तिरहित ब्रह्मरूपले अवस्थित हुन सक्छु।

चित्त वृत्तिरहित हुनुको उपाय के हो? उपाय हो सविकल्प समाधिलाई परित्याग गरीकन (चित्तवृत्तिलाई त्यागीकन) संपूर्ण वृत्ति-रहित चित्तको जो अधिष्ठान ब्रह्मरूपले स्थिति हो (ब्रह्माकार वृत्ति हो) त्यसलाई अवलम्बन गरीकन आफ्नो ब्रह्मस्वरूपको नित्य निरन्तर दीर्घ-काल अनुभव गरिराख्नु। यसरी आफ्नो ब्रह्मस्वरूपताको अनुभवरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आत्मसाक्षात्कारको अनुवृत्ति भैराखेपछि ब्रह्माकार वृत्तिको भंग हुन्छ र स्वयंप्रकाश मेरो वास्तव ब्रह्मस्वरूप परिशिष्ट रहन्छ। यसप्रकार चित्पारिशेष्य हो (ब्रह्मसाक्षात्कार हो) मेरो ऐलेको बाँकी कर्तव्य।

●

नानामा अनाना

वशिष्ठ भन्नुहुन्छ कि नाना पदार्थ प्रतीत भैराखेको छ तापनि नाना पदार्थ वास्तवमा छैन। नाना पदार्थप्रतीतिको पूर्व क्षणमा नाना पदार्थ थिएन र नाना पदार्थको प्रतीतिको अन्तमा नाना पदार्थ रहँदैन। आदि अन्तमा केवल परमात्मा अधिष्ठान—जो चाहिं जीवको र जगत्को वास्तव स्वरूप हो—त्यो विद्यमान रहन्छ। त्यसकारण बीचमा पनि—अर्थात् जब नाना प्रपंच प्रतीत भैराखेको छ तापनि केवल आत्मसत्ता स्वयंप्रकाशित भैरहन्छ। त्यसैले यो जो नाना प्रपंच देख्नमा आइराखेको छ, त्यो नाना पदार्थ हो वास्तवमा एक अद्वितिय सबैको वास्तव अधिष्ठान स्वरूप ब्रह्म।

यो वाशिष्ठ सिद्धान्तको मार्मिक कुरा हो कि केवल चैतन्य वस्तु विद्यमान छ र अविद्यावशात् त्यो चैतन्य वस्तुमा नाना पदार्थरूप जगत् खडा हुन्छ तापनि आत्मसत्तामा केवल आत्मसत्ता विद्यमान छ। भिन्न जगत्को सत्ता लेश पनि विद्यमान छैन।

प्रश्न—तब जगत् किन देख्नमा आइराखेको छ ?

उत्तर—जसको चित्तमा जगद्वासना बसिराखेको छ त्यसको चित्तमा जब देश काल निमित्तवशात् जगद्वासना उद्रिक्त हुन्छ तब त्यो वासना नाना प्रकारको पदार्थ नाना प्रकारको रूपले इन्द्रियगोचर हुन्छ। यसप्रकार जगत्को स्पष्टरूपले इन्द्रियगोचर हुनु हो अज्ञानी पुरुषको मनमा निमित्तवशात् उद्बुद्ध भएको वासनाको दृढता मात्र। वासना को स्थिति तीन प्रकारको हुन्छ।

(१) केवल वासनारूपले (अज्ञानरूपले) स्थिति;

(२) उद्रिक्त वासना किम्वा इच्छाको चित्तवृत्तिरूपले (साक्षिभास्य-रूपले) स्थिति;

(३) जब चित्तको इच्छा दृढता प्राप्त गर्दछ, तब इच्छित पदार्थ इन्द्रियगोचर भैहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

यसरी इन्द्रियगोचर (स्थूल आधिभौतिक) पदार्थ हो वास्तवमा चित्तवृत्तिरूप किम्वा इच्छा गरिएको पदार्थरूप। इन्द्रियगोचर पदार्थको सत्ता चित्तवृत्तिदेखि भिन्न हैन। फेरि चित्तवृत्ति पनि (इच्छा गरिएको पदार्थ पनि) वासनादेखि भिन्न हैन। यसरी वासना, इच्छा र बाहिरी जगत् वास्तवमा हो एकै वस्तु (अज्ञान किम्वा वासनारूप)।

प्रश्न—ज्ञानीको जगत्पदार्थको अदर्शनको कारण के हो ?

उत्तर—कारण हो ज्ञानीको जगद्वासनाको परिक्षय। त्यसैले ब्रह्म-वासनावासित ज्ञानीले केवल ब्रह्मलाई अनुभव गर्नुहुन्छ। जहाँ जहाँ चित्त किम्वा इन्द्रिय जान्छ त्यहाँ त्यहाँ ब्रह्मको दर्शन भैरहन्छ। जगत्को दर्शन हुँदैन।

प्रश्न—ब्रह्मवासना कसरी उत्पन्न हुन्छ ?

उत्तर—जब जगद्वासनाको अपक्षय हुन्छ, तब ज्ञानी पुरुषको चित्तमा स्वतः ब्रह्मवासना जागारहन्छ। त्यो ब्राह्मवासना उद्भूत भैकन ज्ञानीबाट निरन्तर ब्रह्मको दर्शन भैरहन्छ।

प्रश्न—ज्ञानीले जगत् देख्नुहुन्न कि ?

उत्तर—ज्ञानीले जगद्दर्शन गर्नुहुन्छ; किन्तु ज्ञानीको दृष्टिमा (अनुभवमा) इन्द्रियबाट दृष्ट जगत् हो केवल मायिक। त्यसकारण ज्ञानीको जगद्दर्शन भए तापनि चित्तमा केवल ब्रह्म विराजमान भैराखेको हुनाले इन्द्रियबाट जगद्दर्शत भैराखे तापनि चित्तमा कुनै विकार उत्पन्न हुँदैन। यसरी जगद्दर्शन भए तापनि ज्ञानीको ब्रह्मदर्शन नै भैरहन्छ।

प्रश्न—यसको रहस्य के हो ?

उत्तर—जो कुछ देख्नमा आउँछ (अनुभवमा आउँछ) यो सारा हो वासनाको परिणाम मात्र। अर्थात् अज्ञानी (जगद्वासनावासित पुरुष) जगत् देख्दछ र सुखी दुःखी विकारो बन्दछ। किन्तु निर्वासनिक (ज्ञानवान् पुरुष) केवल ब्रह्मदर्शन गर्नुहुन्छ; आनन्दस्वरूप निजी ब्रह्मस्वभावमा सर्वदा स्थित भैरहनुहुन्छ। जगद्दर्शन भए तापनि ज्ञानी स्वतः र सर्वदा आनन्दको अनुभव गरिरहनुहुन्छ। त्यसकारण जगत्को वासनाको क्षय आपादानपूर्वक ब्रह्मस्वरूपलाई साक्षात् अनुभव गरीकन ब्रह्मवासनाबाट चित्तलाई वासित गर्नु (ज्ञेयवासनायुक्त हुनु) हो कर्तव्य।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

दृश्यनिरसनको उपाय

प्रश्न—दृश्यलाई मिथ्या जान्नुको उपाय के हो ?

उत्तर—दृश्य भ्रमले भासमान हुन्छ; वास्तवमा दृश्य वस्तु कहिले पनि छैन। त्यसकारण आफ्नो वास्तव दृश्यरहित चित्स्वरूपको सहज अनुभव हो दृश्यनिरसनको एकमात्र उपाय।

प्रश्न—अरू कुनै उपाय किन छैन ?

उत्तर—अरू उपायको अर्थ हो दृश्यलाई साँचो मानीकन त्यसलाई निवारण गर्नुको उपाय जो समाधि आदिको अवलम्बन गर्नु हो त्यो हो निरुपाय।

प्रश्न—किन ? निर्विकल्प समाधिमा त दृश्य रहँदैन।

उत्तर—ढुंगा झैं निर्विकल्प समाधि प्राप्त भए पनि दृश्य अवश्य नै रहिरहन्छ।

प्रश्न—यसको कारण के हो ?

उत्तर—यसको कारण हो दृश्यमा सत्यताबुद्धि। जहाँसम्म दृश्य रहन्छ म त्यसको निवारणमा लागेको छु, यस्तो निश्चय रहनुसम्म दृश्यको निवारण हुन सक्दैन।

प्रश्न—किन ?

उत्तर—सत्यरूपले गृहीत वस्तुको कहिले पनि असत्यता सिद्ध हुन सक्दैन। सत्य वस्तुको अपलाप कहिले पनि संभव छैन।

प्रश्न—त्यसोभए दृश्यनिरसनको उपाय के हो ?

उत्तर—दृश्य कहिले पनि छैन। हुन पनि सक्दैन। त्यसकारण संपूर्ण दृश्यरहित दृङ्मात्र (चिन्मात्र) वस्तु विद्यमान छ। यसप्रकार निश्चयपूर्वक आफ्नो स्वरूपमा स्थित रहनु हो दृश्यको निरसन। "म द्रष्टा हुँ, धेरै प्रकारको दृश्य छ (किनकि अनुभवमा आइराखेको छ), त्यसलाई निवारण गर्नको लागि मैले निर्विकल्प समाधिको अभ्यास गर्दछु"—यो सारा हो दृश्यनिरसनमा निरुपाय।

प्रश्न—तब निर्विकल्प समाधिको अभ्यास गर्नु भनी शास्त्रमा किन बताएको छ ?

1622

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

उत्तर—यो खूब उत्तम प्रश्न हो। यसको रहस्य सुन। निर्विकल्प समाधि हो ज्ञानसमाधि (अज्ञानसमाधि हैन)। यसमा भ्रमले प्राप्त दृश्यको निरसनको लागि आफ्नो वास्तव स्वयंप्रकाश स्वरूपमा स्थित हुनुको अभ्यासले जब भ्रमलाई शिथिल तुल्याइन्छ, तब ज्ञानपूर्वक निर्विकल्प समाधिमा प्राप्त भइन्छ। "म हुँ ब्रह्मस्वरूप" यसप्रकार अनुभवको धारा-लाई ज्ञानपूर्वक निर्विकल्प समाधि भनेको छ। त्यहाँबाट भ्रमले प्राप्त अभ्यस्त दृश्यको सद्भाव विगलित भएर एकमात्र परमार्थ सत्य आफ्नो चित्स्वरूपमा स्थित हुनुको अभ्यास संभव हुन्छ।

प्रश्न—त्यसोभए अभ्यासबाट दृश्यको निरसन संभव हुन्छ?

उत्तर—किन्तु दृश्य साँचो हो यस्तो बुद्धिले प्राप्त दृश्यको निवारण कहिल्यै पनि संभव छैन। भ्रमले प्राप्त दृश्यको (दृश्य वास्तवमा छँदैछैन, किन्तु मैले भूलले दृश्यलाई साँचो भनी मानिराखेको छु, यसप्रकार मिथ्या दृश्यको) निरसनको अभ्यास हो ज्ञानपूर्वक निर्विकल्प समाधि।

प्रश्न—सफल निर्विकल्प समाधि र निष्फल निर्विकल्प समाधिमा भेद के हो?

उत्तर—एउटा हो अज्ञानसमाधि र अर्को हो ज्ञानसमाधि। ज्ञान-समाधि हो सफल। अज्ञानसमाधि हो निष्फल।

प्रश्न—ज्ञान शब्दको अर्थ के हो?

उत्तर—वस्तुस्वरूपलाई यथार्थ जान्नु हो ज्ञान। जस्तो दृश्य हो सर्वथा मिथ्या, यसप्रकार निश्चयपूर्वक पहिले भ्रमले प्राप्त दृश्यको सद्भाव-लाई निवारण गर्नुका लागि ज्ञानसमाधिको अभ्यास सफल हुन्छ। नभए अज्ञानसमाधि (यो दृश्य साँचो हो यसलाई निवारण गर्नुको लागि मैले संपूर्ण वृत्तिलाई निरुद्ध गरीकन बस्दछु, यसप्रकार समाधि) हो सर्वथा निष्फल। यस प्रकार समाधिबाट दृश्य निरसन संभव छैन।

प्रश्न—एउटा दृष्टान्तपूर्वक यो कुरालाई स्पष्ट गरी बताउनुहोस्?

उत्तर—जस्तो कसैले आफूलाई वास्तवमा बन्धनमा परेको छु भनी मान्दछ बन्धनबाट त्यसको निवृत्ति कैले पनि संभव हुँदैन। किनकि त्यसले बन्धनलाई साँचो मानेको छ, किन्तु जसको बन्धन हो सर्वथा मिथ्या, वास्तवमा मेरो बन्धन कहिले पनि भएको छैन, यसप्रकार जानेर बन्धनरहित आफ्नो स्वरूपमा स्थित हुने अभ्यास गर्छ (यसैको नाम हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDL

ज्ञानसमाधि)। त्यसका लागि प्रतीत भैराखेको बन्धनको निवृत्ति भैहाल्छ। किनकि भूलले प्रतीत भैराखेको बन्धनको निवृत्ति भूललाई छोडिदिए (यथार्थ स्वरूपलाई ग्रहणगर्नु) सफल हुन्छ।

प्रश्न—यसमा रहस्य कुरा के हो ?

उत्तर—रहस्य कुरा यो हो कि आवरण (आवरक अज्ञान) लाई साँचो मानेपछि आबरणको निवृत्ति संभव छैन। आवरण हो मिथ्या, यस्तो निश्चयपूर्वक भूलले प्राप्त आवरणको निवृत्ति संभव हुन्छ। यसरी दृश्यमा मिथ्यात्व बुद्धि र दृश्यमा सत्यताबुद्धि यो दुई प्रकार बुद्धिको भित्र जसले दृश्यलाई मिथ्या भनी निश्चय गर्दछ, त्यसको भ्रमले प्राप्त दृश्यको सद्भाव निवारित हुन्छ, अरूको संभव हुँदैन।

●

अखण्डार्थको बोध

प्रश्न—अखण्डार्थ शब्दको अर्थ के हो ?

उत्तर—अखण्ड वस्तुलाई अखण्डार्थ भनेको छ।

प्रश्न—अखण्ड वस्तु के हो ?

उत्तर—जुन वस्तु खण्डित हुँदैन, जसमा अंशांशी भाव छैन— त्यसलाई अखण्ड वस्तु भनेको छ।

प्रश्न—एउटा दृष्टान्त दिएर अखण्ड वस्तुलाई स्पष्ट गर्नुहोस् ?

उत्तर—"तिमी हौ त्यो" यो हो अखण्डार्थ।

प्रश्न—त्यसो भए यो वाक्यले त खण्डार्थ देखाउँछ ?

उत्तर—तिमीले वाक्यार्थ के हो त्यो सम्झेकाछैनौ। त्यसैले खण्डार्थ भनी कल्पना गरेका छौ।

प्रश्न—त्यसो भए त्यो वाक्यको अर्थ के हो ?

उत्तर—त्यो वाक्यको अर्थ "तिमी त्यो हुनुपर्दछ" त्यस्तो हैन; किन्तु तिमी हरहालतमा त्यो वस्तु नै भएर स्थित छौ। यसप्रकार तिमीलाई तिम्रो सनातन वास्तव ब्रह्मस्वरूपको त्यो वाक्यले केवल ज्ञापन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

गरिदिएको छ। तिम्रो ब्रह्मस्वरूपतालाई विधान गरेको छैन; अर्थात् तिमीले ऐले ब्रह्मस्वरूप भएर बस्नुपर्दछ, यस्तो उपदेश दिएको छैन।

प्रश्न—त्यो वाक्यले के उपदेश गरेको छ ?

उत्तर—तिम्रो सर्वकालीन स्वयंप्रकाश अखण्ड सुखरूप वस्तुलाई केवल बोधन गरेको छ। तिम्रो लागि कुनै नयाँ कुरा, नयाँ स्थिति, नयाँ हालत विधान गरेको छैन।

प्रश्न—यसको आशय के हो ?

उत्तर—आशय यो हो कि तिमीले तिम्रो आफ्नो वास्तव स्वरूपलाई विर्सेर आफूलाई कर्ता भोक्ता संसारी भनी मानेका थियौ। तर तिम्रो वास्तव स्वरूप भनीकन भ्रमले प्राप्त तिम्रो कर्ता भोक्ता स्वरूपलाई भ्रान्त अनुभव हो भनी जानेर निरसन गरीकन तिम्रो वास्तव स्वरूपलाई केवल बोधन गरेको छ। यदि कुनै नयाँ स्थितिलाई विधान गरेको थियो—अर्थात् तिमिलाई यसो हुनुपर्दछ, उसो हुनुपर्दछ भनी भनेको भए त्यो खण्डार्थ हुनेथियो, किन्तु त्यस्तो बिलकूलै हैन। त्यसकारण यहाँ **तिमी** एक वस्तु, त्यो अरू वस्तु र हुनु अर्को कुरा भए खण्डार्थ हुनेथियो। यहाँ त्यस्तो हैन; किन्तु यहाँ तिम्रो सनातन ब्रह्म स्वरूपता जो चाहिं तिमीले भ्रमले छाडिसकेका थियौ त्यो सदा प्राप्त ब्रह्मस्वरूपताको तिमीलाई वाक्यले फेरि तिम्रो भ्रमनिराकरणको लागि विधान गरेको छ। कुनै नयाँ स्थितिलाई उत्पादन गरेको छैन। त्यसकारण यो वाक्य हो केवल बोधक, विधायक हैन।

●

इच्छा त्यागको साधन र फल

इच्छात्याग कसरी गर्नु ? किनकि इच्छा निरन्तर उठिराखेको छ र त्यसकारण इच्छाको त्याग संभव देखिंदैन। यसको उत्तर यो हो कि केवल विचार द्वारा इच्छाको त्याग संभव हुन्छ विचार यसप्रकार गर्नुपर्दछ—

(१) इच्छा हो आगन्तुक चित्तवृत्तिरूप; त्यो आउँछ; एकछिन रहन्छ र हराइहाल्छ। इच्छाको उदय र अनुदयबाट साक्षी आफूको कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

हानि बृद्धि देखिंदैन। यदि इच्छा भन्ने कुनै वास्तविक पदार्थ हुनेथियो तब त्यसको आउनुबाट लाभ हुनेथियो र जानुबाट नोक्सान हुनेथियो। यदि भन्छौ कि इच्छित वस्तुको प्राप्तिबाट लाभ अवश्य हुन्छ; सबैले इच्छा-पूर्तिको फलरूपले सुख प्राप्त गर्छन्। सुखको प्राप्ति भन्ने अनुभव सिद्ध कुरा हो जब फेरि इच्छित पदार्थ सबैलाई प्राप्त हुँदैन तब सबैले हानिको अनुभव पनि गर्छन्। यसको जबाफ यो हो कि यद्यपि हानि लाभ मानिन्छ तापनि हानि लाभ वास्तव हैन। किनकि वास्तवमा हानि लाभ भए आफूमा बढनु घटनु भन्ने अनुभव हुनेथियो। किन्तु कोही पनि इच्छित पदार्थ प्राप्तिबाट बढेको पनि देखिंदैन र घटेको पनि देखिंदैन। किनकि आफूको बारेमा सबै हालतमा आफूको एकरसता अनुभवसिद्ध कुरा हो। कसैले आफू घटेको किम्वा आफू बढेको अनुभव गर्दैन, किन्तु आफू एकनास हो (विलकूलै घटे बढेको हैन); यसरी आफूको सिंगैपन र एकरसस्वरूपता सबैले अनुभव गरेकाछन्।

(२) मेरो मनमा कुनै इष्ट पदार्थको इच्छा उठ्यो र त्यो ईप्सित पदार्थ प्राप्त पनि भयो। एकछिन प्राप्तिबाट सुखलाई अनुभव पनि गरें, किन्तु दोस्रा क्षणमा त्यत्तिको सुखको अनुभव हुन पाएन। फेरि केही काल पछि त्यो इष्ट पदार्थबाट बिलकूलै सुखको अनुभव भएन। यहाँबाट यस-प्रकार विचार हुन्छ कि यदि पदार्थ सुखप्रद हुनेथियो, तब पदार्थ विद्यमान रहँदासम्म सुख पनि विद्यमान रहनु पर्ने। किन्तु सुख एकरस किन विद्यमान रहँदैन ? यसप्रकार जिज्ञासा हुन्छ। पदार्थ विद्यमान छ तर सुख प्रदान गर्दैन। यसको कारण के हो ? विचारद्वारा यो सिद्ध हुन्छ कि पदार्थ सुखप्रद हैन। सुख हो आफ्नो वास्तव स्वरूप र जब त्यो आफ्नो वास्तव स्वरूपको (अनुकूल चित्तको माध्यमबाट) त्यो आत्मसुख प्रति-बिम्बित हुन्छ (म सुखी छु, यसप्रकार अनुभव हुन्छ) तब सुख प्रतीत हुन्छ। यसरी बुझिन्छ कि सुखको अनुभव हो कादाचित्क अनुकूल साभास चित्तवृत्तिरूप। त्यसो भएको हुनाले पदार्थबाट सुख भएन। पदार्थ बिलकूलै सुखप्रद भएन।

सुखप्रद कुन कुरा हो ? (१) सुखप्रद हो आत्मवस्तु, (२) मेरो लागि सुखप्रद हो (म सुखी बन्न सक्छु जब शान्त चित्तमा आत्मसुख प्रतिबिम्बित हुन्छ)। अर्थात् आत्मसुख अजन्य सुख वस्तु हो र अनुकूल चित्तमा त्यसको प्रतिबिम्बन जन्य सुखरूप हो; यो बाहेक अन्यत्र सुखको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

गन्ध पनि हुन सक्दैन। त्यसकारण अजन्य सुख प्राप्तिका लागि आत्मस्वरूपलाई अनुभव गर्न प्रयत्न गर्नुपर्दछ।

यो हो इच्छात्यागको साधन। इच्छात्यागको फल हो समाधि प्राप्ति। अजन्य आत्मसुखस्वरूपलाई प्राप्त गर्नुको फल हो समाधि। त्यो समाधि प्राप्तिको उपाय हो विचारद्वारा इच्छाको क्षण क्षणमा परित्याग। जब इच्छाको विषय तथाकथित इष्ट पदार्थ विचारद्वारा सुखप्रद ठहरेन, तब बुद्धिमान् पुरुषको कुनै प्रकार विषयमा इच्छा उत्पन्न हुन सक्दैन। पदार्थको इच्छा हुन्छ केवल अविचारले; विचार गरे सुखरूप वस्तु हो आफ्नो वास्तव आत्मस्वरूप। यदि भन्छौ कि जन्य सुख पनि त अनुभूत हुन्छ, त्यो त आत्मस्वरूप हैन, तब भन्छु कि त्यो पनि हो आत्मस्वरूप। किनकि प्रतिविम्ब हो विम्बरूप। यसरी यो स्पष्ट हुन्छ कि हामीले खोजिराखेको जो सुख हो त्यो हो हाम्रो वास्तव आत्मस्वरूप। किनकि आत्मस्वरूपको प्रतिविम्बनले केवल विम्बस्वरूप आत्मालाई लखाउँछ। त्यसकारण आत्मस्वरूप बाहेक कुनै प्रकारले हामीलाई अल्प पनि सुख मिल्न सक्दैन। विचारद्वारा जब यो सिद्ध हुन्छ, तब इच्छा शिथिल हुन्छ। इच्छा शिथिल भए समाधिमा आत्मसुखको अनुभव हुन पाउँछ। त्यो आत्मसुख (समाधिसुख) पनि हो प्रतिविम्बरूप (सात्विक सुख)। प्रतिविम्बले विम्बलाई देखाइदिन्छ—विम्बमा पर्यवसित हुन्छ। विम्ब परिशिष्ट रहन्छ। यसरी परिपक्व निर्विकल्प समाधिवशात् अजन्य आत्मसुख सदाकालका लागि प्राप्त हुन्छ।

•

वृत्तिद्वयको रहस्य

मुमुक्षु पुरुष आफ्नो वास्तव स्वरूपको अनुसन्धानमा रत रहन्छ। त्यसले जान्न खोज्छ कि देहादि पदार्थ परम्पराको ज्ञान भैरहँदा—जब म घटलाई जान्दछु, म पटलाई जान्दछु आदि ज्ञान परम्परा चलि नै रहन्छ, तब—आत्मानुसन्धान र आत्मानुभव कसरी सम्भव होला ? भनी त्यसको जिज्ञासा भए गुरु बताउनुहुन्छ कि घटज्ञान र पटज्ञान भिन्न भिन्न क्षणमा उत्पन्न हुन्छ र विनष्ट पनि हुन्छ किन्तु यस्तो क्षण तिमीलाई अवश्य प्राप्त हुन्छ जब कि कुनै विषयज्ञान रहन पाउँदैन र त्यो क्षणमा शून्यको पनि अनुभव हुँदैन किन्तु आत्मस्वरूपको अवश्यम्भावीरूपले अनुभव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

प्रश्न—कसरी ?

उत्तर—जब चित्तमा घटाकार वृत्ति (घटज्ञान) उत्पन्न हुन्छ, तब त्यो एक क्षणका लागि उत्पन्न भैकन अर्को क्षणमा विनष्ट हुन्छ। किन्तु उत्पन्न वृत्तिको विनाश कालमा पनि त्यो वृत्तिको विनाशको प्रकाशकरूपले चैतन्य अवश्य स्वयंप्रकाश परिशिष्ट रहन्छ।

प्रश्न—यसको आशय के हो ?

उत्तर—आशय हो चैतन्य सद्वस्तु भएको हुनाले त्यसको अभाव कुनै क्षणमा हुन सक्दैन। त्यसकारण एक विषयको ज्ञान उत्पन्न भए त्यहाँ चैतन्य नै परिशिष्ट रहन्छ।

प्रश्न—त्यसपछि के हुन्छ ?

उत्तर—वृत्तिको विनाशको परवर्ती क्षणमा केवल शुद्ध चैतन्य प्रकाशमान रहन्छ (शून्य परिशिष्ट रहँदैन)।

प्रश्न—किन ?

उत्तर—कारण यो हो कि **शून्यबाट कुनै कुरा उत्पन्न हुँदैन। किन्तु केवल आत्माबाट विषय उत्पन्न हुन्छ।**

प्रश्न—कसरी ?

उत्तर—प्रथम वृत्तिको विनाशकालको दोस्रो क्षणमा चैतन्यरूप आत्मस्वरूपको अनुभव हुन्छ र त्यस अनुभवको परवर्ती क्षणमा विषय संस्कारवासित साक्षिचैतन्य तिमीमा पटविषय स्फुरित हुन्छ। फलले तिम्रो चित्तमा पटाकार वृत्ति उत्पन्न हुन्छ। पटाकार वृत्तिको उत्पत्तिलाई तिमी आफू नै प्रकाश गर्छौ। त्यो पटाकार वृत्तिको प्रकाशक तिम्रो **साक्षी स्वरूप हो निर्विषय चैतन्यस्वरूपमा कल्पित।** साक्षी स्वरूपको उदय विषय संस्कारवासित तिमीमा तत्कालमा नै भैहाल्छ। यसरी घटाकार वृत्ति, घटाकार वृत्तिको विनाश, निर्विषय चैतन्त वस्तुको अनुभव, निर्विषय चैतन्य वस्तुको साक्षी चित्स्वरूपमा विवर्तित हुनु (पटविषयको संस्काररूपले खडा हुनु), पटाकार वृत्तिको आविर्भाव र पटज्ञानको अनुभव र पटाकार वृत्तिको (पटज्ञानको) विनाश आदि हुन्छ।

प्रश्न—यहाँबाट के सिद्ध भयो ?

उत्तर—यहाँबाट यो सिद्ध भयो कि प्रतिविषयाकार वृत्तिको उत्पत्तिको दोस्रो क्षणमा स्वतः चित्तको आत्माकार वृत्ति (आत्मस्वरूपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

अनुभव) बनिरहन्छ। त्यसैले विषयपरम्पराको ज्ञान संभव हुन्छ। यदि आत्मस्वरूपको अनुभव प्रतिदोस्रा क्षणमा हुन पाउँदैन भने तृतीय क्षणमा भिन्न विषयको ज्ञान हुन सक्नेथिएन। किन्तु तिमीलाई घटज्ञान अनन्तर पटज्ञान हुन्छ र त्यसपछि मठ ज्ञान हुन्छ। यसप्रकार भिन्न भिन्न विषयको जो अनुभव तिमीलाई भैरहेको छ त्यहाँबाट बुझिन्छ कि घटज्ञान र पटज्ञानको बीचमा तिमीलाई आत्मस्वरूपको ज्ञान अवश्य भैरहेको छ। यो हो क्षणिक आत्मज्ञान।

●

जगत् प्रत्यक्ष हो कि ?

प्रत्यक्ष शब्दको अर्थ हो स्वयंप्रकाश आफ्नो वास्तव स्वरूप। त्यसकारण केवल आत्माहो प्रत्यक्ष, किनकि आत्मा हो स्वयंप्रकाश र खास आफ्नो वास्तव स्वरूप। त्यसैले आत्मा प्रत्यक् रूपले निरन्तर भासमान रहन्छ। त्यसकारण आत्मा हो साक्षात् अपरोक्ष; अरू वस्तु खास अपरोक्ष हैन।

अनात्म दृश्य किम्वा जगत् इन्द्रियद्वारा आफ्नो वास्तव स्वरूपमा कल्पित रूपले अनुभूत भएको हुनाले त्यो पनि अपरोक्ष भनी प्रतीत हुन्छ। जब जगत्को ज्ञान हुन्छ र त्यो ज्ञान जब प्रत्यक्ष हुन्छ तब त्यो जगत् प्रत्यक्ष आफूमा देखिएको हुनाले जगत् पनि हो गौणरूपले प्रत्यक्ष। जब मैले जगत्को ज्ञानलाई प्रत्यक्ष गर्दछु तब जगत् आफ्नो स्वरूपमा कल्पित भैकन आफ्नो वास्तव स्वरूपको प्रकाशबाट प्रकाशित हुन्छ। त्यसैले जगत् इन्द्रियद्वारा प्रत्यक्ष अनुभूत हुन्छ र त्यसकारण जगत् हो गौण रूपले प्रत्यक्ष।

प्रत्यक्ष किम्वा अपरोक्ष वस्तु हो दुई प्रकारको—(१) हो स्वतः र सर्वदा प्रत्यक्ष र (२) हो कदाचित् र गौणरूपले अपरोक्ष (प्रत्यक्ष)। आत्मा हो हरहालतमा सबैको प्रत्यक्ष। जगत् हो ज्ञानकालमा (इन्द्रियद्वारा, अरू प्रकारबाट हैन) प्रत्यक्ष। जो चाहिं हो गौण प्रत्यक्ष त्यसलाई प्रत्यक्ष भनी मान्नु विपरीत ज्ञान हो। जो चाहिं हो सदा प्रत्यक्ष (अर्थात् अरू साधन विना प्रत्यक्ष) वास्तवमा त्यो मात्र हो प्रत्यक्ष। जो चाहिं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

कदाचित् प्रत्यक्ष हो त्यो चाहिं वास्तवमा प्रत्यक्ष हैन। जगत् यदि प्रत्यक्ष हुनेथियो तब जगत्को आफूमा कहिले पनि अभाव हुनेथिएन। त्यसकारण जगत् वास्तवमा प्रत्यक्ष हैन। प्रत्यक्ष हो केवल आत्मवस्तु (आफ्नो स्वतः-सिद्ध स्वयंप्रकाश वास्तव स्वरूप)।

●

चैतन्यको चमत्कार

चैतन्यको स्वरूप हो अवभासन; अर्थात् आफूलाई र आफूदेखि अभिन्न स्वरूप जगत्लाई प्रकाशन गरिराख्नु। यो चित्स्वरूप हो चिच्च-मत्कार। अर्थात् चैतन्य आफूलाई अनुभव गरिराखेको छ—आस्वादन गरिराखेको छ। त्यसमा कर्तृकर्म विरोध छैन; किनकि यहाँ कर्ता कर्मभाव बिलकूलै छैन। यसमा कारण हो चित् र चेत्य जो अवभासित भैराखेको छ—अर्थात् चैतन्यले चेत्य (विषय) लाई अनुभव किम्वा आस्वादन गरिराखेको छ त्यसमा चित् र चेत्यको भित्र अलिकति पनि भेद छैन।

चिद्वस्तु आफूदेखि अभिन्न चेत्य जगत्लाई प्रकाशन गरिराखेको छ। त्यो यद्यपि अहंकारद्वारा जगत्को प्रकाशन भैराखेको छ, तापनि त्यो जगत्पदार्थ (चेत्य) चित्स्वरूपदेखि अलिकति पनि भिन्न हैन। चैतन्यले चेत्यलाई आस्वादन गरिराखेको छ—यो जो चिच्चमत्कार हो त्यसमा कुनै क्रियारूपता नभएको हुनाले चेत्य जगत् हो वास्तवमा चित्स्वरूप, यो स्पष्ट बुझिन्छ। यसरी जगत् हो चैतन्यको चमत्कार भन्नुको आशय हो—

(१) अविद्याद्वारा चेत्य चितिस्वरूपमा कल्पित भएको छ। जगत् वास्तवमा बनेको छैन;

(२) चैतन्यले दृश्य जगत्लाई सत्ता स्फुर्ति दिइराखेको छ। अर्थात् यद्यपि जगत् चैतन्यमा आरोपित भैकन चैतन्यबाट प्रकाशित भैराखेको छ (अहंकारले विषयजगत्लाई जानिराखेको छ) तापनि जानिने जगत् अवभासक चैतन्यदेखि वास्तवमा भिन्न हैन। यसरी ब्रह्मदेखि भिन्न जो जगत् हो त्यो हो अजात (अनुत्पन्न)। जगत् वास्तवमा सत्य वस्तु हैन। परमार्थ सत्य वस्तु हो केवल सर्वात्मक ब्रह्म।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

अनुभवको विश्लेषण

अनुभव शब्दको आशय हो अनुभविता अनुभाव्य र अनुभव। जस्तो "म समस्याग्रस्त छु" यो अनुभवको आविर्भाव स्थिति र तिरोभावको बारेमा विचार गरौं।

अनुभवको आविर्भाव—जब मुमुक्षु पुरुष अज्ञानवशात् चित्तसित मिल्दछ, अर्थात् चैतन्यस्वरूप आफू चित्तमा प्रतिबिम्बित हुन्छ र त्यो साभास चित्त वृत्तिसित संयुक्त हुन्छ (यसैको नाम हो अध्यास), तब साभास चित्तको जो सात्विक हिस्सा हो त्यो हो साक्षिचैतन्य मेरो स्वच्छ चित्तमा परेको प्रतिबिम्ब। यो जब स्वरूपलाई ग्रहण गर्दछ (अनुभव गर्छ) र आफ्नो वास्तव स्वरूपमा स्थित रहन्छ, तब भ्रान्त अनुभवहरूको आत्यन्तिक अवसान भैहाल्छ।

प्रश्न—चित्तकृत सारा अनुभव यदि मिथ्या ठहर्छ, तब यथार्थ अनुभव केलाई भन्छन् ?

उत्तर—साभास चित्तको तीन प्रकार प्रतिबिम्ब (म दुःखी छु) को परित्याग भए त्यो त्रिपुटीको परित्यागको अधिष्ठानरूपले शुद्ध चिदात्मवस्तु चित्स्वरूप आफू स्वयंप्रकाशरूपले परिशिष्ट रहन्छ। त्यो स्वयंप्रकाश परिशिष्ट चिद्वस्तु अनुभव स्वरूप भएको हुनाले ज्ञानद्वारा जब त्यसको अनुभव हुन्छ, तब त्यो अनुभव हुनु पनि विनष्ट भए केवल चिदात्मस्वरूप स्वयंप्रकाश परिशिष्ट रहन्छ। चिदात्मस्वरूपको स्वयंप्रकाशमानता हो अनुभव स्वरूप र मनुष्यको यथार्थ अनुभव हो आफूको चित्स्वरूपविषयकमात्र। "म ब्रह्म हुँ" यसरी आफ्नो ब्रह्मस्वरूपताको अनुभव भएपछि त्यो अनुभव पनि विनष्ट हुन्छ (किनकि त्यो पनि हो चित्तवृत्तिरूप)। केवल चैतन्यस्वरूप (अनुभव) परिशिष्ट रहन्छ। त्यसकारण ज्ञानवान् पुरुषको जो यथार्थ अनुभव हो त्यो हो केवल आफूको ब्रह्मस्वरूपताको बारेमा।

यसरी भ्रान्त अनुभव र अभ्रान्त अनुभव दुबै प्रदर्शित भयो।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

त्रिपुटीको बारेमा विचार

प्रश्न—त्रिपुटीको विनाश कसरी गर्ने ?

उत्तर—त्रिपुटीलाई पारमार्थिक सत्य भनी मान्नुसम्म त्रिपुटीको विनाश कदापि संभव हुँदैन। जस्तो रज्जुसर्पलाई कसरी विनाश गर्नु भनेर सर्प साँचो हो भनी मानिन्छ तब सर्पको विनाश कदापि संभव छैन। असली कुरा यो हो कि डोरीमा जस्तो सर्प कल्पित भएर भासमान हुन्छ त्यस्तो ज्ञाता ज्ञान ज्ञेय, द्रष्टा दर्शन दृश्य, प्रमाता प्रमाण प्रमेय रूप त्रिपुटी साक्षिचैतन्य तिम्रो वास्तव स्वरूपमा केवल कल्पित भएर भासमान भैराखेको छ। त्यसो भएको हुनाले यो त्रिपुटी कैले देखनमा आउँछ (साक्षिचैतन्य तिमी त्यसको प्रकाशक रूपले विद्यमान छौ) र एक छिन पछि साक्षिचैतन्य स्वरूपमा विलीन भैराख्छ तर ज्ञाता साक्षिरूपले रहिरहन्छ; केवल ज्ञान र ज्ञेय साक्षिचैतन्यमा हराइहाल्छ। त्यसकारण ज्ञातापन पनि रहँदैन, किन्तु ज्ञातापनको अभावको अधिष्ठानरूपले साक्षिचैतन्य वास्तव तिमी तीनै कालमा विद्यमान रहन्छौ।

यसप्रकार अपरिवर्तनीय एकरस वास्तव तिमी साक्षी (साक्षिचैतन्य किम्वा शुद्ध चैतन्य) आफ्नो अद्वितीय स्वरूपमा सर्वदा विद्यमान प्रकाशमान र सुखस्वरूपमा वसिराखेका छौ। त्यसमा यदि ज्ञाता ज्ञान ज्ञेयरूप त्रिपुटी तटस्थ अज्ञानीबाट कल्पित हुन्छ, तापनि साक्षिचैतन्य तिमी वास्तवमा ज्ञाता बनेका होइनौ र त्यसकारण ज्ञेय जगत् पदार्थसित सम्बन्धरूप ज्ञान पनिं वास्तवमा खडा हुँदै हुँदैन। तिमी ऐले नै बेसरी हेरेर भन कि वास्तवमा तिमी ज्ञाता भैहालेका छौ कि ? किनकि यदि तिमी ज्ञाता हौ भने त्यो ज्ञाता तिमी हरहालतमा विद्यमान भैरहनु पर्‍यो; तर ज्ञाता तिमी सुषुप्ति समाधिमा विद्यमान रहँदैनौ, किन्तु साक्षिस्वरूप तिमी सुषुप्तिमा पनि विद्यमान रहन्छौ।

यसरी यदि तिम्रो ज्ञातापन कहिल्यै पनि वास्तव सिद्ध भएन, तब ज्ञेय जगत् कसमाथि आधारित भएर अलिकति पनि सत्ता प्राप्त गर्न सक्ला ? ज्ञेय जगत् वास्तवमा हुन सक्छ कि ? यदि भन्छौ कि जगत् स्पष्ट देखनमा आइरहेको छ त्यसलाई कसरी अस्वीकार गर्नु संभव होला ? तब देखिएको जगत्लाई स्वप्न जगत् भनीकन मान्नु। जगत् वास्तवमा नभैकन पनि स्वप्न झैं जाग्रत्मा देखनमा आउँछ। यसको कारण हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

अविद्या (जगत् वास्तवमा छैन, जगत् हो प्रतीतिमात्र, यसप्रकार निश्चय नहुनुलाई अविद्या भनेको छ)। यसरी यदि ज्ञाता (तिम्रो प्रतिभासमात्र हो) र ज्ञेय (बाहिर र भित्रको जगत्) वास्तव सिद्ध भएन तब ज्ञान (ज्ञाताबाट ज्ञेय जगत्लाई जान्नु) पनि वास्तव भनी सिद्ध हुँदैन। ठीक जस्तो स्वप्नमा तैजस पुरुष, त्यसको जगत् र त्यसको जगत्सम्बन्धी ज्ञान वास्तवमा अलिकति पनि साँचो ठहर्दैन, बिलकूल त्यस्तै ऐलेको (जाग्रत्-को) ज्ञाता (विश्व तिमी), तिम्रो ज्ञेय जगत् र जगत्सम्बन्धी ज्ञान—व्यावहारिक साँचो भनी मानिए तापनि—पारमार्थिक साँचो ठहरेन। जो चाँहि स्वप्रकाश हैन किम्वा जो चाँहि तीन कालसम्म रहँदैन त्यसलाई मिथ्या भनेको छ।

तिमी नै ऐले भन कि वास्तवमा त्रिपुटी पारमार्थिक साँचो हो कि ? प्रतीति गोचर भए तापनि ज्ञाता ज्ञान ज्ञेय आफूबाट प्रकाशित हुने योग्य नभएको हुनाले किम्बा सुषुप्ति कालमा विद्यमान नभएको हुनाले त्रिपुटी हो वास्तवमा झूठा, यस्तो तिमी मान्छौ ? यदि मान्छौ भने यसैको नाम हो त्रिपुटीको विनाश। यसरी त्रिपुटीको विनाश निःसंदिग्ध तिमीबाट मानिएको हुनाले—अर्थात् त्रिपुटी सदाकाल मिथ्या भनी सिद्ध भएको हुनाल त्रिपुटीको विनाश कसरी हुन्छ ? यस्तो सोध्नु युक्तिसंगत हुँदैन। त्रिपुटी हो हरहालतमा मिथ्या र साक्षिचैतन्य म हुँ हरहालतमा त्रिपुटीरहित शुद्ध चैतन्यमात्र, यसप्रकार अनुभवसिद्ध निश्चय तिम्रो हरहालतमा भैराख्नु उचित छ।

●

ज्ञान हो वस्तुरूप (वस्तुतंत्र)

(ज्ञानको बारेमा मार्मिक कुरा)

केवल उपासना पुरुषतंत्र हैन, किन्तु प्रमाता पुरुषबाट हुने घट पट आदि सब प्रकारको ज्ञान—त्रिपुटी अन्तःपाती भएको हुनाले, अर्थात् प्रमातासित सम्बन्ध भएको हुनाले, अर्थात् प्रमाणरूप भएको हुनाले—पुरुषतंत्र नै हो। मैले प्रमाणरूप वृत्तिद्वारा प्रमेय घटलाई जानेको छु, यसप्रकार जान्नुलाई—पुरुषबाट संभव भएको हुनाले—पुरुषतंत्र भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

भनिन्छ। तर ब्रह्मज्ञान किम्वा आत्मस्वरूपको ज्ञान यसप्रकार पुरुषतंत्र हैन। किनकि अखण्डाकार वृत्तिपूर्वक अखण्ड आत्मस्वरूपको ज्ञान हो केवल अखण्डरूप वस्तु, ज्ञाताद्वारा कुनै ज्ञेय विषयको ज्ञान होइन।

ब्रह्मज्ञान किम्वा आत्मज्ञान हो ज्यादा मार्मिक कुरा। त्यसमा ज्ञाता पुरुषको कुनै ठाउँ छँदै छैन; अर्थात् ज्ञाताले ज्ञेयलाई प्रमाणबाट जान्नु संभव छँदै छैन, किन्तु केवल ज्ञेय वस्तु स्वयं प्रकाशित भएर त्यो प्रकाशको भित्र त्यो प्रकाशको अन्त:पातीरूपले कल्पित अखण्डाकार वृत्ति किम्वा ज्ञान हो केवल वस्तुरूप, ब्रह्मवस्तुदेखि अलिकति पनि भिन्न हैन। ब्रह्मज्ञान हो ब्रह्मरूप। अर्थात् केवल ब्रह्म स्वयं प्रकाशित भैराखेको छ र त्यो प्रकाशको अर्न्तभूत भएर, क्रोडीकृत भएर—निगिलित भएर—साभास अखण्डाकार वृत्ति कल्पितरूपले विद्यमान रहन्छ। त्यसैले कल्पित वस्तुको स्वरूप अधिष्ठानरूप भएको हुनाले ब्रह्मज्ञान हो केवल ब्रह्मरूप। त्यसकारण ज्ञान हो वस्तु (ब्रह्म) तंत्र—अर्थात् ब्रह्मरूप, ब्रह्मदेखि अलिकति पनि भिन्न हैन।

●

कुन कुन क्रमले मनको मललाई परित्याग गर्नुपर्छ ?

यहाँ प्रसंग हो मनलाई साँचो मानेर क्रम क्रमले त्यसको मललाई हटाउनुको क्रमको बारेमा विवेचन। यो हो मध्यम अधिकारीको प्रसंग।

कर्म र भक्तिले मनलाई शुद्ध तुल्याईकन आफ्नो स्वरूपलाई जान्नुको योग्य बनाए पछि क्रम क्रमले मनको सत्व, रज र तमोगुणबाट—जो संस्कारवशात् मनमा विद्यमान भैरहन्छ—सत्यताबुद्धिको नाशको लागि (यसैलाई चित्तको विनाश भनेको छ) समाधिको अभ्यास आवश्यक हुन्छ। त्यसोभएको हुनाले यहाँ राजयोगको प्रसंग छ—अर्थात् कुन क्रमले चित्तवृत्तिहरूको आत्यन्तिक विनाश हुन्छ त्यो प्रसंग छ।

ब्रह्माकार वृत्तिको उत्पत्ति र तज्जन्य संस्कारको अभिवृद्धिपूर्वक समाधिको अभ्यास शुरू हुन्छ। यसरी संस्कारको अभिवृद्धि विना चित्तवृत्तिको नाश हुन सक्दैन। यदि चित्त सत्य हो भन्ने पक्षलाई मध्यम अधिकारीले स्वीकार गरेकौ छ तब समाधि अभ्यासद्वारा मात्र चित्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

विनाश सम्भव हुन्छ। चित्तको सत्व मल हो प्रमाता किम्वा अहंकार। रजोमल हो साभास चित्तको राजसिक हिस्सारूप प्रमाण किम्वा ज्ञान र तमोमल हो साभास चित्तको तामसिक हिस्सा रूप ज्ञेय किम्वा प्रमेय—जगत्पदार्थ किम्वा ब्रह्म। "म ब्रह्म हुँ" भनी जो अनुभव हुन्छ—जसलाई अखण्डाकार वृत्तिद्वारा आफ्नो ब्रह्मस्वरूपको अनुभव भनिन्छ—यो अनुभवमा तीनै हिस्सा विद्यमान देखिन्छ। सात्विक हिस्सा (सत्वरूप चित्तको मल) हो अहंकार किम्वा म (म ब्रह्म हुँ भनीकन अनुभव गरिराख्नेवाला)। 'म ब्रह्म हुँ' यसप्रकार ब्रह्मानुभवको संस्कारबाट उत्पन्न भएको मभावको जो सूक्ष्मता हो त्यसले अहंकार बुद्धिलाई शिथिल तुल्याउँछ र यसरी अनुभविता मबाट परिच्छिन्न अहंबुद्धि अहिले शिथिल भैहाल्छ। म भन्ने ब्रह्मानुभवको सात्विक हिस्सा अनुभविता विलुप्त भैहाल्छ; किनकि म त त्यो परिच्छिन्न अहंकार होइन, किन्तु म हुँ ब्रह्म यस्तो मैले अनुभव गरी बसिराखेको छु। त्यसकारण अनुभविता म भन्ने ब्रह्मानुभवको जो हिस्सा हो त्यो विगलित हुन्छ। ब्रह्मानुभव जनित संस्कारको बलले म भन्ने भिन्नै मान्छे त्यहाँ बसिरहन सक्दैन, जहाँसम्म म ब्रह्म हुँ भनी ब्रह्मानुभवजनित संस्कार दृढ हुँदैन, त्यहाँसम्म साभास चित्तको तीनै हिस्सा रहि नै रहन्छ, किन्तु जव मबाट मेरो वास्तव स्वरूपको अनुसन्धान र तज्जनित अनुभवको अभ्यास भै नै रहन्छ, तब मेरो ब्रह्मस्वरूपता—अनुभवजनित संस्कारको वलले—प्रवल भएर मेरो परिच्छिन्न अहंकारलाई हटाइदिन्छ। **यो हो चित्तमल-निवृत्तिको पहिला हिस्सा।**

त्यसपछि केवल ब्रह्माकारवृत्ति-प्रवाह चलिरहन्छ। त्यसमा अनुभविता किम्वा अहंकार अनुभव हुँदैन। केवल साभास चित्तको रज र तमोमल बाँकी रहन्छ। यसैको नाम हो सविकल्प समाधि—जसमा स्वप्रकाश ब्रह्मरूपता साक्षीको प्रत्यक्षरूपले चलिराखेको छ। ऐले साभास चित्तको रज र तमोमलको एकै साथ निवृत्तिको लागि जसरी साभास सात्विक वृत्ति निराकृत भएको थियो; त्यसरी संपूर्ण चित्तलाई अभाव तुल्याउनुपर्दछ। त्यो सविकल्प समाधिको अभ्यासजनित संस्कारको बलले संभव हुन्छ। अर्थात् ब्रह्मानुभवजनित अत्यन्त प्रवल संस्कारको बलले निर्विकल्प समाधि प्राप्त हुन्छ। निर्विकल्प समाधिमा ब्रह्माकार वृत्ति रहँदैन, केवल ब्रह्मस्वरूप प्रकाशमान भैरहन्छ—म भन्ने जो वास्तव ब्रह्म हुँ त्यो मजासित प्रकाशमान भैराखेको छ। यसमा चित्तको कुनै प्रकार वृत्ति (चित्तको सत्य रज र तमोमल) वस्न पाउँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

फेरि जब यसप्रकार निर्विकल्प समाधि केही काल चलिरहन्छ तब एक अद्वितीय चिद्रूप ब्रह्मवस्तु—प्रतिबन्धकरूप जगद्वासनाको विनाश भएपछि—स्वत: समाधिकालमा स्वयंप्रकाश रूपले अवशिष्ट रहन्छ। जगद्वासना यसरी निवृत्त भएपछि "म पक्का केवल ब्रह्मवस्तु हुँ" भनी अन्तिम अनुभव (निर्विकल्प समाधिमा) खडा हुन्छ। यो हो ईश्वरको अन्तिम अनुग्रह। त्यसपछि आफू ब्रह्म बनिहाल्छ र ऐले सम्म साँचो भनी मानिएको चित्तको सदाकालका लागि विनाश भैहाल्छ।

●

अष्टावक्रको सर्वविस्मरण भन्ने उपदेशको आशय

संझिनु र बिर्सिनु—प्रपञ्चको प्रतीति र प्रपञ्चको अभाव तुल्याउनु—यो दुबै हो चित्तको वृत्तिरूपमात्र। यसप्रकार चित्तवृत्ति साक्षी चैतन्यबाट प्रकाशित भैरहन्छ। अर्थात् मुमुक्षु पुरुषलाई जगत्को प्रतीति र अप्रतीति थाह भैहाल्छ।

किन्तु यसप्रकार चित्तवृत्तिरूप द्वैत प्रतीति र द्वैतको निरसन जब मिथ्यात्व निश्चयपूर्वक अभाव प्राप्त हुन्छ, तब दृश्यको अभाव भएको हुनाले शुद्ध चैतन्य केवल आफ्नो अद्वितीय स्वरूपमा प्रकाशित हुन्छ। यसरी जगत्प्रपञ्च वास्तवमा कुनै कालमा छैन, यस्तो निश्चय भए केवल चैतन्यमात्र प्रकाशित रहन्छ। यस्तो केवल चैतन्यमात्रको प्रकाशनको अनुभव अखण्डाकार चित्तद्वारा हुन्छ। अखण्डाकार चित्तद्वारा अद्वितीय चैतन्यस्वरूपको स्वत:सिद्ध अनुभवको माथि अष्टावक्र जोड दिनुहुन्छ। यसैलाई निर्विकल्प समाधि भनी शांकर वेदान्तमा बताइएको छ।

यस्तो स्वत:सिद्ध ब्रह्मस्वरूपको निरन्तर अनुभव गरिराख्नु हो सर्वविस्मरण शब्दको अर्थ—प्रमाताबाट जगत्लाई किञ्चित् कालसम्म बिर्सिराख्नु हैन। जगत्प्रपञ्च विचारद्वारा निरस्त छ; विचार हो जगत्-स्वरूपको पृथक् सत्ताको राहित्यले गर्दा सदाकालको लागि मिथ्यत्व-निश्चय। यस्तो मिथ्यात्वनिश्चय हो साधन र यसको फल हो केवल चैतन्यस्वरूपको अखण्डाकार चित्तद्वारा स्वत.सिद्ध अनुभव।

दृष्टान्त लिऊँ—सम्पूर्ण द्वैत प्रपञ्चको अभाव भएमा केवल चैतन्य-स्वरूपको जो स्वत:सिद्ध अनुभव हो त्यो मात्र हो जनकलाई अष्टावक्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

दिनुभएको उपदेश। हे जनक ! तिमी केवल आत्मस्वरूपको मात्र अनुभव गर। कसरी अनुभव गर्नु ? जगत्को मिथ्यात्वनिश्चयबाट उत्पन्न भएको जो चित्तको अखण्डाकारता हो त्यसको सहाराले चैतन्य स्वरूपको तिमी अनुभव गरिराख। यस्तो स्वत:सिद्ध अनुभव गरिराख्नु (यो अनुभवले चित्तवृत्तिको अपेक्षा गर्दैन)। यस्तो निरपेक्ष आफ्नो वास्तव स्वरूपको निरन्तर अनुभवले मात्र स्वस्थता दिन सक्दछ। यसरी तिमी स्वस्थ भएर सहजरूपले निरन्तर अवस्थान गरिराख। तिमी जगत्को भाव किम्वा अभावको साक्षी भएर मात्र नवस, किन्तु जगत्को सदाकालका लागि अभावको निश्चय गरीकन तिमी जस्तो हो त्यस्तो भएर रहिदेऊ।

यसैको विषदीकरण—

(१) चैतन्यस्वरूप ब्रह्म स्वत: र सर्वदा प्रकाशमान छ।

(२) अज्ञानको कार्य चित्त आविर्भाव भए स्वत: सिद्ध ब्रह्मचैतन्यको प्रकाशको सामनेमा त्रिपुटी खडा हुन्छ। अर्थात् ब्रह्मचैतन्य आफूलाई त्रिपुटीको साक्षीरूपले मुमुक्षु पुरुष मान्दछ।

(३) साक्ष्य त्रिपुटीको आफ्नो सत्ता स्फूर्ति छैन। त्यसोभएको हुनाले त्रिपुटी भन्ने कुरा वास्तवमा ठहरेन, यस्तो निश्चय भए मुमुक्षुको चित्त अभाव प्राप्त हुन्छ (चित्तको त्रिपुटीरूप संपूर्ण वृत्ति अभाव प्राप्त भैंहाल्छ) र चित्त अखण्डाकार भएर बस्छ।

(४) यस्तो अखण्डाकार वृत्तिद्वारा केवल ब्रह्मस्वरूपको नै अनुभव हुन्छ।

(५) यस्तो अनुभव स्वरूपको पनि जो अनुभव हो त्यसलाई कैले पनि हेजनक, तिमी नछाड भनी अष्टावक्र बताउनुहुन्छ। यसैको नाम हो ब्रह्मस्वरूपको साक्षात् अनुभव।

(६) यस्तो साक्षात् अनुभव कैले पनि जनकको नछुटोस्, यो हो सर्वविस्मरणको आशय।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

ब्रह्मज्ञानको बारेमा छलफल र सिद्धान्त

ज्ञाताले त्यो ब्रह्मलाई जान्न सक्दैन, किनकि ज्ञाता हो चित्तको साभास वृत्तिमात्र। वेदान्त शास्त्र अनुसार चित्त हो कल्पित; त्यसो-भएको हुनाले ज्ञाता पनि कल्पित मानिस ठह्र्यो।

प्रश्न—तब कसले ब्रह्मलाई जान्दछ ?

उत्तर—कसैले पनि ब्रह्मलाई जान्न सक्दैन; किनकि जान्नेवाला ज्ञाता मिथ्या भएको हुनाले परमार्थ सत्य ब्रह्मसित सम्पर्क जोर्न सक्दैन।

प्रश्न—तब त ब्रह्मज्ञान निरर्थक भयो ?

उत्तर—वेदशास्त्र प्रतिपादित ब्रह्मज्ञान हो अत्यन्त सार्थक।

प्रश्न—हैन, ब्रह्मको त कुनै ज्ञाता हुन सक्दैन नि ?

उत्तर—किन सक्दैन ? तिमी ज्ञाता भावलाई सर्वथा मिथ्या भनी जानीकन, शास्त्र सज्जनबाट सुनीकन र ज्ञाता भावलाई **कल्पित उपाधि-कृत भएको** हुनाले मिथ्या भनी ठहराईकन छोडिदिएपछि तिमी नै ब्रह्मलाई जानिहाल्न सक्छौ।

प्रश्न—कसरी ?

उत्तर—जस्तो एउटा शिलाखण्डमा अंकित रेखा आफूको शिला-देखि पृथक् भाव र भिन्न सत्ता छोडीकन—अर्थात् म शिलादेखि भिन्न हैन, म हरअवस्थामा शिलामा नै स्थित छु, र त्यसकारण म वास्तवमा शिलारूप नै हुँ यस्तो निश्चय गरीकन जस्तो शिलालाई आफ्नो वास्तव सनातन स्वरूप भनी जानिहाल्दछ, त्यस्तै तिमी वास्तवमा ज्ञाता नभएको हुनाले तिम्रो वास्तव स्वरूप—अर्थात् ज्ञाताभावको सत्ता स्फूर्ति प्रद ज्ञाताको सारसर्वस्व जो ब्रह्मस्वरूप हो त्यसलाई ग्रहण गरीकन—अर्थात् म ब्रह्मस्वरूपदेखि भिन्न हैन, मेरो ज्ञाताभाव हो कल्पित, म हरहालतमा ब्रह्मस्वरूपमा नै स्थित छु र ब्रह्मस्वरूपदेखि अभिन्न हुँ भनी निश्चय गरीकन आफ्नो ब्रह्मस्वरूपलाई जानिहाल्दछौ।

प्रश्न—यसमा शास्त्रप्रमाण छ कि ?

उत्तर—छ, ब्रह्म हो स्वयंप्रकाशमान। त्यसैले ब्रह्मले ब्रह्मलाई प्रकाश गरिराखेको छ, अर्थात् जानिराखेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रश्न—यसमा त कर्मकर्तृ विरोध देखिन्छ ?

उत्तर—विरोध छैन; किनकि विरोध भाव हो कल्पित द्वैतमाथि आधारित। अद्वैत स्वरूपमा विरोध हुन सक्दैन।

प्रश्न—माथि बताइएको लम्बा कुराको निचोर के हो ?

उत्तर—कल्पित ज्ञाता भावलाई छोडिदिएपछि आफ्नो ब्रह्मस्वरूप स्वयं प्रकाशित हुन्छ। यसैको नाम हो ब्रह्मज्ञान।

●

अस्वरूपलाई परित्याग गरिसक्नुको लक्षण के हो ?

गीता शास्त्रमा चित्तको चिकित्सा देखाइएको छ। चित्तको तीन प्रकार दोष छ (त्यो हो तीन प्रकारको रोग)। पहिला षट्कद्वारा चित्तको मल दोष नष्ट हुन्छ। उपासनाद्वारा विक्षेप दोष र साक्षात्कारद्वारा आवरण दोष नष्ट हुन्छ। यद्यपि आवरण दोष नष्ट नहुनुसम्म विक्षेप दोषको आत्यन्तिक निवृत्ति संभव छैन तापनि विक्षेपको उपशम विना आवरण दोष नष्ट हुन सक्दैन। यो हो उपासना षट्कसित ज्ञानषट्कको सम्बन्ध।

विक्षेप दोष कस्तो हो र कसरी त्यसको उपशम गीतामा बताइएको छ ? र विक्षेप दोषको उपशमपूर्वक कसरी आवरण नष्ट हुन्छ ? त्यो गीतोक्त प्रणाली अनुसार देखाऊँ।

चित्तको परिच्छिन्न विषय-आकारता (त्रिपुटीभावको उत्पत्ति) हो चित्तको सम्पूर्ण विक्षेप। त्रिपुटीभावको आत्यन्तिक अभावको अनुभव (साक्षात्कार) द्वारा विक्षेप दोषको आत्यन्तिक निवृत्ति हुन्छ।

यसको लागि अन्तर्मुख भएको चित्तलाई कहिले पनि फेरि त्रिपुटी-भाव प्राप्त हुन नदिनका लागि (अर्थात् चित्तको क्रमिक निश्चलता आपादनको लागि) भित्र (कर्म नगर्दाखेरी) परमात्मा (अन्तरात्मा)मा निष्ठित राख्नुपर्छ। यसैलाई ज्ञानी भक्ति (चतुर्थी भक्ति) भन्दछन्। निर्गुण उपासक आफूलाई परमात्मस्वरूपदेखि अभिन्न भनी मान्दछ (जान्द छ हैन)।

यत्ति हो गीताको उपासनाषट्कको निचोर कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

ऐले संस्कारपूर्वक आफ्नो वास्तव परमात्मस्वरूप-विषयक निश्चय बाट बुद्धिपूर्वक आफ्नो परमात्मस्वरूपताको अनुभव हुन्छ। अर्थात् पहिलेको ज्ञानी भक्तले आफूलाई परमात्मवस्तुदेखि अभिन्न भनीकन संझेको थियो; त्यसले ऐले देहादि जगत्‌रूप क्षेत्रलाई जानिराखेको हुनाले आफूलाई क्षेत्रज्ञ भनी बुद्धिपूर्वक जानिराखेको छ (पहिले मान्दथ्यो ऐले जानिराखेको छ)। निर्गुण भक्त ऐले क्षेत्रज्ञ बन्यो।

त्यसपछि क्षेत्रको ज्ञाता (क्षेत्रज्ञ)ले प्रकाश्य क्षेत्रलाई ज्ञाननिष्ठा-द्वारा मिथ्या भनी उपलब्ध गर्छ—गुणत्रयबाट आफू विविक्त हो (चतुर्दश अध्याय); अश्वत्थ वृक्षबाट विरक्त हुन्छ (पञ्चदश अध्याय); आसुरी सम्पत् त्यागपूर्वक दैवी संपत्—रज तमलाई परित्याग गरीकन सत्वगुणलाई बढाउँछ (षोडश अध्याय); भक्ति ज्ञान आहार व्यवहार सारा कुरामा तम र रजलाई परित्याग गरीकन सात्विकतालाई स्वीकार गर्छ (सप्तदश अध्याय); र आन्तर क्षेत्ररूप संकल्प, विकल्व, अहंकार, ममकार आदि सम्पूर्ण चित्तवृत्तिलाई अनित्य र मिथ्या भनी संझदै—सम्पूर्ण चित्तवृत्ति-लाई परित्याग गरीकन (यो हो चतुर्थी भक्तिको पूर्णता) आफ्नो वास्तव परमात्मस्वरूपको साक्षात्कार प्राप्त गर्छ (अष्टादश अध्याय); यसरी चित्त-को संपूर्ण वृत्तिहरूको अभाव भए (परमात्मा आफ्नो स्वरूपको साक्षात्कार भए) चित्तको आवरण दोष नष्ट हुन्छ र विक्षेप दोषको आत्यन्तिक विनाश संभव हुन्छ।

हातमा घड़ी किन बाँध्नुपर्छ ?

व्यावहारिक जीवनको लागि समय निर्णयको र यथाकालमा प्रयोजनीय काम निभाउनको निम्ति हातमा घडीको आवश्यकता हुन्छ, त्यस्तै जसले आफ्नो वास्तव ब्रह्मस्वरूप जानेको छैन त्यसको निम्ति बुद्धि भन्ने हतियार किम्वा साधन अत्यन्त आवश्यक हो। किनकि बुद्धिपूर्वक (आत्मस्वरूपको अज्ञानलाई हटाउनका लागि) साक्षात्कार उत्पन्न हुन्छ।

हतियार किम्वा साधनरूपले बुद्धि कहाँबाट आउँछ? जसले आफ्नो स्वरूपलाई बुद्धिपूर्वक जानेको छैन, त्यसको लागि एकमात्र साधनरूपले अज्ञानको कार्य र अज्ञानको विनाशक बुद्धि चाहिन्छ। किनकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

बुद्धिवाहेक अरू हतियारले साक्षात्कार गर्न सक्दैन। त्यत्ति हैन, किन्तु अविद्यायुक्त पुरुषको बुद्धि भन्ने साधन त्यसै प्राप्त छ।

हाते घडी त आगन्तुक कुरा हो। बाहिरबाट त्यसलाई संग्रह गर्नु पर्छ र त्यो हर हालतमा हतियाररूपले व्यवहृत हुँदैन। तर मुमुक्षु पुरुषको अत्यन्त प्रयोजनीय हतियार (बुद्धि) आफूसित सधैं प्राप्त छ। आफ्नो वास्तव ब्रह्मस्वरूपलाई अनादि कालदेखि नजानेर आएकोले जहाँसंम साक्षात्कार उत्पन्न हुँदैन त्यहाँसम्म त्यसको अविद्याको अवश्यंभावी कार्यरूपले बुद्धि प्राप्त छँदै छ।

हाते घडी जस्तो मान्छेसित टाँसिएर बस्दैन, किन्तु कहिले कहिले त्यसलाई हटाए पनि मानिसको हानि हुँदैन; त्यस्तै अज्ञानी मानिसको परम कल्याणको लागि जो बुद्धि त्यसलाई प्राप्त छ, त्यो बुद्धिसित त्यो अज्ञानी मानिस टाँसिएर बस्दैन र सुषुप्ति, समाधि आदि अवस्थामा बुद्धिको अव्यवहार किम्वा अपसारण पनि भैहाल्छ।

अविद्यायुक्त पुरुषलाई (जस्ले आफ्नो ब्रह्मस्वरूपलाई बुद्धिपूर्वक जानेको छैन) बुद्धिरूप साधन प्राप्त छ। त्यसका निम्ति त्यो बुद्धिसित आफुको यथार्थ संवन्धको पनि अनुसन्धान गर्नु अत्यन्त प्रयोजनीय हो।

(१) आफू बुद्धि (हतियार)सित टाँस्सिएको मान्छे हो कि ?

(२) बुद्धि आफूदेखि भिन्न र आगन्तुक हाते घडी जस्तो हो कि ? किम्वा।

(३) बुद्धिको भित्र प्रविष्ट भएको मानिस आफू हो कि ? प्रथम सिद्धान्त हो आभासवाद; दोस्रा सिद्धान्त हो अवच्छेदवाद; तेस्रा सिद्धान्त हो प्रतिबिम्बवाद।

यो वादत्रय अत्यन्त विचारणीय कुरा हो। यसको साधनरूपले आभासवाद अनुसार आफू बुद्धिसित टाँसिएको मान्छे हो भनी मानिन्छ। जस्तो कर्णको अक्षय्य कवच कुण्डल थियो र त्यो वर्म आफ्नो शरीरसित टाँसिएको थियो। त्यसरी जो बुद्धिदेखि कहिले पनि अलग हुन सक्दैन त्यस्तो त्यो चिदाभास किम्वा प्रमाता मान्छे हो त्यो हरहालतमा बुद्धिसित मिलेर बसेको मान्छे भएको हुनाले जब बुद्धिको अपसारण हुन्छ, तब आफू पनि नष्ट भइहाल्नु पर्ने आपत् प्राप्त हुन्छ। तर बुद्धिको अपसारण भए तापनि श्रुति, युक्ति र अनुभवद्वारा आफूको अपसारण सिद्ध हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

त्यत्तिमात्र हैन बुद्धिसित टाँस्सिएको मान्छेको निरन्तर विषयचिन्तन भैराखेको हुनाले आफ्नो अयथार्थ ज्ञानले सिद्ध प्रमाताभाव कहिले पनि विनष्ट हुन (मोक्ष हुन) सक्दैन। यसरी आभासवादबाट आफूको परम कल्याण सिद्ध हुन सक्दैन।

दोस्रा सिद्धान्त (अवच्छेदवाद) हो मोक्ष प्राप्तिको संहज र श्रुतिको रहस्यरूप उपाय। जस्तो हाते घडी किम्वा बाजुबन्द—यद्यपि शरीरको शोभा पनि हो तर शरीरको अवच्छेद्य अंगहैन, किन्तु शरीरलाई (हातलाई) अवच्छिन्न गर्दछ। त्यस्तै बुद्धि पनि अज्ञानी विवेकी पुरुषको लागि अवच्छेदमात्ररूपले परिगणित हुन्छ—अर्थात् त्यो विवेकी मानिसको एउटा शोभारूप (विवेकिताको द्योतक) भनी परिगणित हुन्छ। यसरी आभासवादको सट्टा र तृतीय सिद्धान्तरूप प्रतिबिम्ब वाद (जो चाहिं आभासवाद देखि अत्यन्त भिन्न होइन) को सट्टा वेदान्त शास्त्रले अवच्छेदवादलाई ग्रहण गरेको छ।

अज्ञानी विवेकी मानिस हो केवल बुद्धि-अवच्छिन्न। बुद्धि हो त्यसको स्वरूपदेखि अलग त्यसको शोभा र साधनरूप। बुद्धि त्यसको अवच्छेद्य अंग हैन। जस्तो ब्राजुबन्द किम्वा हाते घडीलाई अपसारण गरे हुन्छ, किन्तु कर्णको अक्षय्य कवचलाई हटाउनु सम्भव थिएन। त्यस्तै बुद्धिलाई आफ्नो स्वरूपदेखि भिन्न साधनरूपले प्रयोग गरे बुद्धिपूर्वक अज्ञानको निरसन सम्भव हुन्छ। यत्ति कामका लागि बुद्धिरूप गहना हो आज्ञानी विवेकी पुरुषको शोभा सम्पत् र अवश्यम्भावी रूपले मोक्षको हेतु।

विवेकीले बुद्धिलाई कसरी साधनरूपले काममा लगाउँछ ? बुद्धि हो अविद्याको कार्य र त्यसकारण त्यसलाई अविद्याको विनाशको साधन रूपले विवेकी पुरुषले काममा लगाउँछ। आभासरूप अविद्यालाई बुद्धिरूप छोरीले मात्र विनाश गर्न सक्छे, अरूले सक्दैन। त्यसैले हाते घडी किम्वा बाजुबन्ददेखि परम कल्याणको साधन हो सदा प्राप्त आफ्नो अवच्छेदक बुद्धि मात्र।

कसरी यसलाई प्रयोग गर्नुपर्छ ? योसित मेरो अवच्छेद्य सम्बन्ध छैन भनीकन स्थित रहनु। आफू बुद्धिबाट विकारी नभैकन स्थित रहनु। बुद्धि हो अविद्याको कार्य र त्यसकारण मिथ्या। मैले आफ्नो वास्तव स्वरूपलाई नजानेको हुनाले यस्तो नजान्नुको (अविद्याको) कार्यरूप भएको हुनाले बुद्धि हो कल्पित। मेरो अविद्यालाई हटाउनु हो मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

एकमात्र काम। म ब्रह्म स्वरूप भैकन पनि मैले बुद्धिद्वारा आफ्नो स्वरूपलाई ऐलेसम्म नजानेको हुनाले मेरो यथार्थ स्वरूपलाई सज्जनबाट सुनेर ग्रहण गर्नुपर्दछ। यस्तो ग्रहणको लागि बुद्धिको बारेमा मिथ्यात्व निश्चय हो एकमात्र साधन। बुद्धिको सारा वृत्तिहरू हो कल्पित। वृत्तिहरूको नाम हो बुद्धि। वास्तवमा वृत्ति अविद्याको कार्य भएको हुनाले साँचो हैन। यसरी बुद्धि अखण्डाकार भैहाल्छ र आफ्नो अखण्डाकार बुद्धिमा सर्वव्यापक निर्भेद ब्रह्मस्वरूप स्पष्टरूपले अभिव्यक्त हुन्छ। यस्तो अभिव्यक्ति हो अज्ञानको विनाशक। यस्तो बुद्धि हो वाजुवन्द किम्बा हाते घडीदेखि ज्यादा उपकारी साधन।

●

अहंकार त्यागको रहस्य

कचोपाख्यानको निष्कर्षको रहस्य हो अहंकारलाई परित्याग गरिदिनु। अहंकार किम्वा अहंवृत्ति हो चित्तको साभास सात्विक हिस्सा। त्यसले चित्तको साभास तामसिक हिस्सारूप घट पट पदार्थलाई त्याग गर्दछ। अहंकारबाट अहंकार्य पदार्थहरूको परित्याग भए परित्यागको अभिमान अर्थात् चित्तको लेश परिशिष्ट रहन्छ। यसको कारण यो हो कि अहंकर्ताको भित्र त्याज्य र त्याग पदार्थ लुकेर बस्दछ। जसको अपेक्षाले अहंकार हो अहंकार्यको परित्यागकर्ता।

ऐले चित्तको लेशलाई (किम्वा सम्वेदनलाई) पनि परित्याग गर्नु प्रयोजन छ। समष्टि अहंकाररूप सम्वेदनलाई कसरी परित्याग गर्नु? यो हो उपाख्यानको रहस्य निष्कर्ष। अहंकारद्वारा अनात्म प्रपञ्च निरस्त भएको छ। ऐले अहंकारलाई पनि निरसन गर्नुपर्छ। त्यसको निरसन हो अत्यन्त मार्मिक कुरा। त्यसको निरसन हो अहंकारको मिथ्यात्व निश्चय। जस्तो वन्ध्यापुत्रको मिथ्यात्व निश्चय हो त्यसको परित्याग। त्यस्तो समष्टि अहंकार या संवेदन हो कल्पित (स्वरूपको विस्मरण किम्वा अज्ञानबाट खडा भएको पदार्थ)। यसरी अज्ञानको लेशमात्र पनि परित्यक्त भए परिशिष्टरूपले आफ्नो सनातन ब्रह्मस्वरूप स्वयं प्रकाशित भैहाल्छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDL

आवरण भङ्ग र विषयको प्रकाशन

अनात्म घटादिलाई जान्नुको लागि (१) घटको आवरण भंग र (२) घटको प्रकाशन यी दुई कुरा आवश्यक हुन्छन्। घटाकार अन्तःकरण वृत्तिद्वारा घटगत अज्ञान नष्ट हुन्छ र चिदाभास (प्रमाता चैतन्य) घटलाई प्रकाश गर्छ। यसरी घटगत आवरणको अपसारण र प्रकाशन यो दुई कुराको आवश्यक हुन्छ।

किन्तु ब्रह्मज्ञानमा वृत्तिव्याप्तिद्वारा जब केवल ब्रह्मको अज्ञान विनष्ट हुन्छ, तब ब्रह्म स्वयंप्रकाश भएको हुनाले त्यसको प्रकाशन अनावश्यक हुन्छ।

यो ब्रह्मज्ञान केवल अन्तिम ब्रह्मज्ञानको प्रसंग हैन; किन्तु आत्म-साक्षात्काररूप आफ्नो ब्रह्मस्वरूपताको क्षण क्षणको अनुभव कालमा पनि केवल वृत्तिव्याप्तिको अपेक्षा हुन्छ, किन्तु फलव्याप्तिको निषेध मानिन्छ। अर्थात् ब्रह्मस्वरूप स्वयंप्रकाश भएको हुनाले त्यसको प्रकाशन आवश्यक हुँदैन। किन्तु मेरो वास्तव स्वरूपको बारेमा जो अज्ञान थियो त्यसैको दीर्घकालको लागि अपसारण गर्न ब्रह्माकारवृत्तिको प्रसारण आवश्यक हुन्छ।

●

अविद्याको वृत्ति र अन्तःकरणको वृत्ति

ज्ञान कसरी हुन्छ, यसप्रकार ज्ञानको साधनको बारेमा जो अनुसन्धान हो त्यसको नाम हो प्रमाण। वेदान्त शास्त्र हो प्रमाणपरक र प्रमेयपरक। मुख्यरूपले जहाँ प्रमाणमाथि जोर दिइन्छ (अर्थात् जो चाहिं हो प्रमाणबहुल) त्यसको नाम हो प्रमाण शास्त्र। जसमा प्रमेयमाथि जोर देखिन्छ त्यो हो प्रमेय शास्त्र।

प्रमाण हो दुई प्रकार (१) अविद्यावृत्तिपरक र (२) चित्तवृत्ति-परक। यसमा उत्कृष्ट तारतम्यमा हेतु हो कि जो चाहिं कारणरूप हो त्यसको प्रभाव न्यून हुन्छ। जो चाहिं कार्यपरक हो त्यसको प्रभाव अधिक हुन्छ। अविद्या हो कारण; चित्त हो कार्य। त्यसैले चित्तको वृत्ति हो ज्यादा क्रियाकारी र अविद्याको वृत्ति हो न्यून प्रभावशाली।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

अज्ञानबाट लाभ नोक्सान हुँदैन; किन्तु चित्तबाट हुन्छ। यसमा हेतु यो हो कि जीवको उपाधि हो चित्त, अविद्या हैन। त्यसैले चित्तवृत्तिले जीवलाई विकारी तुल्याउँछ, अविद्यावृत्तिले जीवलाई अलिकति पनि विकारी तुल्याउन सक्दैन। यो कुरा बुझ्नको लागि वेदान्त शास्त्रमा दृष्टान्त दिइराखेको छ—रज्जुमा देखिएको सर्प। "यो हो सर्प" यसप्रकार ज्ञान हो अविद्याको वृत्तिरूप। किनकि रज्जुमा सर्प हुँदैन र त्यसकारण सर्प ज्ञान पनि बन्न पाउँदैन। किन्तु जंगलको सर्प हो अन्तःकरणको वृत्ति र यो हो सर्प यसप्रकार ज्ञान पनि हो अन्तःकरणकै वृत्तिरूप। अन्तःकरणको वृत्ति जीवलाई सुखी दुःखी विकारी तुल्याउँछ। अर्थात् चित्तवृत्ति हो जीवको लागि (चित्तसित मिलेको चेतनको लागि) ज्यादा प्रभावशाली। अविद्या-वृत्तिको जीवमाथि कुनै प्रभाव पर्दैन।

अैले अविद्यावृत्ति र चित्तवृत्तिको उत्पत्तिको बारेमा बताइन्छ। पहिले अविद्यावृत्ति खडा हुन्छ र त्यो अविद्यावृत्ति साक्षिस्वरूपबाट प्रकाशित भैकन साक्षिस्वरूपमा नै स्थित रहन्छ। अन्तःकरणविशिष्ट जीवको स्तरसम्म अविद्याको वृत्ति पुग्दैन, केवल साक्षिस्वरूपमा नै स्थित रहन्छ। त्यसकारण अविद्यावृत्तिद्वारा जीवको हानि लाभ अलिकति पनि हुन सक्दैन।

चित्तवृत्ति कसरी उत्पन्न हुन्छ? यसको जवाफ यो हो कि जब अविद्यावृत्तिलाई अविद्याबाट खडा भएको छ र अविद्याविरहित साक्षि-स्वरूपमा मात्र स्थित छ (सीमित छ) भनी जीवले जान्दैन, तब अविद्या वृत्ति—सत्यबुद्धिले गृहीत भएको हुनाले चित्तवृत्तिरूपमा परिणाम प्राप्त हुन्छ र जीवलाई प्रभावित किम्वा विकारी तुल्याइदिन्छ।

किन्तु अविद्यावृत्ति चित्तवृत्तिमा पर्यवसित हुनुभन्दा पहिले एकक्षण रहन्छ, जुन क्षणमा विवेकी पुरुष सावधान भएर चित्तवृत्तिको उत्पत्तिलाई बन्द गरिहाल्छ, किन्तु अविद्यावृत्ति र चित्तवृत्तिको सन्धिकालमा यदि अवस्थान हुँदैन तब अकस्मात् आविद्यक वस्तु सत्य वस्तुरूले भ्रमले गृहीत हुन्छ।

दुइटा दृष्टान्त लिऊँ—(१) अज्ञानी मनुष्यको जब संभाव्यरूपले क्रोध उत्पन्न हुन्छ। त्यो क्रोध हो अविद्याको वृत्तिरूप। अविद्यावृत्तिरूप रिस एकै क्षणमा चित्तवृत्तिरूप रिसमा परिणात हुँदैन, किन्तु मनुष्य जब आविद्यक रिसलाई नियन्त्रण किम्वा दमन गर्न सक्दैन तब त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

मानिस एकदम रिसाइहाल्छ (रिसले ग्रस्त—रिसबाट अभिभूत भैहाल्छ) त्यो हो चित्तवृत्तिरूप।

काम, क्रोध, हर्ष, विवाद, यी सारा (वास्तवमा आविद्यक किम्वा मिथ्या भएको हुनाले) पहिले आफ्नो आविद्यक रूपमा नै स्थित रहन्छन्। जीवलाई पनि काम क्रोधादि मिथ्यारूपले एकक्षण अनुभूत हुन्छ। किन्तु जब यो संपूर्ण अनुभव हो भ्रमरूप (आविद्यक), यो कुरा स्मरणमा आउँदैन, याद हुँदैन (यो हो जीवको असावधानता) तव त्यो काम क्रोध मिथ्या भए तापनि त्यसलाई जीवले सत्यरूपले ग्रहण गर्छ। इच्छा द्वेष आदि सत्यरूपले प्रतीत हुन्छ। यो प्रतीति हो चित्तवृत्तिरूप।

(२) यो हो ज्ञानीको अविद्यावृत्तिपूर्वक संपूर्ण व्यवहारसंपादन। प्रमाता र प्रमाताको व्यवहार हो वास्तवमा मिथ्या वस्तु, किनकि त्यो स्वयं प्रकाश हैन। ज्ञानवान् पुरुषले त्यो अनात्मा परप्रकाश्य व्यवहारलाई मिथ्या भनी जान्नुहुन्छ। त्यसैले ज्ञानवान् पुरुषबाट गरिएको व्यवहार हो संपूर्ण अविद्याको स्वरूप।

ज्ञानवान्‌बाट गरिएको व्यवहारको स्वरूप के हो ? यो व्यवहार ज्ञानीले कदापि गर्दैन (ज्ञानी कर्ता हैन), किन्तु प्रकृतिबाट (मायाबाट) त्यो सारा व्यवहार निष्पन्न हुन्छ। रहस्य कुरा यो हो कि ज्ञानीको देह इन्द्रिय मन बुद्धि सारा ईश्वरको मायाशक्तिद्वारा संचालित भैराख्छ। अगविद्यक व्यवहारलाई ज्ञानवान् पुरुषले कदापि सत्य भनी ग्रहण नगरेको हुनाले ज्ञानवान् पुरुषको चेष्टा हो केवल मायिक; त्यसैले यो चेष्टा चित्तवृत्तिरूप भएको हुँदैन। यो प्रसंगको अभिप्राय यो हो कि जब संपूर्ण द्वैत प्रपञ्च मायिक र मिथ्या हो तब त्यसको अनुभव हो केवल अविद्यारूप मात्र—यो कदापि चित्तवृत्तिरूप हुन सक्दैन। किन्तु अज्ञानी मनुष्य केवल मिथ्या अज्ञानको संस्कारवशात् सत्यताबुद्धि गरिहाल्छ र अगान्तुक अनुभवहरूद्वारा ग्रस्त भैहाल्छ। यसरी अज्ञानी मनुष्यमात्र पैले अविद्यारूप काम क्रोधादिलाई सत्यताबुद्धिले (चित्तावृत्तिरूपले) ग्रहण गर्छ। ज्ञानीले आविद्यक संपूर्ण द्वैत प्रपंचमा ज्ञानको संस्कारवशात् मिथ्यात्व बुद्धि गर्नुहुन्छ र त्यसकारण ज्ञानीको सारा व्यवहार हो आद्योपान्त अविद्यावृत्तिरूप।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

मोक्षोपाय शास्त्रमा विवेकको स्थान

विवेक विचारमा पर्यवसित हुन्छ। विचारको साधन हो वैराग्य र विवेक। विवेकद्वारा सत्य र मिथ्या (नित्य र अनित्य) पदार्थको बारेमा परिज्ञान हुन्छ र वैराग्यद्वारा अनित्य पदार्थको वर्जन संभव हुन्छ। यसरी विवेक वैराग्यको सहाराबाट चित्तमा अनित्य अनात्म पदार्थको चिन्तन असंभव हुन्छ र परिणामले नित्य वस्तुको आकारमा (आत्माकारमा) चित्त आकारित रहन पाउँछ। यसरी देहादि विशेष आकार वृत्तिको परित्यागपूर्वक आत्माको ग्रहण (आत्माकार वृत्तिको उदय) संभव हुन्छ। यसैको नाम हो विचार। यसरी विवेकले विचारमा पुऱ्याउँछ।

विचारको स्वरूप हो चित्तबाट संपूर्ण अनात्माकार विषयको परित्याग अर्थात् चित्तमा आत्माकार वृत्तिको उत्पत्ति। वेदान्त शास्त्रमा विवेकको फल हो चित्तबाट विषयकार वृत्तिको वर्जनपूर्वक चित्तलाई आत्माकारमा आकारित राख्नु। यसरी चित्तमा आत्माकार वृत्तिको उत्पत्ति हो विवेकको पर्यवसानरूप विचारको स्वरूप। "म हुँ सच्चित्-सुखस्वरूप आत्मा" यो हो विचारमा पर्यवसायी विवेकको लक्षण। यदि चित्तको संपूर्ण वृत्तिको त्यागपूर्वक चित्त स्थित रहँदैन तब बुझ्नुपर्छ कि विवेकको अवलम्बन भएको छैन। किनकि विवेकशील पुरुषको चित्त कहिल्यै पनि विषयकारमा आकारित हुन पाउँदैन। किन्तु विवेकी मनुष्य विचारवान् भैकन चित्तलाई संपूर्ण वृत्तिबाट रहित तुल्याएर स्थित रहन्छ।

वृत्तिरहित चित्त हो आत्माकारमा आकारित चित्त किम्वा वृत्ति-रहित चित्तको स्थिति। जब चित्त विषयाकारमा आकारित हुँदैन, किन्तु स्थिर रहन्छ (चित्तको लय हुँदैन), तब चित्त आत्माकारमा आकारित रहन्छ यो हो चित्तको स्वभाव। विवेकको सहाराले मनुष्य जब विचारवान् बन्दछ, तब त्यसले विवेक विचारको वलले चित्तलाई सारा विषयबाट रहित तुल्याउँछ र परिणामले चित्त केवल अधिष्ठान निजी वास्तव स्वरूपमा स्थित रहन्छ (विषयाकार वृत्तिको परिवर्जनपूर्वक चित्त आत्मा-कार बनिहाल्छ)। अर्थात् विचारशील पुरुष आफ्नो आत्मस्वरूपलाई अनुभव गरिहाल्छ। यसरी आत्माको नान्तरीयक अनुभव हो विचारको फल।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

भक्ति र ज्ञान

यद्यपि भक्ति स्थूल र सूक्ष्म यो दुई प्रकारको भनी शास्त्रमा पाइन्छ, तापनि वास्तवमा स्थूल (सगुण) भक्ति हो ईश्वर-आराधनारूप कर्ममात्र; र सूक्ष्म भक्ति हो कर्मपरित्यागपूर्वक निर्गुण परमेश्वरमा निरन्तर चित्तको स्थापना। जस्तो केवल आत्मस्वरूपमा सबैको चित्त हरहालतमा स्थापित हुन्छ। जसको निर्गुण भक्ति ईश्वरानुग्रहले उत्पन्न भएको छ, त्यसले नित्य निरन्तर भगवत्स्वरूपमा नै चित्तलाई स्थापन गरिराख्छ। यसरी यो सिद्ध भयो कि भक्ति भन्नाले केवल निर्गुण भक्तिलाई नै बुझाइन्छ।

निर्गुण भक्तिको विवरण गीता नवम अध्यायमा पाइन्छ (९।२२) र त्यसको फल दशम अध्यायमा मिल्छ (१०।१०)। आशय यो हो कि केवल निर्गुण भक्ति भए मोक्षप्रद ज्ञान उत्पन्न हुन्छ।

रहस्य कुरा यो हो कि ज्ञानीभक्तको चित्त केवल अन्तर्मुखीकृत भए र स्थिररूपले स्थित रहन्छ। यस्तो हैन, किन्तु त्यसको चित्त—कुनै विषयमा जान नपाएको हुनाले ईश्वरदेखि अभिन्न आफ्नो वास्तव स्वरूपमा ठूलो प्रेमपूर्वक स्थित भैरहन्छ। यो अत्यन्त मार्मिक कुरा हो कि यद्यपि आपात दृष्टिले चित्त पुत्र, वित्त, कलत्रमा प्रायः स्थित रहेको छ भनी देखिन्छ, तापनि वास्तवमा कसैको चित्त अनात्मपदार्थमा बसिरहन सक्तैन। चित्त स्वतः स्थित रहन्छ केवल आफ्नो परम प्रेमास्पद चैतन्य स्वरूपमा। चित्त सदा रमिरहन्छ केवल आत्मचैतन्यमा। भगवान् निर्गुण भएको हुनाले (सर्वात्मा भएको हुनाले) सबैको चित्त केवल परमात्म-स्वरूमा स्वाभाविकरूपले स्थित भइरहन्छ। यसप्रकार अनुसन्धान गरेर ज्ञानीभक्त आफ्नो स्वरूपदेखि अभिन्न परमेश्वरमा चित्तलाई सहजरूपले नियोजित गरिरहन्छ।

जसले ईश्वरलाई आफूदेखि भिन्न भनी सम्झिन्छ (जस्तो कुन्ती, द्रौपदी, गजेन्द्र आदि), त्यसको ईश्वरभक्ति हो केवल अल्पकालीन। त्यसैले कुन्तीले कृष्णलाई भन्नु भएको थियो कि "मलाई बरू सम्पत् प्रदान नगरीकन आपत् प्रदान गर्नुहोस्, जहाँबाट म हजुरलाई सदा सम्झिरहन पाऊँ"। किनकि आपत् प्राप्त नभए आपत् निवारणको लागि सगुण परमात्माको स्मरण हुन सक्तैन। किन्तु यो सगुण परमात्मालाई सम्झनु केवल कादाचित्क हुन सक्छ, सर्वकालिन हैन। सदा सर्वदा चित्तलाई एकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

स्थानमा स्थापित गर्नु तब सम्भव हुन्छ, जब परमेश्वरलाई आफ्नो वास्तव स्वरूप भनी निश्चय हुन सक्छ। यसप्रकार केवल भगवत्स्वरूपको जिज्ञासा-पूर्वक भगवत्स्वरूपलाई आत्मस्वरूपदेखि अभिन्न भनी भक्तले निश्चय गर्छ। यसप्रकार भक्त हो ज्ञानी भक्त, अर्थात् ईश्वर स्वरूपलाई खोजी गरीकन त्यसलाई सर्वात्मस्वरूप भनी निश्चय गर्नु ज्ञानीभक्तबाट नै सम्भव हुन्छ।

यसरी निर्गुण भक्तको चित्त सर्वात्मा चित्स्वरूपमा स्वतः निवेशित भैरहन्छ। यसको अर्थ यो हो कि निर्गुणभक्तको केवल आफूदेखि अभिन्न निर्गुण परमेश्वरको भावना सहज रूपले बनिरहन्छ। यसको फल यो हो कि ज्ञानी भक्तले आफूलाई हर हालतमा चित्स्वरूप भनी अनुभव गरिरहन्छ। यसको साधन के हो ? साधन हो अन्तर्मुखीकृत र निश्चलीकृत (परिशुद्ध) चित्त। किनकि परिशुद्ध चित्तमा कुनै अनात्म पदार्थको ज्ञान हुन सक्तैन। शुद्ध चित्त (भगवत् भक्त) पुरुषको चित्तले केवल आत्मचैतन्यको अनुभव गर्छ; अरू कुनै अनात्म प्रपञ्चलाई अनुभव गर्न सक्तैन।

त्यसपछि के हुन्छ ? त्यसपछि चित्तको ब्रह्माकार उत्पन्न हुन्छ अर्थात् शुद्ध चित्त महात्मा पुरुषले आफूलाई उत्कृष्ट ब्रह्माकार वृत्तिको सहाराले ब्रह्मरूप भनी अनुभव गर्छ। यसप्रकार ब्रह्माकार वृत्तिद्वारा प्रत्यग्भिन्न भगवत्स्वरूपको चिन्तन अभ्यस्त भए ब्रह्माकार वृत्तियुक्त चित्त अदृश्य भैहाल्छ। चित्त रहँदैन, किन्तु चित्समुद्रमा विलीन भैहाल्छ। नूनको डल्लो जस्तो पानीमा पर्याँकिए केवल पानीरूपले स्थित रहन्छ। त्यस्तै परिपक्व भगवद्भक्तको चित्त ब्रह्मसमुद्रमा निमग्न भएर ब्रह्मरूपले स्थित रहन्छ। यसरी चित्त सारा वृत्तिरहित अर्थात् अखण्डाकार भए मुमुक्षु पुरुषले परिज्ञात ब्रह्मस्वरूलाई आफ्नो वास्तव स्वरूप भनी अनुभव गरिराख्छ। यसैको नाम हो—निर्विकल्प समाधि।

(१) निश्चल, स्थिरीकृत चित्तमा प्रत्यगभिन्न भगवत्स्वरूपको भासमानता।

(२) ब्रह्माकारमा आकारित चित्तवृत्तिद्वारा सर्वात्मस्वरूप भगवान्‌को ध्यान र

(३) अखण्डाकार वृत्तिको सहाराले आफ्नो वास्तव ब्रह्म स्वरूपताको अनुभव। यो हो चित्तको विशुद्धि (ब्रह्माकारमा आकारित हुनु)। अखण्डाकारता परिपक्व भए द्वैत वासनाको परिक्षय भइरहन्छ। जब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

वासनाको सम्यक् परिक्षय हुन्छ तब अन्तिम साक्षात्कार वृत्तिरूप दीप द्वारा किम्वा प्रदीपद्वारा (परम अखण्डाकार वृत्तिमा अभिव्यक्त परमेश्वर द्वारा) मुमुक्षुको अज्ञान विनष्ट भए—अज्ञानजन्य अन्तिम अखण्डाकार वृत्ति पनि नष्ट हुन्छ, यो हो वासनाक्षय र मनोनाश—केवल ब्रह्म परिशिष्ट रहन्छ। यसप्रकार ब्रह्मको परिशेष हो मुमुक्षु पुरुषको ब्रह्मरूपले पर्यवसान किम्वा मोक्ष।

●

सुषुप्ति र समाधि

सुषुप्तिमा अज्ञान रहन्छ, किन्तु अज्ञानको कार्य रहँदैन। जहाँसम्म निर्विकल्प समाधि प्राप्त हुँदैन, त्यहाँसम्म अज्ञान नाशको उपाय पनि मिलेको हुँदैन।

यद्यपि सुषुप्तिमा जीव ब्रह्म भएर बस्दछ (सता सम्पन्नो भवति—सद्वस्तु ब्रह्मसित एकता प्राप्त गर्छ) तापनि अज्ञानले गर्दा ब्रह्मस्वरूप प्राप्त हुनुको संभावना छैन। निर्विकल्प समाधिमा अविद्याको विनाशरूप चित्तको विनाश क्रमिकरूपले हुन्छ।

निर्विकल्प समाधि हो अखण्डाकार वृत्तिद्वारा ब्रह्मस्वरूपको अनुभवको स्थल। यसरी ब्रह्मज्ञानको एकमात्र उपाय हो—निर्विकल्प समाधि।

सुषुप्तिमा ब्रह्मज्ञान संभव छैन। सुषुप्तिकालिन अज्ञानको विनाश-को लागि निर्विकल्प समाधि-अभ्यासजनित ब्रह्मस्वरूपताको दृढ ज्ञान आवश्यक हुन्छ।

त्यतिमात्र हैन, किन्तु ब्रह्मानन्दको अनुभव पनि सुषुप्ति कालमा संभव छैन, किन्तु केवल निर्विकल्प समाधिमा संभव हुन्छ। ब्रह्मको सच्चित् सुखरूपताको भित्र सुखरुपता हो निश्चितरूपले विशेष धर्म। त्यसको साक्षात् अनुभव हो निर्विकल्प समाधि।

सुषुप्तिमा भोक्ताद्वारा ब्रह्मानन्दको उपभोग हुन्छ। त्यसमा साधन हो अविद्याको तीन प्रकारको वृत्ति—सुखाकार, साक्षी-आकार र अज्ञाना-कार। त्यसकारण सुषुप्ति कालमा प्राज्ञ (भोक्ता) पुरुष अज्ञान वृत्तिद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

ब्रह्मसुखको भोग गर्छ। त्यो भोक्ताद्वारा उपभुक्त ब्रह्मसुख साक्षीबाट प्रकाशित हुन्छ। भोक्ताको साक्षी हो प्राज्ञ।

निर्विकल्प समाधिमा ब्रह्मानन्द स्वयं प्रकाश रहन्छ र समाधिस्थ पुरुष ब्रह्मानन्दको स्वयं अनुभव गर्दछ। सुषुप्तिकालिन ब्रह्मसुखको अनुभव हो साक्षिभास्य। किन्तु निर्विकल्प समाधिको ब्रह्मानन्द अनुभव हो स्वयंप्रकाश। यसरी सुषुप्ति र समाधिमा महान् भेद छ।

●

कषायको सुस्पष्ट परिचय

(१) अकस्मात् वासना खडा भयो,

(२) त्यसैले निदाएन,

(३) चिताएन (कुनै विषयलाई पकडिएन),

(४) समाधिको आनन्द लिएको पनि हैन,

(५) ब्रह्माकार वृत्ति भएको हो कि ? त्यो पनि हैन,

(६) वृत्तिको अभाव भएको हो कि ? त्यो पनि हैन, त्यसोभए के कुरा सिद्ध भयो ? चित्त कषाय (अनात्म संस्कार) युक्त भएको छ।

●

आफू त आत्मा हैन कि ?

यदि प्रसंग हो अज्ञानदशाको तब आफू आत्मा हैन। किनकि अज्ञानदशा ज्ञानदशादेखि भिन्न हो। त्यसकारण ज्ञानदशामा यद्यपि आत्मा आफ्नो वास्तव स्वरूप हो भनी अनुभूत हुन्छ तापनि अज्ञान दशामा आफू आत्मा हैन, किन्तु आफू हो देहादिसित मिलेको चैतन्य वस्तु।

देहादिविशिष्ट चैतन्य आफू आत्मा हैन, किन्तु अनात्मा हो। त्यसैले यद्यपि सामान्यरूपले आत्मा भनी (आफू भनी) मनुष्यले आफूलाई मान्दछ तापनि त्यो हो अविद्याको वृत्तिमात्र, अन्तःकरणको वृत्ति हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

त्यसैले अज्ञानी मनुष्यले ज्ञानप्राप्तिपूर्वक आत्मा हुनुको लागि शास्त्रोक्त मार्गलाई अपनाउँछ। यदि आफू आत्मा नै हुने थियो, तब ज्ञान प्राप्तिको आवश्यकता हुने थिएन। यो मार्मिक कुरा हो कि आत्मा सामान्यरूपले अनुभूत भए तापनि त्यसको विशेषरूपले अनुभव गर्नु आवश्यक हुन्छ। यसैको नाम हो ज्ञानदशा। ज्ञानदशामा आत्मा एकरस अद्वितीय अखण्ड सुखस्वरूप भनी स्वयं प्रकाशित हुन्छ। अज्ञानदशामा यसरी आत्मा प्रकाशित हुँदैन किन्तु अज्ञानदशामा म हुँ सुखी, म हुँ दुःखी, म हुँ चिन्तित आदि नानारूपले प्रतीत भै राख्दछ। त्यहाँबाट बुझिन्छ आफू आत्मा हैन। यसरी अज्ञानीको लागि अध्यात्म शास्त्र बनेको छ र अध्यात्म शास्त्रको अनुशीलन र अभ्यास गरे पछि आफू आत्मा हुन सक्छ। आत्मा हुनु हो आत्मस्वरूपलाई प्राप्त गर्नु। यसरी प्राप्त आत्मस्वरूपमा अज्ञान दशामा अनुभूत सुख दुःख आदि कुनै प्रकार अध्यास संभव हुँदैन। यदि आफू आत्मा नै हुने थियो तब त्यसलाई अनिश्चित व्यभिचारी नाना प्रकारको धर्म कहाँबाट प्राप्त हुन सक्ने थियो।

प्रश्न—त्यसोभए म आत्मा हैन कि ?

उत्तर—तिमी हौ आधा आत्मा र आधा अनात्मा। पूरा आत्मा हैन।

प्रश्न—शास्त्रमा मलाई आत्मा भनिएको छ ?

उत्तर—शास्त्र त सिद्धान्त बताउँछ। यदि ज्ञानपूर्वक त्यो सिद्धान्तको साक्षात् अनुभव भएको हुँदैन; तब सिद्धान्त र आफ्नो स्थिति (अनुभव) भिन्न भिन्न हुन जान्छ।

प्रश्न—तब त सिद्धान्त व्यर्थ भयो ?

उत्तर—सिद्धान्त व्यर्थ हुँदैन। सिद्धान्तलाई ज्ञानपूर्वक अनुभव गर्नुपर्छ। अर्थात् ज्ञानाभ्यासपूर्वक निजी सिद्धान्तलाई सम्यक् अनुभव गर्नुपर्छ। जहाँसम्म सिद्धान्तको अनुभव हुँदैन—अर्थात् अनुभव स्वरूपको बुद्धिपूर्वक स्पष्टरूपले अनुभव गरिँदैन त्यहाँसम्म आफ्नो आत्मा भए तापनि आफू वास्तवमा अनात्मा नै बनेर बसेको हुन्छ।

प्रश्न—यसको बारेमा रहस्य कुरा के हो ?

उत्तर—रहस्य कुरा यो हो कि—सिद्धान्तको प्रतिपादन हो सिद्धान्तलाई विशेषरूपले अनुभव गर्नुको लागि। यदि अनुभव भएन तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

सिद्धान्त मनुष्यको लागि सफल भएन। शास्त्र निष्फल भयो। त्यसकारण सिद्धान्तलाई जानेर अनुभव गर्नुको लागि ठूलो प्रयत्न गर्नुपर्छ। त्यसैले अभिज्ञ पुरुषको उक्ति यो हो कि वेदले मनुष्यलाई रक्षा गर्दैन, किन्तु जब वेद ज्ञान हुन्छ, तब वेदले मनुष्यलाई रक्षा गर्दछ।

अनुभवस्वरूपलाई अनुभव गर्नु

यहाँ अनुभव गर्नुको अर्थ हो वृत्तिलाई अखण्ड तुल्याएर त्यसमा समीपस्थित ब्रह्मात्मालाई स्वतः प्रतिविम्बित हुन दिनु। अखण्डाकार वृत्तिमा ब्रह्मको स्पष्ट भासमानता हो त्यो अखण्डाकार वृत्तिमा कल्पित मुमुक्षुद्वारा ब्रह्माकार वृत्तिको सहाराले ब्रह्मात्म वस्तुलाई साक्षात् अनुभव गर्नु। यसप्रकार ब्रह्मात्मस्वरूको साक्षात् अनुभव हो अनुभव।

अनुभवको विशेषता यो हो कि यो हो आत्माको (मुमुक्षुद्वारा गरिएको) आफ्नो वास्तव स्वरूपलाई अन्तिम अनुभव गर्नु। त्यसपछि प्रमाताले फेरि कुनै कुरालाई जान्न सक्दैन। प्रमाता पुरुषबाट यो हो अन्तिम जान्नु।

यो ब्रह्मज्ञानद्वारा अज्ञान नष्ट हुन्छ र ब्रह्मवेत्ता पुरुषको सम्पूर्ण दुःखनिवृत्तिपूर्वक सदा सर्वदा ब्रह्मानन्दको अनुभव भैरहन्छ।

वृत्तिज्ञानको स्वरूप

ज्ञान भन्ने वस्तु हो दुई प्रकार—(१) साक्षिज्ञान र (२) वृत्तिज्ञान। साक्षिज्ञान शब्दको अर्थ हो त्रिपुटीको प्रकाशक ज्ञानस्वरूप (चैतन्य) वस्तु। त्यो हो स्वप्रकाश नित्य र आनन्दस्वरूप।

वृत्तिज्ञान हो चित्तको नानाप्रकार वृत्तिमा अभिव्यक्त साक्षिचैतन्य। यसरी उपाधिले गर्दा एक अद्वितीय चैतन्यलाई साक्षी र वृत्तियुक्त चित्तमा प्रतिफलित साक्षिचैतन्य भनिएको छ। यो चैतन्यको दुई प्रकारता शास्त्रमा बताइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

साक्षिज्ञानलाई वृत्तिज्ञानदेखि पृथक्रूपले जान्नुपर्दछ; किनकि वृत्तिको आविर्भाव तिरोभाव हुन्छ। अविवेकले वृत्तिको तिरोभावको वेला विविक्त साक्षीको पनि तिरोभाव भयो भनी मानिन्छ; किन्तु यो वृत्तिको आविर्भावले अभिव्यक्त चैतन्यको आविर्भाव हुँदैन किम्वा वृत्तिको तिरोभावले अभिव्यक्त चैतन्यको तिरोभाव हुँदैन।

●

चित्तको काम

अज्ञानी पुरुषका लागि जस्तो चित्त विषयाकार वृत्तिद्वारा विषयको ज्ञान गराउने एकमात्र साधन हो, त्यस्तै मुमुक्षु पुरुषका लागि पनि चित्त आत्माकार (ब्रह्माकार) वृत्तिको उत्पत्तिद्वारा—अर्थात् सविकल्प समाधिद्वारा आफ्नो वास्तव आत्मस्वरूपको ज्ञान प्रदान गर्छ।

त्यसपछि जब सविकल्प समाधिको दीर्घकाल सम्म अभ्यास हुन्छ तब द्वैतभाव रहँदैन, अर्थात् चित्त अचित्त भैहाल्छ। यसप्रकार अचित्त चित्त (अखण्डाकार वृत्ति) स्वतः आविर्भूत हुन्छ। कसरी? चित्तको आत्माकार वृत्तिको अभ्यासको फलरूपले (अर्थात् म चित्स्वरूप आत्मा हुँ यसप्रकार अभ्यास परिपक्व भए) चित्त निश्चल भैहाल्छ (अर्थात् चित्त र त्यसको प्रकाशक साक्षिभावको अभाव हुन्छ) र केवल परिज्ञात आत्मा (ब्रह्म) परिशिष्ट रहन्छ। यसको आशय यो हो कि चित्त निश्चल (अचित्त) भए त्यो अखण्डाकार वृत्तिद्वारा ब्रह्मस्वरूपको स्वयं अनुभव हुन्छ। यहाँ चित्त रहँदैन। चित्त निश्चल भएर स्थित रहन्छ। चित्त ब्रह्माकारमा आकारित भएर रहन्छ। यसैको नाम हो निर्विकल्प समाधि।

●

भक्ति र प्रपत्ति

आफू र सर्वव्यापक चित्स्वरूप (भगवान्) हो अभिन्न भनी संस्कारको बलले जो भित्र निश्चय गर्नु हो त्यसलाई ज्ञानी भक्तको भक्ति किम्वा चतुर्थी भक्ति भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

यसलो फलरूपले शरीरको भित्र स्थित जो अन्तर्यामी (साक्षी) हुनुहुन्छ त्योसित आफ्नूको अभेद भावना निश्चित भएको हुनाले ज्ञानी भक्तले फलरूपले आफूलाई चित्तावृत्तिहरूको साक्षात् प्रकाशक भनी जान्दछ (यसैको नाम हो क्षेत्रज्ञपन)।

प्रपत्तिको अर्थ हो आफ्नो प्रमाताभावलाई संस्कारको बलले निरन्तर अन्तर्यामी भगवत्स्वरूपमा अर्पण गरिदिनु; जसको फलले प्रमाता-भावको अभावपूर्वक अन्तर्यामी परमेश्वर भावमा त्यो प्रमाताभाव पर्यवसित हुन्छ। यसैलाई गीता सप्तमाध्यायमा प्रपत्ति भनेको छ र अष्टादश अध्यायमा शरणागति (मामेकं शरणं ब्रज) भनेको छ।

●

थाहा हुनुको प्रकार

थाहा हुनु हो जान्नु। जान्नु हो तीन प्रकार—

(१) यसको नाम हो साक्षीबाट केवल भित्रको आगन्तुक अनुभव-हरूको प्रकाशन; यसैलाई **साक्षी-ज्ञान** भनेको छ।

(२) अहंकारबाट इन्द्रियवृत्तिपूर्वक घट पटादिको थाहा हुनु (जस्तो यो घट हो, मैले घटलाई जान्दछु); यसैलाई **वृत्तिज्ञान** भनेको छ।

(३) पुण्यवशात् जब अहंकारले आफ्नो निरहंकार ब्रह्मस्वरूपलाई जान्दछ; त्यसलाई **ब्रह्मज्ञान** भनेको छ।

●

रूपादौ गुणादोषादि श्लोकको व्याख्या

जब आँखा, कान आदिबाट रूप, शब्द आदिको ग्रहण हुन्छ र इन्द्रियहरू द्वारा गृहीत विषयहरूमा यो राम्रो हो, यो नराम्रो हो यस-प्रकार निश्चय मनुष्यले गर्दछ—अर्थात् यो घट यो शब्द राम्रो हो किम्वा राम्रो हैन, यस्तो निर्णय गर्दछ त्यो हो केवल बुद्धिको वृत्तिरूप। साभास बुद्धिले रूपलाई ग्रहण गर्दछ, रूप भन्ने वस्तु बनिहाल्छ र रूपको ग्रहण-कर्ता पनि बन्द छ। साथै साथ त्यो रूप शब्दमा यो हो राम्रो यो हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

नराम्रो यसप्रकार निश्चय हुन्छ। यो सारा हो केवल बुद्धिको नानाप्रकार वृत्तिमात्र।

यसरी रूप र त्यसको ग्राहक इन्द्रिय र त्यसको ग्रहण र त्याग राम्रो नराम्रो बुद्धि—अर्थात् विषय ग्रहण ग्राहक, राम्रोपन नराम्रोपन यो सारालाई साक्षिचैतन्य प्रकाश गरिरहन्छ। अर्थात् विषय र ग्रहण ग्राहक राम्रोपन यो सारा साक्षिचैतन्यमा आरोपित भएर प्रकाशित भैरहन्छ। आफ्नो वास्तव चित्स्वरूपमा यो विषय, ग्राहक, ग्रहण आदि कुनै हिस्सा पनि वास्तवमा छैन। केवल बुद्धिको विकार भएको हुनाले सारा हो मिथ्या र साक्षिचैतन्य (चिद्रूप आत्मा) हो परमार्थ सत्य अद्वितीय वस्तु।

आशय यो हो :—

(१) इन्द्रियहरू स्वतः आफ्नो विषयमा प्रवृत्त हुन्छन्; यो हो रूप र अवलोकन (इन्द्रियद्वारा स्वाभाविक आफ्नो विषयको ग्रहण)।

(२) ठीक त्यस्तै बुद्धिरूप अन्तःकरण राम्रो नराम्रो यस प्रकार निश्चय गर्दछ; जहाँसम्म बुद्धि रहन्छ, त्यहाँसम्म इन्द्रियद्वारा गृहीत विषयमा निर्णय गरिरहन्छ।

(३) फेरि रूप, अवलोकन, मनस्कार (विषय, इन्द्रिय र बौद्धिक निर्णय) यी तीन कुरा आफूबाट सिद्ध नभैकन साक्षिचैतन्यमा अध्यस्त भएको हुनाले साक्षिचैतन्यबाट प्रकाशित भैरहन्छन्।

(४) त्यसोभएको हुनाले इन्द्रिय र बुद्धिको चेष्टा हो मिथ्या। शुद्ध चैतन्य साक्षी (मेरो वास्तव स्वरूप हो) पारमार्थिक सत्य।

(५) यसरी यो सिद्ध भयो कि इन्द्रिय र बुद्धिको चेष्टाले साक्षी स्वरूप मेरो विकार हुँदैन; साक्षिचैतन्य म हुँ एकरस स्वप्रकाश अद्वितीय वस्तु। इन्द्रिय, बुद्धि र यिनीहरूको स्वाभाविक चेष्टा हो मेरो वास्तव स्वरूपमा कल्पित मात्र।

प्रश्न—यदि रूप अवलोकन आदि सारा इन्द्रिय र बुद्धिको चेष्टा मात्र हो तब इन्द्रिय र बुद्धिको चेष्टामा मनुष्य किन सुखी दुःखी विकारी बन्दछ ?

उत्तर—यसको कारण हो आत्मा र अनात्माको अध्यास, अर्थात् इन्द्रिय, बुद्धि आदि अनात्म प्रपंचको साक्षिचैतन्य आफ्नो स्वरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

स्वरूपतः अध्यास हुन्छ र साक्षिचैतन्यको कल्पित सम्बन्ध इन्द्रिय आदि अनात्म प्रपंचमा मानिन्छ। यसप्रकार परस्पर अध्यासको फलले यो हो राम्रो यो हो नराम्रो यो सारा यद्यपि बुद्धिको क्रियामात्र हो तापनि त्यो क्रियाको र त्यसको प्रकाशक मेरो वास्तव स्वरूपको परस्पर अध्यास हुन्छ। जहाँसम्म यसप्रकार अध्यासको निवृत्ति हुँदैन, त्यहाँसम्म आफ्नो वास्तव साक्षी स्वरूपमा कुनै विक्रिया नभए तापनि भ्रमले (अध्यासले) आफूमा विक्रिया मानिन्छ। विक्रियामा सत्यताबुद्धि पनि हुन जान्छ।

प्रश्न—त्यो अध्यासको निवारण कसरी हुन्छ ?

उत्तर—अध्यास हो अज्ञानकृत। ज्ञानद्वारा जब अज्ञानको निवृत्ति हुन्छ, तब अध्यासको पनि निवृत्ति हुन्छ। आफ्नो वास्तव साक्षी स्वरूपको साक्षात् ज्ञान नहुनुसम्म यो भ्रमरूप अध्यासको निवृत्ति हुन सक्तैन।

आत्मा सदा प्राप्त हो कि ?

आत्मा हो सदा प्राप्त र आत्मा हो स्वयंप्रकाश। यो हो पर्यायवाचक। अर्थात् स्वयंप्रकाश किम्वा सदा प्राप्त भैकन पनि आत्मा ज्ञानको विषय हुनु नै पर्छ।

यसमा कारण के हो ? कारण यो हो कि आत्मा सामान्यरूपले ज्ञात भए तापनि (प्राप्त भए तापनि) आत्मा विशेष ज्ञानको विषय नभएको हुनाले आत्माको बारेमा संशयको अपनोदन हुँदैन। जस्तो आत्मा देह हो कि ? आत्मा इन्द्रिय हो कि ? आत्मा चित्त हो कि ? आत्मा देहादि संघात हो कि ? त्रिपुटीसाक्षी हो कि ? आत्मा ब्रह्म हो कि ? आदि संशय सदा प्राप्त (स्वयंप्रकाश) आत्मामा अवश्य भैरहन्छ। त्यसकारण निःसंदिग्ध र सम्यक्रूपले आत्मालाई जान्नु अत्यन्त आवश्यक छ। त्यसो नभए मोक्ष सिद्ध हुन सक्दैन।

त्यसोभए मोक्ष किन सिद्ध नहुने ? अज्ञानको निवृत्ति नभएको हुनाले मोक्ष सिद्ध हुन सक्दैन। त्यसकारण सम्यक्रूपले संपूर्ण भ्रमको निरसनद्वारा निरूपाधि प्रत्यगभिन्न चिदानन्द ब्रह्मलाई साक्षात्कार गर्नु नै पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDL

साक्षात्कार नगरे के हानि हुन्छ ? साक्षात्कार नगरे (ब्रह्म नवने) प्रमाताभावको निवृत्ति हुँदैन। त्यसकारण प्रमाताबाट अन्तिम ज्ञानरूप ब्रह्मज्ञान (निर्विकल्प समाधि, ब्रह्मसाक्षात्कार) अवश्य गर्नुपर्छ।

●

"म ब्रह्म हुँ" यसको सार्थकता

यद्यपि म फलाना हुँ भनीकन परिचित मानिसलाई भन्नु निरर्थक हुन्छ तापनि जस्तै मेरो स्वरूपबाट अपरिचित मानिसलाई मेरो स्वरूप जनाउनु सार्थक हुन्छ, त्यस्तै ब्रह्मज्ञानको उत्पत्तिको प्रसंगमा "म ब्रह्म हुँ" भन्नु अत्यन्त सार्थक हुन्छ।

यो सार्थकता देखाउनुको लागि "म ब्रह्म हुँ" यसप्रकार अनुभवको विश्लेषण गरिन्छ। यहाँ तीनओटा शब्द छन्—"म, ब्रह्म, हुँ" यसमा म शब्दको अर्थ हो—चित्तदेखि अविविक्त मुमुक्षु पुरुष, ब्रह्म शब्दको अर्थ हो—चित्तदेखि विविक्त (चित्तरहित) अखण्ड चित्स्वरूप, हुँ शब्दको अर्थ हो—एकता अनुभवको द्योतक। यसको सरल अर्थ यो हो कि जो पहिले आफूलाई चित्तविशिष्ट चैतन्य भनी निश्चय गरेको थियो, त्यो अैले (साभास अखण्डाकार वृत्तिको उत्पत्तिको कालमा) आफूलाई चित्तदेखि विविक्त अखण्ड चित्स्वरूप भनी अनुभव गरेको छ।

यसरी आफ्नो वास्तव स्वरूपको अनुभवरूप वाक्य केवल सार्थक मात्र हैन, किन्तु यो अनुभव वाक्य हो सम्पूर्ण अज्ञानको विनाशक र मोक्ष सुखको प्रापक।

●

"यदा प्रकाशते विश्वं" को आशय

यसको अर्थ हो (१) जब जगत् प्रकाशित हुन्छ (२) तब साक्षी स्वरूप मेरो प्रकाश हुन्छ र त्यो साक्षी स्वरूप ममा जगत् कल्पित भैकन मेरो सत्ता स्फूर्तिबाट जगत् सत्तावान् र प्रकाशित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

अर्थात् साक्षी स्वरूप मेरो हरहालतमा प्रकाश भैरांखेको छ र कदाचित् ममा अध्यस्त जगत् पनि मबाट प्रकाशित हुन्छ, किन्तु मेरो प्रकाश विना जगत् प्रकाशित हुन सक्दैन। त्यसैले कल्पित जगत्को प्रकाश स्वतः उपेक्षित भैहाल्छ र सदा काल सिद्ध मेरो प्रकाश (जगत्को प्रकाश अैले होस् किम्वा जगत्को प्रकाश त्यसपछि होस्) अखण्ड अक्षुण्ण रहिराखेको छ।

●

आनन्दमय कोषको संक्षिप्त विवेचना

मन, बुद्धिलाई राखेर आनन्द हुँदैन। आनन्दमय कोषमा—कार्यानन्द कारणानन्द र ब्रह्मानन्द रहन्छ :—

(१) बुद्धिद्वारा जो अनुभव हुन्छ त्यो हो **कार्यानन्द**—बुद्धि रहेसम्म आनन्द हुँदैन यो हो जीवभावको प्रथम विलास।

(२) डुबेपछि अर्थात् अविद्यामा बुद्धि हराएपछि—कारणानन्द आउँछ।

(३) केवल आनन्दरूप—**ब्रह्मानन्द**—दुई आनन्दभोगको बाधावधि—दुबैको अधिष्ठान। यो हो प्रतिष्ठा।

●

अद्वैत अनुभव

प्रश्न—वेदान्तले अद्वैत सिद्धान्तलाई प्रतिपादन गरेको छ, तर द्वैत जगत्को निरसन गरीकन कुन उपायबाट वेदान्तले अद्वैतलाई सिद्ध गरेको छ र हाम्रो अनुभवमा अद्वैतवाद कसरी संभव हुन्छ ?

उत्तर—अहं, मम, इदंरूप संपूर्ण द्वैत प्रपञ्च हो चित्ताको तीन प्रकारको वृत्तिमात्र। यी वृत्तिहरू उठछन्, रहन्छन् र नष्ट भैहाल्छन्। अहं पनि (जसलाई अज्ञानवशात् आफू भनीकन मान्छेले मान्दछ त्यो) हो त्रिपुटीको मुख्य हिस्सा; किनकि आफू बनेपछि आफ्नो सम्बन्धी पदार्थहरू (मम इदं) खडा हुन सक्छन्। यसरी संपूर्ण द्वैत प्रपञ्च किम्वा जगत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

हो केवल साभास चित्तको वृत्तिमात्र। यसैलाई संक्षेपले द्वैत भनी बताइएको छ।

यो द्वैतको सम्यक् निरसन भए त्यसको अधिष्ठान स्वतः सिद्ध, अहं मम इदं द्वैतको सत्ता स्फुर्तिप्रद अधिष्ठान स्वयं प्रकाशित भैहाल्छ। जगत्को अधिष्ठान हो स्वतः सिद्ध। यद्यपि त्यो सर्वात्मक ब्रह्म स्वतः सिद्ध र स्वयंप्रकाशमान हो तापनि त्यो अज्ञात भएको हुनाले त्यसमा कल्पित अज्ञानको निरसनका लागि द्वैत प्रपंचको निरसन आवश्यक हुन्छ।

द्वैतको निरसन कसरी हुन्छ ? निरसनको एकमात्र उपाय यो हो कि द्वैत आफूबाट प्रकाशित नभएको हुनाले द्वैत प्रपंचको आफ्नो सत्ता स्वीकृत छैन। देहादि जगत् प्रपंच निजी सत्ताले सत्तावान् नभएको हुनाले त्यो कल्पित भनी ठहर्छ र कल्पित वस्तुको स्वरूप हुन्छ शुद्ध अधिष्ठान मात्र। यसरी युक्तिद्वारा द्वैतको निरसन गर्नुपर्दछ।

त्यसपछि आफूलाई अद्वैत भनी अनुभव गर्नुको बाटो यो हो कि अन्तर्मुख भएर हेरे भित्र साक्षी आफूबाट चित्तका वृत्तिहरू प्रकाशित भैरहन्छन्। यसरी पहिले आफूसित देहादि प्रपंचको सम्बधको खोजी गरे स्पष्टरूपले थाहा हुन जान्छ कि संपूर्ण द्वैत साक्षी आफूबाट प्रकाशित भैराखेको छ। जो चाहिं प्रकाशित हुन्छ त्यो प्रकाशस्वरूपको अन्तःपाती वस्तु हो। प्रकाश्य पदार्थको प्रकाशस्वरूपदेखि जो अवश्यम्भावीरूपले अभेद हो त्यसको खोजी गर्ने बित्तिकै प्रकाश्य पदार्थ प्रकाशस्वरूपमा लीन भैहाल्छ र केवल प्रकाशस्वरूप आफ्नो वास्तव स्वरूपले परिशिष्ट रहन्छ। यसरी अद्वैतानुभव संभव हुन्छ।

●

स्वरूपमा बस्नुको अर्थ

यहाँ बस्नुको अर्थ हो मनलाई स्थापन गर्नु। त्यसैले स्वरूपमा बस्नुको अर्थ हो चैतन्यस्वरूप आफूमा मनलाई राखिछोडनु। जस्तो साधारण मानिसले आफ्नो मनलाई स्त्री पुत्र धन आदिमा राखिछोड्छ (अर्थात् स्त्री पुत्र आदिमा आफ्नो बुद्धि गर्दछ)—अर्थात् यो हो मेरो भनी-कन प्रेमपूर्वक स्त्री पुत्र धन आदिलाई संझिरहन्छ (अर्थात् स्त्री पुत्र धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

आदिको आकारमा मनलाई आकारित राख्दछ), त्यस्तै मुमुक्षु चित्स्वरूप आफूमा पहिले विच्छेदपूर्वक मनलाई स्थापन गर्छ; "म हुँ चित्त र चित्त-वृत्तिको साक्षी चैतन्य" भनी संझिरहन्छ।

यसैलाई स्पष्ट गरेर बताउँछु, मन लगाएर सुन। जस्तो आफूलाई म हुँ चित्तासित मिलिराखेको चैतन्य (म हुँ चित्तविशिष्ट चिद् वस्तु) भनी मानिस संझिरहन्छ। त्यस्तै विचारद्वारा आफ्नो वास्तव स्वरूप हो चित्त-वृत्तिहरूको साक्षी भनी संझिरहनु अर्थात् केवल चैतन्य स्वरूप आफूमा मनलाई सदा सर्वदा स्थापन गरिराख्नु। यसैको नाम हो चित्तको चिदा-कार वृत्तिलाई क्रम क्रमले अविच्छिन्नरूपले उत्पन्न गर्नु।

क्षण क्षणमा चिदाकार वृत्तिको उत्पत्तिलाई आत्माको ध्यान भनेको छ। अर्थात् म चित्तविशिष्ट चैतन्य हैन, किन्तु म हुँ शुद्ध चैतन्य (चित्तवृत्तिको साक्षी), यसप्रकार संझनुलाई भन्छन् ध्यान।

यसैलाई निदिध्यासन किम्वा अति उत्कृष्ट ध्यान भनेको छ। ज्ञाननिष्ठा र निदिध्यासन हो पर्याय शब्द। म हुँ क्षेत्ररहित क्षेत्रज्ञ, यस-प्रकार चिदाकार वृत्तिको उत्पत्ति द्वारा शुद्ध चित्स्वरूपलाई अनुभव गर्नु। यो हो अति उत्कृष्ट ध्यान। अति उत्कृष्ट विशेषणको सार्थकता के हो? सार्थकता हो यसको सहज रूपले सर्वपदार्थ निरपेक्षता सिद्ध हुन्छ। अर्थात् निदिध्यासनको सिद्धिको लागि कुनै क्रियाको आवश्यकता हुँदैन, किन्तु सारा क्रियारूप (विक्षेपरूप) चित्तवृत्तिहरूको परित्याग गरिदिनु मात्र आवश्यक हुन्छ।

चित्तवृत्तिलाई परित्याग कसरी गर्नु? चित्तलाई ग्रहण गर्नु हो चित्तासित चैतन्य आफूको अध्यास हुन दिनु। चित्त आफूमा स्वरूपतः अध्यस्त भए तापनि आफूको कल्पित सम्पर्क चित्तासित हुन नदिए चित्तलाई ग्रहण गर्नुको सहज रूपले अभाव सिद्ध हुन्छ। अर्थात् चित्तासित आफू मिल्दैन, तब चित्त वृत्तियुक्त हुन सक्दैन। त्यसकारण विचारद्वारा चित्तासित नमिल्नु हो चित्तवृत्तिको परित्याग।

रहस्य कुरा यो हो कि जब अहंकार बन्छ (चित्तासित मिल्नुको नाम हो अहंकारको उत्पत्ति), तब चित्तवृत्तिको कहिल्यै अभाव हुन सक्दैन, त्यसकारण अहंकारलाई उत्पन्न हुन नदिनु। त्यसैले अहं नबने मम बन्न पाउँदैन। जबसम्म अहंको निरसन हुँदैन र अहंकार हो मिथ्या यसप्रकार निश्चय हुँदैन, तबसम्म चित्तवृत्तिको अभाव हुन सक्दैन। त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

आफूको चित्तसित संसर्ग अध्यास बन्द गरिदिए (म चित्तविशिष्ट हैन, किन्तु म हुँ शुद्ध चैतन्य वस्तु यसप्रकार अवलम्बन गरे) चित्तवृत्तिको परित्याग सहजसित संभव हुन्छ ।

यसरी चित्तवृत्तिको परित्याग भए चैतन्य आफ्नो वास्तव स्वरूप स्वयंप्रकाश भैहाल्छ । यसरी आफ्नो चैतन्य स्वरूपको अनुभवलाई भन्छन् आत्मस्वरूपमा बस्नु ।

●

शब्दानुविद्ध समाधिको स्वरूप

"म हुँ असंग" यो हो शब्दानुबिद्ध सविकल्प समाधि । दृश्यानुबिद्ध सविकल्प समाधि हो काम, लोभ, भय आदि चित्तमा खडा भए पनि त्यसलाई साक्षिचैतन्यमा विलापन गरीकन "म हुँ काम भय आदिको साक्षात् प्रकाशक र काम आदि दृश्यदेखि रहित" यसप्रकार अनुभव । तर शब्दानुबिद्ध सविकल्प समाधि हो संपूर्ण दृश्यरहित शुद्ध दृक्स्वरूपमा स्थिति ।

प्रश्न—दृश्यानुबिद्ध र शब्दानुबिद्धको भिन्न भेद के हो ?

उत्तर—भेद यो हो कि दृश्यानुबिद्धमा काम, लोभ, भय आदि दृश्य चित्तामा खडा भए तापनि आफू हो तिनीहरूदेखि रहित प्रत्यक् चैतन्यमात्र यसप्रकार अनुभव हुन्छ । किन्तु यसप्रकारको अनुभवले संपूर्ण दृश्यबाट आफू रहित हो यसप्रकार अनुभव हुन सक्दैन । त्यसैले शब्दानुबिद्ध समाधि आवश्यक हुन्छ । शब्द के हो ? शब्द हो आफूको असंगता । अर्थात् वृत्तिमत् चित्तसित मेरो कुनै सम्बन्ध छैन । यसरी जब वृत्तिमत् चित्तबाट आफू रहित भनीकन अनुभव हुन्छ तब सारा दृश्यबाट आफू रहित हुन सक्छ। किनकि सारा दृश्य हो चित्तको वृत्तिरूप मात्र र त्यो संपूर्ण वृत्तियुक्त चित्तदेखि म हुँ असंग । यसरी पहिले एक दुई दृश्य चित्तमा आविर्भूत भए सहज रूपले दृश्यानुबिद्ध सविकल्प समाधिद्वारा आफ्नो चैतन्य स्वरूपमा स्थित हुन्छ ।

प्रश्न—यो दुई प्रकार समाधिमा के भेद छ ?

उत्तर—दृश्यानुबिद्ध समाधिको दीर्घकाल अभ्यास भए शब्दानुबिद्ध समाधि हुन्छ । अर्थात् जब एक दुई दृश्यबाट आफू प्रभावित हुँदैन, तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

सारा संभाव्य दृश्य (चित्ताको नाना प्रकार वृत्ति) बाट—शब्दानुविद्ध समाधिद्वारा—रहित हुन सक्दछ।

●

अन्नमय कोशको लंघन

यो लंघन मुखको कुराले सिद्ध नहुने। पहिले अन्नमय कोशको स्वरूपलाई जान्नुपर्दछ। "म हुँ देह, यो देह हो मेरो" यसप्रकार मोहवशात् चित्ताको वृत्ति निरन्तर उठिरहन्छ, त्यसको नाम हो अन्नमयकोश। त्यसको प्रशमन कसरी हुन्छ? जब सम्पूर्ण चित्तावृत्ति नष्ट हुन्छ, तब अन्नमय कोशको परित्याग संभव हुन्छ।

प्रश्न—किन?

उत्तर—जहाँसम्म अधिकारी पुरुषको चित्तसित सम्बन्ध (चित्त-विशिष्ट भाव रहन्छ) अर्थात् आफू अहंकार बनिरहन्छ, त्यहाँसम्म चित्तका वृत्तिहरू उठि नै रहन्छन्।

प्रश्न—"म हुँ देह" यो वृत्ति त नष्ट हुन सक्छ?

उत्तर—वृत्तियुक्त चित्त रहनुसम्म "म हुँ देह (किम्वा अहंकार)" यो सर्वप्रथम वृत्तिरूपले रहि नै रहन्छ। किनकि पहिले अहंकारको उत्पत्ति अनन्तर अहंकार सम्बन्धी देह आदिको अनुभव अवश्य उठिरहन्छ। त्यसैले वृत्तियुक्त चित्त रहनुसम्म म भाव (अहंकार किम्वा म हुँ देह यो निश्चय) अवश्य गर्नुहोस्।

प्रश्न—यसको विस्तृत वर्णन रहिरहन्छ?

उत्तर—जबसम्म चित्त नष्ट हुँदैन (निर्विकल्प समाधिमा मात्र चित्त विनष्ट हुनु संभव हुन्छ), तबसम्म अहंकार (देहमा आफू बुद्धि) रहिरहन्छ। अहंकार रहनुसम्म नाना प्रकार जगत् रहिरहन्छ। जीव र जगद्भावको अलिकति पनि निवृत्ति हुन सक्दैन।

प्रश्न—तब अन्नमय कोशको लंघन कसरी सम्भव हुन्छ?

उत्तर—जब आनन्दमय कोशको उल्लंघन हुन्छ, तब मात्र अन्नमय कोशको उल्लंघन सम्भव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रश्न—आनन्दमय कोशको उल्लंघन कसरी हुन्छ ?

उत्तर—आनन्दमय कोशको जो हिस्सा हो त्यो बुझ्नु पर्दछ। त्यो हो—(१) प्रिय मोद प्रमोद चित्तवृत्तिको अविद्यामा विलय हुनु (२) अज्ञानमा आनन्दस्वरूप आत्माको प्रतिबिम्बित हुनु (अज्ञान आनन्द किम्वा कारण आनन्द) (३) म सुखपूर्वक सुतिराखेको छु भनी सौषुप्त सुखको अनुभवको थाहा हुनु। यो तीन हिस्साको भित्र प्रिय मोदादि वृत्ति त अज्ञानमा हराइहाल्छ र अज्ञान ज्ञानद्वारा नष्ट हुन्छ। त्यो ज्ञान हो यस प्रकार—**जो सुखरूप ब्रह्म वस्तुलाई अज्ञानवशात् भोग गरिराखेको छ (आनन्दको भोक्ता किम्वा स्वाप्निक आनन्दमय) त्यो भोक्ता म होइन; किनकि त्यसको भोगलाई म प्रकाश गरिराखेको छु। त्यसकारण म हुँ भोक्ताको साक्षी यसप्रकार अनुभवलाई ज्ञान भनेको छ।** त्यो ज्ञानद्वारा अज्ञान विनष्ट भए अज्ञानतादात्म्ययुक्त ब्रह्मचैतन्य अज्ञानविनिर्मुक्त ब्रह्मचैतन्य भैहाल्छ। "म हुँ ब्रह्मानन्द" यसप्रकार अनुभव हुन्छ। यो हो कारणानन्दलाई उल्लंघन गरीकन ब्रह्मानन्द स्वरूपमा विचारवान् पुरुषको परिशेष।

प्रश्न—यहाँबाट के सिद्ध भयो ?

उत्तर—जब ब्रह्मानन्द प्राप्त हुन्छ तब मात्र अन्नमय आदि संपूर्ण कोशको उल्लंघन संभव हुन्छ। यसरी भृगु ब्रह्मज्ञानी बन्नुभएको थियो। यो कुराको विस्तृत विवेचन तैत्तिरीय उपनिषद्मा र "नारायण प्रसाद", "श्रुति विज्ञान", "स्वरूप प्रकाश" आदि नेपाली ग्रन्थ, "आनन्दतत्त्व मीमांसा", "उपनिषद्का अनुभव" आदि हिन्दी ग्रन्थ र "साक्षात्कार" पत्रिका वर्ष १० अंक ३ भार्गवी विद्या विशेषाङ्कमा पाइन्छ।

●

विचारको स्वरूप

शास्त्रमा बताइएको छ कि अधिकारीभेदले ज्ञानप्राप्तिको साधन हो योग र विचार। योगद्वारा चित्तको घमण्ड नष्ट हुन्छ। अर्थात् चित्त विक्षेपरहित भएर निश्चलरूपले स्थित रहन्छ। त्यसकारण जसको चित्त चंचल हो त्यसका लागि योग हो एकमात्र साधन। योगको पारिभाषिक अर्थ हो निष्काम कर्म र निर्गुण भक्ति; किम्वा चित्तको स्थिरता प्राप्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

किनकि चित्त पहिले अन्तर्मुख नभए कदापि प्रत्यगभिन्न भगवत्स्वरूपमा निश्चलतापूर्वक स्थित हुन सक्दैन ।

यसरी स्थिरचित्त पुरुषका लागि ज्ञानको एकमात्र साधन हो विचार। विचारको यद्यपि साधारण अर्थ हो विवेकद्वारा निर्णीत मिथ्या वस्तुको परित्यागपूर्वक परमार्थ सत्य वस्तुको (आत्मवस्तुको) ग्रहण, तापनि यसको पारिभाषिक अर्थ हो विधिपूर्वक आत्मस्वरूपलाई श्रवण गरीकन प्रमेय आत्मवस्तुको बारेमा जो असंभावना उदित हुन्छ त्यसको निराकरण गर्नु। श्रवणबाट अधिकारीको अवधारण हुन्छ कि आफ्नो वास्तव स्वरूप हो प्रत्यगभिन्न ब्रह्म; तर अधिकारीलाई विचारको सहारा विना शास्त्र र गुरुबाट श्रुत (सुनिएको) आफ्नो चित्स्वरूपता संभाव्य भनी प्रतीत हुँदैन । अर्थात् विचारको सहारा नलिए अधिकारी पुरुषको मनमा 'म कसरी शुद्ध चैतन्य स्वरूप हुन सक्छु' यसप्रकार असंभावना बुद्धि खडा हुन्छ ।

वेदान्त शास्त्रसित परिचित धेरै अधिकारी पुरुषहरूले आफूलाई चित्स्वरूप भनी अनुभव गर्न सक्दैनन् । शास्त्र र गुरुबाट सुनिएको आफ्नो चैतन्यस्वरूपता केवल विचारको बलले नै संभव हुन्छ भनी स्पष्ट रूपले अनुभूत हुन्छ। किनकि श्रवणको पछि शास्त्र, युक्ति र अनुभवको सहाराले आफ्नो चैतन्यस्वरूपतालाई संभव भनी निश्चय पर्नुपर्दछ। नभए आफूको चैतन्यस्वरूपता असंभव नै बनिरहन्छ र फलरूपले मनन अनन्तर जो कर्तव्यरूपले निदिध्यासन प्रतिपादित भएको छ, त्यसको अभ्यास सुदूर पराहत भैरहन्छ ।

जब मननद्वारा आफ्नो चित्स्वरूपता निश्चित हुन्छ, तब मात्र विपरीत भावनाको निवृत्तिको लागि निदिध्यासनको अभ्यास गर्नुपर्दछ। अर्थात् विचारित आत्मतत्त्वमा मन स्थापित रहन्छ। जहाँसम्म मनन किम्वा विचारद्वारा आफ्नो आत्मस्वरूपता निश्चित हुँदैन, त्यहाँसम्म आत्मस्वरूपको ध्यान संभव छैन। जब "म हुँ ब्रह्म" यस्तो निश्चय हुन्छ, तब मन स्वतः ब्रह्माकारमा आकारित हुन्छ। मनको ब्रह्माकार वृत्तिलाई निदिध्यासन भनेको छ। जब आत्मध्यान अर्थात् आत्माकार चित्तावृत्तिको प्रवाह चलिरहन्छ, तब निदिध्यासन सविकल्प समाधिरूपले परिणत हुन्छ ।

आत्मध्यान (किम्वा ब्रह्मध्यान)—जसको नाम हो निदिध्यासन, त्यसले विपरीत भावनालाई निवृत्त गरिदिन्छ। विपरीत भावना हो देहमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आत्मबुद्धि र जगत्मा सत्यताबुद्धि। यसको निराकरणका लागि निदिध्यासन आवश्यक हुन्छ। निदिध्यासन हो गीतोक्त ज्ञाननिष्ठा।

यसरी ध्यान (ब्रह्मध्यान) हो सविकल्प समाधिको पूर्वभावी अवस्था। यो दुई अवस्थाको भित्र भेद यो हो कि ध्यान हो विच्छेदपूर्वक अनुभव र सविकल्प समाधि हो आफ्नो ब्रह्मरूपताको अविच्छेदपूर्वक अनुभव।

यसको साधन हो चित्ताको आत्माकार वृत्ति। आत्माकार वृत्तिको प्रवाहको नाम हो सविकल्प समाधि। त्यसपछि चित्ता आत्माकार भएर रहँदैन, किन्तु चित्ता स्वतः निश्चल भैहाल्छ। जस्तो वायुरहित ठाउमा राखिएको दीपको शिखा निश्चलरूपले रहिरहन्छ, त्यस्तो जब चित्त निश्चल हुन्छ (अर्थात् वृत्तियुक्त चित्ता नष्ट हुन्छ) तब यसप्रकार मरेको चित्ता (मृत चित्ता किम्वा ब्रह्माकारवृत्ति) को उदय हुन्छ।

आत्माकारवृत्ति किम्वा चित्ताको ब्रह्माकार वृत्ति र ब्रह्माकरवृत्ति भिन्न भिन्न वस्तु हो। किनकि चित्तको ब्रह्माकार वृत्तिमा चित्ताको सद्भाव रहन्छ। किन्तु ब्रह्माकार वृत्तिमा चित्ता वृत्तिरहित किम्वा मृत भैहाल्छ। मृत चित्ताको नाम हो ब्रह्माकार वृत्ति। यसप्रकार ब्रह्माकार वृत्ति हो निर्विकल्प समाधिको साधन। अर्थात् जब मृत चित्ता विद्यमान रहन्छ तब आफ्नो ब्रह्मस्वरूपताको अनुभव स्पष्टरूपले अधिकारीको संभव हुन्छ। "म हुँ ब्रह्म" यसप्रकार अनुभवको साधन हो निर्विकल्प समाधि, जसमा वृत्तिरहित चित्ता विराजमान रहन्छ (अर्थात् ब्रह्माकार वृत्ति बनिरहन्छ)।

यसरी विचारद्वारा असंभावनाको निवृत्तिपूर्वक निदिध्यासनको सहाराले विपरीत भावनालाई हटाईकन आत्माकार वृत्तिको उत्पत्ति द्वारा सविकल्प समाधि सिद्ध हुन्छ र सविकल्प समाधिको प्रशस्त अभ्यास गरे मात्र निर्विकल्प समाधिमा पुग्नु संभव हुन्छ। यसरी विचारद्वारा ब्रह्मज्ञान संभव हुन्छ।

●

आत्मा जगद्रूपले किन प्रकाशित हुन्छ ?

आत्मा जगद्रूपले प्रकाशित हुन्छ अज्ञानीको दृष्टिमा मात्र। ज्ञानीको दृष्टिमा आत्मा आत्मरूपले हरहालतमा प्रकाशित रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

प्रश्न—अज्ञानीको निम्ति आत्मा जगद्रूपले किन प्रकाशित हुन्छ ?

उत्तर—किनकि अज्ञानी पुरुष हो जगद्वासनायुक्त चित्तसित मिलेको चैतन्य। त्यसकारण अज्ञानीको जगद्वासना अवश्य जगद्रूपले देख्नमा आउँछ।

प्रश्न—तब त्यो जगत्लाई साँचो किन नमान्ने ?

उत्तर—केवल वासनारूप भएको हुनाले त्यो जगत् वास्तव हुन सक्दैन; किनकि जगद्वासना हो अज्ञानकृत। त्यसैले जगद्रूपले जगत् साँचो हैन।

प्रश्न—जगत् साँचो हो वा मिथ्या ?

उत्तर—जगद्रूपले जगत् मिथ्या हो र मिथ्या वस्तु अधिष्ठान ब्रह्मरूप भएको हुनाले जगत् साँचो हो।

प्रश्न—आत्मा आत्मरूपले कसरी प्रकाशित हुन्छ ?

उत्तर—ज्ञानीको दृष्टिमा केवल आत्मा आफ्नो स्वप्रकाश सदानन्द-स्वरूपले प्रकाशित रहन्छ; जगद्रूपले आत्मा प्रकाशित हुँदै हुँदैन।

प्रश्न—यसको रहस्य के हो ?

उत्तर—रहस्य यो हो कि यद्यपि ज्ञानीले जगत् देख्नुहुन्छ तापनि ज्ञानीले जगत्लाई ब्रह्मरूपले जान्नुहुन्छ। यद्यपि जगत् मायाद्वारा देख्नमा आउँछ तापनि त्यो जगत्मा ज्ञानीले केवल ब्रह्मबुद्धि मात्र गर्नुहुन्छ। मायाद्वारा उपस्थापित जो जगत् हो त्यो जगत्लाई ज्ञानीले मिथ्या भनी जान्नुहुन्छ। किन्तु त्यो मिथ्या जगत्को अधिष्ठान ब्रह्म भएको हुनाले ज्ञानीले मायिक जगत्लाई देख्दा पनि ब्रह्मलाई देख्नुहुन्छ।

प्रश्न—एक आत्मा कसरी जगद्रूपलें र ब्रह्मरूपले (यो दुबै रूपले) प्रकाशित हुनसक्छ ?

उत्तर—अज्ञानीले जगत्को वासनाको विजृम्भणले गर्दा जगत् देख्दछ र त्यसलाई साँचो भनी मान्दछ। ज्ञानीमा केवल ब्रह्मवासना बसेको हुनाले मायाद्वारा उपस्थापित जगत्मा पनि ज्ञानीले केवल ब्रह्म-दर्शन गर्नुहुन्छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ब्रह्मभावनाको स्वरूप

"सब कुछ हो ब्रह्म" यो उक्तिलाई विश्लेषण गरेदेखि देखिन्छ कि सबप्रकार चित्तवृत्ति (त्रिपुटी) ब्रह्मदेखि अभिन्न साक्षिचैतन्यमा कल्पित भैकन प्रकाशित र सत्तावान् भैराख्दछ। त्यसैले संपूर्ण चित्तवृत्तिहरू साक्षिचैतन्यमा अध्यस्त भएको हुनाले तिनीहरू हो वास्तवमा अधिष्ठान चैतन्यरूप।

ऐले त्रिपुटी (म घटलाई जान्दछु) को विश्लेषणपूर्वक—अहंकार-द्वारा घटको प्रकाशन कसरी हुन्छ त्यो बुझ्नुपर्दछ। अहंकारले घटाकार वृत्तिलाई प्रकाश गर्छ; त्यसोभएको हुनाले प्रकाश्य र प्रकाशक भिन्न स्वरूप हुन्छ। त्यसकारण घटाकार वृत्ति र अहं वृत्ति एक प्रकारको हैन। किनकि अहं वृत्तिमा साक्षिरूप बिम्बचैतन्य र साभास अन्तःकरण-रूप प्रतिबिम्ब चैतन्य (यसप्रकार दुई चैतन्य) रहन्छ। किन्तु घटाकार वृत्तिमा एक चैतन्य रहन्छ (साक्षिचैतन्यको प्रतिबिम्ब रहँदैन)। त्यसकारण अहंकार र घटाकार यो दुवै वृत्तिरूप भए तापनि यो दुईमा विशेषता छ। त्यसैले एक हो प्रकाशक र अर्को हो प्रकाश्य।

यसरी यो सिद्ध हुन गयो कि त्रिपुटी हो वास्तवमा अधिष्ठानभूत साक्षिचैतन्य। साक्षिचैतन्यको स्वरूप हो ब्रह्मचैतन्य। त्यसैले जगत्को सबै पदार्थ हो वास्तवमा ब्रह्म। त्यसोभएको हुनाले ब्रह्मभावना संभव हुन्छ।

प्रश्न—यसको साधन के हो ?

उत्तर—साधन हो कुनै अनात्म वस्तु सिद्ध नभएको हुनाले चित्त वृत्तिरहित हुन्छ र वृत्तिरहित चित्त (ब्रह्माकार वृत्ति) द्वारा एक अद्वितीय स्वप्रकाश अखण्ड सुखस्वरूप ब्रह्मको स्वतः सिद्ध अनुभव बन्न जान्छ।

प्रश्न—यसप्रकार अनुभवको स्वरूप के हो ?

उत्तर—'म ब्रह्म हुँ' यो हो अनुभवको स्वरूप।

प्रश्न—वृत्ति कति प्रकारको हुन्छ ?

उत्तर—वृत्ति हुन्छ तीन प्रकारको। दुई प्रकारको वृत्ति हो चित्ताको सद्भाव पक्षलाई लिएर र तृतीय प्रकारको वृत्ति हो चित्तको असद्भाव पक्षलाई स्वीकार गरेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

प्रश्न—यसको दृष्टान्त के हो ?

उत्तर—दृष्टान्त हो—(१) घटाकार वृत्ति, (२) चित्तको ब्रह्माकार वृत्ति र (३) ब्रह्माकार (अखण्डाकार) वृत्ति।

प्रश्न—यो तीन प्रकारको अनुभव देखाउनुहोस् ।

उत्तर—(१) म (अहंकार वृत्तिले) घटलाई जान्दछु। (२) म चित्तको ब्रह्माकार वृत्तिद्वारा ब्रह्मस्वरूपलाई जानिराखेको छु (३) वृत्तिरहित चित्त (अखण्डाकार वृत्ति) द्वारा म आफ्नो ब्रह्मस्वरूपलाई स्पष्ट अनुभव गरिराखेको छु।

प्रश्न—कुन कुन अवस्थामा यो तीन प्रकारको अनुभव संभव हुन्छ ?

उत्तर—जाग्रत् अवस्थामा घटविषयक परिज्ञान संभव हुन्छ। सविकल्प समाधि अवस्थामा चित्तवृत्तिद्वारा ब्रह्मस्वरूपको अनुभव हुन्छ। निर्विकल्प समाधिदशामा संपूर्ण वृत्तिरहित मनद्वारा ब्रह्मस्वरूपको अनुभव स्पष्टरूपले हुन सक्छ।

प्रश्न—यो दुवै प्रकारको समाधिबाट भएको ब्रह्मानुभवमा भेद के हो ?

उत्तर—यो ज्यादा मसिनु विषय भएको हुनाले यो दुई प्रकारको ब्रह्मानुभवमा भेद बुझ्नुको लागि सूक्ष्म अन्तर्दृष्टि चाहिन्छ। त्यसोभए मात्र यो भेदानुभवको अनुभव हुन सक्छ। त्यसकारण त्यो भेद यहाँ बताइन्छ, तर त्यो भेदलाई अनुभव गर्नुको लागि तिमी सूक्ष्म दृष्टिलाई अवलम्बन गर।

भेद हो यसप्रकार—(१) ब्रह्माकारमा आकारित चित्तद्वारा मैले (साक्षीले) आफूलाई (साक्षीलाई) ब्रह्म भनी अनुभव गर्छु। चित्तको सहाराविना मैले ब्रह्मलाई अनुभव गरेको हैन। अर्थात् मैले (साक्षीले) स्वतः स्वयंप्रकाशमान ब्रह्मस्वरूपको अनुभव गरेको हैन। मेरो (साक्षिस्वरूपको) जो ब्रह्मरूपता हो त्यो स्वयं भासेको हुँदैन, किन्तु ब्रह्माकारमा आकारित चित्तवृत्तिको अपेक्षा भैरहेको छ।

(२) म साक्षी हैन, किन्तु म हुँ स्वयंसिद्ध सर्वदा प्रकाशमान एकमात्र परमार्थ सत्य वस्तु। म आफ्नो सनातन ब्रह्मस्वरूपले भासमान भैराखेको छु। यसमा चित्त आदि कुनै साधनको सहारा चाहिंदैन। ब्रह्मस्वरूप आफू निरावरण आफ्नो वास्तव सनातन स्वरूपमा स्थित छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

यसरी अनुभवमा जो भेद छ, त्यो सूक्ष्म भए तापनि दुवै अनुभव हो स्पष्टरूपले भिन्न। किन्तु यो भेदको अनुभव केवल राम्ररी अभ्यस्त प्रत्यग्दृष्टि भएमात्र हुन सक्छ, नभए हुन सक्दैन।

प्रश्न—त्यसो भए तीन प्रकार वृत्तिद्वारा घटको र ब्रह्मको अनुभवमा के भेद छ ?

उत्तर—चित्तको सद्भावमा र चित्तको अभाव पक्षमा जो घटादिको अनुभव हुन्छ त्यसमा भेद अत्यन्त स्पष्ट छ। त्यो यसप्रकार हो—

(१) घटाकार वृत्तिद्वारा अहंकारले जो घटादिलाई जान्दछ त्यसमा घटसित घटको ज्ञाताको जो एकता हुन्छ अर्थात् घटको जो अपरोक्ष ज्ञान हुन्छ त्यसको साधन हो घटाकार वृत्तिको उत्पत्ति। यसरी घटज्ञानमा अपरोक्षता सम्भव हुन्छ। साक्षाद्रूपले होइन, किन्तु घटाकार वृत्तिको उत्पत्तिपूर्वक। यसरी साक्षिस्वरूपमा घट अध्यस्त हुन्छ। घटाकार वृत्तिको उत्पत्तिपूर्वक घट र म एकता प्राप्त गर्छ—दुवैमा व्यवधान रहँदैन—घटाकार वृत्तिको उत्पत्तिद्वारा।

(२) किन्तु सविकल्प समाधि दशामा मेरो र ब्रह्मको एकताको अनुभव हुन्छ चित्तको ब्रह्माकार वृत्तिको उत्पत्तिद्वारा। मेरो र ब्रह्मरूपको कुनै भेद नरहनुको अनुभव हुन्छ—चित्तको ब्रह्माकार वृत्तिको उत्पत्तिको सहाराले। चित्तको ब्रह्माकार वृत्तिको उत्पत्ति बिना मसित ब्रह्मको एकताको अनुभव हुँदैन। साक्षी म र ब्रह्म एकीभूत भैहाल्दछ; किन्तु यो एकताको अनुभव केवल चित्तको ब्रह्माकार वृत्तिद्वरा सम्भव हुन्छ।

(३) निर्विकल्प समाधि दशामा म स्वयं ब्रह्मस्वरूप बनिहाल्छु र मेरो ब्रह्मस्वरूपताको अनुभव स्वयं प्रकाशित हुन्छ। किनकि त्यस वेला ब्रह्मस्वरूप स्वयं प्रकाशमान भैहाल्छ। यद्यपि यसको साधन हो अखण्डाकार वृत्ति तापनि त्यो वृत्ति चित्तको परिणामरूप होइन, किन्तु त्यो सम्पूर्ण वृत्तिरहित चित्तको विद्यमानता मात्र हो। किन्तु त्यो विद्यमान चित्त निर्विकल्प समाधिकालमा भासमान हुँदैन, किन्तु वृत्तिरहित चित्तलाई भित्र धारण गरीकन मेरो वास्तव ब्रह्मस्वरूप मात्र भासमान भैरहन्छ। चित्तको विद्यमानता तत्कालमा अनुभूत हुँदैन तापनि यो अखण्डाकार वृत्ति (चित्तको विद्यमानता) समाधि दशामा पनि अवश्य मान्नुपर्दछ। त्यसो नभए मबाट मेरो वास्तव स्वयं प्रकाश ब्रह्मस्वरूपको अनुभव हुन सक्ने थिएन; तापनि यो अनुभव हो केवल स्वयं प्रकाशमान मेरो सनातन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

एक अद्वितीय ब्रह्मस्वरूप। त्योदेखि अतिरिक्त कुनै कुरा हैन। यसरी निर्विकल्प समाधि दशामा स्वतःसिद्ध स्वयं प्रकाशमान प्रत्यगभिन्न ब्रह्म वस्तु प्रकाशमान रहन्छ। ब्रह्मसित मेरो एकताको अनुभव स्वयं सिद्ध छ। तत्कालमा कुनै भिन्न साधनद्वारा ब्रह्मस्वरूपताको अनुभव सिद्ध भएको छैन।

●

इन्द्रियनिरोधको आवश्यकता

प्रश्न—मनलाई भित्र बलिराखेको आत्मस्वरूपमा स्थिर राख्न हामीहरू किन सक्दैनौं ? नसक्नुमा कारण के हो ?

उत्तर—प्रश्नको विश्लेषणपूर्वक राम्ररी बुझौं। प्रश्नमा बताइएको परिस्थिति हो मजाको। किन्तु विश्लेषणपूर्वक बुझ्न कोशिस गरे प्रश्नको जवाफ हो सहज। मन जो भित्र स्थित छ, त्यो मन र भित्र बलिराखेको चैतन्य आत्मा (जसमा मनलाई किन स्थापन गर्न सकिंदैन भनी जिज्ञासा भएको छ) वास्तवमा भिन्न भिन्न वस्तु हैन। किनकि आत्मस्वरूपको अज्ञानले गर्दा आत्मस्वरूपमा मन कल्पित भएको छ। किन्तु जहाँसम्म मनको अलग सत्ता मानिन्छ, त्यहाँसम्म मनलाई साक्षीस्वरूपमा स्थापन गर्नु कठिन भनी प्रतीत हुन्छ। यसको एकमात्र कारण हो मन बलात् बाहिर खिचिन्छ। मनलाई बाहिर आकर्षण गर्नेवाला पदार्थ हो इन्द्रिय इन्द्रियले मन बाहिरतिर खिचिन्छ। त्यसकारण जहाँसम्म इन्द्रियनिरोधमा मानिस यत्न गर्दैन त्यहाँसम्म अनियंत्रित मन पद पदार्थमा घुमिनै रहन्छ र साक्षी स्वरूपमा स्थित हुन सक्दैन। किन्तु इन्द्रियनिरोधद्वारा मन जब स्वतः बाहिर निस्कन छोडदिन्छ तब चैतन्य स्वरूपमा बलात् स्थिति भइरहन्छ। त्यसकारण मनलाई स्वरूपमा स्थित गर्नुका लागि प्रयत्नपूर्वक इन्द्रियलाई निरोध गर्नुपर्दछ।

●

आनन्दभोग र आनन्दको अनुभव

सुषुप्तिमा जो भोग हुन्छ त्यो भोगद्वारा त्रिपुटीरूप भोक्ता भोग्य र भोग सिद्ध भएको हुनाले सुषुप्तिकालीन आनन्दको भोग हो आनन्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रतिबिम्बको भोगमात्र । सुषुप्ति कालमा अविद्यामा ब्रह्मानन्द प्रतिबिम्बित हुन्छ र अविद्याको तीन प्रकार वृत्तिद्वारा भोक्ता, भोग्य र भोग सिद्ध हुन्छ । त्यसकारण त्यहाँ आनन्दको अनुभव नभएर त्यसको (आनन्दको) प्रतिबिम्बको भोग संभव हुन्छ ।

निर्विकल्प समाधिमा आनन्दको भोग हुँदैन । किनकि यहाँ कुनै उपाधि नभएको हुनाले ब्रह्मानन्दको प्रतिबिम्बन संभव छैन । त्यसकारण स्वयंप्रकाश ब्रह्मानन्दको स्वतः सिद्ध अनुभवमात्र निर्विकल्प समाधिमा सिद्ध हुन्छ ।

●

आत्माको अस्तिता

आत्माको अस्तिता आत्माको स्वयंसिद्धता किम्वा स्वयंप्रकाशताबाट सिद्ध हुन्छ । आत्मा हरहालतमा सबै देशमा सबै अवस्थामा अवश्य विद्यमान रहन्छ; किनकि तत्तत् देश, तत्तत् काल र तत्तत् अवस्थाको सिद्धिको लागि आत्माको सिद्धि अवश्य मान्नुपर्दछ । मेरो जन्मको सय वर्षको पहिले म थिएँ कि थिइन भन्ने प्रसंगमा म अवश्य थिएँ भनो सबैले भन्दछन् । त्यसरी मर्नुको सय वर्षको पछि पनि तिमी रहन्छौ कि भनी सोधे म (आत्मा) अवश्य रहन्छु भनी सबैले भन्दछन् ।

यसप्रकार आत्माको अस्तितालाई स्वीकार गर्नु अनिवार्य हो । किनकि आत्मालाई स्वीकार नगरे उसमा कल्पित तत्तत् स्थिति सिद्ध हुने थिएन । यसरी आत्माको अस्तिता अवश्यंभावी मानिए तापनि त्यसको बारेमा बुद्धिपूर्वक स्पष्ट अनुभव नहुनुको कारण हो ऐले जाग्रद् दशामा सच्चित् सुखरूप आत्मस्वरूपलाई सम्यक् अनुभव गर्न नसक्नु । त्यसैले श्रुतिमा कहिएको छ कि यो जन्ममा यदि कसैले आत्मालाई जान्दैन तब त्यसको ठूलो हानि हुन्छ । त्यसैले आत्मस्वरूपको अनुभव गर्नु हो हाम्रो मनुष्य जीवनको एकमात्र कर्तव्य ।

यदि हामीहरू यो वर्तमान जन्ममा चित्तशुद्धि अर्जनपूर्वक आफ्नो वास्तव स्वरूपको बारेमा निश्चय र आफ्नो वास्तव स्वरूपमा नित्य निरन्तर प्रेमपूर्वक दीर्घकाल स्थित रहनुको अभ्यास गर्दैनौं, तब हाम्रो बुद्धिपूर्वक आत्मस्वरूपलाई सम्यक् अनुभव गर्नु कदापि संभव छैन । त्यसैले यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

जीवद्दशामा आत्मस्वरूपको कसैले अनुभव गर्दैन भने त्यसबाट आत्म-स्वरूपको सनातन स्थिति जान्नु कसरी संभव होला ?

प्रश्न—यदि मैले आत्माको तीनै कालमा अस्तिताको अनुभव गरिराखेको छु, तब आत्माको बारेमा बुद्धिपूर्वक मैले किन जान्न सक्दिन ?

उत्तर—आत्मस्वरूप स्वतः सिद्ध भएकोले आत्माको सामान्य-रूपले अस्तिताको बारेमा हामीहरूलाई शंका नभए तापनि हामीहरूको प्रमाता र प्रमेय (जगत्) भावको निरसनपूर्वक आत्मस्वरूपमा अन्तिम स्थिति नभएको हुनाले हामीहरू आत्माको पारमार्थिक सत्यतालाई बुद्धि-पूर्वक ग्रहण गर्न सक्दैनौं ।

प्रश्न—त्यसो भए के गर्नुपर्दछ ?

उत्तर—सामान्य अनुभव हो आत्माको स्वयं प्रकाशमानता; त्यो हो आत्माको स्वरूप । किन्तु अज्ञानी मनुष्यले आत्मादेखि भिन्न वस्तु हो भनी आफूलाई मानेको छ । त्यसैले त्यसले जहाँसम्म आफूको आत्मा-देखि भिन्नता (प्रमाता र प्रमेय भाव) लाई मिथ्या भनी निश्चयपूर्वक त्यो मिथ्यात्वलाई प्रत्यक्ष अनुभव गर्दैन तबसम्म प्रमाता र प्रमेयभाव रहिरहे-को हुनाले आफू आत्मस्वरूप बन्न सक्दैन । त्यसकारण आत्माको सनातन सुखस्वरूपतालाई बुद्धिपूर्वक ग्रहण गर्न कदापि समर्थ हुँदैन । त्यसैले आत्माको स्वरूपलाई अपरोक्षरूपले अनुभव गर्नुपर्दछ; आफ्नो प्रमाताभाव र प्रमेयभावको सम्यक् निरसनपूर्वक जो परिशिष्ट आफ्नो वास्तव ब्रह्म-स्वरूप हो त्यसलाई प्राप्त गर्नुपर्दछ । जब जीव आफ्नो सनातन शिवभाव-लाई प्राप्त गर्छ—त्यो प्राप्ति हो राधेयभावबाट कौन्तेय स्वरूपको प्राप्ति झैं—तब त्यसले बुद्धिपूर्वक आफ्नो सनातन स्वरूपलाई ग्रहण गर्न सक्छ ।

प्रश्न—यसको कारण के हो ?

उत्तर—जो चाहिं निश्चित रूपले सम्यक् अनुभूत आफ्नो वास्तव स्वरूप हो त्यो आफूको लागि सदा प्रकाशमान भैराखेको हुनाले त्यसको स्मृति अवश्य नै हुन सक्छ । अननुभूत कुराको स्मृति संभव छैन ।

प्रश्न—अनुभव र स्मृति गर्नेवाला को हो ?

उत्तर—अनुभव गर्नु हो मुमुक्षुको ब्रह्म बन्नु; र त्यसपछि बनेको ब्रह्मस्वरूपमा मायाद्वारा कल्पित सर्वज्ञ ज्ञानवान्‌बाट आफ्नो वास्तव ब्रह्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

स्वरूपको भूतपूर्व स्पष्ट परिज्ञानवशात् उत्पन्न भएको संस्कारको बलले केवल त्यसबाट बुद्धिपूर्वक (कल्पित चित्तको दृढतापूवक) ब्रह्मस्वरूपको सनातन अस्तिताको स्मरणको उपलब्धि संभव हुन्छ। सार कुरा यो हो कि केवल ज्ञानवान् पुरुषले बुद्धिपूर्वक आफ्नो सनातन स्वरूपलाई अत्यन्त स्पष्टतापूर्वक अनुभव गर्न सक्दछ।

●

आनन्दमय कोश विवेचन

आनन्दमय कोशको पाँच हिस्सा छ—(१) साभास अविद्यामा लीन अन्तःकरणको प्रियवृत्ति, (२) मोदवृत्ति, (३) प्रमोदवृत्ति, (४) साभास अविद्यामा प्रतिविम्बित ब्रह्म (अज्ञानानन्द किम्वा कारण आनन्द) र (५) ब्रह्मानन्द। अर्थात् लीन कार्यानन्द, कारणानन्द र ब्रह्मानन्द। यसको भित्र कार्यानन्द (अर्थात् माथि बताइएको एक, दुई र तीन) आनन्दमय कोशरूप होइन, किन्तु कारणानन्द किम्वा अविद्यामा प्रतिविम्बित ब्रह्मानन्द हो आनन्दमय कोशरूप। आनन्दमय कोश त्यसकारण हो साभास अविद्यामा प्रतिविम्बित ब्रह्मानन्द। यसको नाम हो स्वाप्निक आनन्दमय किम्वा ब्रह्मानन्दको भोक्ता। यसरी आनन्दमय कोशलाई प्राप्त गरीकन भृगु आपात—दृष्टिले भोक्ता भनीकन आफ्नो स्वरूपलाई प्राप्त गरेको थियो, किन्तु विचारले भोक्ता आफ्नो वास्तव स्वरूप नठहरेको हुनाले आफ्नो वास्तव स्वरूप हो त्यो भोक्ताको साक्षी भनी अनुभव गर्नुभयो। त्यसमा कारण यो हो कि जो चाहिं हो अविद्यामा प्रतिविम्बित ब्रह्मानन्द अर्थात् जो हो आनन्दमय कोश त्यो प्रतिविम्बरूप भएको हुनाले र प्रतिविम्बले विम्बलाई देखाएको हुनाले विम्बभूत ब्रह्मानन्द निजी स्वरूप हो र त्यो निजी स्वरूपमा भूतहरूको उत्पत्ति स्थिति र लय सम्भव हुन्छ। किनकि कारणानन्द विचारले नष्ट भएको छ र आनन्दमय कोशको पञ्चम अवयव (पुच्छ र प्रतिष्ठा त्यो) ब्रह्मानन्द किम्वा भूमामा जगत्को सृष्टि स्थिति र संहार अवश्य उपपन्न हुन्छ।

यसरी कार्यानन्दलाई र कारणानन्दलाई निरसन गरीकन अवशिष्ट जो विम्बभूत ब्रह्मानन्द आफ्नो स्वरूप हो भनी भृगुले प्राप्त गरेका थिए, त्यसमा ब्रह्मको लक्षण पूरा घटेको छ र त्यसकारण आनन्दमय कोशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

विचारद्वारा भृगु क्रमले आफ्नो स्वरूपभूत ब्रह्मानन्दमा पुग्नुभयो र कृतार्थ पनि हुनुभयो। यसैको नाम हो भार्गवी विद्या। यसरी आफ्नो स्वरूपभूत ब्रह्मानन्दलाई प्राप्त गरीकन भृगु फेरि पिताजी कहाँ पुग्नुभएको थिएन। किनकि यो हो सर्वोत्कृष्ट विद्या र यसको सर्वाधिक उत्कर्ष भृगुले निःसंदिग्ध र अविपर्यस्तरूपले आफूले अनुभव गर्नुभएको थियो।

●

रसास्वाद

पहिले सविकल्प समाधि बुझ्नुपर्दछ। सविकल्प समाधि हो चित्तको सहाराले आफ्नो ब्रह्मस्वरूपताको अनुभवको काल। यहाँ सविकल्पताको अर्थ हो ब्रह्माकारमा आकारित चित्तको सद्भाव। सविकल्प समाधिमा म हुँ ब्रह्मस्वरूप यसप्रकार मुमुक्षुको अनुभव भैरहन्छ। अर्थात् सविकल्प समाधिमा कुनै पदार्थको शरीरको इन्द्रियको भान हुँदैन। किम्वा मन बुद्धिको कुनै प्रकार वृत्तिको उत्पत्ति सम्भव हुँदैन; किन्तु केवल आफ्नो ब्रह्मस्वरूपताको अनुभव भैरहन्छ।

तापनि सविकल्प समाधिमा रसास्वाद रहन्छ भनी शास्त्रमा बताएको छ, किन्तु वास्तवमा सविकल्प समाधिमा रसास्वाद हुन सक्दैन। किनकि रसास्वाद हो चित्तको त्रिपुटीरूप। त्यसकारण रसास्वाद सविकल्प समाधिमा असंभव भए तापनि समाधिमा जो ब्रह्मस्वपको अनुभव भैरहन्छ। अर्थात् ब्रह्म वस्तुको किम्वा ब्रह्मानन्दको जो अनुभव भैरहन्छ त्यो अनुभवको क्षणको दोस्रा क्षणमा रसास्वाद संभव हुन्छ। अर्थात् ब्रह्मानन्दको अनुभवको क्षणमा त्रिपुटीको संभावना नभए तापनि सविकल्प समाधिबाट व्युत्थान कालमा मुमुक्षुद्वारा आफूदेखि पृथक्‌रूपले ब्रह्मसुखको अनुभव हुन सक्छ। यसरी ब्रह्मस्वरूपताको स्वयं अनुभव कालदेखि रसास्वादको अनुभवको काल हो भिन्न (समाधिबाट व्युत्थानको क्षण)।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ब्रह्मको अनुभव

ब्रह्म केवल अनुभवरूप भएको हुनाले त्यो अनुभवको विषय हुन सक्दैन। त्यतिमात्र हैन, समाधिमा ब्रह्मको अनुभव हुन्छ भनी भने पनि समाधिमा ब्रह्मको अनुभव हुनु संभव छैन। कारण यो हो कि ब्रह्म हो केवल अखण्ड अनुभवस्वरूप।

प्रश्न—तब ब्रह्मानुभव, अद्वैतानुभव भनी शास्त्रमा भनिएको छ, त्यसको आशय के हो?

उत्तर—ब्रह्मको अनुभव हुन्छ, यो आशय हैन। किनकि ब्रह्म-स्वरूपमा अनुभविता र अनुभाव्यरूप द्वैत रहँदैन, किन्तु अज्ञात ब्रह्मको अनुभव संभव हुन्छ। अज्ञात ब्रह्मको जो अनुभव हो त्यसले अज्ञाततालाई निवारण गर्दछ; अर्थात् अज्ञात ब्रह्मलाई ज्ञात तुल्याउँछ।

प्रश्न—कसरी?

उत्तर—पहिले चित्तको ब्रह्माकार वृत्ति र पछि वृत्तिशून्य चित्तको अखण्डाकार वृत्तिले ब्रह्मस्वरूपमा कल्पित अज्ञानलाई नष्ट गरिदिन्छ र ब्रह्म सकृत् र स्वयं प्रकाशित भैहाल्छ। यसरी अज्ञात ब्रह्मको परिज्ञान अर्थात् पहिले जो मैले ब्रह्म स्वरूपलाई जानेको थिइन त्यो ब्रह्म ऐले मबाट परिज्ञात भैसकेको छ। म ब्रह्मलाई सम्यक् जानेको छु यसप्रकार ज्ञान संभव हुन्छ।

प्रश्न—यसमा रहस्य कुरा के हो?

उत्तर—रहस्य कुरा यो हो कि—

(१) अज्ञात ब्रह्मको परिज्ञान संभव हुन्छ;

(२) त्यसको साधन हो वृत्तिरहित चित्तको ब्रह्माकार वृत्ति।

(३) समाधि कालमा त्यो ब्रह्माकार वृत्ति पृथक् रूपले भासमान नभए तापनि

(४) समाधिबाट उठेपछि त्यो ब्रह्माकार वृत्तिको अनुमान अवश्य हुन्छ।

यसरी अज्ञात ब्रह्मको पनि जो अनुभव हो त्यो यद्यपि समाधि कालमा अनुभव हुनु संभव छैन। तापनि व्युत्थान दशामा ब्रह्माकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

वृत्तिद्वारा ब्रह्म स्वरूपको अनुभव मानिन्छ। यसप्रकार मान्नु बिना अज्ञात ब्रह्म स्वरूपको बुद्धिपूर्वक परिज्ञान संभव छैन।

आत्मा हो प्रकाशरूप—यसको अर्थ

प्रकाश हो दुई प्रकार—(१) लौकिक (२) अलौकिक। लौकिक प्रकाश आत्माबाट प्रकाशित भएको हुनाले आत्माको प्रकाशरूपता हो अलौकिक प्रकाश। आत्मा अलौकिक प्रकाशरूप भएको हुनाले आत्मालाई जान्नु (प्रकाश गर्नु) कदापि संभव छैन।

प्रश्न—तब प्रकाशरूप आत्मालाई जान्नुको अर्थ के हो ?

उत्तर—आत्मालाई जान्नु संभव छैन; किन भने ज्ञाता ज्ञान र ज्ञेयरूप त्रिपुटीहरू साक्षिभास्य भएको हुनाले सर्वथा मिथ्या हो। त्यसैले प्रकाशस्वरूप आत्माको ज्ञान कहिले पनि संभव छैन।

प्रश्न—आत्माकोज्ञान संभव नभए मोक्षको साधन के हो ?

उत्तर—मोक्षको साधन हो आत्मज्ञान, किन्तु त्यसको अर्थ आत्मालाई जान्नु यस्तो हैन। किनकि आत्मालाई कसले जान्न सक्छ ? कसैले पनि जान्न सक्दैन।

प्रश्न—किन ?

उत्तर—आत्मा हो सबैको ज्ञाता, अर्थात् परमार्थ सत्य अद्वितीय प्रकाशरूप वस्तु।

प्रश्न—आत्मज्ञान भन्नाले के बुझिन्छ ?

उत्तर—आत्मज्ञान आत्माको ज्ञान नभए तापनि मैले आत्मालाई जानेको छु किम्वा "म हुँ ब्रह्म" यसप्रकार ब्रह्माकार वृत्ति बुद्धिवृत्तिरूप हो। यसमा कारण यो हो कि केवल बुद्धिवृत्तिलाई जान्नु संभव छ।

प्रश्न—यसैको स्पष्टीकरण गर्नुहोस् ?

उत्तर—मुमुक्षु पुरुषले "म हुँ ब्रह्म" यसप्रकार जान्न सक्छ; किनकि ब्रह्माकार वृत्ति साक्षीबाट प्रकाशित हुन्छ (आत्मा प्रकाशित हुँदैन)। किन्तु ज्ञेय विषय "म हुँ ब्रह्म" यसप्रकार वृत्तिरूप नभए तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

वुद्धिले यो भ्रम उत्पन्न गरिदिन्छ कि "म हुँ ब्रह्म" अर्थात् "मैले ब्रह्मलाई जानेको छु"। किन्तु "मैले ब्रह्मलाई जानेको छु" भन्नुको स्वरूप हो केवल वुद्धिको वृत्तिमात्र। त्यसैले ब्रह्मलाई जान्नुको सट्टा मुमुक्षु पुरुषले ब्रह्माकार वृत्तिलाई जान्दछ।

प्रश्न—यहाँबाट के सिद्ध भो ?

उत्तर—यो सिद्ध भयो कि ब्रह्मलाई जान्नु कदापि संभव छैन। किन्तु ब्रह्माकार वृत्तिलाई जान्नु संभव छ।

प्रश्न—तब "मैले ब्रह्मलाई जानेको छु" भनी-ज्ञानी कसरी भन्नुहुन्छ ?

उत्तर—ज्ञानवान् पुरुष आफ्नो ब्रह्मस्वरूपताको अनुभव बताउनुहुन्छ। त्यो अनुभव हो केवल ब्रह्माकार वृत्तिको; किनकि ब्रह्माकार वृत्तिको लक्षण हो "मैले ब्रह्माकार वृत्तिलाई जानेको छु", किन्तु मबाट ब्रह्मलाई जान्नु हो केवल वुद्धिको वृत्तिमात्र, त्यो ब्रह्मको स्वरूप हैन।

●

विवेकको स्वरूप

(लघुवाक्यवृत्तिमा आधारित)

प्रतिकूल परिस्थितिमा त्यसको प्रतिक्रिया आफूमा मानेर मानिसले उद्वेग प्राप्त गर्छ र निश्चय गर्छ "मेरो ठूलो हानि भएको छ"।

प्रश्न—यो ठाउमा कस्तो विचारद्वारा स्थित हुनुपर्छ ?

उत्तर—विवेकपूर्वक विचारद्वारा। त्यो विवेक हो यसप्रकार—

(१) यसप्रकार दशामा ऐले अधिष्ठान अंश र आरोप्य अंशलाई पृथक् गर्नुपर्छ। आरोप्य अंश हो "म उद्वेग प्राप्त भएको छु"। अधिष्ठान हिस्सा हो अन्तःकरण र त्यो वृत्तिसित बिलकुलै सम्पर्कशून्य शुद्ध चैतन्य।

(२) आरोपित हिस्सा "म उद्वेगवान् भएको छु" "म ठूलो मुस्किलमा परेको छु" यसमा जसलाई "म" भनीकन मानिराखेको छु त्यो अन्तःकरणको वृत्तिरूप उद्वेगवान् भएको वस्तु म हैन; त्यसकारण यो नयाँ उद्वेगवान् पहिले थिएन। तब पहिले के थियो ? यसको अनुसन्धान गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

पर्छ। यसरी यो सजिलोसित निर्णय हुन्छ कि अहिले खेदको एक क्षण पहिले आरोप्य हिस्सारहित अधिष्ठानरूप शुद्ध चैतन्य वस्तु नै थियो। त्यसोभए म वस्तु अनारोपित शुद्ध चैतन्य भनी सजिलोसित निर्णय भएकोले बल गरीकन त्यसैमा अैले आफूबुद्धि स्थापित गर्नु। किनकि आफू वास्तवमा अैले शुद्ध चैतन्यरूप भन्ने देखियो।

यसरी उद्वेगवान् नयाँ आरोपित आफूलाई मिथ्या बुद्धिले परित्याग गरेर अनारोपित सदा स्थित जो वास्तव चित्स्वरूप हो उसैमा आफू बुद्धि विवेकको सहाराले स्थापित गरीकन उद्वेगादि सारा आरोपित चित्तवृत्तिलाई सम्पूर्ण रूपले परित्याग गरिदिनू।

●

मनो नाशको क्रम

घट अनात्मा भएको हुनाले (इन्द्रियगोचर भएको हुनाले) अन्तःकरण आँखा इन्द्रियबाट निस्किएर घट सित सम्पर्क जोडिहाल्छ र त्यस पछि भित्र फर्कन्छ (घटाकार वृत्तिको उत्पत्ति) र घटाकार वृत्तिद्वारा प्रमाताले घटलाई जान्दछ। घटाकार वृत्तिले घटगत अज्ञानलाई नष्ट गर्छ र प्रमाताले घटलाई जान्दछ। यो दुई हो क्रमले वृत्तिव्याप्ति र फलव्याप्ति।

त्यस्तै मन जब स्वात्मवस्तुमा स्थित हुन्छ (अर्थात् स्वात्मवस्तुलाई चिन्तन गर्छ) तब त्यो स्वात्मवस्तुरूप आकार (स्वात्मवस्तुको आकार हो ब्रह्माकार) द्वारा स्वात्मवस्तुलाई अनुभव गर्छ। यो स्वात्मानुभव हो साक्षिभास्य यसैको नाम हो-- सविकल्प समाधि।

आत्म स्वरूपमा मनको स्थिति हो मुमुक्षुको ब्रह्माकार वृत्तिको सहाराले आफ्नो ब्रह्म स्वरूपलाई अनुभव गर्नु। यस प्रकार (जस्तो घटाकार वृत्तिद्वारा घटलाई जान्दछ त्यस्तै) चित्तको ब्रह्माकार वृत्तिद्वारा ब्रह्मलाई (आफ्नो वास्तव स्वरूपलाई) जान्नु सम्भव हुन्छ। यो हो गीताजीको षष्ठ अध्यायको "मनलाई आत्मामा सम्यक् स्थित गर्नु"।

गीतोक्त "न किञ्चिदपि चिन्तयेत्" हो साक्षि-भास्यताको अभाव; अर्थात् सविकल्प समाधिको पनि उल्लङ्घन। निर्विकल्प समाधिमा चित्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ब्रह्माकार वृत्ति हुँदैन, किन्तु चित्त संपूर्ण वृत्तिशून्य भएर विद्यमान रहन्छ। यसैको नाम हो अखण्डाकार वृत्ति (वृत्तिशून्य मनको ब्रह्मस्वरूपमा अर्थात् ब्रह्माकारमा अवस्थान)। यसमा विद्यमान चित्त पृथक् रूपले अवभासित हुँदैन, किन्तु ब्रह्ममात्र भासमान रहन्छ।

ब्रह्म स्वप्रकाश भएको हुनाले ब्रह्मस्वरूपको भासमानता साक्षि-भास्य हैन। ब्रह्माकार वृत्ति स्वयं प्रकाशमान हो।

सविकल्प समाधिको चित्तको ब्रह्माकार वृत्ति र चित्तद्वारा ब्रह्म-स्वरूपको चिन्तन हो साक्षिभास्य।

यो हो सविकल्प र निर्विकल्प समाधिको भिन्न भेद।

यसरी शंकरोक्त "आत्मस्वरूपमा सर्वदा स्थित भए मन" नष्ट भैहाल्छ "मनो नश्यति योगिनः" अर्थात् मन वृत्तिशून्य भएर ब्रह्माकारमा अवस्थित रहन्छ। यो सविकल्प समाधिको परिपाकले वासना निवृत्त हुन्छ (वासनानां क्षयश्चातः) त्यसकारण नित्य निरन्तर ब्रह्माकार वृत्तिको अनुवृत्ति गरिराख (स्वाध्यासापनयं कुरु)।

निदिध्यासन र सविकल्प समाधिको पार्थक्य र उसको बाटो

निर्गुण भक्त (शुद्धचित्त पुरुष) स्वतः आफ्नो वास्तव नित्य चित्-सुखस्वरूपमा स्थित रहन्छ; यसैको नाम हो—चित्स्वरूप आत्मामा स्वतः अवस्थान।

"स्वतः" शब्दको अर्थ हो चित्तलाई क्रमले वृत्तिशून्य तुल्याएर ब्रह्माकार वृत्तिको उत्पत्तिपूर्वक प्रयत्नसाध्य आफ्नू स्वरूपको अनुभवमा अैले नलागीकन केवल चित्तको परिशुद्धिको फलले आफ्नो वास्तव स्वरूप-मा कादाचित्क स्थिति प्राप्त गर्नु।

त्यसकारण ज्ञाननिष्ठा किम्वा निदिध्यासनको परिपाक अवस्थामा मुमुक्षु प्रयत्नपूर्वक पुग्न सकोस् यो अभिप्रायले गुरु र शास्त्रले परा ज्ञान-निष्ठा किम्वा समाधि बताउनु हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

यो समाधि पैले सविकल्परूप हुन्छ । सविकल्पता हो चित्तको ब्रह्माकार वृत्तिद्वारा आफ्नो ब्रह्मस्वरूपको अनुभव गरिराख्नुको साक्षि-भास्यता । यो निदिध्यासनको परिपाकरूप भएको हुनाले अर्थात् समाधि केवल निदिध्यासनरूप (स्वरूपको स्वतः सिद्ध कादाचित्क अनुभवरूप) नभएर अलिकति उत्कृष्ट ब्रह्मस्वरूपको अनुभवरूप भएको हुनाले यसमा चित्तको ब्रह्माकार वृत्तिको साक्षिप्रत्यक्षरूपले विद्यमानता बताइएको छ । अर्थात् चित्तको परिणामतालाई शिथिल तुल्याउनुको लागि चित्तको केवल साक्षिभास्य ब्रह्माकार वृत्तिलाई अंगीकार गरिएको छ । अर्थात् "म ब्रह्म हुँ" यसप्रकार ब्रह्माकार चित्तवृत्तिद्वारा ब्रह्मस्वरूपको निरवच्छिन्नरूपले अनुभव भैराख्नु हो—सविकल्प समाधि ।

निदिध्यासन र उसको परिपाक सविकल्प समाधिमा क्रमिकरूपले क्षय प्राप्त भैरहेको चित्त विद्यमान छ । चित्तको ध्येयाकाररूपले विद्य-मानता हो सविकल्प समाधि ।

यसरी चित्त विनाशको पैला भूमिका हो निदिध्यासन र दोस्रो हो सविकल्प समाधि । सविकल्प समाधिमा चित्त ब्रह्माकार हुन्छ र त्यो साक्षिप्रत्यक्ष हुन्छ ।

●

मनलाई ब्रह्ममा स्थापना गर्नु

मन जब घटमा स्थित हुन्छ, तब घटाकार हुन्छ र घटको ज्ञान संभव हुन्छ । त्यस्तै मन जब आत्मस्वरूपमा स्थापित हुन्छ तब मन आत्माकार भैकन मुमुक्षुलाई आत्मानुभव गराइदिन्छ । आत्माकार हुनु हो मनको ब्रह्माकार प्राप्त गर्नु—मन ब्रह्माकारमा आकारित हुन्छ (त्यो साक्षीबाट प्रकाशित हुन्छ) । मुमुक्षु ब्रह्म, ब्रह्ममा स्थित भएर ब्रह्माकार वृत्तिद्वारा ब्रह्मलाई जान्दछ । यो हो सविकल्प समाधि । जहाँ मन रहँदैन त्यो हो निर्विकल्प समाधि ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

स्वप्रकाश वस्तुको वृत्तिपूर्वक ज्ञान हुनु आवश्यक छ ?

केन उपनिषद्मा भनिएको छ कि जसले आत्मालाई जान्दछ त्यसले आत्मालाई जानेको छैन र जानेले आत्मालाई जलेको छैन त्यसले आत्मालाई जानेको छ। यो सार्थक शब्दद्वारा आत्माको बारेमा यो सूक्ष्म रहस्य खोलिएको हो कि आत्मालाई कर्मरूपले जानिदैन (किनकि आत्मा हो सर्वद्रष्टा किम्वा सर्व प्रकाशक)। किन्तु आत्मा हो स्वयंप्रकाश (त्यसकारण आत्मा हो स्वतः सिद्ध किम्वा स्वयं सिद्ध) यसप्रकार जान्नु।

स्वयंप्रकाश भनी जान्नुको आशय के हो ? यसको आशय यो हो कि मुमुक्षुको वास्तव स्वरूप हो अद्वितीय प्रकाशरूप मात्र। "म हुँ ब्रह्म स्वरूप" भनी जान्नु हो ब्रह्मैक्यस्वरूपताको उपलब्धिको हेतुभूत अखण्डाकार बुद्धिमा आफ्नो वास्तव स्वरूपको अनुभव हुनु।

यसरो अद्वितीय ब्रह्मवस्तुलाई अखण्डाकार वृत्तिमा प्रतिफलित रूपले साक्षात् अनुभव गरेर स्थित रहुनुलाई स्वप्रकाश ब्रह्मलाई जान्नु भनिएको छ।

यसरी आफ्नो वास्तव स्वरूप अवेद्य भैकन पनि वृत्तिद्वारा व्याप्त हुनुपर्छ। यस्तो वृत्तिव्याप्तिलाई ब्रह्मज्ञान भनेको छ।

●

घटको प्रत्यक्ष

"यो घट हो" "म घटलाई जान्दछु" यो हो साभास चित्तको तीन प्रकार वृत्तिरूपमात्र। चित्तको सारा त्रिपुटी हो साभास; अर्थात् जब त्रिपुटी खडा हुन्छ तब त्यसले प्रत्यक् चैतन्यको प्रतिबिम्बलाई ग्रहण गरिहाल्छ। यसरी साभास सात्विक चित्तवृत्तिले साभास राजसिक चित्तवृत्तिद्वारा साभास तामसिक चित्तवृत्तिरूप घटलाई प्रकाश गर्छ र साभास राजसिक (घटाकार) चित्तवृत्तिले घटको आवरणलाई हटाइदिन्छ।

किन्तु यसप्रकार आभासद्वारा घटको प्रकाशन (वृत्ति जडरूप भएको हुनाले) साक्षी चैतन्यमा आरोपित हुन्छ। अर्थात् साक्षी चैतन्यको प्रकाश र सत्ताले त्रिपुटी पनि प्रकाशयुक्त र सत्तायुक्त मानिन्छ। त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

प्रमाताबाट घटको प्रत्यक्ष साक्षिचैतन्यमा हराइहाल्छ र अधिष्ठान मात्र बाँकी रहन्छ । यसरी प्रत्यक् चैतन्यको परिशेष रहनु हो घटको प्रत्यक्षता ।

यहाँबाट यो सिद्ध हुन्छ कि विषयगत प्रत्यक्ष (घटको प्रत्यक्ष) हुनु हो केवल साक्षी चैतन्यबाट; किन्तु साक्षी चैतन्य निर्विकार भएको हुनाले साक्षी चैतन्यले कुनै क्रिया गर्दैन किन्तु आभासद्वारा घटको प्रकाशन साक्षिचैतन्यमा आरोपित हुन्छ; अर्थात् प्रमाता चैतन्य (आभास) साक्षी चैतन्यको सत्ता स्फुर्ति पाईकन घटलाई प्रकाश गर्छ भनी मानिन्छ ।

यसरी साक्षिचैतन्य आभास (प्रमाता) द्वारा घटलाई प्रकाश गर्छ भनी वेदान्त सिद्धान्तमा कहिएको छ ।

●

आत्मानुभव हो आत्माको प्रतिविम्बन

(१) यो प्रसिद्ध कुरा हो आत्मा हो स्वयंप्रकाश र स्वयंसिद्ध । किनकि प्रकाशित हुनु विना स्वयंसिद्ध हुँदैन । त्यसका लागि प्रमाण चाँहिदैन । त्यो प्रमाण आत्माबाट सिद्ध छ । यो आत्मा हरहालतमा प्रकाशित र सिद्ध छ ।

(२) यो स्वयंप्रकाशता जो आत्माको स्वरूप हो त्यहाँबाट मुमुक्षु पुरुषलाई केही पनि प्राप्त हुँदैन । किनकि त्यो स्वयंसिद्ध आत्माको तिमी हामीसित सम्बन्ध छैन । त्यसको सम्बन्ध तिमी हामीसित हुन पाओस् भनी हामीबाट आत्माको अनुभव हुनु प्रयोजनीय भयो । यो हो ज्ञानको प्रसंग ।

(३) यो आत्मा तिम्रो बुद्धिमा अभिव्यक्त—प्रतिफलित हुन्छ । बुद्धि नभए त्यसको कारण अज्ञानमा प्रतिबिम्बित हो आत्मस्वरूपको अनुभव । त्यही अनुभवबाट ज्ञानीपन अज्ञानीपन सारा सिद्ध हुन्छ । यो अनुभव हो प्रमाण । यो अनुभवले सारा व्यवहारलाई प्रकाश गरिराख्दछ । यो आत्मस्वरूपको अनुभवमा कल्पित भैकन म अज्ञानी हुँ, म ज्ञानवान् हुँ इत्यादि अनुभव प्रकाशित भैरहन्छ । अर्थात् सारा व्यवहार अनुभवबाट सिद्ध हुन्छ । यो आत्मानुभव हो स्वयंप्रकाश आत्माको प्रतिविम्बन ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

दृग् दृश्यको स्वरूप

(१) दृश्य हो द्रष्टारूप।

द्रष्टाले दृश्यलाई (कल्पनाद्वारा) खडा गर्छ। किन्तु दृश्यले द्रष्टालाई खडा गर्दैन। द्रष्टाविना दृश्य सम्भव छैन, त्यसकारण द्रष्टाको कल्पनारूप भएको हुनाले दृश्य हो मिथ्या, मिथ्या वस्तु अधिष्ठानरूप भएको हुनाले दृश्य हो द्रष्टारूप।

(२) दृश्य हो मिथ्या र द्रष्टा हो सत्य।

द्रष्टाले संकल्पद्वारा दृश्यलाई खडा गर्छ। संकल्पकर्ता हो आपेक्षिक सत्य र कल्पित दृश्य हो मिथ्या। द्रष्टा आफूबाट सिद्ध छ। दृश्य कल्पित भएको हुनाले सत्तास्फूर्तिरहित छ।

(३) द्रष्टा र दृश्यको स्वरूप।

आत्मामात्र विद्यमान छ; अनात्मा छैन। तर आत्माको प्रमादले (भावी दृश्यको अपेक्षाले) आत्मा द्रष्टा बनिहाल्छ र दृश्यलाई कल्पना गर्छ। एक आत्मा द्रष्टा र दृश्यरूपले विवर्तित हुन्छ। त्यसको भित्र चेतन हिस्सा-लाई द्रष्टा भनेको छ र जड हिस्सालाई दृश्य भनेको छ।

द्रष्टा हो दृश्यको कल्पक किम्वा प्रकाशक। कल्पित वस्तुको निराकरण भए त्यसको प्रकाशक दृक्रूपले परिशिष्ट रहन्छ—द्रष्टा पनि रहँदैन र दृश्य पनि रहँदैन, केवल चैतन्यमात्र परिशिष्ट रहन्छ। द्रष्टा दृश्यभावरहित भएको हुनाले त्यो चैतन्यलाई दृक् भनेको छ। यसरी साक्षिचैतन्य हो द्रष्टा र आगमापायी चित्तको त्रिपुटीहरू हो दृश्य। चित्त-वृत्ति परप्रकाश्य भएको हुनाले मिथ्या हो। त्यसकारण त्यसको प्रकाशक किम्वा साक्षी हो केवल शुद्ध चैतन्य (प्रकाश निरपेक्ष प्रकाशक)।

●

आत्मा हो चिन्त्य र अचिन्त्य दुवै

उपनिषद्ले भनेको छ कि आत्मा चिन्त्य हो; र फेरि आत्मा अचिन्त्य हो। यो आपातविरुद्ध भनाईको आशय यो हो कि आत्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

चिन्तन नगरे आत्माको अनुभव नहुने; त्यसकारण आत्माको चिन्तन अवश्य गर्नुपर्दछ। कसरी ? अनात्माको चिन्तनपरिहारपूर्वक जागा भएर रहिदिए अवश्य आत्माको नै अनुभव भैरहन्छ। यसरी अनात्माको अनुभव हटाउनका लागि आत्माको अनुभव गर्नुपर्दछ।

कसरी ? म चित्तविशिष्ट चैतन्य हैन। किनकि चित्त आउँछ जान्छ र चित्तको वृत्ति पनि उठछ हराइहाल्छ, तर त्यसको साक्षीरूपले चिन्मात्र म विद्यमान रहन्छु। यसरी आत्माकार वृत्ति उत्पन्न हुन्छ र सविकल्प समाधिमा आत्मा अनुभूत हुन्छ। यसरी साक्षिभास्य आत्माकार वृत्तिको अनुवृत्ति गर्नुपर्दछ।

वास्तवमा आत्मा हो अचिन्त्य; चिन्ताको विषय हैन। जब चित्त वृत्तिरहित हुन्छ तब त्यो वृत्तिरहित चित्तद्वारा (ब्रह्माकार वृत्तिद्वारा) आत्माको अनुभव हुन्छ। किन्तु अनुभव अनन्तर (नाना प्रकार वृत्ति-ज्ञानको अनन्तर) आत्मा स्वयं प्रकाश बाँकी रहन्छ। त्यसैले आत्मा चिन्तनको विषय ठहरेन। किनकि आत्मज्ञान उदित हुन्छ र हराउँछ किन्तु चिन्मात्र परिशिष्ट रहन्छ।

यसरी आत्मामा वृत्तिव्याप्ति आवश्यक हुन्छ किन्तु फलव्याप्ति आत्मामा संभव छैन।

●

प्रपञ्च निषेधद्वारा आत्मा जानिन्छ

(मोक्षोपाय गुरुचन्द्रिकाको एक टुक्राको व्याख्या)

प्रपञ्च (द्वैत) को सद्भाव हुनुसम्म चित्त भिन्न-भिन्न विषयको आकारमा आकारित भै नै रहन्छ। यो भिन्न-भिन्न रूपले आकारता हो साभास त्रिपुटी; यो त्रिपुटी साक्षिचैतन्यबाट प्रकाशित हुन्छ। यसरी द्रष्टा र दृश्यरूप द्वैत भाव बनिरहन्छ र त्यसकारण द्वैतको अनुभवजनित नानाप्रकारको दुःखको अनुभव अज्ञानी पुरुषको लागि भैरहन्छ।

किन्तु नेति नेति श्रुतिवाक्यद्वारा जब स्थूल र सूक्ष्मरूप सारा प्रपञ्च निषिद्ध हुन्छ तब चित्त निषिद्ध प्रपञ्चलाई (द्वैतको अभावलाई) सामना गर्दछ र (त्यहाँ अज्ञान नभएको हुनाले) चित्त लय हुँदैन किन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आत्मब्रह्मस्वरूपमा स्थित भैहाल्छ; अर्थात् ब्रह्माकार वृत्तिको उत्पत्ति संभव हुन्छ।

यो उत्पन्न ब्रह्माकार वृत्तिमा आत्मा स्पष्ट रूपले अभिव्यक्त भैहाल्छ। यो अभिव्यक्त हुनु हो वस्तुतंत्र अर्थात् ब्रह्म ब्रह्ममा अवस्थित छ र त्यो ब्रह्मस्वरूपको मुमुक्षु पुरुषबाट अनुभव हुन्छ।

प्रश्न—कसरी ?

उत्तर—चित्त ब्रह्माकारमा आकारित भैराखेको हुनाले त्यो ब्रह्माकारमा आकारित चित्तको तीन हिस्सा (कल्पित) हुन्छ। यसरी साभास चित्तको सात्विक हिस्साले राजसिक हिस्साद्वारा (ज्ञानको सहाराले) तामसिक हिस्सालाई जान्दछ। म हुँ ब्रह्म यसप्रकार अनुभव भैरहन्छ। यसैको नाम हो निर्विकल्प समाधि (जसमा आफ्नो ब्रह्मस्वरूपताको स्पष्ट अनुभव भैरहन्छ। यसरी मुमुक्षुपुरुषले निर्विकल्प समाधिमा ब्रह्माकार वृत्तिद्वारा आफ्नो ब्रह्मस्वरूपलाई अनुभव गरिरहन्छ।

●

आफ्नो सद्भावमा अनुभवहो प्रमाण

प्रमाण हो तीन प्रकार—(१) श्रुति (२) युक्ति र (३) अनुभूति। अनुभूति हो मायामा र मायाको कार्यमा नित्य विद्यमान स्वयंप्रकाश चित्स्वरूपको आरोहण। मायामा आरूढ चैतन्य हो अनुभव। चैतन्य (चिदात्मा) मा जब माया किम्वा अविद्या खडा हुन्छ तब त्यो स्वच्छ भएको हुनाले त्यसमा चैतन्य प्रकट हुन्छ (आरूढ हुन्छ)। यो हो नित्य विद्यमान आत्मस्वरूपको सामान्य अनुभूति। यो सामान्य अनुभवको कहिल्यै पनि अभाव हुँदैन; किनकि जहाँसम्म अज्ञान रहन्छ त्यहाँसम्म जस्तो अज्ञानमा त्यस्तो त्यसको कार्य चित्तमा पनि चैतन्य अभिव्यक्त हुन्छ। यसप्रकार अभिव्यक्ति (जो अज्ञानदशामा नित्य विद्यमान रहन्छ, रहन्छ) हो यसमा प्रमाण।

यो सामान्य अनुभूति मात्र हो, यसद्वारा आत्माको स्वयंप्रकाशकताको सामान्य रूपले उपलब्धि हुन्छ—म हुँ स्वयंप्रकाश आत्मा; म हुँ नित्य विद्यमान; म हुँ प्रकाश स्वरूप, मेरो अभाव कहिल्यै पनि हुँदैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

यसप्रकार सामान्य अनुभव अज्ञानी मानिसलाई पनि भैनै रहन्छ। यसप्रकार अनुभूतिद्वारा आत्माको सामान्य ज्ञान भए पनि मानिसको सर्वदुःखनिवृत्ति र आनन्दस्वरूपको प्राप्ति हुँदैन। त्यसैले यो सामान्य अनुभवलाई विशेष अनुभवमा पुऱ्याउनु पर्दछ। सामान्य अनुभव हो अविद्याको वृत्ति र विशेष अनुभव हो ब्रह्माकार वृत्ति। ब्रह्माकार वृत्ति हो चित्तको ब्रह्मरूपले स्थिति। चित्त जब ब्रह्मरूप भएर बस्दछ, तब चित्त सारा विषयबाट व्यावृत्त भएर अज्ञानमा लीन हुन पाउँदैन। त्यसैले सामान्य अनुभव किम्वा क्षणिक आत्मानुभवलाई आत्माकार वृत्तिद्वारा अनुभव गर्नुपर्दछ।

प्रश्न—कसरी ?

उत्तर—चित्तलाई सारा विषयाकार वृत्तिबाट निवृत्त गरीकन म हुँ आत्मा यसप्रकार चित्तको सहाराले अनुभव गर्नुपर्छ। यसैको नाम हो चित्तको आत्माकार वृत्ति।

प्रश्न—आत्माकार वृत्ति कुन अवस्थामा उत्पन्न हुन्छ ?

उत्तर—आत्मध्यानको समयमा आत्माकार वृत्ति उत्पन्न हुन्छ। अर्थात् आत्माको ध्यान हो आत्माकार वृत्तिको उदय।

प्रश्न—त्यसपछि के हुन्छ ?

उत्तर—त्यसपछि त्यो ध्यान एकछिन, दुइछिन, तीनछिन यसप्रकार क्रमले समाधिमा पर्यवसित हुन्छ।

प्रश्न—यो समाधिको लक्षण के हो ?

उत्तर—आफूको आत्मस्वरूपताको अनुभव अविच्छिन्न रूपले चलिरहन्छ। पहिले एक-एक छिनमा "म हुँ आत्मा" यस्तो अनुभव भैराखेको थियो, ऐले म हुँ आत्मा, म साक्षिचैतन्य हुँ, म अद्वितीय सुखरूप वस्तु हुँ—यसप्रकार अविच्छिन्न रूपले मेरो अनुभव भैरहन्छ। यसको लक्षण हो—मेरो इन्द्रिय र मेरो मन सम्पूर्ण विषयबाट व्यावृत्त भएर बस्दछ। म कुनै विषयलाई देख्न, सुन्न सक्दिन, मेरो मनमा कुनै विषयचिन्तनको लेश पनि हुँदैन र म आत्मरूपले अवस्थान गरेको छु। म आत्मा भएर बसिरहन्छु। मेरो प्राण पनि चल्दैन, मलाई कुनै कुराको पनि थाहा हुँदैन, म केवल आफ्नो वास्तव आत्मस्वरूपको नै अनुभव गरिराख्दछु।

यसरी सामान्य रूपले अनुभूत आत्मस्वरूपलाई चित्तको आत्माकार वृत्तिद्वारा (विशेष रूपले) अनुभव गरिराख्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रश्न—त्यसपछि के हुन्छ ?

उत्तर—त्यसपछि आत्माकार वृत्तियुक्त चित्त पनि रहँदैन। आत्माकार वृत्तिको अभाव भैहाल्छ।

प्रश्न—किन ?

उत्तर—आत्माकार वृत्ति हो चित्तको, चित्तको आत्माकार वृत्ति चाहिन्थ्यो अनात्मविषयहरूको संस्कार उद्‌बुद्ध भएर जो विषयाकार वृत्तिहरूलाई खडा गरिराखेको थियो त्यसलाई हटाउनको लागि मात्र। अभ्यस्त समाधिद्वारा द्वैत संस्कारको अभाव भएको हुनाले कुनै प्रकार वृत्तियुक्त चित्तको ऐले आवश्यक छैन। फलरूपले चित्त ब्रह्मरूप अधिष्ठानमा ब्रह्मरूपले स्थित हुन्छ।

प्रश्न—यो स्थितिको पारिभाषिक नाम के हो ?

उत्तर—यसको नाम हो ब्रह्माकार वृत्ति किम्वा अखण्डाकार वृत्ति।

प्रश्न—त्यो वृत्तिबाट के मिल्छ ?

उत्तर—त्यो वृत्तिको उदय हुनुबित्तिकै त्यो वृत्तिमा ब्रह्मस्वरूप स्पष्ट रूपले अभिव्यक्त हुन्छ। म हुँ ब्रह्म भनीकन बुद्धिपूर्वक मुमुक्षु पुरुषलाई अनुभव हुन्छ।

प्रश्न—त्यसको फल के हो ?

उत्तर—त्यसको फलहो कर्ताभोक्तारूप संपूर्ण बन्धनबाट सदाकालका लागि निवृत्ति किम्वा मोक्ष।

प्रश्न—मोक्षको स्वरूप के हो ?

उत्तर—मोक्ष हो संपूर्ण दुःखको निवृत्तिपूर्वक निरतिशय आनन्दको नित्य निरन्तर अनुभूति।

प्रश्न—यो अनुभूतिको पारिभाषिक शब्द के हो ?

उत्तर—पारिभाषिक शब्द हो परम पुरुषार्थ प्राप्ति। पुरुष ऐले कृतकृत्य, प्राप्त प्राप्तव्य ज्ञातज्ञातव्य बनेको छ। मुमुक्षु पुरुष ऐले ब्रह्मरूपले अवस्थित छ। जो चाँहि पहिले ब्रह्म थियो त्यो ऐले पनि ब्रह्म भैहालेको छ (विमुक्त पुरुष फेरि विमुक्त हुन्छ)।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

मिथ्या वस्तुको अभाव कसरी हुने ?

यो प्रश्न हो संपूर्ण वेदान्तको निष्कर्षरूप; अर्थात् अविद्याको विनाश कसरी संभव हुन्छ। त्यसैले अविद्याको विनाशको क्रम यहाँ देखाइन्छ।

अविद्या हो अविद्यमान वस्तु, तापनि अविद्याले आत्मालाई ढाकिराखेको छ र आत्मस्वरूपको आवरण कसरी विनष्ट हुन्छ त्यसको बारेमा गुरु शास्त्र बताउनुहुन्छ। गीताजीमा जो भनेको छ—"उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिस्तत्त्वदर्शिनः" त्यो ज्ञान आवरणलाई हटाइदिन्छ। यसरी आवरणविनाश हो संपूर्ण वेदान्त शास्त्रको लक्ष्य।

वेदान्त शास्त्रको प्रमेय हो आत्मा र त्यो आत्मा अविद्याले आवृत भैराखेको छ। आवरण किम्वा अज्ञान कसरी विनष्ट हुन्छ, त्यसको बारेमा नै वेदान्त शास्त्रले उपदेश दिनुभएको छ।

यो आवरणको विनाश कुनै प्रकार क्रियाबाट सिद्ध हुँदैन अर्थात् आत्माको उत्पत्ति हुँदैन; प्राप्ति हुँदैन, त्यसको संस्कार पनि संभव छैन। यसरी आत्मज्ञानका लागि कुनै प्रकार क्रियाको आवश्यक हुँदैन। क्रियाको आवश्यक हुन्छ जहाँ कारक हुन्छ, कर्म हुन्छ र त्यसको फल पनि हुन्छ। अर्थात् क्रिया संभव हुन्छ द्वैत प्रपञ्चमा। आवरणयुक्त आत्मा अद्वैत वस्तु भएको हुनाले त्यहाँ आवरणको अपसारणको लागि कुनै क्रिया चाँहिदैन। किनकि आत्मा वास्तवमा आवृत भएको छैन।

किन? जबाफ यो हो कि आवृत आत्मा अप्रकाशित छैन। आत्माको आवरणलाई सिद्ध गर्नका लागि आत्माको प्रकाश चाहिन्छ। आत्मा हो सदा प्रकाश। आत्माले आवरणलाई पनि प्रकाश गरिराखेको छ। त्यसो नभए आवरण सिद्ध हुने थिएन।

आवरण हो मिथ्या वस्तु। मिथ्या वस्तुको अभाव संपादनको लागि "त्यो हो मिथ्या" यसप्रकार जान्नु (निश्चय गर्नु) आवश्यक हुन्छ।

प्रश्न—मैले निश्चय गरेको छु; किन्तु मलाई ब्रह्मज्ञान भएको छैन। यदि ब्रह्मज्ञान क्रियासाध्य हैन। तब मलाई ब्रह्मज्ञान किन भएको छैन?

उत्तर—तिमीले ब्रह्मज्ञानको क्रम जानेको हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रश्न—अनुग्रह गरीकन ब्रह्मज्ञानको क्रम बताउनुहोस् ?

उत्तर—क्रम यसप्रकार हो—

(१) आवरण मिथ्या हो यसप्रकार निश्चय गर्नु ।

(२) आवरण मिथ्या भए आवरणको कार्यरूप द्वैत प्रपञ्च सत्य हुन पाएन । द्वैत प्रपञ्चको अर्थ हो साभास त्रिपुटीहरू । त्यसैले साभास त्रिपुटीहरूमा मिथ्यात्वबुद्धिको निश्चय तिमीलाई भएको छ । हो वा हैन ?

(३) हो, मलाई निश्चय भएको छ ।

(४) त्यसोभए तिम्रो चित्त ऐले कसरी स्थित छ ? त्यसमा के के वृत्ति उठिराखेको छ ?

(५) कुनै वृत्ति उठिराखेको छैन । मेरो चित्त वृत्तिरहित भएर स्थित छ ।

(६) यसैको नाम हो ब्रह्माकार वृत्ति ।

(७) ब्रह्माकार वृत्ति यस्तो वस्तु हो कि त्यसको उत्पत्ति हुनुबित्ति कै (त्यो अत्यन्त स्वच्छ भएको हुनाले त्यसमा) ब्रह्म स्पष्ट रूपले अभिव्यक्त भैहाल्छ ।

(८) यसैको नाम हो वृत्तिव्याप्ति; अर्थात् ब्रह्मविषयक आवरणको विनाश । वृत्तिव्याप्ति हुनुबित्तिकै आवरण किम्वा अज्ञान विनष्ट भैहाल्छ ।

(९) परिणामले ब्रह्म सदाकालको लागि स्वयं प्रकाशित भैहाल्छ । अर्थात् निरावरण ब्रह्म तिम्रो वास्तव स्वरूले सदाकालका लागि प्रकाशित भैहाल्छ ।

(१०) ब्रह्मको अभिव्यक्ति जुन वेला हुन्छ, त्यो वेला किम्वा अवस्था-को नाम हो निर्विकल्प समाधि ।

●

जगत् हो दृष्ट नष्टस्वभाव

(१) पदार्थ हो चित्तको वृत्तिरूप (२) त्यसकारण क्षणिक; पदार्थ एक छिनमा उत्पन्न हुन्छ, अर्को छिनमा विनष्ट हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

(३) पदार्थको अक्षणिकता हुनुको हेतु हो चञ्चल चित्त वृत्तिहरूको अनियंत्रण (विषयाकार वृत्ति खडा गरिरहनु)।

(४) यदि चित्तवृत्ति निरन्तर चलिरहेको थिएन, किन्तु बीच बीच-मा चित्तवृत्तिको अभाव हुने थियो तब घट, पट आदि पदार्थको उत्पत्ति र विनाश अनुभवमा आउनेथियो।

(५) निरन्तर वृत्ति चलिराखेको हुनाले "पदार्थ हो दीर्घकाल स्थायी र अविनाशी" यसप्रकार प्रतीत हुन्छ।

(६) यो प्रतीति हो भ्रमरूप।

(७) भ्रमरूपताको प्रत्यक्ष अनुभव हुन्छ जब चित्त समाहित हुन्छ; समाहित चित्तमा कुनै पदार्थको भान हुन सक्दैन। त्यहाँबाट बुझिन्छ पदार्थको स्वरूप हो केवल चित्त वृत्तिरूप।

(८) त्यतिमात्र हैन, समाहित चित्तमा जगत्को वास्तव स्वरूप हो ब्रह्म चैतन्य भनी प्रतिभात हुन्छ। यसरी परिदृश्यमान जगत् हो वास्तवमा अधिष्ठान ब्रह्म।

●

सूर्यको प्रकाश

(१) सूर्यको आफ्नो प्रकाश छैन, (२) सूर्यको प्रकाश हो वास्तवमा आत्माको प्रकाश, (३) आत्मा पहिले प्रकाशित हुन्छ, पछि त्यो प्रकाशमान आत्मामा "सूर्य प्रकाशित हुन्छ" आरोपित हुन्छ, (४) आरोपित पदार्थको प्रकाश हो अधिष्ठानको प्रकाशरूप।

प्रश्न—कृष्ण भगवान् भन्नुभयो—"तत्तेजो विद्धि मामकम्"। यसको अनुभव देखाईकन व्याख्या गर।

उत्तर—(१) सूर्यको प्रकाश स्वयं सिद्ध छैन। (सूर्यले आफूलाई प्रकाश गर्न नसकेको हुनाले सूर्यको अस्तिता पनि छैन)।

(२) पहिले आत्मा (मेरो वास्तव स्वरूप) प्रकाशित हुन्छ, त्यसपछि त्यो स्वयं प्रकाशमान आत्मस्वरूपमा (मेरो वास्तव स्वरूपमा) झूठो मेरो अन्तःकरणविशिष्ट रूपमा "सूर्य प्रकाशित भैराखेको छ" यसप्रकार त्रिपुटीको उदय हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

(३) प्रकाशमान आत्मामा यो त्रिपुटी कल्पित भएको हुनाले आत्माको प्रकाशबाट यो त्रिपुटी प्रकाशित हुन्छ र प्रकाशमान आत्माको सत्ताले यो त्रिपुटी पनि सत्तावान् बनिहाल्छ।

(४) यसरी सत्तास्फुर्तियुक्त त्रिपुटीको अन्तःपाती जो सूर्य हो त्यो सूर्य पनि सत्तास्फुर्तियुक्त भनिन्छ, यद्यपि सूर्य आफू सत्तास्फुर्तियुक्त हैन।

(५) यसरी सिद्ध हुनगयो कि सूर्यको जो प्रकाश हो त्यो प्रकाश (तेज) हो मेरो (आत्माको)। स्वरूपभूत प्रकाश किम्वा स्वरूपभूत सत्ता; अर्थात् सूर्यको अस्तिता र सूर्यको प्रकाशरूपता हो आत्मस्वरूपको सत्ता र प्रकाशमात्र।

●

अध्यासको सरल व्याख्या

महाकाश हो अद्वितीय अपरिच्छिन्न एकनास वस्तु; किन्तु घट, पट आदि उपाधिद्वारा आकाश स्वरूपलाई देख्नु जब प्रतिबद्ध हुन्छ तब एक आकाश नाना आकाश (घटाकाश पटाकाश) रूपले प्रतिभात हुन्छ। यसरी एकै वस्तु नाना बनिहाल्छ। ठीक त्यस्तै एक अखण्ड प्रकाश (ज्ञान)मा नाना (घटको पटको) ज्ञान बनिहाल्छ। वास्तवमा घटज्ञान पटज्ञान आदि नाना प्रकारको ज्ञान वास्तव हैन। त्यसकारण "मैले घटलाई जानेको छु" यसप्रकार ज्ञाता, ज्ञान, ज्ञेय पनि वास्तव हैन।

भ्रान्त ज्ञानको हेतु हो उपाधि र उपहित आत्माको अविवेक। त्यसकारण जब सम्पूर्ण उपाधि (द्वैत प्रपञ्च)बाट आत्मा विनिर्मुक्त हुन्छ तब नाना ज्ञान रहँदैन, किन्तु एकै ज्ञान (स्वरूप ज्ञान, ज्ञान स्वरूप आत्मा) परिशिष्ट रहन्छ। त्यस्तै यो ज्ञान स्वरूप आत्माको प्रत्यक्ष अनुभव तब नै संभव हुन्छ जब सारा द्वैत प्रपञ्चबाट आत्मा विविक्त रूपले अनुभूत हुन्छ।

●

ईश्वरप्रपत्ति

प्रश्न—ईश्वरप्रपत्ति के को नाम हो ?

उत्तर—ईश्वर व्यतिरिक्त कुनै कुरा छैन यसप्रकार निश्चयलाई ईश्वरप्रपत्ति भनिएको छ। यो हो निर्गुण भक्ति ईश्वर प्रपत्ति भए माया रहँदैन।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

व्यवहारको स्वरूप

सारा व्यवहार हो दुई प्रकारको—(१) हो चित्तको वृत्ति र (२) हो अविद्याको वृत्ति। यो दुवै प्रकारको व्यवहारको साधक हो आत्मा। साधकताको स्वरूप हो यी दुई वृत्तिमा आत्माको प्रतिविम्बन हुनु। सारा व्यवहार हो अब्रह्मवस्तु। अब्रह्मवस्तु हो दुइटा—(१) अज्ञान र (२) अज्ञान-को कार्य चित्त। परिणामी भएको हुनाले अज्ञान र त्यसको कार्य चित्तको वृत्ति मानिन्छ। यी दुवै वृत्तिको साधक हो आत्मा।

अनात्माको अनुभव द्वारा सारा व्यवहार सिद्ध छ। अब्रह्म वस्तुमा ब्रह्म वस्तुको प्रतिविम्बन हो अनुभव शब्दको अर्थ। माया मिथ्या हो, ब्रह्म सत्य हो यो जान्नुपर्छ।

आत्माको सद्भावमा प्रमाण हो आत्माको अनुभव। आत्माको अनुभवको स्वरूप हो अनात्मामा आत्माको प्रतिविम्बन। जस्तो "यो सर्प हो" यहाँ 'यो' यदि मानिदैन भने सर्प सिद्ध हुँदैन।

अब्रह्म वस्तु जो अज्ञान र त्यसको वृत्ति हो त्यो आत्माको अत्यन्त समीपमा छ। त्यो ज्यादा स्वच्छ हो। त्यसमा आत्माको प्रतिविम्ब पर्छ। यो हो अनुभव। यो हो सारा व्यवहारको साधक—यो अनुभवबाट सिद्ध छ। अविद्याको वृत्ति सुपुप्तिमा पाइन्छ। अविद्याको कार्य अन्तःकरणको वृत्ति जाग्रत्मा पाइन्छ। त्यसको सिद्धि हुन्छ अनुभवबाट।

प्रमाताको अभावलाई कसले सिद्ध गर्छ? यसको विवेचन :—

प्रमाता नहुनु हो सुषुप्ति अवस्था। प्रमाताभाव को अभावको प्रमाण के हो? अनुभव। अनुभवको स्वरूप हो अविद्यामा आत्माको प्रतिफल।

"म केही पनि जान्दिन" यो सुषुप्ति कालीन अनुभवमा तीनोटा कुरा छ—(१) केही पनि नजान्नेवाला (२) केही पनि नजान्नु र (३) प्रपञ्च-को सामान्याभाव (साभास अज्ञानको तामासिक हिस्सा)। यसको भित्र (१) नजान्नेवाला हो साभास (आत्माको प्रतिफलनयुक्त) अज्ञानको साक्षी आकार वृत्ति (२) केही पनि नजान्नु हो साभास अज्ञानको अज्ञानाकार वृत्ति र (३) प्रपञ्च सामान्याभाव हो साभास अज्ञानरूप।

यसरी यो तीन प्रकार वृत्तिद्वारा सुपुप्तिसाक्षीले म केही पनि जान्दिनरूप अनुभवलाई सिद्ध गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

साक्षी आकार वृत्ति हो अज्ञानमा प्रतिविम्बित साक्षी। मको सद्‌भावको स्वरूप हो साक्षी आकार वृत्ति। केही पनि जान्दिन एक हिस्सा हो र मजासित सुतिराखेको छु हो अर्को हिस्सा। सुत्नेवाला मान्छे हो साभास अज्ञानको साक्षी आकार परिणाम (वृत्ति)।

ज्ञानीलाई लेश पनि दुःख हुँदैन

शास्त्रमा ज्ञानको दुइबटा क्रम देखाइएको छ, (१) विचारद्वारा अद्वितीय आफ्नो वास्तव सुखरूप चैतन्यवस्तुको निश्चय गर्नु; अर्थात् चित्स्वरूपदेखि भिन्न कुनै वस्तु छैन, यसप्रकार ब्रह्म मात्रको भावनालाई उत्पन्न गर्नु।

(२) यसरी निश्चित केवल ब्रह्ममात्र स्वरूपलाई अवश्यम्भावी रूपले उत्पन्न अखण्डाकार वृत्तिमा अभिव्यक्त हुन दिनु। विचारद्वारा ब्रह्माकार वृत्तिको उत्पत्ति हुन्छ र त्यसमा ब्रह्म स्पष्टरूपले प्रकट हुन्छ। यसैको नाम हो ब्रह्मज्ञान। अर्थात् अज्ञानको निरसनपूर्वक निर्धर्मक, निर्भेद, अद्वितीय, प्रत्यक् अभिन्न ब्रह्म सदाकालका लागि प्रकाशित भइरहन्छ।

प्रश्न—त्यहाँबाट के मिल्यों ?

उत्तर—सारा दुःखको निवृत्तिपूर्वक ज्ञानीलाई परमानन्द मिल्दछ। त्यो परमानन्द हो ज्ञानीको निजी स्वरूप। ज्ञानीले परमानन्दलाई भोग गर्दैन, किन्तु परमानन्द ब्रह्मस्वरूपको अनुभव सदा नै भैरहन्छ।

प्रश्न—ज्ञानीलाई पनि दुःख हुन्छ नि; त्यसो भए ज्ञानीलाई परमानन्दको अनुभव हुन्छ, यो सिद्ध भएन।

उत्तर—"सिद्ध भएन" भन्नुमा तिम्रो केही प्रमाण छ कि ?

प्रश्नकर्ता—छ। किनकि ज्ञानीबाट दुःखको अनुभव भइरहेको हामीले प्रत्यक्ष देख्दछौं।

सिद्धान्तपक्षी—त्यो तिम्रो देख्नु हो भ्रमरूप।

प्रश्न—कसरी ?

उत्तर—यो जो दुःख हो, त्यो हो चित्तको वृत्तिरूप र चित्तको धर्म। अर्थात् चित्तमा दुःखाकार वृत्ति उत्पन्न हुन्छ र तटस्थ व्यक्तिले त्यो दुःखाकार वृत्तिको उत्पत्तिको फलरूप शरीरादिको चेष्टा देख्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

प्रश्न—तब त ज्ञानीमा दुःख सिद्ध भो ?

उत्तर—ज्ञानीमा दुःख कदापि सिद्ध हुँदैन; किनकि जो चाँहि हो चित्तको धर्म, त्यो ज्ञानीको धर्म हुन सक्दैन ।

प्रश्न—ज्ञानीको त चित्त नष्ट भएको छ; त्यसमा दुःख कहाँबाट आउने ?

उत्तर—चित्तको विनाशबिना ज्ञान सम्भव छैन । त्यो ठीक कुरा हो । त्यसकारण ज्ञानीको चित्त रहँदैन । अर्थात् ज्ञानीको चित्तसित सम्पूर्ण सर्म्पक विनष्ट भएको छ ।

प्रश्त—तब चित्ताको धर्म कहाँबाट खडा हुन्छ ?

उत्तर—दुःख आदि सम्पूर्ण विक्षेप हो चित्ताको धर्म र ज्ञानीको चित्त ज्ञानद्वारा विनष्ट भए तापनि ज्ञानीलाई प्रारब्ध भोगाउनको लागि मायाले चित्त र चित्ताको विक्षेपलाई खडा गरिदिन्छ, किन्तु अविवेकले अज्ञानीपुरुष त्यो मायिक विक्षेपलाई आफू जस्तो साँचो मान्छ; त्यस्तै ज्ञानी पुरुषमा देखिएको त्यो विक्षेपलाई पनि साँचो भनीकन मान्दछ । त्यसैले तिमी ज्ञानीमा विक्षेप देख्दछौ । वास्तवमा ज्ञानीमा अलिकति पनि विक्षेप सम्भव छैन ।

प्रश्न—यसको बारेमा रहस्य कुरा के हो ?

उत्तर—रहस्य कुरा यो हो कि—केवल ज्ञानीले ज्ञानीलाई जान्दछ । अर्थात् जसको विवेकज्ञानको उत्पत्तिपूर्वक विविक्त ब्रह्मस्वरूपको साक्षात् अनुभव हुन्छ, त्यसको दृष्टिमा मात्र ज्ञानी पुरुषमा विक्षेपको आत्यन्तिक अभाव देख्नु संभव हुन्छ ।

प्रश्न—अज्ञानीले ज्ञानी पुरुषमा दुःखको अभाव किन देख्न सक्दैन ?

उत्तर—जसको आफुमा विक्षेपको अभाव देखिंदैन, त्यसले अरूमा विक्षेपको अभाव कसरी देख्न सक्ने ? त्यसैले तटस्थ पुरुषले ज्ञानीमा विक्षेपको सद्भाव कल्पना गर्छ । वास्तवमा श्रुति, युक्ति र ज्ञानीजनको निजी अनुभवबाट ज्ञानी पुरुषले केवल निरतिशय आनन्दको अनुभव गरिरहन्छ । शरीरादि संघातको विक्षेपबाट ज्ञानी आफ्नो हृदयमा विक्षेप देख्दैन । त्यो विक्षेप केवल अज्ञानीजनबाट (निजी अनुभव अनुसार) कल्पित हुन्छ ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ब्रह्मज्ञानको उत्पत्तिको रहस्य

ब्रह्मज्ञानको उत्पत्ति हो रहस्य कुरा। किनकि त्यो कसरी उत्पन्न हुन्छ, त्यो ज्यादा सूक्ष्म बुद्धिले बुझिन्छ।

साक्षात्कार वृत्तिको उत्पत्तिले मुक्ति सिद्ध हुँदैन; किनकि बुद्धिले ब्रह्मलाई जान्न सक्दैन। साक्षात्कार वृत्ति हो बुद्धिको विशेषरूप। त्यसमा ब्रह्मप्रतिबिम्बित हुनुबाट ब्रह्मज्ञान हुँदैन (बुद्धिले बोधस्वरूपलाई जान्न सक्दैन)।

बोधस्वरूप आत्मा पनि आफूलाई बोधन गर्दैन, किनकि ब्रह्म हो निर्विकार।

दृष्टान्त लिऊँ—सूर्य बादलले ढाकिएको छ। बादलले सूर्यलाई प्रकाश गर्दैन। सूर्यले आफूलाई प्रकाश गरोस् त्यो भन्नु पनि बन्दैन। किनकि सूर्य प्रकाशक होइन। त्यो हो प्रकाशस्वरूप।

त्यसोभए कसरी ब्रह्मबोध संभव होला? ब्रह्मबोध साजिलेसित संभव हुन्छ। त्यो हो यसरी :—

(१) साक्षात्कार वृत्तिले सम्पूर्ण अध्यासलाई निवारण गरिदिन्छ; अर्थात् कर्ता, भोक्तास्वरूप सम्पूर्ण भ्रमलाई हटाइदिन्छ। यसरी बुद्धिद्वारा सम्पूर्ण भ्रमको अपनयन भए—आवरण र विक्षेपको अभावले गर्दा ब्रह्म स्वयं प्रकाशित भैहाल्छ।

जस्तो हावाले बादललाई हटाइदिन्छ र बादलको अभावले सूर्य स्वयं प्रकाशित भैहाल्छ।

●

गीताको तात्त्विक अर्थको विवेचन

तात्त्विक शब्दको अर्थ हो यथार्थ। गीताको यथार्थ अर्थ हो जीव र ईश्वरको एकता। अर्थात् पहिले जीवको शोधन गर्नुपर्दछ र फलरूपले शोधित जीव हो शोधित ईश्वररूप, यसप्रकार जीव र ईश्वरको एकता देखाउनु हो गीताको यथार्थ अर्थ।

त्यसैले गीताको पहिला षटकमा (षटकको अर्थ हो छ अध्याय) जीवको (त्वंपदको अर्थको) शोधन गरिएको छ; अर्थात् जीवभन्ने जो वस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

हो त्यो अन्तःकरणमा प्रतिफलित साक्षिचैतन्य हैन, किन्तु शुद्ध साक्षिचैतन्यमात्ररूप हो; यो कुरा स्पष्टरूले संझाइदिन्छु—

शोधन नगरिएको हुनाले अर्थात् अज्ञानले गर्दा (जीवको वास्तव स्वरूप थाहा नभएको हुनाले) चार प्रकारको वस्तु खडा हुन जान्छ—(१) उपाधि (अन्तःकरण); (२) औपाधिक (अर्थात् अन्तःकरणमा साक्षिचैतन्यको प्रतिफलन); (३) प्रतिबिम्ब (अर्थात् अन्तःकरणमा प्रतिफलित भएको साक्षिचैतन्य) र (४) अन्तःकरणमा प्रतिफलन र प्रतिफलित (प्रतिबिम्ब) देखि भिन्न अन्तःकरणसित कुनै प्रकार सम्पर्क नभएको शुद्ध चैतन्यमात्र वस्तु। यसैको नाम हो बिम्ब।

यसरी उपाधि, औपाधिक र प्रतिबिम्ब यो तीन हो मिथ्या। मिथ्या शब्दको अर्थ के हो ? मिथ्या शब्दको अर्थ हो सत् हैन, असत् हैन र सद् असद् पनि हैन। यसको सरल अर्थ यो हो कि उपाधि, औपाधिक र प्रतिबिम्ब देखिन्छ मानिन्छ र व्यवहार सिद्ध गर्छ; तापनि वास्तव हैन। त्यसोभए 'असत् हो कि ? असत् हैन। किनकि त्यो स्पष्टरूपले प्रतीत भैराखेको छ। त्यसोभए सत् हो कि ? प्रतीत भैराखेको छ तापनि त्यो वास्तव हैन। यसरी उपाधि, औपाधिक र प्रतिबिम्ब यो तीन हो मिथ्या (देखिन्छ तापनि साँचो हैन, किन्तु चिन्मात्र हो पारमार्थिक सत्य)।

दृष्टान्त लिऊँ—(१) पानीको भाँडा (पानी भएको पात्र); (२) पानीको भाँडामा सूर्यनारायणको अवभासन; (३) पानीको भाँडामा प्रतिफलित सूर्य र (४) आकाशमा स्थित सूर्य। यो चार प्रकारको वस्तु मिथ्या भए तापनि पहिलेको प्रकारको वस्तु हो मिथ्या। चतुर्थ वस्तु हो एकमात्र सत्य। अर्थात् आकाशमा स्थित सूर्य हो बिलकूल चलनरहित। किन्तु पानीको पात्रमा प्रतिविम्बित सूर्य, त्यसमा सूर्यको प्रतिफलन र पानी भएको पात्र यो तीन हो सर्वथा मिथ्या।

एतावता के सिद्ध भयो जीव र ईश्वरको शोधन स्पष्टरूपले देखाइयो। अर्थात् अन्तःकरणद्वारा बिलकूलै नछोइएको जो शुद्ध चैतन्य हो त्यो हो जीव शब्दको तात्विक अर्थ।

एवं प्रकारले ईश्वर पनि हो—(१) माया, (२) मायामा ब्रह्मचैतन्यको प्रतिफलन र (३) मायामा प्रतिफलित ब्रह्म। यो तीन हो मिथ्या। अर्थात् यो तीन सत् हैन, असत् हैन, सत् असत् पनि हैन। यसको सरल

Acc. NO. ८६२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

अर्थ यो हो कि परिशोधित ईश्वर भन्ने ईश्वरत्वरहित केवल शुद्ध ब्रह्म चैतन्य मात्र हो।

जीव को हो ? जीव हो प्रत्यक् चैतन्य। ईश्वर को हो ? ईश्वर हो प्रत्यक्त्वरहित शुद्ध ब्रह्मचैतन्य। यसरी गीताको तात्त्विक अर्थ यो बन्न जान्छ कि जुन वस्तु हो शोधित जीव त्यो हो वास्तवमा शोधित ईश्वर। कसरी ? जीव अन्तःकरणप्रतिविम्बित चैतन्य हैन किन्तु हो विम्बभूत प्रत्यक् चैतन्य। प्रत्यक् चैतन्य हो मायाद्वारा सृष्ट शरीरमा अनुप्रविष्ट ब्रह्म-चैतन्य। जो शरीरमा प्रविष्ट भएको छ (प्रवेष्टा) त्यो वास्तवमा हो शरीरा-नुप्रविष्ट चैतन्य (प्रत्यक् चैतन्य)। अर्थात् जसलाई हामी जीव भन्दछौं त्यो हो प्रत्यक् चैतन्य। किन्तु शरीर आदि संपूर्ण जगत् मायाद्वारा सृष्ट भएको-हुनाले मिथ्या ठहर्न जान्छ, तब जो शरीरमा प्रवेशकर्ता हो त्यो वास्तवमा प्रवेशकर्ता हैन (किनकि शरीर वास्तवमा बनेको छैन मायिक भएको हुनाले) र त्यसकारण प्रवेष्टाप्रविष्ट भाव हो मिथ्या। एवं प्रकारले एक अखण्ड प्रत्यक्त्व-पराक्त्वरहित शुद्ध चैतन्य विराजमान छ। केवल भ्रमले उपाधि, औपाधिक, र प्रतिविम्बलाई सत्य नमानी जो पारमार्थिक सत्यरूप-ले निश्चित विम्बभूत सत्य वस्तु हो त्यो वास्तवमा हो विम्बभावरहित केवल शुद्ध पारमार्थिक सत्य अद्वितीय सच्चित् परमानन्द स्वरूप ब्रह्म वस्तु, यस्तो जान्नु। सब कुछ जब ब्रह्म सिद्ध भयो तब जीव र ईश्वर एकै वस्तु हुन जान्छ। यसरी जीवभाव ईश्वरभावरहित एक सच्चित् अखण्ड सुखरूप ब्रह्म वस्तु हो परमार्थ सत्य—यो सिद्ध भयो।

गीताको पहिला षट्कले जीवको शोधन गरेको छ, द्वितीय षट्कले ईश्वरको शोधन गरेको छ र तृतीय षट्कले शोधित जीव र ईश्वर हो वास्तवमा एक अखण्ड सच्चिदानन्द ब्रह्म, यो प्रदर्शित भएको छ।

यो हो संक्षेपले गीताको तात्त्विक अर्थको विवेचन।

●

(श्रीगुरुदेव १ नवम्बर १९७६ मा वाराणसी पुगिबक्सेपछि सोही दिन काशीशाखा प्रमुख श्रीविश्वनाथ पाण्डेयले ठठेरी बाजारस्थित कलकत्तावाली कोठीमा एकदशीको दिन "गीताको तात्विक विवेचन"मा उपदेश बक्सन अनुरोध गर्नुभयो। सोही सन्दर्भमा तत्कालमा यो लेख लेखाइबक्सेको हो। यो लेखको हिन्दी अनुवाद ८-११-७६ को काशीको दैनिक "गाण्डीव"ले छापेको थियो।—देवेश्वर)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

विषयप्रकाशन र त्यसको निवारणको स्वरूप

विषयप्रकाशन विषयलाई प्रकाश गर्नु हैन (कर्ताभाव हैन), किन्तु नाना विषयको आकारमा आकारित चित्तको सन्निधिमा रहनु हो (कर्ता सन्निधिमात्रतः—वाशिष्ठ)।

विषयलाई प्रकाशन गरिराख्नु (जो चाहिं साक्षीमा आरोपित भैराखेको छ त्यो) हो आत्माको प्रत्यक्त्व। किनकि जहाँसम्म आत्मा शरीरको भित्र रहिरहन्छ, त्यहाँसम्म चित्तवृत्तिहरूलाई (नाना प्रकार द्वैत प्रपञ्चलाई) प्रकाशित गरिराख्छ। त्यसकारण चित्तासितको सम्पर्कलाई टुटाउनुपर्छ। जहाँसम्म प्रत्यक् साक्षी रहन्छ, त्यहाँसम्म चित्तासित सम्पर्क टुट्दैन। त्यसैले वृत्तियुक्त चित्तासित आफूको (आत्माको) सम्बन्ध निवारण गर्नुको लागि शरीरको भित्र भैराख्नुलाई निवारण गर्नुपर्दछ।

म शरीरानुप्रविष्ट चैतन्य हैन; शरीर र चित्तासित मेरो कुनै सम्पर्क छैन, यसप्रकार विचारपूर्वक निश्चय गरीकन आफूको प्रत्यक्त्वरहित स्वरूपलाई अनुभव गर्नुपर्दछ।

त्यो स्वरूप हो अद्वयानन्दरूप। यो अद्वयानन्द रूपको साक्षात् अनुभव गर्नुपर्दछ। त्यो साक्षात् अनुभव निर्विकल्प समाधिकालमा हुन्छ, जहाँ चित्त रहँदैन—चित्त अचित्त भैहाल्छ।

रहस्य कुरा यो हो कि विषयप्रकाशन चित्तवृत्तिको निरन्तर उदित भैराख्नुसम्म अनिवार्य हुन्छ। त्यसैले त्यसको निवारणको लागि चित्तलाई लंघन गरेर आत्मामा स्थित हुनुपर्दछ। अर्थात् निर्विकल्प समाधि प्राप्त गर्नुपर्छ। किनकि केवल निर्विकल्प समाधिमा कुनै प्रकार चित्तवृत्ति उदित हुँदैन र त्यो चित्तवृत्तिको साक्षीरूपले आफू हुँदैन। त्यसकारण साक्षिभावको विगलनको लागि सम्पूर्ण चित्तवृत्तिमा असद्भाव आवश्यक छ। जहाँसम्म चित्तवृत्ति रहन्छ त्यहाँसम्म साक्षिभाव आवश्यक हुन्छ। चित्तवृत्तिरहित भएमात्र साक्षिभाव असम्भव हुन्छ। फलरूपले अद्वैत आत्मस्वरूप स्पष्टरूपले हृदयमा अभिव्यक्त हुन्छ।

यसरी विषयबोधनको अभाव आपादनपूर्वक अद्वयानन्द निज पूर्ण अद्वितीय स्वरूपको साक्षात् अनुभव सम्भव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

वृत्ति खडा नहुनुरूप व्रत जीवन्मुक्त पुरुषको छैन

ज्ञानद्वारा मानिस मुक्त हुन्छ। यद्यपि मोक्ष हो आफ्नो वास्तव स्वरूप, तापनि त्यो आफ्नो वास्तव स्वरूप योग्य माध्यमको अभावले गर्दा प्रकट हुन पाएको थिएन। ऐले प्रमाणजन्य—ब्रह्माकार वृत्तिमा अभिव्यक्त भएको छ। यसैको नाम हो मोक्ष-प्राप्ति।

पुरुषको बन्धन थियो अन्तःकरणसित अध्यासरूप। त्यो अध्यास ऐले विनष्ट भएको छ र पुरुष जीवन्मुक्त भएको छ। मुक्त भईकन पनि भोगद्वारा प्रारब्ध कर्मको क्षय नहुनुसम्म जीवन्मुक्त पुरुषको पनि चित्त रहिरहन्छ; र त्यसकारण चित्तमा सुख, दुःख, भय, उद्वेग आदि खडा हुन्छ। कुनै वृत्ति खडा नहुनुरूप व्रत जीवन्मुक्त पुरुषको छैन।

तापनि त्यो चित्त हो डढेको चित्त। डढेको बिउ जस्तो उम्रिदैन तापनि त्यसलाई पकाएर खाए हुन्छ, त्यस्तै जीवन्मुक्त पुरुषको सुख दुःख आदि भए तापनि—जुन चित्तमा भय आदि उत्पन्न भएको छ, त्यो चित्तमा जीवन्मुक्त पुरुषको म बुद्धि उत्पन्न हुँदैन। त्यसकारण जीवन्मुक्त पुरुष सुख दुःख आदिद्वारा विकार प्राप्त हुँदैन।

यसको प्रमाण के हो ? स्थितप्रज्ञ पुरुषको लक्षण के हो ? भनी यसरी अर्जुनले श्रीकृष्ण भगवान्‌सित सोधेपछि (स्थितप्रज्ञस्य का भाषा) कृष्ण परमात्माले स्थितप्रज्ञ पुरुषको लक्षणावली बताउनुभएको छ। त्यो गीतोक्त स्थितप्रज्ञ पुरुषको लक्षण हो यसमा प्रमाण।

(यो लेख "के ज्ञानीलाई दुःख हुन्छ ?" भनो काशी शाखाप्रमुख श्रीविश्वनाथ पाण्डेयबाट प्रश्न गरिंदा ०३३।७।१८ मा प्रातः हाटकेश्वर भवनमा लेखाइबक्सेको हो—देवेश्वर।)

●

नारायण श्रेष्ठ वेदान्तीको अत्यन्त कठिन प्रश्नको अत्यन्त सजिलो जबाफ

प्रश्न—म त मुमुक्षु मानिस हुँ र वेदान्तमा प्रविष्ट पनि हुँ र विचारमा विशेष निपुण पनि छु। तर मेरो मनमा एक ठूलो शंका छ, त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

हो—(१) जीवभावको निवृत्ति हुनु सम्भव देखिँदैन र (२) जीवभावलाई निवृत्त गर्नेवाला कोही पनि देख्नमा आउँदैन । यो दुई विभागयुक्त शंकाको निवारण भए म खुशी भएर अद्वैत संस्थाको सदस्य बन्ने छु ।

उत्तर—तिम्रो शंका ज्यादै उत्तम हो र तिम्रो निश्चय पनि खूब राम्रो देखिन्छ । फेरि त्यो शंकाको समाधान भए तिमी अद्वैत संस्थाको सदस्य बन्ने छौ, यो जानीकन मलाई ठूलो प्रसन्नता प्राप्त भएको छ । त्यसकारण म तिमीलाई पूरा समाधान गरिदिन्छु । तिमी वेदान्ती भएको हुनाले यो समाधानबाट तिमी अवश्य प्रसन्न हुने छौ र सदस्य हुने तिम्रो संकल्पलाई पालन गरे तिमी जीवन्मुक्त भैहाल्छौ ।

(१) जीवभाव—साक्षिचैतन्य, अन्तःकरण र चिदाभास यो तीन थरि कुराको समष्टिको नाम हो जीवभाव । यो तीन थरि कुराको स्वरूपको बारेमा विचार गरे यो जीवभाव केवल आफ्नो साक्षिस्वरूपमा पर्यवसित हुन्छ । त्यो यसप्रकारले संभव हुन्छ—

साक्षिचैतन्य हो पारमार्थिक सत्य वस्तु, अन्तःकरण र त्यसमा परेको साक्षिचैतन्यको प्रतिबिम्ब यो दुवै हो मिथ्या । किनकि सुषुप्ति अवस्थामा अन्तःकरण र त्यसमा परेको प्रतिबिम्ब अभाव प्राप्त हुन्छ । त्यसैले चिदाभास हो मिथ्या र चिदाभासको कारण अन्तःकरण पनि हो मिथ्या ।

(२) ऐले यो मिथ्या जीवभावको निवर्तक को हो त्यसको विवेचना गरिन्छ—आत्मा कल्पित जीवभावको निवर्तक हुँदैन। ब्रह्मको निवर्तक पना कदापि संभव छैन; किनकि ब्रह्म बरू जीवभावको निवर्तक नभईकन त्यसको प्रवर्तक (साधक) हुन्छ । अज्ञान पनि जीवभावको निवर्तक हुँदैन । माया र अज्ञान पर्याय शब्द हो । त्यसकारण जीव भावको निवर्तक देख्नमा आउँदैन ।

किन्तु यो कुरा ठीक हैन । किनकि ब्रह्म अज्ञान किम्वा आत्मा जीव भावको निवर्तक नभए तापनि श्रीमान् नारायण श्रेष्ठ (जो चाहिं आफ्नो वास्तव स्वरूपलाई साक्षात्कार गरेको छैन यस प्रकार अज्ञात आत्मा) सत्संग र सद्विचारद्वारा उत्पन्न ब्रह्मात्मसाक्षात्कार वृत्तिलाई प्राप्त गरीकन त्यसमा आरूढ ब्रह्मचैतन्यको अनुग्रहबाट जीवभावलाई सदाकालका लागि निवृत्त गरिदिन्छ । त्यसकारण श्रीमान् श्रेष्ठ (अज्ञात आत्मा) अद्वैत संस्थाको सदस्य बनीकन र साक्षात्कार वृत्तिलाई उत्पन्न गरीकन त्यसको कल्पित जीव भावलाई सकृत् (एक साथ) निवृत्त गरिदिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ज्ञानोदयको पूर्ववर्ती क्षण

यो सिद्धान्त हो कि मुमुक्षुले आत्मालाई जान्नुपर्दैन। किनकि मुमुक्षु पुरुष ज्ञाता हैन। किन्तु मुमुक्षु पुरुष हो आत्मा। तर आत्मस्वरूपको साक्षात् अनुभव ऐलेसम्म गर्न सकेन। त्यसकारण यद्यपि त्यसले आत्मा हुनका लागि यत्न गर्न अलिकति पनि पर्दैन, तापनि महुँ ज्ञाता, मलाई ज्ञान चाहिन्छ र मेरो वास्तव स्वरूप हो ज्ञेय, यसप्रकार भ्रान्त त्रिपुटी जहाँसम्म उदय भैरहन्छ त्यहाँसम्म आफू आत्मस्वरूप बन्न सक्दैन। त्यसकारण केवल आत्मस्वरूप बन्नका लागि (नकि आत्मालाई जान्नुका लागि) ज्ञाता ज्ञेय भावलाई निरसन गर्नुपर्दछ; अर्थात् साभास चित्तको यो दुई प्रकार वृत्तिलाई निरसन गर्नुपर्दछ। ज्ञाता ज्ञेय भावरहित भएर स्थित हुनुपर्दछ। यस प्रकार एक क्षणको लागि सम्पूर्ण चित्तवृत्तिदेखि रहित भएर स्थित हुनु हो ब्रह्मज्ञानको उदयको पूर्ववर्ती क्षण।

●

सत्त्वापत्ति ज्ञान भूमिका

अनात्मा प्राण, इन्द्रिय, मन, बुद्धि आदि पारमार्थिक सत्य हैनन्, किनकि तीनै कालमा यिनीहरू रहँदैनन्। तर आत्मब्रह्म हो नित्य, स्वतः-सिद्ध र सर्वदा प्रकाशमान अखण्ड आनन्दरूप वस्तु। त्यसकारण म वास्तवमा हुँ ब्रह्मस्वरूप—यसप्रकार निश्चयलाई विचार भनेको छ। यो हो योगवाशिष्ठ को विचारणानामक द्वितीय भूमिका।

त्यसपछि इन्द्रिय, मन, बुद्धि आदिसित अध्यास शिथिल हुन्छ (अर्थात् म देहधारी हुँ, म देख्दछु, सुन्दछु, म कुरा जान्दछु यसप्रकार भ्रान्त धारणा नष्ट हुन्छ र मन स्वतः पदार्थमा आसक्त हुन छोडिदिन्छ)। परिणामले "म हुँ ब्रह्मस्वरूप" यसप्रकार ध्यान संभव हुन्छ र ध्यानको अभ्यासको फलले देह, इन्द्रिय, प्राण, मन चेष्टारहित भैहाल्छ। यसरी कार्य (शरीर), करण आदि निश्चेष्ट भए परिपक्व ध्यान किम्वा सविकल्प समाधि उदित हुन्छ। यसको नाम हो तनुमानसारूप तृतीय ज्ञानभूमिका।

त्यसपछि—मायाको कार्य (मिथ्या) जाग्रत् स्वप्न सुषुप्ति अवस्था नष्ट हुन्छ। मन वलात् सूक्ष्म (स्वतःसिद्ध अखण्ड ब्रह्मात्म) वस्तुको आकार-मा आकारित भैहाल्छ। परिणामले मन अचल भएर ब्रह्मात्मस्वरूपमा स्थित भैहाल्छ। यसप्रकार मनको ब्रह्मात्मस्वरूपमा अभिन्न रूपले स्थिति हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

आफ्नो ब्रह्मात्मस्वरूपको निश्चल मनद्वारा सम्यक् उपलब्धि । यसैलाई सत्त्वको (सन्मात्र ब्रह्मात्माको) आपत्ति (प्राप्ति, ब्रह्मात्मस्वरूप नै बनिहाल्नु) भनेको छ ।

●

अधिकारी निरूपण

मनुष्य हो तीन प्रकारको—(१) **अज्ञानी**—जसले चित्तशुद्धि विवेक आदि प्राप्त गरेको छैन ।

(२) **जिज्ञासु**—जो संसारबाट उपरत भैसकेको छ । पदार्थको ज्ञाता हो, मुक्त हुन खोजेको तर ज्ञान प्राप्त गरेको छैन ।

(३) **ज्ञानी**—जसले आफ्नो वास्तव स्वरूपलाई साक्षात्कार गरेको छ ।

(१) यिनीहरूको भित्र अधिकारी हो जिज्ञासु पुरुष । जिज्ञासु पुरुषको लक्षण हो (१) पदार्थलाई जानेको छ; आफू भन्ने, ईश्वर भन्ने, आफूसित ईश्वरको पारमार्थिक एकता भन्ने कुरा जानेको छ ।

(२) संसारबाट उपरत भएको छ । अर्थात् निष्काम कर्म र भगवद्-भक्तिद्वारा शुद्धचित्त भैकन जसले अनात्माकार वृत्तिको उत्पत्ति हुन नदीकन आत्मामा नै निरन्तर मन लगाइराख्दछ । यो हो अधिकारीको मुख्य लक्षण । अर्थात् जानी बुझीकन चित्तमा कहिले पनि विषयको इच्छा उठन नदीकन चित्तलाई आत्माकारमा आकारित गरिराख्दछ । त्यसकारण प्रयत्नपूर्वक चित्तसित सम्पर्क नजोडीकन आफूलाई शुद्ध चैतन्य भनीकन अनुभव गर्नुको इच्छा (मुमुक्षा) राखिछोडदछ । परिणामले ज्ञान शास्त्र हेरिरहन्छ । ज्ञानशास्त्रमा बताइएको सिद्धान्तलाई अनुभव गर्नुको निरन्तर प्रयत्न गरिरहन्छ । सांसारिक विषयलाई प्राप्त गर्नुको मनमा इच्छा उठेपछि त्यो इच्छालाई परित्याग गरिदिन्छ । अर्थात् जिज्ञासु मानिस कहिले पनि चित्तसित मिल्दैन । अन्तःकरणसित अध्यास प्राप्त हुँदैन । अन्तःकरण स्वरूपतः किम्वा मायाद्वारा आत्मामा अध्यस्त देखिए तापनि त्यसले चित्तसित संसर्गाध्यास हुन दिदैन । परिणामले जिज्ञासु पुरुषको भित्र ज्ञाता ज्ञान ज्ञेय यसप्रकार त्रिपुटीको उत्पत्ति भए पनि त्यसको प्रसार हुन पाउँदैन । किनकि जिज्ञासु पुरुष केवल संसारबाट मुक्त हुन खोजेको हुन्छ ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

कैवल्य कुञ्जिका

(तृतीय खण्ड)

—□□—

अहंकार र जगत्को निरसन

आत्मप्राप्तिको अमोघ उपाय

सर्व वस्तु हो अहंकार; अहंकारको त्याग भए आत्मा सजिलोसित प्राप्त हुन्छ।

प्रश्न—अहंकारको त्याग कसरी हुन्छ ?

उत्तर—म वास्तवमा अहंकार हैन; अहंभाव ममा अज्ञानले कल्पित हो, यस्तो बुझेपछि अहंभावको परित्याग हुन्छ र म अहंकाररहित भएर आफ्नो वास्तव स्वरूपमा स्थित भैहाल्छु। यसप्रकार स्थितिको नाम हो निर्विकल्प समाधि।

अहंकारको त्यागमा अलिकति पनि परिश्रम छैन; कुनै क्रिया अपनाउनु पर्दैन। अहंकारको परित्याग क्रियारूप हैन। किन्तु श्रद्धाले आफ्नो वास्तव निरहं ब्रह्मस्वरूप (जो चाहिं हरहालतमा हाम्रो प्राप्त नै छ त्यो) निरहं हुनुबित्तकै प्राप्त हुन्छ।

प्रश्न—कसरी निरहं हुनु सम्भव छ ?

उत्तर—कुनै क्रिया नगरीकन अहंभाव हो मेरो वास्तव स्वरूपमा अज्ञानद्वारा कल्पित मात्र यस्तो बुझ्नुपर्दछ । परिणामले अहंभावप्रति उदासीन रहनु नै हो अहंकारको परित्याग।

●

प्रपञ्चको मिथ्यात्वमा हेतु

प्रश्न—उपाधिको स्वरूप के हो ?

उत्तर—कल्पित वस्तुलाई उपाधि भनेको छ; त्यो हो देह, इन्द्रिय, प्राण, मन, बुद्धि आदि सारा अनात्म प्रपञ्च। पारिभाषिक रूपले उपाधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

हो पञ्च कोश; किनकि पञ्च कोशलाई माने पञ्च कोशको धर्म आत्मामा मानिन्छ र आत्माको संसर्ग (संसर्ग हो सत्ता र स्फुर्ति) देहादिमा मानिन्छ। अध्यास भ्रमलाई भनेको छ; किनकि देहादि हो बिलकूलै मिथ्या र आत्मा हो बिलकूलै देहादि सम्पर्करहित।

प्रश्न—उपाधिको कारण के हो ?

उत्तर—उपाधि वासनाबाट निर्मित भएको छ (वासना हो उपाधिको कारण)। वासना शब्दको अर्थ हो देहादि सम्पूर्ण अनात्म प्रपञ्चमा सत्यताबुद्धिको संस्कार त्यो संस्कार चित्तमा बसेको हुनाले वासना हो चित्तको स्वरूप (चित्त र वासना हो पर्याय शब्द)।

प्रश्न—उपाधिको निरसन कसरी र कैले हुन्छ ?

उत्तर—उपाधि वासनाको कार्यरूप भएको हुनाले वस्तुरूप हैन भनी जो संझनु हो त्यो हो उपाधि निरसनको एकमात्र उपाय।

जब अवस्तुभूत वासना निराकृत हुन्छ, तब चित्त संपूर्ण वृत्तिरहित भएर ब्रह्माकार बनिहाल्छ (यसरी उपाधिको निरसन संभव हुन्छ)।

प्रश्न—उपाधि कति प्रकारको हो ?

उत्तर—उपाधि हो पाँच प्रकारको (पञ्च कोश)। सम्पूर्ण अनात्म प्रपञ्च हो पञ्च कोशको अन्तःपाती।

प्रश्न—जाग्रदादि अवस्थाले कुन कुरालाई अभिव्यञ्जन गर्छ (अर्थात् जाग्रदादि अवस्था केको अभिव्यञ्जक हो) ?

उत्तर—जाग्रदादि अवस्था हो वासनाको अभिव्यञ्जक। किनकि यी अवस्थाहरूमा वासना अभिव्यक्त भैरहन्छ। वासना हो अनात्मामा सत्यताबुद्धिको संस्कार (जो चाहिं चित्तमा बसिरहन्छ र चित्तरूप हो)।

प्रश्न—आत्मासित जाग्रदादि अवस्थाको के सम्बन्ध छ ?

उत्तर—जाग्रदादि अवस्था वासनारूप भएको हुनाले आत्मामा कल्पित भएको छ। त्यसकारण आत्मासित यिनीहरूको आध्यासिक (अज्ञानकृत) सम्बन्ध छ, वास्तविक सम्बन्ध छैन (किनकि अवस्थात्रय हो कल्पित र मिथ्या)। जाग्रदादि अवस्थाको निरसन भए आत्माको ज्ञान हुन्छ (आत्मज्ञानको एकमात्र उपाय हो अवस्थात्रयको अभाव आपादन)।

प्रश्न—जाग्रदादि अवस्थाको निरसन कसरी र कैले हुने ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

उत्तर—जाग्रदादि अवस्था हो वासनारूप। वासना हो संस्कार-मात्र (वस्तुरूप हैन), यो जानेपछि वासनाको निरसन हुन्छ। जस्तो गन्धर्व नगरको निरसन हो आकाशमा गन्धर्व नगर वास्तवमा छैन यस्तो जान्नु। यही हो निरसनको उपाय।

प्रश्न—जगत्को रचयिता को हो? रचनाको साधन के हो र रचनाको उपादान कारण के हो?

उत्तर—संकल्पकर्ता अहंकारले (त्रिपुटीरूप) जगत्लाई रचना गर्छ। संकल्पको हेतु हो वासना (अर्थात् वासनाबाट संकल्प निस्किरहन्छ)।

प्रश्न—यदि संकल्प जगत्को उपादान हो तब त्यो संकल्पको हेतुभूत कारण के हो?

उत्तर—वासना।

वासना शब्दको प्रकार

प्रमादले (आफ्नो स्वरूपबाट च्युत भएपछि) अहंभाव खडा हुन्छ। त्यो अहंभाव हो मायाको कुनै गुणसित मिलेको आफू बन्नु। त्यसलाई अहंकार भनेको छ। यसरी ब्रह्मदेखि भिन्न अहं बन्नु हो भेद (भिन्न भिन्न वस्तुविषयक) वासनाको मूल।

यसप्रकार भिन्न भिन्न वस्तु र जीव बनेपछि तिनीहरूमा भोग-वासना (कर्म गर्नुपूर्वक त्यसको फल भोग्नुको इच्छा) को जो भण्डार हो त्यसलाई भोगवासना भनेको छ। ज्ञान नहुनुसम्म (अर्थात् मन नष्ट नहुनुसम्म) भोगवासना रहिरहन्छ र निर्विकल्प समाधि नहुनुसम्म भेद-वासना रहिरहन्छ।

आत्मवस्तुमा बसिराख्नु

आत्मस्वरूप—जो चाहिं हो तिम्रो वास्तव स्वरूप त्यो—हो अनुभवरूप वस्तु। त्यो बाहेक अरू सिन्को पनि छैन। त्यसोभएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

यो प्रकाशरूपमा स्थित भैराख। आत्मवस्तुलाई खोज्नुपरेको छैन। आत्मवस्तुलाई प्राप्त गर्नुपरेको छैन; किनकि आत्मा हो तिम्रो आफ्नो स्वरूप र सदा प्राप्त। त्यसोभएको हुनाले आत्मव्यतिरिक्त अरू कुनै प्रसंग पनि तिम्रो आउन परेन। यसरी आत्मस्वरूपमा स्थित भैहाल।

•

ज्ञान जान्नु हैन, बन्नु हो

प्रश्न—"आत्मा अविनाशी र तिमी हामी र जगत्‌को स्वरूपभूत हो। त्यसकारण त्यसलाई खोज्नुपर्दैन; तिमी हरहालतमा आफू नै त्यो आत्मवस्तु हो।

यसप्रकार भनेपछि र यो कुरा बुझेपछि पनि बुझ्नेवालाको केही विशेषता हुँदैन र त्यसको दुःख जाँदैन।

उत्तर—यो बिलकूलै ठीक हैन। किनकि जसले भन्छ मेरो दुःख गएको छैन त्यो त आत्मा बनेको छैन।

यद्यपि भन्नेवाला पनि वास्तवमा आत्मरूप नै हो तापनि त्यसले अनात्म देहादि रूपतालाई परित्याग गरीकन आफूमा आत्मरूपताको अनुभव गरेको छैन, किन्तु अनात्मासित मिलीकन त्यसले अनात्मा देह इन्द्रिय र चित्तको धर्म आफूमा मानिराखेको छ। अर्थात् आफू मिथ्या पुरुष बनीकन मिथ्या दु.खलाई अनुभव गरिराखेको छ।

एतावता आफूको आत्मरूपता किम्वा सर्वात्मरूपताको निषेध भएको छैन, किन्तु आफ्नो अनात्म अध्यासलाई (म मेरो भावलाई) प्रयत्नपूर्वक निवारण गरेको छैन। त्यसैले प्रमाता चैतन्यभावको मिथ्यापन, जडरूपता र दुःखरूपतालाई अनुभव गरिराखेको छ।

•

दृश्यदर्शन कसले गर्छ ?

प्रश्न—अज्ञानीले जगत् देख्दछ, त्यसको स्वरूप के हो ?

उत्तर—जसले जगत् देख्दछ, त्यसले "म जगत् देखिराखेको छु" भनी अनुभव गर्छ। त्यसैले जगत्‌को द्रष्टा हो अहंकार। यो अहंकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आत्माको अज्ञानबाट खडा हुन्छ। आत्माको प्रथम विकार अहंकार यदि मानिदैन तब "देख्नेवाला म हुँ" यस्तो अनुभव बन्न पाउने थिएन। त्यसैले अविद्यायुक्त आत्माको प्रथम विकार हो अहंकार; अर्थात् आत्मामा प्रमादवशात् प्रथम विकार खडा हुन्छ, त्यो यथार्थ आफू नभए पनि अनात्माभिमानी आफू हो। किनकि आफू देखि पृथक्‌रूपले दृश्यलाई मानेपछि यो दृश्य जगत् ब्रह्मरूप हुन पाएन।

यसरी जगत्‌को द्रष्टा "आफू" भएको हुनाले त्यो आफू आत्मामा अज्ञानवशात् बनेको प्रथम विकार अहंकार हो। जो प्रथम विकार अहंकार हो त्यसले जगत् देख्दछ, यो सिद्ध भो। किनकि जगत्‌को द्रष्टा आत्मा हुन पाएन। त्यसकारण त्यो द्रष्टा हो अविद्यायुक्त आफू र जुन जगत्‌लाई म देखिराखेको छु त्यो हो त्रिपुटीरूप र त्यसको द्रष्टा हो आत्माको द्वितीय विकार (अर्थात् अविद्याको कार्य अन्तःकरणमा परेको अहंकारको प्रतिविम्बरूप)। यसप्रकार जगद्दर्शन हो "म यो जगत्‌लाई देखिराखेको छु" भन्ने प्रथम विकार अहंकारको भ्रान्त अनुभवमात्र। "अहम् इदं पश्यामि" भनी जो भ्रान्त त्रिपुटीरूप अनुभव हो यो अनुभवकर्ता हो प्रमाता चैतन्य।

यसरी त्रिपुटीको उत्पादक जो अहंकार हो त्यो हो अविद्यायुक्त चैतन्य र त्रिपुटीरूप जगद्दर्शनको अन्तःपाती जो द्रष्टा हो त्यो हो साभास अन्तःकरणको सात्विक हिस्सारूप। यसरी अज्ञात आत्मा (१) अहंकार बनीकन, (२) प्रमाता चैतन्य पनि बनिहाल्छ। त्यसैले जब 'म' र 'यो' यस्तो विकारको हेतु त्रिपुटी खडा हुन्छ तब सावधान भएर चित्तको वृत्तिलाई अविद्यामा स्थित अहंकारमा विलय गरिदिनु र त्यसपछि अविद्या नष्ट हुन्छ (अविद्यायुक्त अहंकार प्रत्यक् आत्मामा हराइहाल्छ)। यसरी क्षेत्रज्ञलाई क्षेत्ररहित तुल्याईकन—प्रमाता चैतन्यलाई सारा पापादि दोषबाट वर्जित गरीकन शुद्ध चैतन्यसित एकीभूत भनी अनुभव गर्नु।

●

संशय आदिको निराकरणको बाटो

प्रश्न—प्रमाण संशयलाई बुद्धिको दोष किन भनिएको छ ?

उत्तर—बुद्धिको दोष हो बुद्धिको वृत्तियुक्त भैरहनु। बुद्धि वास्तवमा हो निर्दोष; किनकि बुद्धिको वास्तव स्वरूप हो अबुद्धिभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

(वृत्तिराहित्य)। जबसम्म वृत्ति चलिरहन्छ (नाना विषयाकारमा आकारित भैरहन्छ) तबसम्म बुद्धि दोषयुक्त मानिन्छ। निर्दोष बुद्धिमा (ब्रह्माकार वृत्तिमा) वस्तुतत्त्व अवभासित हुन्छ, किन्तु दोषयुक्त बुद्धिमा सुख, दु:ख, जरा, मरण आदि संसार प्रतिभात भैरहन्छ। बुद्धिको चलिरहनुको कारण हो पुरुषको अन्तःकरणस्थित दृढ वासना।

प्रश्न—यो बुद्धिको दोषको स्वरूप के हो ?

उत्तर—बुद्धिको दोष बुद्धिको चपलतारूप भएको हुनाले यो दोषको स्वरूप हो "म मनुष्य" हुँ, म जन्मेको हो, मलाई मर्नुपर्छ, मर्नुबाट ज्यादा संकष्ट हुन्छ आदि।

प्रश्न—यो दोषको निवारण कसरी गर्नुपर्छ ?

उत्तर—चित्तशुद्धि अनन्तर गुरु शास्त्रबाट श्रवण मनन आदिपूर्वक क्रम क्रमले बुद्धिको वृत्तिलाई रोक्नुको अभ्यास गर्नुपर्छ। श्रवण, मनन आदि क्रमले बुद्धि निश्चल हुन्छ (बुद्धि अबुद्धि बनिहाल्छ) र त्यसमा आत्मब्रह्म सम्यक् प्रकाशित हुन्छ। जब आत्मा बुद्धिपूर्वक परिज्ञात भयो तब संशयादि संपूर्ण बुद्धिदोष निवारित हुन्छ।

प्रश्न—संशयको अभावको स्वरूप के हो ?

उत्तर—संशयको अभाव हुन्छ जब बुद्धिको चलनरूप संशय सम्यक् निवारित हुन्छ; त्यो हो अद्वितीय आत्मवस्तुको सम्यक् ज्ञान। ज्ञानी पुरुषमा संशयको अभाव संभव हुन्छ। "सारा संशय छिन्न हुन्छ" यो श्रुति हो यसमा प्रमाण।

शम दम आदि षट् सम्पत्तियुक्त भएर श्रवण मनन आदि क्रमले ज्ञान उत्पन्न हुन्छ र यसरी जब ज्ञान उत्पन्न हुन्छ, तब संशय निवारित हुन्छ। आत्मामा संशय आदि कुनै दोष हुँदैन। त्यसैले आत्मदर्शन भए (आत्मस्वरूपलाई प्राप्त गरे मात्र) संशय आदिको निवारण संभव हुन्छ।

प्रश्न—साधनचतुष्टय प्राप्त भए बुद्धिको दोष बाँकी रहन्छ कि ?

उत्तर—साधनचतुष्टयलाई अवलम्बन गर्नु हो बुद्धिदोषलाई निवारण गर्नुको लागि श्रीगणेशमात्र।

प्रश्न—मुमुक्षु पुरुषको संशय रहन्छ कि ?

उत्तर—मुमुक्षु पुरुष श्रद्धाले जन्म मरणरहित आत्माको अस्तिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

स्वीकार गर्छ। आफू जन्ममरण आदि संशयबाट रहित हुनका लागि ज्ञान प्राप्त गरीकन मुक्त हुनुको प्रयत्न गर्छ।

●

जीव चेतन र साक्षी चेतन

(साक्षिचैतन्य र बहिर्मुख अन्तर्मुख चैतन्य)

प्रश्न—आफू को हो ?

उत्तर—म हुँ साधनचतुष्टयसम्पन्न मुमुक्षु अधिकारी।

प्रश्न—शरीरको भित्र को को बसेको छ ?

उत्तर—शरीरको भित्र दुई चैतन्य बसेको छ : (१) प्रमादरहित चैतन्य र (२) प्रमादी चैतन्य। प्रमादरहित चैतन्य हो साक्षिचैतन्य, प्रमादी चैतन्य हो अहंकार किम्वा अशुद्ध साक्षी।

प्रश्न—बसेका यिनीहरूको काम के के हो ?

उत्तर—शुद्ध साक्षीको कुनै काम छैन; किनकि त्यो हो शरीरानुप्रविष्ट ब्रह्म चैतन्यमात्र। प्रमादी चैतन्य हो दुई प्रकारको—(१) बहिर्मुख चेतन र (२) अन्तर्मुख चेतन।

(१) अहंकार जब बहिर्मुख हुन्छ, तब आफ्नो वास्तव शुद्ध साक्षिचैतन्यपट्टि नलागीकन संसारतिर लाग्दछ र परिणामले अन्तःकरणसित मिलेर (अन्तःकरणमा प्रतिबिम्बित भएर) त्रिपुटीरूप धारण गर्छ। यसरी संसार भावनाले जन्म, मृत्यु, जरा, दुःख प्राप्त गर्छ। यो हो बहिर्मुख प्रमादी चैतन्यको काम।

(२) जब अहंकार अन्तर्मुख हुन्छ, तब अन्तःकरणसित मिल्नुसम्भव हुँदैन; परिणामले अहंकार अन्तर्मुख हुन्छ (संकल्परहित हुन्छ) र वास्तव ब्रह्मस्वरूपको भावना गर्छ। यसप्रकार ब्रह्मस्वरूपको भावनाको फलले ज्ञानपूर्वक ब्रह्मस्वरूपलाई प्राप्त गर्छ र जन्म मरणरहित भैहाल्छ। यो हो अन्तर्मुख प्रमादी चैतन्यको काम।

प्रश्न—यो कामको नतीजा के के हो ?

उत्तर—संसार भावनाबाट नाना प्रकार दुःखको अनुभव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

त्रिपुटी अन्त.पाती जीव चैतन्य (प्रमाता चैतन्य) व्यर्थ शरीर इन्द्रिय मन बुद्धिलाई बलियो बनाएर जन्म मरण जरा व्याधि दुःख भय आदिको निरन्तर अनुभव गरिराख्छ। यद्यपि त्रिपुटी हो साक्षिभास्य (सर्वथा मिथ्या) तापनि चित्तसित मिलिराखेको हुनाले (चित्तलाई साँचो तुल्याएको हुनाले) आफू समेत प्रपञ्चलाई परमार्थ सत्य भनी मान्दछ र अशेष दुःखको अनुभव गरिराख्छ।

चित्तको वृत्तिरूप पदार्थ र सुख दुःख भय आदिको अनुभव हो सर्वथा भ्रान्त; किनकि सित्तसित मिल्नु (चैतन्य र चित्तको अन्योन्याध्यास) हो भ्रमरूप र सम्पूर्ण चित्तवृत्ति (दर्शन दृश्य र द्रष्टा) हो केवल विकल्पमात्र (मिथ्या); तर भ्रमले प्राप्त चैतन्यको आफू समेत सम्पूर्ण प्रपञ्चमा दृढ सत्यताबुद्धि भैरन्छ। भ्रमले प्राप्त सम्पूर्ण दुःखको निवारण कुनै भ्रमरूप पदार्थबाट सम्भव हुँदैन। भ्रम र भ्रमकृत विक्षेप (दुःखको अनुभव)को निवृत्ति—अज्ञानजन्य भएको हुनाले—केवल ज्ञानले सम्भव हुन्छ। अरू कुनै प्रकारले दुःख चिन्ता र भयको निवारण हुन सक्दैन।

किन्तु जो चाहिं अन्तर्मुख चेतन हो त्यसले संसार भावना (चित्तसित मिलीकन त्रिपुटीमा आफूबुद्धि र सत्यता बुद्धि) गर्दैन। यसरी संकल्परहित भएको हुनाले (संकल्पबाट चित्तवृत्ति खडा हुन्छ) अन्तर्मुख चेतन ब्रह्मभावना गरिरहन्छ। अन्तःकरणसित नमिल्नुको अवश्यम्भावी फलरूप हो ब्रह्मभावना। स्वरूपको भावना कुनै क्रियारूप हैन, किन्तु संसार भावनाको अभावलाई ब्रह्मभावना भनेको छ। यसरी अन्तर्मुख भएर चेतन (अन्तर्मुखीकृत तिमी) ब्रह्मभावनामा व्यस्त रहन्छौ। यसप्रकार सहजसिद्ध ब्रह्मभावनालाई निदिध्यासन किम्वा ब्रह्म-ध्यान भनेको छ। ब्रह्मध्यानको अवश्यम्भावी फल हो विपरीत भावनाको निवृत्तिपूर्वक (देहादि जगत्मा सत्यताबुद्धिको परिहारपूर्वक) आफ्नो वास्तव स्वरूपमा स्थिति (ब्रह्मज्ञान)।

यसरी अन्तर्मुख चेतन निरन्तर ब्रह्मभावनामा लागिराख्छ र जति जति निदिध्यासन (भावना किम्वा ब्रह्मध्यान) परिपक्व हुन्छ; त्यति त्यति सम्पूर्ण वृत्तिबाट टाढा रहन्छ; अर्थात् देह, इन्द्रिय आदिको भावना निरस्त भएको हुनाले देह इन्द्रियको धर्म आफूमा कहिले पनि अनुभव गर्दैन। यसरी अन्तर्मुख (निःसंकल्प) हुनुको परिणामले शरीरको धर्म जन्म, जरा, मृत्यु आदि आदि र मनको धर्म भय, शोक, मोह आदिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

कहिले पनि अनुभव गर्दैन। यसरी अनात्मधर्मबाट आत्यन्तिक मुक्ति सजिलोसित सम्भव हुन्छ।

प्रश्न—बसेकाहरूको भित्र कसलाई तिमीले आफू भनी सम्झेका छौ ? अनुभवपूर्वक जबाफ देऊ ?

उत्तर—मुमुक्षु पुरुष स्वभावतः अन्तर्मुख प्रमादी चेतनलाई आफ्नो स्वरूप भनी मानेर संसार भावना परित्याग गरीकन ब्रह्माभ्यासमा निरत रहन्छ। म मुमुक्षु भएको हुनाले ज्ञानद्वारा मुक्ति प्राप्त गर्नका लागि यत्न गर्नु मेरो अवश्य कर्तव्य हो।

●

भूमिकाको विचार

भूमिका हो दुई प्रकार—(१) परमार्थ सत्य अद्वितीय ब्रह्मस्वरूप आफ्नो स्वरूपमा स्थित रहनु (निजी ब्रह्मस्वरूपको स्वतः अनुभव भैराख्नु; अर्थात् ब्रह्म स्वयं प्रकाशमान रहनु); र (२) ब्रह्मस्वरूपमा स्थित नभएर ब्रह्मस्वरूपमा प्रमाद हुनु; अर्थात् वासनारूपले बसिराखेको जगत् प्रपञ्चको अभिमुख हुनु। पहिला स्थिति हो ज्ञानको भूमिका र दोस्रा स्थिति हो अज्ञानको भूमिका।

यहाँ अज्ञानको भूमिकाको बारेमा विवेचना गर्छु, जसबाट यसको परित्यागपूर्वक ज्ञान भूमिकामा प्रवेश हुन सकिन्छ।

अज्ञान भूमिकामा जगद्वासनावशात् संकल्प उदित हुन्छ। संकल्प हो कल्पना गर्नु (अर्थात् कुरा चिताउनु)। यसप्रकार देहादि जगत्को कल्पना गर्नुको एकमात्र कारण हो जगद्वासनाविशिष्ट चैतन्यस्वरूप। यसप्रकार वासनावशात् ब्रह्म जो प्रमादले संकल्पको उन्मुख हुन्छ त्यो हो ब्रह्मस्वरूपमा वासनावशात् "म हुँ" यसप्रकार स्फुरित हुनु। यसको नाम हो अहंता किम्वा अहंकारको उत्पत्ति। ब्रह्म अज्ञानवशात् (वासनावशात्) संकल्पगर्नेवाला म (अहंकार) बनिहाल्छ। यो अहंकार (मभाव) ब्रह्म-स्वरूदेखि भिन्न भएको हुनाले अहंकाररूप प्रमादलाई भेदवासनाको मूल भनी शास्त्रमा भनिएको छ। किनकि यो अहंकारबाट संकल्पपूर्वक उत्पन्न नाना प्रकार देह, इन्द्रिय, मन, बुद्धि, अहंकार अर्थात् प्रमाता ज्ञाता द्रष्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

भाव र संकल्पद्वारा उत्पन्न देवता मनुष्य आदि जीवमा कर्मवासनापूर्वक भोगवासना उत्पन्न हुन्छ। यसरी भेदवासना हो भोगवासनाको अवश्यम्भावी कारण।

यसरी आफ्नो ब्रह्मस्वरूपमा स्थित ब्रह्मबाट अहंकार उत्पन्न हुन्छ; र अहंकारले नाना प्रकार जगत्‌को रचना गर्छ (यो हो कल्पित जगत्‌को पञ्चीकृत भूत, शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि र आत्मस्वरूपलाई नजान्नुरूप अविद्या)। जब मुमुक्षु पुरुष अहंकार भूमिकामा स्थित रहन्छ तब आफूलाई ब्रह्म भनी अनुभव गर्छ र देहादि प्रपञ्चलाई कल्पित भनी जान्दछ। यो म हो अहंकारको अन्तर्मुखीभाव (अन्तर्मुख)। यसप्रकार अन्तर्मुखता हो मुमुक्षु पुरुषको एकमात्र ग्रहणयोग्य भूमिका।

अहंकारको दुई प्रकार अवस्था छ—(१) अहंकार स्वरूपमा स्थित रहनु। (२) अहंकारले रचेको देह, इन्द्रिय, मन, बुद्धि आदिमा (यो भिन्न भिन्न पदार्थ अहंकारबाट कल्पित हो भनी नजानेर त्यसमा) सत्यताबुद्धि गर्नु। यसप्रकार कल्पित देहादिमा सत्यताबुद्धि गर्नु हो अहंकारको बहिर्मुखीभाव। यो हो मुमुक्षु पुरुषको परित्याज्य।

भोगवासनालाई खडा हुन नदीकन देह, इन्द्रिय, मन र बुद्धिमा (यो सारा संकल्पबाट रचित भएको छ भनी जानेर) यसमा सर्वथा मिथ्यात्वबुद्धि गर्नुपर्दछ। अर्थात् देह, इन्द्रिय, मन, बुद्धिसित कहिल्यै पनि नमिलीकन (देहादिमा सत्यताबुद्धि गर्नु र देहादिसित मिल्नु हो पर्याय शब्द) देहादिमा आफू बुद्धि किम्वा आफ्नो बुद्धि परित्याग गर्नु। यो हो अहंकारको बहिर्मुख अवस्थाबाट बाँच्नुको प्रथम सोपान। त्यसपछि जब देहादिमा आफू बुद्धिवशात् चित्तको देहाकार विषयाकाररूप अनात्मसम्बन्धी वृत्ति उत्पन्न हुन्छ तब त्यो वृत्तिमा सत्यताबुद्धि नगरीकन त्यसको प्रकाशक अनुभवस्वरूप आफूमा आफूबुद्धि गर्नु। तृतीय सोपान यो हो कि सदा सर्वदा प्रयत्नपूर्वक ग्राहकताबुद्धिलाई परित्याग गरीकन ग्रहण र ग्राह्य बुद्धिलाई पनि परित्याग गरिदिनु। यसरी सम्पूर्ण त्रिपुटी परिहृत हुन्छ।

यसरी बहिर्मुख भावको परिवर्जन भए अन्तर्मुखता स्वतः प्राप्त हुन्छ; अर्थात् संकल्पकर्ता अहंकारमा मुमुक्षु स्थित हुन्छ। यसप्रकार मुमुक्षु पुरुषको अन्तर्मुखी भाव हो देहादिसित सम्पर्क परित्याग गरीकन देहादिमा मिथ्यात्वबुद्धिको दृढतापूर्वक (संकल्प गर्नुपट्टि उन्मुख नभईकन) संकल्प गर्नुभावको अभाव संपादन गरीकन आफ्नो निर्भेद ब्रह्मस्वरूपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

भावनामा तत्पर हुनु। "जो देह, इन्द्रिय, मन, बुद्धि आदि सम्पूर्ण जगत्-पदार्थ खडा भएको देखिन्थ्यो त्यो सारा हो मेरो कल्पनामात्र। त्यसकारण आफ्नो अकल्पित संपूर्ण भेदरहित जो सच्चित् सुखस्वरूप हो त्यो हो मेरो वास्तव स्वरूप भनीकन बारम्बार भावना गरिरहनु।" यो भावना हो मुमुक्षु पुरुषद्वारा आचरित अत्यन्त प्रशंसनीय ध्यान (ब्रह्मस्वरूपको निदिध्यासन)।

ध्यान परिपक्व भए समाधिमा ध्येयाकार वृत्ति (अखण्डाकार वृत्ति) चलिरहन्छ, तब मुमुक्षु पुरुष जन्म जरा मृत्युरूप अशेष दुःखबाट मुक्त भैहाल्छ।

●

दृश्यसापेक्षता र दृश्यनिरपेक्षता

प्रश्न—तल लेखिएका भिन्न भिन्न शब्दहरूको पारिभाषिक अर्थ-प्रदर्शन गर; पर्याय शब्द भए तिनीहरूको एकसाथ उल्लेख गर।

सूर्यको प्रकाश; प्रदीपको प्रकाश; मणिको प्रकाश; आत्माको प्रकाश; क्षेत्रज्ञ; अज्ञात आत्मा; अहंकार र कल्पनाको (चित्तवृत्तिको) साक्षी।

उत्तर—(१) **सूर्यको प्रकाश**—सूर्यले विद्यमान जगत्पदार्थलाई प्रकाश गर्छ; तर प्रकाशकर्ता हैन (अर्थात् सूर्यको प्रकाश हो दृश्य पदार्थ-निरपेक्ष)।

(२) **प्रदीपको प्रकाश**—ठीक जस्तो सूर्यको प्रकाश।

(३) **मणिको प्रकाश**—ठीक जस्तो प्रदीपको प्रकाश।

(४) **आत्माको प्रकाश**—आत्माको प्रकाशले आत्मालाई र अनात्मा-लाई प्रकाश गर्छ; तर प्रकाशकर्ता हैन। आत्मा हो स्वयंप्रकाश। आत्मा आफूलाई प्रकाश गर्छ र सूर्यादिलाई पनि प्रकाश गर्छ। अज्ञानलाई प्रकाश गर्छ (तमलाई प्रकाश गर्छ र सूर्यादिको अभावलाई पनि प्रकाश गर्छ), तर प्रकाशकर्ता हैन। किनकि सूर्यको प्रकाश र तम आदि हो आत्म-स्वरूपमा कल्पित।

(५) **क्षेत्रज्ञ**—शरीरलाई जान्दछ, किन्तु शरीररहित हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

(६) **अज्ञात आत्मा**—अज्ञानसित तद्रूप भएको आत्मा, त्यसकारण जाग्रदादि अवस्थात्रयको उत्पादक (सृष्टिकर्ता)। आत्माको अज्ञातता यो हो कि आत्माबाट जाग्रदादि अवस्थाहरू निस्किरहन्छन् (अर्थात् आत्मा हो अवस्थात्रयसापेक्ष; आत्मामा अवस्थात्रयको अभाव छैन)।

(७) **अहंकार**—अहंकारबाट चित्त निस्कन्छ (अहंकारले देह इन्द्रिय मन बुद्धिलाई सृष्टि गरेको छ, त्यसकारण अहंकार हो चित्त-सहित)। ठीक जस्तो अज्ञात आत्मा हो (अज्ञात आत्माले अवस्थात्रयलाई सृष्टि गर्छ; अवस्थात्रय हो केवल चित्तरूप। त्यसकारण अज्ञात आत्माले जस्तो जगत्लाई सृष्टि गरेको छ, त्यस्तो अहंकारले पनि चित्तको वृत्तिरूप जगत्लाई सृष्टि गर्छ)।

(८) **कलनाको (चित्तवृत्तिको) साक्षी**—कलनालाई जान्दछ (व्यवधान बिना); कलना हो त्यसमा कल्पित, त्यसकारण साक्षी हो चित्त-वृत्तिरहित। जस्तो सूर्यको प्रकाश दृश्यनिरपेक्ष हो त्यस्तो साक्षी हो चित्तवृत्तिनिरपेक्ष (संपूर्ण चित्तवृत्तिरहित)। साक्षात् जान्नुको अर्थ हो साक्षी कलनाको ज्ञानकर्ता हैन।

यिनीहरूको भित्र पर्याय शब्द हो अज्ञात आत्मा र अहंकार। आत्माको प्रकाश, क्षेत्रज्ञ र कलनाको साक्षी हो पर्याय। सूर्यको प्रकाश, मणिको प्रकाश र प्रदीपको प्रकाश हो पर्याय।

●

जीवको स्वरूपको विवेचन

प्रश्न—जीवको स्वरूपको विवेचन कहाँ गरेको छ ?

उत्तर—वेदशास्त्र र वेदप्रमुख गीता आदिमा जीवस्वरूपको विवेचना गरिएको छ।

प्रश्न—जीवको स्वरूप कति प्रकारको हो ?

उत्तर—तीन प्रकारको।

प्रश्न—त्यसको स्पष्ट विवेचन वताउनुहोस् ?

उत्तर—(१) जीवको निकृष्ट स्वरूप हो देहविशिष्ट भाव; अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

"म हुँ मनुष्य (म देहयुक्त किम्वा देहधारी हुँ)"। मुमुक्षु पुरुषले यो देहबुद्धि-लाई सर्वथा परित्याग गर्नुपर्दछ।

(२) यो हो जीवत्व भाव; अर्थात् चित्तसहित अहंकार। यो जीवको उत्कृष्ट स्वरूप हैन; किन्तु निकृष्ट स्वरूपप्राप्तिको एकमात्र हेतु हो। जब आफ्नो अद्वितीय चिन्मात्र स्वरूपको प्रमाद हुन्छ (अर्थात् आफ्नो यथार्थ स्वरूपबाट पतन हुन्छ), तब देहादि सम्पूर्ण जगत्को कारण सर्व-प्रथम 'म' भाव खडा हुन्छ। यसैको नाम हो अहंकार (अर्थात् अहंकार-बाट चित्त र जगत् खडा हुन्छ)। यो जीवत्व भाव हो चित्तसित मिलीकन विषयको तृष्णा खडा गर्नु। चित्त हो केवल वासनारूप। यो वासना निरन्तर भिन्न भिन्न वृत्तिरूपले उत्पन्न हुन्छ र यसरी निकृष्ट जीवभावमा पुऱ्याउँछ। यो चेत्योन्मुख अहंकार हो दृश्यसहित द्रष्टाभाव।

(३) यो हो उत्कृष्ट स्वरूप। यो हो सम्पूर्ण दृश्यसहित दृक्स्वरूप (अर्थात् अद्वितीय शिवस्वरूप, यो हो जीवको सनातन वास्तव स्वरूप)।

प्रश्न—यो वास्तव स्वरूपमा पुग्नेको बाटो के हो ?

उत्तर—यसको एकमात्र बाटो हो चित्तरहित अर्थात् दृश्यरहित भएर स्थित हुनुको प्रयत्न। म द्रष्टा हैन (दृश्य ममा वास्तवमा छैन; म हुँ चित्तरहित चैतन्य), यसरी अहंकार स्वरूपलाई परित्याग गर्नुको प्रयत्न।

प्रश्न—अहंकारलाई कसरी परित्याग गर्नु ?

उत्तर—जति जति चित्तसित संपर्क टुट्छ, त्यति त्यति चित्तरहित चैतन्य स्वरूपको भावना संभव हुन्छ। म चित्तविशिष्ट चैतन्य हैन, किनकि चित्त हो वासनारूप। म हुँ निर्वासनिक (चित्तरहित चिन्मात्र)। ममा कुनै दृश्य छैन। म दृश्यको द्रष्टा बिलकूलै हैन। म हुँ शुद्ध दृक् (अचेत्य चिन्मात्र)। यसरी चित्तविशिष्ट स्वरूपलाई छोडेपछि चित्तरहित निरहंकार केवल चिदानन्द ब्रह्मस्वरूप स्वतः प्राप्त हुन्छ। यो हो जीवको वास्तव स्वरूप।

प्रश्न—अहंकार र त्यसको कृत्यको साधनको बारेमा संक्षेपले बताउनुहोस्।

उत्तर—प्रमादयुक्त ब्रह्म (अर्थात् ब्रह्मस्वरूपबाट च्युत भएको मात्र चैतन्य) हो अहंकार। अहंकार हो कल्पक पुरुष; त्यसले कल्पनाद्वारा (अविद्या र तत्कार्य चित्तको नाना प्रकार वृत्तिको उत्पत्तिद्वारा) जगत्लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

(दृश्य दर्शन द्रष्टारूप सम्पूर्ण प्रपञ्चलाई) कल्पित गर्दछ। यसरी अहंकारले संकल्पपूर्वक जगत्लाई सृष्टि गर्छ।

●

त्रिपुटीको विनाश

त्रिपुटी को विनाशको क्रम यसप्रकार हो:—दृश्य हो मिथ्या; किनकि त्यो चित्तको विकारमात्र हो र चित्त मिथ्या हो।

प्रश्न—तब विनाशको क्रम किन आवश्यक छ ?

उत्तर—सहसा द्रष्टा चेतन मिथ्या हो भन्नु संभव हुँदैन। किनकि चेतन वस्तु सत्य हो। त्यसकारण दृश्यबाट कुरा शुरू गर्नुपर्दछ।

प्रश्न—त्यसपछिको क्रम के हो ?

उत्तर—दृश्य मिथ्या भएको हुनाले दृश्य को द्रष्टा पन हुँदैन।

प्रश्न—किन ?

उत्तर—दृश्य जब मिथ्या भयो, तब दर्शन पनि मिथ्या हुँन्छ र द्रष्टा वलात् असत् बनिहाल्छ।

प्रश्न—तब त शून्यभाव प्राप्त हुन्छ ?

उत्तर—शून्यभाव प्राप्त हुँदैन। किनकि द्रष्टाभाव नष्ट भए चेतन-भाव परिशिष्ट रहन्छ। अर्थात् शुद्ध चैतन्य (दृश्य र दर्शननिरपेक्ष चैतन्य) परिशिष्ट रहन्छ। यसरी त्रिपुटी विनष्ट भए शुद्ध चैतन्य परिशिष्ट रहन्छ। शुद्ध चैतन्य हो अहंकारको लेशबाट रहित चैतन्य।

●

साक्षात्कारको अर्थ

साक्षात्कार हो दुई प्रकारको—(१) आत्मसाक्षात्कार, जो चाहिं निर्विकल्प समाधिकालमा भैरहन्छ अर्थात् निर्विकल्प समाधिमा आत्माको यथार्थ ज्ञान (आत्मा हो ब्रह्मस्वरूप यसप्रकार ज्ञान) भैरहन्छ।

ब्रह्मसाक्षात्कारको पहिले आत्मसाक्षात्कार हुन्छ; किनकि आत्म-साक्षात्कार भए मात्र ब्रह्मसाक्षात्कार संभव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

(२) ब्रह्मसाक्षात्कार हो ब्रह्माकार वृत्तिको भंग अनन्तर। किन्तु आत्मसाक्षात्कार हो ब्रह्माकार वृत्तिको अनुवृत्तिरूप।

ब्रह्मसाक्षात्कारमा ब्रह्म परिशिष्ट रहन्छ, किन्तु आत्मसाक्षात्कारमा ब्रह्माकार वृत्ति अनुवृत्त रहन्छ। यसरी आत्मसाक्षात्कार हो प्राथमिक कुरा, जसमा ब्रह्माकार वृत्तिको अनुवृत्ति आवश्यक हुन्छ। किन्तु ब्रह्म-साक्षात्कारमा ब्रह्माकार वृत्ति निवृत्त हुन्छ।

●

प्रारब्धमाथि भर पर्नुको आशय

प्रश्न—परमानन्दले* यदि आफूसंग भएको धन सबै परमार्थमा अर्पण गरेदेखि उसको जीवन निर्वाह कसरी होला र यसबाट उसलाई के लाभ होला ?

उत्तर—परमानन्दलाई यदि कल्याणको चाहना छ, तब क्रम क्रमले नै होस् आफूसित भएको संपूर्ण धन जन आदि को परित्याग नहुनुसम्म उसको आत्मातिर बढनु कदापि संभव छैन।

प्रश्न—त्यसोभए त परमानन्दको जीविका-निर्वाह र स्त्री पुत्र परिवारको पालन कसरी हुन सक्छ ?

उत्तर—परमानन्दको प्रारब्ध कर्ममा अधिष्ठित सर्वशक्तिमान् परमात्माबाट जीविका-निर्वाह र स्त्री पुत्र आदिको परिपालन,मृत्यु र त्यसपछि प्रलय (जगत्‌को विनाश) अवश्य नै भैराख्दछ। त्यसकारण कसरी जीविका चल्छ आदि शंका सार्थक हैन।

प्रश्न—होइन, एकै छिनका लागि सम्पूर्ण धन खर्च भए, खान लगाउनुमा ज्यादा कष्ट होला ?

उत्तर—त्यो हैन, मसित भएको जम्मै धन खर्च भए मेरो कष्टसित निर्वाह हुन्छ, यस्तो नियम छैन। ख्याल राख्नु, प्रारब्ध कर्मको फल अवश्यम्भावी भएको हुनाले धन खर्च भए पनि फेरि धनप्राप्ति आदि हुनु सम्भंव भएको हुनाले कष्टसित जीविका-निर्वाह हुन्छ भन्नु बिलकूलै अनिश्चित कुरा हो।

प्रश्न—अच्छा, त्यो रहोस् किन्तु परमानन्दको अँगाडि के हुन्छ, त्यो बताउनुहोस् ?

* एक जना गुरुभक्त अद्वैत परिवार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

उत्तर—परमानन्दको जन्मान्तरीय कमाई अनुसार उसको शरीर आदिको सुख दुःख भोग बनिरहन्छ; किन्तु साथै साथ उसको आत्मध्यान सविकल्प समाधि प्राप्ति आदि अवश्यम्भावी क्रमले उसको शरीर आदिको स्थिति प्रारब्ध अनुसार भैरहन्छ तापनि उसको इन्द्रिय, मन, बुद्धि आदिको क्रमिक विलापन भैरहन्छ र अन्तमा ऊ ज्ञानवान् बनिहाल्छ। उसको सारा कष्ट चिन्ता दुःख विनष्ट भैहाल्छ। परमानन्दले निजी निरतिशय आनन्दस्वरूपलाई प्राप्त गरिहाल्छ।

●

आत्मा प्राप्त छ कि ?

प्रश्न—महाराज, आत्मा त सधैं प्राप्त छ, त्यसोभएको हुनाले आत्मालाई प्राप्त गर्नुपरेको छैन ?

उत्तर—यो ठीक हैन, किनकि आत्माको प्राप्ति हो अनुभवबाट सिद्ध; किनकि जुन कुरा अनुभवबाट सिद्ध छैन, त्यसको हुनु पनि मानिदैन। हुनु हो एकमात्र अनुभवको फल।

प्रश्न—यसमा कारण के हो ?

उत्तर—कारण यो हो कि आत्मा सदा प्राप्त छ भन्ने जो शास्त्रको सिद्धान्त हो त्यसको बारेमा निश्चय गरीकन श्रवण आदि साधनलाई अपनाएर बुद्धिपूर्वक त्यसको अनुभव गरिहाल्नु। तिमीलाई त त्यस्तो अनुभव भएको छैन। त्यसकारण आत्मा प्राप्त छ भन्ने कुरालाई ज्ञानद्वारा प्राप्त गर्नुपर्छ। नभए प्राप्त भएको कुरा पनि अप्राप्त नै रहिरहन्छ।

प्रश्न—यसको आशय के हो ?

उत्तर—आशय यो हो कि प्राप्त वस्तुको पनि (विस्मरण हुनुसम्म) प्राप्ति हुँदैन। अथात् आत्मा प्राप्त वस्तु सिद्ध भए तापनि आत्मालाई प्राप्तगर्नुको साधन अवलम्बनपूर्वक आत्मालाई फेरि प्राप्त गर्नुपर्छ। सदाप्राप्त आत्माको जो प्राप्ति हो त्यसैको नाम हो ज्ञान। ज्ञान क्रियारूप हैन।

प्रश्न—यसको स्पष्टीकरण गर्नुहोस् ?

उत्तर—अप्राप्त वस्तुको प्राप्ति क्रियारूप हो, किन्तु प्राप्त तर विस्मृत वस्तुको प्राप्ति क्रियाको अपेक्षा नगरे तापनि त्यो प्राप्ति हो ज्ञानरूप। ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

र अनुभव हो पर्याय शब्द । आत्मा प्राप्त (अनुभवरूप) भए तापनि त्यसको प्राप्ति (त्यसलाई अनुभव गर्नु) आवश्यक हुन्छ ।

प्रश्न—किन ?

उत्तर—त्यसको प्राप्ति किम्वा अनुभव नभए वस्तु प्राप्त भैराखेको छ तापनि त्यसको प्राप्ति नभएको हुनाले (त्यो प्राप्त भैकन पनि) अप्राप्त नै रहन्छ ।

प्रश्न—यो प्रक्रियाको स्वरूप के हो ?

उत्तर—स्वरूप हो निर्विकल्प समाधिमा आत्मस्वरूपको बुद्धिपूर्वक अनुभव । यो अनुभव हो बिर्सिएको आफ्नो वास्तव स्वरूपलाई सदाका लागि फेरि प्राप्त गरिहाल्नु । किनमि जहाँसम्म आफू सच्चित् सुखरूप आत्मा बन्न पाएको छैन (अर्थात् आफू अनात्मासित मिलेर बसिराखेकोछ) त्यहाँसम्म आत्मा (आफ्नो वास्तवस्वरूप भएको हुनाले) वास्तव रूपले प्राप्त भैराखेको छ तापनि अप्राप्त नै रहिरहन्छ ।

चिन्ता लिएमात्र चिन्ता आऊँछ

चिन्ता नलिए चिन्ता त्यसै आउँदैन । चिन्ता आउँछ लिनुबाट नै ।

प्रश्न—चिन्ता लिनु के कुरा हो ?

उत्तर—चित्तसित मिल्नुको अभाव नगर्नु हो चिन्तालिनु । यदि म चित्तवशिष्ट चैतन्य हैन भनीकन विचारद्वारा चित्त देखि विविक्त भैरहनुको प्रयत्न गरिन्छ तब चिन्ता आउन सक्दैन । त्यसैले भनेको छ कि चिन्ता लिनुबाट नै चिन्ता आउँछ ।

प्रश्न—यसको क्रम के हो ?

उत्तर—यसको क्रम हो चित्तशुद्धि अनन्त र आत्मध्यानको प्रयत्न गर्नु; अर्थात् चित्त हो आविर्भाव तिरोभावशील वस्तु । म हुँ सदा एकरस अखण्ड चैतन्य वस्तु । म हुँ केवल अनुभव मात्र । ममा कुनै अनुभाव्य पदार्थ छैन । यसरी आफू विचारद्वारा अनुभवमात्र निजी स्वरूपमा प्रयत्न-पूर्वक बसिदिएदेखि (सविकल्प समाधिमा बसिदिएदेखि) केवल आत्माकार वृत्ति फुरिरहन्छ । अर्थात् आत्मस्वरूपको अनुभव भैरहन्छ ।

प्रश्न—यसको आशय के हो ?

उत्तर—आशय यो हो कि यदि निजी सनातन एकरस अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

स्वरूपको अनुभव हुन पाएन, तब मानिसले चिन्ता लिइराखेको छ भनी भनिन्छ। त्यसो भए चिन्ता लिए मात्र चिन्ता आउँछ। त्यसो भए चिन्ता नलिनु।

●

आत्मा सनातन भैकन पनि किन फुर्दैन ?

यसको जबाफ जगद्भ्रम निरसन ग्रन्थमा पाइन्छ। त्यहाँ बताएको छ कि ऐले जस्तो जगत् फुरिरन्छ, त्यस्तो ब्रह्मज्ञानजनित वासनावान् पुरुषको ब्रह्म नै फुरिरहन्छ, जगत् हैन। यसको कारण यो हो कि दृढ अभ्यस्त वस्तु (अनुभवजनित संस्कार)—जो चाहिं समीपस्थ आत्मामा अध्यस्त हुन्छ—त्यो सधैं फुरिरहन्छ, यो हो नियम। त्यसैले अज्ञानी मानिसको अभ्यस्त संसार (कर्ता भोक्ता प्रमाता भाव) स्वतः फुरिरहन्छ। किनकि संसार हो सूक्ष्मरूपले संस्काररूप वस्तु र केवल संस्कार आत्मामा आरोपित रहन्छ। विपरीत क्रमले ज्ञानी पुरुषको (जस्को ब्रह्मज्ञानजनित वासना किम्वा संस्कार चित्तमा बसिरहन्छ त्यसको) केवल ब्रह्म नै फुरिरहन्छ। यसरी सिद्ध भयो कि मान्छेको जसतो निश्चय हुन्छ (निश्चय हो संस्काररूप) त्यस्तै त्यसको अनुभव भैरहन्छ; संस्कार हो अनुभवमा एकमात्र हेतु।

●

तीन शरीरको निरसन

प्रश्न—तिमी कसरी शरीर हैन, इन्द्रिय हैन, मन हैन, बुद्धि हैन, अहंकार हैन र जीव हैन ? यो विचारपूर्वक स्पष्ट गरेर देखाऊ ?

उत्तर—म शरीर हैन, किनकि शरीर हो जड र म हुँ चेतन। शरीरमा जो चेतनता देखिन्छ त्यो चेतनता ज्ञानेन्द्रियबाट आउँछ।

इन्द्रिय पनि म हैन, किनकि इन्द्रिय हो जड। म हुँ चेतन। इन्द्रियमा जो चेतनता प्रतीत हुन्छ त्यो मनको चेतनता हो।

म मन पनि हैन, किनकि मन हो जड। मनमा जो चेतनता देखिन्छ त्यो बुद्धिबाट आउँछ।

म बुद्धि पनि हैन, किनकि बुद्धि हो जड। म हुँ चेतन। बुद्धिमा जो चेतनता देखिन्छ त्यो हो अहंकारको।

म अहंकार पनि हैन, किनकि अहंकार हो जड। म हुँ चेतन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

अहंकारमा जो चेतनता देखिन्छ त्यो हो जीवको (चेत्योन्मुख चैतन्यको अर्थात् विषयाभिमुख चेतनको)।

म जीव पनि हैन, किनकि जीव हो विषयाभिमुख चैतन्य। म हुँ निर्विषय (शुद्ध) चिन्मात्र।

यो क्रमिक विचार हो सम्पूर्ण अनात्म प्रपञ्चसित मेरो भ्रान्त तद्‌रूपताको निरसनको फल।

●

आत्मज्ञानको रहस्य

आत्माको स्वरूप

आत्मा ज्ञात वस्तु र अज्ञात वस्तु दुवैदेखि विलक्षण हो। ज्ञाता, ज्ञेय आदि त्रिपुटी आत्मस्वरूपमा वास्तवमा विद्यमान छैन (त्रिपुटी हो आत्मस्वरूपमा कल्पित र त्यसकारण मिथ्या)। आत्मा ज्ञात वस्तु हुन पाएन। आत्मा अज्ञात वस्तु पनि हुन सक्दैन। "म आत्मालाई जान्दिन" यो पनि आत्मामा बन्दैन। ज्ञातता र अज्ञातता दुवैको अभाव भए (किनकि दुवै हो वृत्तिरूप र विनश्वर वस्तु) आत्मा परिशिष्ट रहन्छ। आत्मा हो स्वतः सिद्ध र सर्वदा आफूबाट प्रकाशमान वस्तु। त्यसकारण आत्मा हो एकमात्र परमार्थ सत्य चिद्रूप र अखण्ड आनन्दस्वरूप। केवल आत्माको सद्भाव छ र जगत्को हरहालतमा असद्‌भाव छ। यो हो वेदान्तको एक-मात्र घोषणा।

●

आत्मज्ञान केलाई भन्छ

वृत्तिज्ञान उत्पन्न हुन्छ र विनष्ट हुन्छ तर चैतन्य परिशिष्ट रहन्छ। यसरी चित्पारिशेष्य हो ब्रह्मज्ञान।

वृत्तिज्ञान हो नाना प्रकारको—(१) घटज्ञान (२) भ्रान्तिज्ञान (३) ब्रह्मज्ञान।

घटाकार वृत्ति उत्पन्न भए घटज्ञान हुन्छ। चिदाभास (प्रमाता) हो ज्ञाता; घटाकार वृत्ति हो ज्ञान (विनश्वर वस्तु); र घट हो ज्ञेय। यसरी ज्ञाता ज्ञान ज्ञेय उत्पन्न हुन्छ र चैतन्यमा पर्यवसित हुन्छ (अर्थात् त्रिपुटी उत्पन्न हुन्छ र विनष्ट हुन्छ, किन्तु चैतन्य परिशिष्ट रहन्छ) चैतन्यको परिशेष रहनु हो घज्ञान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

यसरी भ्रमज्ञान पनि उत्पन्न हुन्छ। सिपीमा चाँदी देखिन्छ; यो हो रजत यसप्रकार चाँदीको ज्ञान उत्पन्न हुन्छ। यसरी भ्रान्तिज्ञानमा पनि त्रिपुटी पाइन्छ र उत्पन्न त्रिपुटी विनष्ट पनि हुन्छ, तर चैतन्य परिशिष्ट रहन्छ। चैतन्यको परिशेष हो भ्रान्तिज्ञान।

यसरी ब्रह्मज्ञान पनि उत्पन्न हुन्छ; ब्रह्माकार वृत्ति हो ब्रह्मज्ञान। चिदाभास हो ब्रह्मस्वरूपको ज्ञाता (ज्ञाता पन हो कल्पित) र ब्रह्म हो ज्ञेय (ज्ञेयता हो कल्पित)। यसरी ब्रह्मज्ञान उत्पन्न हुन्छ र विनष्ट हुन्छ। ब्रह्मज्ञान किन चाहिन्छ? उत्तर यो हो कि ब्रह्मविषयक अज्ञानलाई हटाउनका लागि ब्रह्मज्ञान आवश्यक हुन्छ; तर दुबै हो मिथ्या। ब्रह्मज्ञान विनष्ट भए ब्रह्म चैतन्य परिशिष्ट रहन्छ। चैतन्यको परिशेष रहनु हो ब्रह्मज्ञान।

प्रश्न—त्यसो भए ज्ञान सत्य हो?

उत्तर—ज्ञान उत्पन्न हुन्छ र विनष्ट हुन्छ। किन्तु ब्रह्म उत्पत्ति-विनाशको अवभासक भएकोहुनाले ब्रह्म हो (ब्रह्मविज्ञान हो) नित्य। ब्रह्म हो विज्ञानस्वरूप।

प्रश्न—ब्रह्मज्ञानको आशय के हो?

उत्तर—ब्रह्मको अज्ञान ब्रह्मज्ञानद्वारा विनष्ट भए ब्रह्म अवश्यम्भावी रूपले परिशिष्ट रहन्छ। ब्रह्मको परिशेष हो ब्रह्मज्ञानको एकमात्र आशय। अर्थात् ब्रह्मस्वरूपको अज्ञान र ब्रह्मस्वरूपको ज्ञान उत्पत्ति र विनाशशील भएको हुनाले—(ज्ञानले अज्ञानलाई नष्ट गर्छ)। ब्रह्मविज्ञान हो ब्रह्मको परिशिष्ट रहनु। ब्रह्मव्यतिरिक्त ज्ञान किम्वा अज्ञान दुवै हो विनश्वर वस्तु। किन्तु घटज्ञान भ्रान्तिज्ञान ब्रह्मज्ञान आदि वृत्तिरूप ज्ञान केवल अज्ञान-लाई विनष्ट गरिदिन्छ र स्वतः सिद्ध र सर्वदा प्रकाशमान बह्म नान्तरीयक (अवश्यम्भावी) रूपले परिशिष्ट रहन्छ।

प्रश्न—ब्रह्मज्ञान कसरी उत्पन्न हुन्छ? किनकि ब्रह्ममा ज्ञाता ज्ञेय बन्दैन भनी भन्नुभयो र फेरि ब्रह्म हो मबाट अज्ञात (अर्थात् म ब्रह्मलाई जान्दिन) यसप्रकार भन्नु पनि बन्दैन।

उत्तर—म ब्रह्मलाई जान्दछु (म ब्रह्मस्वरूपको ज्ञाता हुँ) यस-प्रकार ज्ञातता कल्पित वस्तु भएको हुनाले (त्रिपुटीरूप भएको हुनाले) त्यसको ब्रह्ममा निषेध गरिएको छ र ब्रह्म हो मेरो अज्ञात (म ब्रह्मलाई जान्दिन) यसप्रकार अज्ञातताको पनि निषेध गरिएको छ, किन्तु त्रिपुटीरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

नाना भावलाई परित्याग गरीकन अखण्ड ब्रह्म वस्तुलाई अखण्ड भनी जान्नु (स्वयं अनुभव गर्नु) निषिद्ध भएको छैन। यसरी अखण्डत्वलाई अनुभव गर्नु (त्रिपुटीरूप नभएको हुनाले) र ब्रह्मको खण्डरूपता (ब्रह्ममा त्रिपुटीरूपता) को अनुभव नगर्नु यसप्रकार बन्दछ। यसरी ब्रह्मज्ञान उत्पन्न हुन्छ। ज्ञाता छैन, अज्ञातता छैन तापनि अनुभवरूप ब्रह्मस्वरूप बाँकी रहन्छ।

प्रश्न—यहाँबाट के सिद्ध भयो ?

उत्तर—ब्रह्मज्ञानले अज्ञानलाई नष्ट गर्छ र विज्ञान परिशिष्ट रहन्छ।

प्रश्न—विज्ञान के हो ?

उत्तर—विज्ञान हो ज्ञान र अज्ञानदेखि पृथक् वस्तु (ब्रह्म हो विज्ञान)। कल्पित अज्ञानलाई कल्पित ज्ञानले नष्ट गर्छ र कल्पितको नाश भए त्यो नाशको अवधिरूपले विज्ञान बाँकी रहन्छ।

त्यसकारण विज्ञान हो ज्ञात वस्तु र अज्ञात वस्तुदेखि विलक्षण; किनकि विज्ञानरूप ब्रह्मस्वरूपमा ज्ञातता र अज्ञातता कल्पित हुन्छ। ब्रह्मज्ञान हो कल्पित (विनश्वर)। किन्तु विज्ञान कल्पित वस्तुको विनाश भए पनि परिशिष्ट रहन्छ।

प्रश्न—ब्रह्म अज्ञात हो भने के हानि हुन्छ ?

उत्तर—अज्ञानको नाश अनन्तर त्यो नाशको अवधिरूपले स्वयं-प्रकाश ब्रह्म परिशिष्ट रहन्छ। त्यसकारण ब्रह्म अज्ञात वस्तु हुन पाएन। ब्रह्म हो सबैको वास्तवमा परिज्ञात वस्तु। ब्रह्म हरहालतमा सबैको वास्तवमा परिज्ञात भैराखेको हुनाले ब्रह्म हो अज्ञात वस्तुदेखि विलक्षण वस्तु। स्वतः र स्वयंप्रकाशमान वस्तु अज्ञात वस्तु हुन सक्दैन।

प्रश्न—तब ब्रह्मज्ञान किन आवश्यक हुन्छ ?

उत्तर—ब्रह्मविषयक अज्ञानलाई नष्ट गर्न आवश्यक हुन्छ। ब्रह्म-लाई जान्नु र ब्रह्मलाई नजान्नु दुवै हो कल्पित कुरा। त्यसकारण नजान्नु-लाई हटाउनको लागि ब्रह्मलाई जान्नु आवश्यक हुन्छ (ब्रह्माकार वृत्तिलाई खडा गर्नुपर्छ।

प्रश्न—ब्रह्मवित् पुरुषको स्वरूप के हो ?

उत्तर—ब्रह्मज्ञान विनश्वर भए पनि ब्रह्मवित् पुरुष हो केवल ब्रह्म। ब्रह्मवेत्तामा ब्रह्मज्ञान हो कादाचित्क—उपलक्षण मात्र। (स्वरूपा-नुभव अष्टम प्रकरण हेर्नु)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

प्रश्न—यसको आशय के हो ?

उत्तर—चैतन्यको परिशिष्ट रहनु हो ज्ञानको एकमात्र आशय। ब्रह्म हो एकमात्र परमार्थ सत्य वस्तु र सबैको वास्तव स्वरूप।

प्रश्न—ब्रह्म कैले परिज्ञात हुन्छ ?

उत्तर—जब ब्रह्मविषयक अज्ञानको नाश गर्नका लागि ब्रह्मज्ञान उत्पन्न हुन्छ, तब स्वयंप्रकाश ब्रह्म परिज्ञात हुन्छ। ब्रह्मज्ञानले अज्ञान विनष्ट गर्छ र अज्ञान र ज्ञानको अवभासक चैतन्य नान्तरीयकतया परिशष्ट रहन्छ। ब्रह्म हो हरहालतमा परिज्ञात वस्तु (स्वयंप्रकाश)।

●

निर्विकल्प साधिको प्रक्रिया

(प्रश्नोत्तरपूर्वक)

प्रश्न—निर्विकल्प समाधि कस्तो हुन्छ ?

उत्तर—निर्विकल्प समाधिमा केवल मनको स्थिति हुँदैन, किन्तु मनबाट सारा अनात्म संस्कार झिकिदिए पछि जो मन केवल आत्मरूपले बाँकी रहन्छ त्यो (आत्मरूप बनिसकेको) मनलाई आत्मामा (साक्षात्कारको उदय हुनुसम्म) स्थित राख्नुलाई निर्विकल्प समाधि भनेको छ।

प्रश्न—मनलाई यस्तो तुल्याउनु कसरी सम्भव हुन्छ ?

उत्तर—क्षीरबाट जस्तो नीरलाई झिकिदिए पछि केवल क्षीर बाँकी रहन्छ (क्षीरमा नीरको विनाश हुन्छ) त्यस्तै मनबाट (आत्मासित मिलिराखेको मनबाट) ज्ञाता ज्ञान र ज्ञेयरूप त्रिपुटीलाई विनष्ट गरेपछि मनको आकारता नष्ट हुन्छ।

प्रश्न—यो मनको अनात्माकारतालाई कसरी विनष्ट गर्ने ?

उत्तर—निर्विकल्प समाधि कसैलाई अकस्मात् प्राप्त हुँदैन, किन्तु त्यसको पहिले सविकल्प समाधि (ध्यान), मनन (प्रमेय असम्भावनाको निवृत्ति) र श्रवण (प्रमाता स्वरूपको निराकरण) अवश्य हुन्छ। त्यसको परिणामले अनात्म संस्कारको क्षय हुन्छ (मनको अनात्माकारता उपक्षीण हुन्छ)।

त्यसपछि मनबाट ज्ञाता ज्ञान र ज्ञेय विभाग पनि विनष्ट हुन सक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रश्न—ज्ञाता ज्ञान ज्ञेय विभागको कारण के हो ?

उत्तर—यो विभाग पूर्वाभ्यस्त क्षण क्षणमा उद्रिक्त वासनाबाट खडा भैहाल्छ। रहस्य कुरा यो हो कि अज्ञानी मनुष्य (मुमुक्षु पुरुष) आफू चैतन्यरूप भईकन पनि जड मनसित मिलिराख्दछ। (आत्मासित मनको अध्यास निरस्त भएको छैन)।

प्रश्न—त्यसको निरसन कसरी गर्नुपर्दछ ?

उत्तर—मलसित मिलिराखेको आफूलाई शोधित तुल्याउनुपर्दछ।

प्रश्न—मलिनता के हो ?

उत्तर—मलिनता हो जाग्रदादि तीन अवस्थासित आफूको संग; अर्थात् आफूलाई जागा हुनु स्वप्न देख्नु र सुषुप्ति हुनु भनी भ्रमले मानिराख्नु हो मलिनता।

प्रश्न—किन ?

उत्तर—जाग्रदादि अवस्था हो बुद्धिको तीन विकारमात्र (साभास बुद्धिको राजसिक विकार हो जाग्रत्, सात्विक वृत्ति हो स्वप्न र तामसिक वृत्ति हो सुषुप्ति; यो सारा हो बुद्धिको वृत्तिमात्र); त्यसकारण यसले आत्मालाई स्पर्श गर्दैन। मुमुक्षु पुरुषको जाग्रदादि अवस्थामा जो सत्यताबुद्धि हो त्यो हो मलिनता। त्यहाँबाट आफूलाई शुद्ध गर्नुपर्दछ; अर्थात् ज्ञाता ज्ञेय ज्ञानभाव हो अध्यास (आत्मासित बुद्धिको मिल्नुरूप भ्रम)। यसरी भ्रमलाई परित्याग गरिदिनु हो आफूको शोधन।

प्रश्न—त्यसपछि के गर्नुपर्छ ?

उत्तर—यसप्रकार शुद्ध चैतन्य आफूमा त्रिपुटीभावको विनाशपूर्वक मनलाई वृत्तिरहित तुल्याईकन अर्थात् सम्पूर्ण वृत्तिबाट रहित भएको मनलाई शुद्ध चित्स्वरूप आफूमा स्थापन गर्नु; जबसम्म आफू निर्मनस्क चित्स्वरूप खास बनेको हुँदैन।

प्रश्न—यो स्पष्ट गरेर बताउनुहोस्।

उत्तर—श्रवण, मनन र ध्यानसम्म मन यद्यपि आत्मस्वरूपमा (अधिष्ठानमा) स्थित रहन्छ, तापनि त्यो मन त्रिपुटीरूपले अवस्थित हुन्छ। कारण यो हो कि सम्पूर्ण त्रिपुटी आत्मामा स्थित भएर आत्मालाई विकारी तुल्याउँछ। दृष्टान्त लेऊ—मुमुक्षु पुरुषको यस्तो अनुभव हुन्छ—"म अभ्यासपरायण हुँ" यो त्रिपुटीमा मुमुक्षु पुरुषले सत्यताबुद्धि गरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

हाल्छ। यसको कारण यो हो कि त्रिपुटीरूपले मन अधिष्ठान आत्मामा बसिरहन पाउँछ (त्रिपुटीको अभाव भएको हुँदैन)।

प्रश्न—तब के गर्नुपर्छ ?

उत्तर—त्रिपुटी भावलाई झिकिदिनुपर्छ। मनलाई वृत्तिरहित गरिदिनुपर्छ। यसको कारण यो हो कि जहाँसम्म नीर क्षीरसंग मिलिरहन्छ, त्यहाँसम्म क्षीरको स्वरूप (आस्वादन) उपलब्ध हुँदैन; त्यस्तै त्रिपुटी रहनुसम्म अखण्ड आनन्दरूप आत्माको साक्षात् अनुभव हुन सक्दैन।

प्रश्न—त्रिपुटीलाई कसरी झिकिदिनु ?

उत्तर—यो त्रिपुटी हो जाग्रत् अवस्थाको अन्तःपाती, यसप्रकार जानेर जाग्रत् अवस्था मेरो हैन, त्यो हो बुद्धिको राजसिक विकार मात्र; यसप्रकार निश्चयपूर्वक मनको त्रिपुटीभावको विगलन सम्भव हुन्छ।

प्रश्न—त्यसोभए प्रसंगमा के प्राप्त भयो ?

उत्तर—निर्विकार मनको अधिष्ठान चित्स्वरूप आत्मामा सम्यक् स्थिति सम्भव भयो।

प्रश्न—यसको स्वरूप के हो ?

उत्तर—म हुँ चित्स्वरूप, चित्तरूप हैन; यसप्रकार अनुभव हो आत्मस्वरूपमा वृत्तिरहित मनको स्थितिको स्वरूप।

प्रश्न—त्यसपछि के हुन्छ ?

उत्तर—यसप्रकार मनको ब्रह्माकारमा स्थिति अव्याहत राख्नु, तब वृत्तिरहित मनको अभाव भैहाल्छ (आफू खास शुद्ध स्वरूप बनिहाल्नु सम्भव हुन्छ)।

॥ कैवल्य कुञ्जिका (तृतीय खण्ड) समाप्त ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

श्रोत्रिय ब्रह्मनिष्ठ परमपूज्य श्रीगुरुदेव डा० क्षितीशचन्द्र चक्रवर्तीज्यूद्वारा रचित कर्म, भक्ति, ज्ञान, समाधि, साक्षात्कार, जीवन्मुक्ति एवं विदेहमुक्ति आदि शास्त्रीय विषयको गम्भीर एवं विशद विवेचनालेपूर्ण अन्य कृतिहरू

नेपालीमा

(१) अमृतवचन, (२) आत्मप्रकाश, (३) महौषधि, (४) ज्ञानदीप, (५) आत्मविचार, (६) गीतारहस्य, (७) स्वरूप प्रकाश, (८) सुखको बाटो, (९) ईश्वर विज्ञान, (१०) ज्ञान साधन, (११) ज्ञानसर्वस्व, (१२) ज्ञानालोक, (१३) वाशिष्ठामृत, (१४) हस्तामलक, (१५) आत्मनिष्ठा, (१६) वेदान्तरहस्य प्रश्नोत्तरी, (१७) अद्वैत सुधा, (१८) आत्मप्रदर्शन, (१९) वेदान्त विज्ञान, (२०) गीतामृत, (२१) योगसिद्धि, (२२) पराशान्ति, (२३) अद्वैत सर्वस्व, (२४) ज्ञाननिष्पत्ति, (२५) वेदको कर्मकाण्ड र ज्ञानकाण्ड, (२६) गीताको भूमिका, (२७) सुषुप्ति र सृष्टि, (२८) कुरूक्षेत्र र साक्षात्कार, (२९) मोक्षको अनन्यमार्ग, (३०) चतुःसूत्री, (३१) आत्ममनन, (३२) अद्वैत चिन्तामृत, (३३) जीवन्मुक्ति सिद्धि, (३४) आत्मानुसन्धान, (३५) सूत्रप्रस्थान, (३६) ब्रह्मगीता, (३७) जगद्भ्रम-निरसन, (३८) साक्षात्कार रहस्यको विवेचन, (३९) विचारालोक, (४०) गीता गूढार्थदीपिका, (४१) शंकर जीवनी, (४२) भक्ति शिक्षा, (४३) नैतिक शिक्षा, (४४) सुभाषित रत्न, (४५) गीता परिचय, (४६) गीता सार, (४७) अच्युताष्टक, (४८) श्रुति विज्ञान, (४९) चित्त विश्रान्ति, (५०) साधन रहस्य, (५१) नारायणप्रसाद, (५२) मोक्षोपाय गुरुचन्द्रिका, (५३) वाशिष्ठ विज्ञान प्रथम खण्ड, (५४) वाशिष्ठ विज्ञान द्वितीय खण्ड, (५५) शांकर वाशिष्ठ वेदान्तरहस्य, (५६) शत सूत्री, (५७) गीतामा अद्वैतवाद, (५८) हरिस्तोत्र, (५९) योगवाशिष्ठ प्रश्नोत्तरी, (६०) परमार्थ प्रश्नोत्तरी, (६१) सर्वोत्तम ध्यान, (६२) अद्वैत तात्पर्य, (६३) तत्त्वप्रकाश,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri. Funding: MI

९

(६४) सनातन धर्म, (६५) कैवल्य कुञ्जिका (प्रथम खण्ड), (६६) एक जीववाद, (६७) अजातवाद, (६८) श्रुतिसार समुद्धरण, (६९) गीतामृत सार संग्रह, (७०) परमेश्वरको सत्ता, (७१) वशिष्ठ गीता, (७२) मनोविज्ञान र मनोनिरास, (७३) चित्त र चैतन्य, (७४) काष्ठमण्डप र शिवसाक्षात्कार, (७५) प्रकीर्ण लेखावली, (७६) उपदेश सारसंग्रह, (७७) शान्ति-गीता, (७८) गोविन्दाष्टक, (७९) श्रीदक्षिणामूर्ति स्तोत्र, (८०) उपदेश पञ्चक ।

हिन्दीमा

(१) भगवान् विश्वनाथका स्वरूप, (२) वेदान्त विज्ञान, (३) क्षेत्रज्ञ, (४) समाधि, (५) सर्वविज्ञान, (६) साधन-सार-संग्रह, (७) तैत्तिरीय उपनिषद्, (८) छान्दोग्य उपनिषद्, (९) आनन्दतत्त्व मीमांसा, (१०) ज्ञाता और ज्ञेय की एकता, (११) वेदान्त परिशीलन, (१२) वाच्यैकता, (१३) सर्वत्याग, (१४) आत्मनिरूपण, (१५) प्रपञ्च प्रतीति, (१६) सृष्टि समीक्षा; (१७) सनातन धर्म, (१८) भक्ति और विचार, (१९) षट्पदी स्तोत्र, (२०) चित्तविश्रान्ति, (२१) योगवाशिष्ठ सार, (२२) लघु वाक्य-वृत्ति, (२३) रामगीता, (२४) भक्ति और ज्ञान, (२५) स्वरूप चिन्तन, (२६) परमात्मवासना और पूर्णानन्द, (२७) भगवत्पूजन, (२८) वेदान्त-विचार, (२९) सफल विचार या यथार्थ ज्ञान, (३०) भक्ति और साक्षात्कार, (३१) सुख और दुःख, ३२) पुरुषापराध और उसकी निवृत्ति ।

□□

द्रष्टव्य—

नं० ६६ देखि ६८, ७१ देखि ७६, ७८ देखि ८०, ७ देखि ८, १० देखि १२, १७ देखि १८, १९ देखि २३ र २४ देखि ३२ सम्मका ग्रन्थहरू क्रमशः "लघु वेदान्तत्रय", "बृहद् वाशिष्ठ विज्ञान", "शंकर लघु ग्रन्थत्रय", "उपनिषद्का अनुभव", "वेदान्तरहस्य", "कर्म भक्ति और विचार", "स्वरूपानुभव" र "भक्ति और ज्ञान"-नामले ग्रन्थाकारमा प्रकाशित भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

9

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Acc. No. ८६२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

८६२२

AUTHOR – चक्रवर्ती क्षितीशचन्द्र

TITLE स्वरूपानुसन्धान

८६२२

NR66
CHA
2033

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

English Classics : Edited by Shri Gurudev

(1) The Book of Job
(2) William Blake : Songs of Innocence, Songs of Exp
and The Everlasting Gospel
(3) Calyle's Sartor Resartus; Heroes & Hero-Worship
(4) Browning's Selected Poems; Critical Studies on S
Poems of Robert Browning
(5) Shelley's Prometheus Unbound and Triumph of
(6) Wordsworth's The Prelude (Bks. I–IXIV; P
Poetry)
(7) Milton's Paradise Lost (Bks. I & IV)
(8) Johnson's Life of Pope; Life of Dryden; Life of Gray
(9) Golden Treasury of English Songs & Lyrics (Bks. I-IV)

Author of

(10) Select English Essays
(11) Essays for M. A. Students
(12) Vision of Reality
(13) Great Panacea

अद्वैत संस्थाबाट प्रकाशित संपूर्ण पुस्तक-
हरूको एकमात्र प्राप्तिस्थान
साझा प्रकाशन
काठमाडौं, नेपाल

epal Sanskrit University, Balmeeki Campus, Kathmand